# छैटौं वार्षिक प्रतिवेदन, २०८१

## (कर्णाली प्रदेश)



## राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

### सिंहदरबार, काठमाडौं

कात्तिक, २०८१

# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

सिंहदरबार, काठमाडौं

**टेलिफोनः**

९७७-१-४२००८७२, ४२००५९२

**ईमेलः**

info@nnrfc.gov.np

**वेबसाइटः**

www.nnrfc.gov.np



**मुद्रकः**


मुद्रण विभाग, सिंहदरबार, काठमाडौं।

नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम

**कर्णाली प्रदेशका** माननीय प्रदेश प्रमुख समक्ष प्रस्तुत

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको

# छैटौं वार्षिक प्रतिवेदन, २०८१


कर्णाली प्रदेशको नक्सा
(राजनीतिक तथा प्रशासनिक)
चीन
उत्तर
संकेतहरु
प्रदेश सिमाना
महानगरपालिका
उपमहानगरपालिका
नगरपालिका
गाउँपालिका
संरक्षित क्षेत्र
30°30'0"N
30°0'0"N
29°30'0"N
29°0'0"N
28°30'0"N
80°30'0"E
81°0'0"E
81°30'0"E
82°0'0"E
82°30'0"E
83°0'0"E
83°30'0"E
84°0'0"E

# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

**National Natural Resources and Fiscal Commission**

प.सं.: २०८१/८२

च.नं.

विषयः आयोगको छैटौं वार्षिक प्रतिवेदन, २०८१ पेश गरिएको सम्बन्धमा।

माननीय प्रदेश प्रमुखज्यू,

कर्णाली प्रदेश, सुर्खेत।


नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आर्थिक वर्ष २०८०/८१ मा सम्पादन गरेका कर्णाली प्रदेश र कर्णाली प्रदेश भित्रका स्थानीय सरकारसँग सम्बन्धित काम कारबाहीको वार्षिक प्रतिवेदन पेश गरेका छौं।

भवदीय,

| विपिन राज निरौला, | अमर राज मिश्र, | जुद्ध बहादुर गुरुङ, | बालानन्द पौडेल, |
|---|---|---|---|
| सदस्य | सदस्य | सदस्य | अध्यक्ष |

२०८१ कात्तिक

# आयोगका पदाधिकारी



बालानन्द पौडेल
अध्यक्ष



जुद्ध बहादुर गुरुङ
सदस्य



अमर राज मिश्र
सदस्य



विपिन राज निरौला
सदस्य



किरणराज शर्मा
सचिव

# कार्यकारी सारांश

नेपालको संविधानमा राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहबाट सहकारिता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको सिद्धान्तका आधारमा हुने व्यवस्था रहेको छ। संविधानको अनुसूचीमा सङ्घीय इकाइको खर्च जिम्मेवारी र राजस्व अधिकार बाँडफाँट गरी एकल र साझा अधिकारको रूपमा सूचीकृत गरिएको छ। तोकिएको खर्च जिम्मेवारी पूरा गर्न आवश्यक पर्ने वित्तीय स्रोत प्रदेश सरकारले आफ्नो आन्तरिक आय र सङ्घीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँटबाट प्राप्त गर्ने व्यवस्था छ। साथै, स्थानीय सरकारले आफ्नो खर्च जिम्मेवारी पूरा गर्न आवश्यक वित्तीय स्रोत आन्तरिक राजस्वका अतिरिक्त सङ्घीय र प्रदेश सरकारबाट हुने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त गर्दछन्। संविधानको धारा ६० बमोजिम अन्तर सरकारी वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटलाई सन्तुलित, पारदर्शी र न्यायोचित बनाउन धारा २५० र २५१ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था छ। संविधानका साथै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६ मा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा विस्तृत व्यवस्था गरिएको छ।

आयोगलाई सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गरी सिफारिस गर्ने, सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सिफारिस गर्ने, राष्ट्रिय नीति तथा कार्यक्रम, मानक र पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार सिफारिस गर्ने, प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने, सङ्घ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पूरा गर्ने तथा राजस्व असुलीमा सुधार गर्नुपर्ने उपायहरूको सिफारिस गर्ने, समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने, सङ्घ र प्रदेश सरकारको राजस्व बाँडफाँटका आधारको पुनरावलोकन गरी परिमार्जनका लागि सिफारिस गर्ने, प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने, प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने जिम्मेवारी रहेको छ। आयोगले आफ्नो कार्य जिम्मेवारी संवैधानिक र कानूनी व्यवस्थाको अधीनमा रही पूरा गर्दै आइरहेको छ।

## राजस्व बाँडफाँट

संविधान र कानुनको परिधिमा रही आयोगले सङ्घ, प्रदेश र स्थानीय सरकार बीच मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनमा लाग्ने अन्तःशुल्कबाट सङ्कलित राजस्व बाँडफाँटको विस्तृत आधार र ढाँचा निर्धारण एवम् सो बमोजिमको हिस्सा आयोगको मिति २०७६/११/२९ को निर्णयानुसार आर्थिक वर्ष २०७७/७८ देखि लागू हुने गरी पाँच वर्ष (आर्थिक वर्ष २०८१/८२) सम्मका लागि राजस्व बाँडफाँट सम्बन्धी हिस्सा सिफारिस गरिएको छ। सङ्घबाट प्रदेश तथा स्थानीय सरकारमा राजस्व बाँडफाँटका लागि सिफारिस गर्दा जनसंख्या र जनसांख्यिक विवरणको अनुपात, क्षेत्रफल, मानव विकास सूचकाङ्क, खर्चको आवश्यकता, राजस्व सङ्कलनमा गरेको प्रयास, पूर्वाधार विकास र विशेष अवस्था जस्ता आधार लिइएको छ।

## वित्तीय समानीकरण अनुदान

नेपाल सरकारबाट प्रदेश तथा स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानलाई न्यूनतम वित्तीय समानीकरण अनुदान, सूत्रमा आधारित वित्तीय समानीकरण अनुदान र कार्य सम्पादन मूल्याङ्कनका आधारमा हस्तान्तरण हुने

वित्तीय समानीकरण अनुदानको रूपमा वर्गीकरण गरी कुल वित्तीय समानीकरण अनुदान निर्धारण गरी आयोगले नेपाल सरकारलाई सिफारिस गर्दै आएको छ। आर्थिक वर्ष २०८०/८१ को लागि सङ्घीय सञ्चित कोषबाट कर्णाली प्रदेश सरकार र प्रदेशभित्रका स्थानीय सरकारलाई क्रमशः रु. १० अर्ब १६ करोड ४१ लाख र ७ अर्ब ३४ करोड ६२ लाख वित्तीय समानीकरण अनुदान उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरिएकोमा नेपाल सरकारले सोही बमोजिम वित्तीय हस्तान्तरणको लागि बजेट विनियोजन गरेको, तर महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रारम्भिक विवरण अनुसार प्रदेश सरकारलाई रु. ७ अर्ब ५३ करोड २६ लाख (७४.११ प्रतिशत) र प्रदेश भित्रका स्थानीय सरकारलाई रु. ६ अर्ब ८३ करोड ५८ लाख (९३.०५ प्रतिशत) मात्र हस्तान्तरण भएको देखिन्छ।

आर्थिक वर्ष २०८१/८२ को लागि सङ्घीय सञ्चित कोषबाट कर्णाली प्रदेश सरकारलाई कुल रु. १० अर्ब ३६ करोड ६३ लाख र प्रदेश भित्रका स्थानीय सरकारलाई रु. ७ अर्ब ३९ करोड ४८ लाख वित्तीय समानीकरण अनुदान उपलब्ध गराउन सिफारिस गरिएकोमा नेपाल सरकारले सोही बमोजिम बजेट विनियोजन गरेको देखिन्छ।

नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई प्रदेश भित्रका स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश सरकारले प्रदेश कानून बमोजिम आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान उपलब्ध गराउने संवैधानिक तथा कानुनी व्यवस्था रहेको छ। तदनुरुप आयोगले वित्तीय समानीकरण अनुदान सिफारिस गरेको छ। आयोगबाट आर्थिक वर्ष २०८०/८१ मा कर्णाली प्रदेश सरकारलाई प्रदेश भित्रका स्थानीय सरकारलाई हस्तान्तरण गर्न रु. ८० करोड सिफारिस गरिएकोमा सोही बमोजिम बजेट विनियोजन भएको तर रु. ७८ करोड ९३ लाख (९९.७० प्रतिशत) हस्तान्तरण गरिएको देखिन्छ। साथै, कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को लागि प्रदेशभित्रका स्थानीय सरकारलाई रु. ८० करोड वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न सिफारिस गरिएको छ।

## सशर्त अनुदान

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (२) मा प्रदेशले स्थानीय तहलाई प्रचलित कानुन बमोजिम उपलब्ध गराउने सशर्त अनुदान आयोगले प्रदेश सरकारलाई सिफारिस गर्दा संविधानको धारा २५१ को उपधारा (१) देहाय (ग) र सोही ऐनको दफा १६ को उपदफा (१) मा उल्लेखित विषयहरूलाई आधार लिई गर्नु पर्ने व्यवस्था रहेको छ। अन्तर सरकारी वित्त व्यवस्थान ऐन, २०७४ को दफा ९ को उपदफा (३) मा प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्ने व्यवस्था रहेको छ।

आर्थिक वर्ष २०८०/८१ मा प्रदेशगत सशर्त अनुदानका लागि भएको बजेट व्यवस्था र महालेखा नियन्त्रकको कार्यालयबाट प्राप्त प्रारम्भिक तथ्यांक अनुसार कर्णाली प्रदेश सरकारलाई विनियोजित रकम रु. ४ अर्ब ७५ करोड ०३ लाख रहेकोमा रु. २ अर्ब ६८ करोड ६१ लाख (५६.५५ प्रतिशत) हस्तान्तरण भएको देखिन्छ। साथै प्रदेश भित्रका स्थानीय सरकारलाई सशर्त अनुदान हस्तान्तरणका लागि रु. १८ अर्ब २६ करोड ६१ लाख बजेट विनियोजन गरेको र रु. १५ अर्ब ८३ करोड ७४ लाख (८६.७० प्रतिशत) हस्तान्तरण गरिएको देखिन्छ। स्थानीय सरकारमा विनियोजन रकमको ३६.२४ प्रतिशत देखि ११३.६६ प्रतिशतसम्म हस्तान्तरण भएको देखिन्छ। आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारबाट कर्णाली प्रदेश सरकारलाई रु. ३ अर्ब ७१ करोड ५० लाख र प्रदेश भित्रका स्थानीय सरकारलाई रु. १९ अर्ब २८ करोड ७३ लाख सशर्त अनुदान हस्तान्तरणका लागि विनियोजन गरेको देखिन्छ।

आर्थिक वर्ष २०८०/८१ मा कर्णाली प्रदेश सरकारले स्थानीय सरकारलाई न्यूनतम रु. १ करोड १९ लाख ५३ हजार देखि अधिकतम रु. ३१ करोड २९ लाख ९० हजार हस्तान्तरण गर्ने गरी जम्मा रु. २ अर्ब ८८ करोड २४ लाख ४० हजार बजेट विनियोजन गरेकोमा विनियोजित बजेटको ८५ प्रतिशत अर्थात रु. २ अर्ब ४५ करोड ५७ लाख ७३ हजार हस्तान्तरण गरेको छ। यसरी स्थानीय सरकार अनुसार विनियोजन र हस्तान्तरणलाई हेर्दा स्थानीय सरकारमा विनियोजित

रकमको ६० प्रतिशत देखि १०० प्रतिशतसम्म हस्तान्तरण गरेको पाईन्छ। आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेश सरकारले स्थानीय सरकारलाई हस्तान्तरण गर्ने गरी रु. ३ अर्ब ५ करोड ५२ लाख ९१ हजार बजेट विनियोजन गरेको छ।

## आन्तरिक ऋण

नेपालको संविधानले तीनवटै तहका सरकारले घाटा बजेट पेश गर्न सक्ने र घाटा बजेट पूर्तिका लागि आन्तरिक ऋण परिचालन गर्न सक्ने व्यवस्था गरेको छ। आयोगलाई समष्टिगत आर्थिक परिसूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिनसक्ने आन्तरिक ऋणको सीमा निर्धारण गर्ने संवैधानिक जिम्मेवारी रहेको छ।

राष्ट्रिय नीति/योजनामा आधारित भई लागत लाभ विश्लेषण (Cost Benefit Analysis - CBA), आन्तरिक प्रतिफल दर (Internal Rate of Return - IRR) वा खुद वर्तमान मूल्य (Net Present Value - NPV) का आधारमा उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका लागि आर्थिक वर्ष २०८१/८२ मा प्रदेश तथा स्थानीय सरकारलाई राजस्व बाँडफाँट र आ-आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋणको सीमा सिफारिस गरिएको छ। आर्थिक वर्ष २०८१/८२ को लागि कर्णाली प्रदेश सरकारले पेश गरेको वार्षिक बजेट तथा कार्यक्रम र आय व्ययको विवरण अनुसार आन्तरिक ऋण उठाउने लक्ष्य राखेको देखिँदैन। त्यसै गरी आर्थिक वर्ष २०८०/८१ मा कर्णाली प्रदेश सकारले पेश गरेको बजेटमा आन्तरिक ऋण उठाउने लक्ष्य नराखेको साथै नउठाएको देखिन्छ।

## सवारी साधन कर

प्रदेश र स्थानीय सरकारको एकल अधिकार क्षेत्रमा रहेको सवारी साधन कर परिचालनको अधिकारलाई व्यवस्थित गर्न अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले एकल कर प्रशासनको व्यवस्था गरे बमोजिम आयोगले प्रदेश विभाज्य कोषमा सङ्कलित सवारी साधन कर बाँडफाँटको हिस्सा निर्धारण र सिफारिस गर्दै आएको छ। जनसङ्ख्या, सडकको लम्बाइ, वनले ढाकेको क्षेत्रफल र स्थानीय तहको क्षेत्रफलको आधार लिई आयोगबाट आर्थिक वर्ष २०८१/८२ का लागि सम्बन्धित प्रदेश सरकारबाट स्थानीय सरकारमा हस्तान्तरण गर्न सवारी साधन करको हिस्सा निर्धारण गरी सिफारिस गरिएको छ।

प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये ६० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा र बाँकी ४० प्रतिशत रकम आयोगले निर्धारण गरी सिफारिस गरेको आधार र ढाँचा बमोजिम सम्बन्धित प्रदेशभित्रका स्थानीय सरकारलाई मासिक रूपमा उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारले सवारी साधन कर बापत रु. ४१ करोड ६ लाख ६६ हजार सङ्कलन गर्ने लक्ष्य राखेकोमा २०८१ असारसम्म रु. २३ करोड ५१ लाख ८१ हजार सङ्कलन गरेको देखिन्छ। उक्त रकम लक्ष्यको ५७ प्रतिशत अर्थात लक्ष्य भन्दा ४३ प्रतिशत कम छ। सवारी साधन कर बापत सङ्कलित रकम रु. २३ करोड ५१ लाख ८१ हजार मध्ये ४० प्रतिशत रकम आयोगले आर्थिक वर्ष २०८०/८१ को सवारी साधन कर बाँडफाँटको हिस्सा सिफारिस गरे अनुसार प्रदेश भित्रका स्थानीय सरकारलाई बाँडफाँट गरेको देखिन्छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. को उपदफा (५) मा भएको व्यवस्था अनुसार मासिक रूपमा बाँडफाँट गरेको देखिँदैन।

## प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्राकृतिक स्रोतबाट सङ्कलित रोयल्टी सम्बन्धित सङ्घ, प्रदेश र स्थानीय सरकारलाई क्रमश: ५० प्रतिशत, २५ प्रतिशत र २५ प्रतिशत हस्तान्तरण हुने र नेपाल सरकारले राष्ट्रिय प्राकृतिक

स्रोत तथा वित्त आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने सम्बन्धित प्रदेश तथा स्थानीय सरकारलाई प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट तथा वितरण गर्ने व्यवस्था रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा सङ्कलन भई प्रदेश तथा स्थानीय विभाज्य कोषमा जम्मा भएको प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी सम्बन्धित प्रदेश सरकार र सम्बन्धित स्थानीय सरकारबीच बाँडफाँटका लागि आयोगले मिति २०८१/०१/२५ मा सिफारिस गरिएको भए तापनि उक्त आर्थिक वर्षभित्र बाँडफाँट भएको देखिँदैन।

सङ्घीय विभाज्य कोषबाट आयोगको सिफारिसमा नेपाल सरकारले आर्थिक वर्ष २०७९/८० मा सङ्कलन भएको रोयल्टी मध्ये सात प्रदेश सरकारलाई रु. १ अर्ब ४५ करोड ३२ लाख ९८ हजार बाँडफाँट गरी वितरण गरेको छ। जसमध्ये कर्णाली प्रदेश सरकारले पर्वतारोहणबाट रु. ५ लाख ०४ हजार, विद्युतबाट रु. ५ लाख १७ हजार, वनबाट रु. २ करोड ४२ लाख २० हजार र खानी तथा खनिजबाट रु. ५ लाख ६७ हजार गरी जम्मा रु. २ करोड ५८ लाख ०८ हजार रोयल्टी प्राप्त गरेको छ।

नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायतका कानून बमोजिम आयोगले प्राप्त जिम्मेवारी निर्वाह गर्दै आएको छ। आयोगले अन्तर सरकारी वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट तथा रोयल्टी बाँडफाँटलाई समन्यायिक र सन्तुलित बनाउने उद्देश्यले स्वतन्त्र, निष्पक्ष, पारदर्शी र वस्तुनिष्ठ आधारमा अध्ययन, अनुसन्धान र विश्लेषण गरी सिफारिस गर्ने गरेको छ। विभिन्न आधार, सूचक, सूचकाङ्क, भार तथा ढाँचा निर्धारण र पुनरावलोकन गरी संविधान र कानून बमोजिम आयोगबाट गरिएका सिफारिस सम्बद्ध सङ्घीय इकाइबाट प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ। विगतदेखिको अन्तर सरकारी वित्त हस्तान्तरणको विश्लेषणबाट आयोगका सिफारिस तथा सुझाव प्रभावकारी रूपमा कार्यान्वयन गर्न सङ्घीय इकाइहरूले थप कार्यहरू गर्न आवश्यक देखिएको छ।

# विषय सूची

**परिच्छेद - एकः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको परिचय** ............ **१**

१.१ पृष्ठभूमि ............ १

१.२ गठन ............ १

१.३ काम, कर्तव्य र अधिकार ............ २

१.४ सङ्गठन संरचना र दरबन्दी ............ ६

१.५ प्रतिवेदन ............ ८

**परिच्छेद - दुईः आयोगको वार्षिक कार्यसम्पादन** ............ **९**

२.१ आयोगले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई गरेको सिफारिस ............ ९

२.२ आयोगको वार्षिक बजेट तथा कार्यक्रम ............ १०

२.३ आयोगबाट भएका अन्य कार्य ............ १२

२.४ आयोगको भौतिक स्रोत साधन र उपयोग ............ १२

२.५ समन्वय तथा सहजीकरण ............ १२

**परिच्छेद - तीनः आयोगले गरेका सिफारिस** ............ **१४**

३.१ आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेश सरकारबाट स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा मिति २०८१/०१/०४ मा प्रदेश सरकार, कर्णाली प्रदेशलाई गरिएको सिफारिस ............ १४

३.२ आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेश सरकारबाट स्थानीय सरकारहरूलाई प्रदान गरिने सशर्त अनुदानका आधार सम्बन्धमा मिति २०८१/०२/०४ मा मा प्रदेश सरकार, कर्णाली प्रदेशलाई गरिएको सिफारिस ............ २५

३.३. आर्थिक वर्ष २०८१/८२ का लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सम्बन्धमा मिति २०८१/०१/२५ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई गरिएको सिफारिस.... ३८

३.४ आर्थिक वर्ष २०८१/८२ का लागि एकल कर प्रशासन अन्तर्गत प्रदेश सरकारले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गर्ने सवारी साधन करलाई स्थानीय सरकारबीच बाँडफाँट सम्बन्धमा मिति २०८१/१२/२५ मा प्रदेश सरकार, कर्णाली प्रदेशलाई गरिएको सिफारिस ............ ५१

**परिच्छेद - चारः सिफारिस तथा सुझाव कार्यान्वयनको अवस्था** ............ **५८**

४.१ वित्तीय हस्तान्तरण सिफारिस कार्यान्वयन ............ ५८

४.२ आन्तरिक ऋणको सीमा सिफारिस कार्यान्वयन ............ ६२

४.३ राजस्व बाँडफाँट सम्बन्धी सिफारिस कार्यान्वयनको अवस्था ............ ६३

४.४ सवारी साधन करको बाँडफाँट सिफारिस कार्यान्वयन ............ ६३

४.५ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धी सिफारिस कार्यान्वयनको अवस्था ............ ६४

४.६ सुझाव कार्यान्वयनको अवस्था........................................................................................................ ६६

**परिच्छेद - पाँचः निष्कर्ष तथा सुझाव..........................................................................................७२**

५.१ निष्कर्ष........................................................................................................................................ ७२

५.२ सुझाव......................................................................................................................................... ७२

**अनुसूची.............................................................................................................................................७५**

अनुसूची - १ः सङ्घीय विभाज्य कोषबाट प्रदेश र स्थानीय सरकारमा हुने राजस्व बाँडफाँट.................................... ७६

अनुसूची - २ः आर्थिक वर्ष २०८१/८२ को लागि नेपालको संविधान र प्रचलित कानून बमोजिम सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा मिति २०८०/११/१८ मा नेपाल सरकारलाई गरिएको सिफारिस.................................................................................................................. ९५

अनुसूची - ३ः आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारबाट प्रदेश सरकार र स्थानीय सरकारहरूलाई प्रदान गरिने सशर्त अनुदानका आधार सम्बन्धमा मिति २०८०/१२/२५ मा नेपाल सरकारलाई गरिएको सिफारिस.............१११

अनुसूची - ४ः प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँट............................................................१२९

अनुसूची - ५ः आयोगका पदाधिकारी तथा कर्मचारीहरूको विवरण.................................................................१७५

अनुसूची - ६ः आयोगका केही गतिविधिहरू तस्विरमा......................................................................................१७८

# तालिका सूची


तालिका १.१: आयोगको कार्यक्षेत्र तथा भूमिका..........५

तालिका १.२: राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कर्मचारी दरबन्दी र पदपूर्तिको अवस्था..........७

तालिका २.१: आर्थिक वर्ष २०८०/८१ मा विनियोजित बजेट र खर्चको विवरण..........१०

तालिका २.२: प्रमुख क्रियाकलाप र प्रगति..........१०

तालिका ३.१: आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेश सरकारले स्थानीय सरकारलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदान सम्बन्धमा प्रदेश सरकार, कर्णाली प्रदेशलाई गरिएको सिफारिस..........२२

तालिका ३.२: आयोगले विगतमा सिफारिस गरेको सीमा र सुझावहरू..........४२

तालिका ३.३: आन्तरिक ऋण परिचालनको अवस्था र प्रवृत्ति..........४३

तालिका ३.४: कुल सार्वजनिक ऋण, कुल गार्हस्थ उत्पादन, आर्थिक वृद्धिदर, राजस्व र निर्यातको अवस्था..........४४

तालिका ३.५: कुल तिर्न बाँकी आन्तरिक ऋण र वार्षिक ऋण परिचालनको अवस्था..........४४

तालिका ३.६: आन्तरिक ऋण निष्काशनको वार्षिक लक्ष्यको अवस्था..........४५

तालिका ३.७: कुल आन्तरिक ऋण परिचालनको संरचनागत अवस्था..........४५

तालिका ३.८: वार्षिक आन्तरिक ऋणको सावाँ फिर्ताको विवरण..........४६

तालिका ३.९: आन्तरिक ऋणको ब्याज तथा कमिसन भुक्तानीको वार्षिक विवरण..........४६

तालिका ३.१०: तिर्न बाँकी कुल आन्तरिक ऋण दायित्वको विवरण..........४७

तालिका ३.११: नगर विकास कोषबाट परिचालित ऋण दायित्वको क्षेत्रगत विवरण..........४७

तालिका ३.१२: नेपाल सरकारको राजस्व, चालु खर्च र ब्याज कमिसन भुक्तानीको अवस्था..........४८

तालिका ३.१३: आर्थिक वर्ष २०८१/८२ का लागि एकल कर प्रशासनअन्तर्गत प्रदेश सरकार, कर्णाली प्रदेशले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गर्ने सवारी साधन करको स्थानीय सरकारबीच बाँडफाँटको हिस्सा..........५५

तालिका ४.१: वित्तीय समानीकरण अनुदान सिफारिस तथा सोको कार्यान्वयनको अवस्था..........५८

तालिका ४.२: आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ को वित्तीय समानीकरण अनुदान सिफारिस कार्यान्वयनको अवस्था..........५९

तालिका ४.३: नेपाल सरकारबाट कर्णाली प्रदेश भित्रका स्थानीय सरकारमा भएको सशर्त अनुदानको बजेट विनियोजन तथा हस्तान्तरण..........६१

तालिका ४.४: सङ्घीय विभाज्य कोष र सोको बाँडफाँटको विवरण..........६३

तालिका ४.५: आर्थिक वर्ष २०७९/८० मा सङ्घीय विभाज्य कोषमा जम्मा भएको रोयल्टी र बाँडफाँटको विवरण..........६५

तालिका ४.६: आर्थिक वर्ष २०७९/८० मा सङ्कलन भई कर्णाली प्रदेश भित्रका स्थानीय सरकारले प्राप्त गरेको रोयल्टीको विवरण..........६५

# चित्र सूची

चित्र १.१: सङ्गठन संरचना........................................................................................................ ६

# परिच्छेद - एकः
# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार रहने र यी सरकारबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहने व्यवस्था गरिएको छ। देशमा उपलब्ध प्राकृतिक एवम् वित्तीय स्रोतहरूको न्यायोचित, सन्तुलित, पारदर्शी रूपमा वितरण र परिचालन गरी वित्तीय सङ्घीयताको कार्यान्वयनमा संरक्षणकारी भूमिका निर्वाह गर्न संवैधानिक निकायको रूपमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था रहेको छ।

नेपालको संविधानको धारा २५० मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको गठन र धारा २५१ मा आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। आयोगको काम, कर्तव्य र अधिकारलाई व्यवस्थित गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६ कार्यान्वयनमा रहेका छन्। तीन तहका सरकारबीच राजस्वको अधिकार, राजस्व बाँडफाँट, अनुदान, ऋण, बजेट व्यवस्थापन, सार्वजनिक खर्च तथा वित्तीय अनुशासन सम्बन्धमा आवश्यक व्यवस्था गर्न अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ समेत कार्यान्वयनमा रहेको छ।

आयोगले संविधान तथा कानूनको अधीनमा रहेर सङ्घ, प्रदेश र स्थानीय सरकारबीच मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनमा लाग्ने अन्तःशुल्कबाट सङ्कलित राजस्व बाँडफाँटको विस्तृत आधार र ढाँचा निर्धारण, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको बाँडफाँटको हिस्सा निर्धारण, नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई र प्रदेशले स्थानीय सरकारलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण तथा सशर्त अनुदानको आधार र तीनवटै तहका सरकारले वार्षिक रूपमा लिन सक्ने आन्तरिक ऋणको अधिकतम सीमा निर्धारण गरी सिफारिस गरेको छ। साथै, प्रदेश तथा स्थानीय सरकारको एकल अधिकारको सूचीमा रहेको सवारी साधन करको प्रशासन प्रदेशले गर्ने र सङ्कलित कर रकमलाई प्रदेश तथा सम्बन्धित स्थानीय सरकारबीच बाँडफाँट गर्ने कानुनी व्यवस्था भएअनुरूप त्यस्तो करलाई प्रदेश भित्रका स्थानीय सरकारबीच बाँडफाँटको हिस्सा निर्धारण गरी सम्बन्धित प्रदेश सरकारलाई सिफारिस गर्ने कार्य समेत आयोगले गर्दै आएको छ।

## १.२ गठन

नेपालको संविधानको धारा २५० को उपधारा (१) मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको गठनसम्बन्धी व्यवस्था गरिएको छ। आयोगमा अध्यक्षसहित बढीमा पाँच जना सदस्यहरू रहने, राष्ट्रपतिबाट संवैधानिक परिषद्को सिफारिसमा आयोगमा अध्यक्ष र सदस्यहरूको नियुक्ति हुने, आयोगका अध्यक्ष र सदस्यहरूको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुने व्यवस्था रहेको छ। यसरी नियुक्त अध्यक्ष तथा सदस्यको पुनः नियुक्ति हुन नसक्ने व्यवस्था भए पनि सदस्यलाई अध्यक्षको पदमा भने नियुक्ति गर्न सकिने छ। त्यसरी सदस्य अध्यक्षको पदमा नियुक्ति भएमा निजको पदावधि गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिने प्रावधान रहेको छ।

नेपालको संविधानको धारा २५० को उपधारा (६) बमोजिम आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्त हुनका लागि मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक उपाधि हासिल गरी प्राकृतिक स्रोत वा वित्त व्यवस्थापन, अर्थशास्त्र, कानून, व्यवस्थापनको क्षेत्रमा कम्तीमा बीस वर्ष क्रियाशील रही विशेषज्ञता हासिल गरेको, नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, पैंतालिस वर्ष उमेर पूरा भएको र उच्च नैतिक चरित्र भएको हुनुपर्ने उल्लेख छ।

## १.३ काम, कर्तव्य र अधिकार

नेपालको संविधानले आयोगलाई मूलतः सङ्घ, प्रदेश र स्थानीय सरकारबीच हुने प्राकृतिक तथा वित्तीय स्रोतको बाँडफाँटको विषयमा सिफारिस गर्ने महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ। आयोगको काम, कर्तव्य तथा अधिकारसम्बन्धी व्यवस्था नेपालको संविधानको धारा २५१ मा उल्लेख गरिएका छन्। त्यसैगरी, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६ मा समेत आयोगको काम, कर्तव्य तथा अधिकारका सम्बन्धमा थप व्यवस्था गरिएको छ। आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा संवैधानिक तथा कानुनी व्यवस्था देहायअनुसार रहेका छन्।

### १.३.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा ६० को उपधारा (३) अनुसार प्रदेश र स्थानीय सरकारले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुनेछ। नेपालको संविधानको धारा २५१ को उपधारा (१) मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने गरी तोकिएको छः

(क) संविधान र कानून बमोजिम सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने,

(ख) सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सम्बन्धमा सिफारिस गर्ने,

(ग) राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने,

(घ) प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने,

(ङ) सङ्घ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पूरा गर्ने र राजस्व असुलीमा सुधार गर्नु पर्ने उपायहरूको सिफारिस गर्ने,

(च) समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिनसक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने,

(छ) सङ्घ र प्रदेश सरकारको राजस्व बाँडफाँटका आधारको पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने,

(ज) प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने,

(झ) प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने।

त्यसैगरी धारा २५१ को उपधारा (२) मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सो सँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्नेछ भन्ने उल्लेख गरिएको छ। साथै, सोही धाराको उपधारा (३) ले आयोगको काम, कर्तव्य र अधिकार, प्राकृतिक स्रोतको परिचालन गर्दा वा राजस्व बाँडफाँट गर्दा अपनाउनु पर्ने विस्तृत आधार, आयोगका पदाधिकारीको सेवाका शर्त लगायत अन्य व्यवस्था सङ्घीय कानून बमोजिम हुने व्यवस्था गरेको छ।

### १.३.२ कानुनी व्यवस्था

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ अनुसार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छः

(क) प्रदेश कानून बमोजिम प्रदेशले स्थानीय तहलाई दिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा प्रदेशलाई सिफारिस गर्ने,

(ख) प्रदेश कानून बमोजिम प्रदेशले स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदानको आधार तयार गरी प्रदेशलाई सिफारिस गर्ने,

(ग) नेपाल सरकार, प्रदेश वा स्थानीय तहबीच राजस्वको बाँडफाँट सम्बन्धमा उठेको विवाद समाधान गर्न आवश्यक सहजीकरण र सहयोग गर्ने,

(घ) नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई दिने अनुदान सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) नेपाल सरकार तथा प्रदेशले राजस्व बाँडफाँटका सम्बन्धमा कुनै सुझाव माग गरेमा आवश्यक सुझाव दिने,

(च) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले लगाउने करका सम्बन्धमा नेपाल सरकार, प्रदेश वा स्थानीय तहले सुझाव माग गरेमा आवश्यक सुझाव दिने,

(छ) प्राकृतिक स्रोतको संरक्षण र उपयोगका विषयमा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहलाई आवश्यक सुझाव दिने,

(ज) आयोगले संविधान र यस ऐन बमोजिम सुझाव वा सिफारिस दिंदा वा ढाँचा तयार गर्दा प्रदेश तथा स्थानीय तहको कार्यसम्पादनलाई समेत आधार लिने।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा देहाय बमोजिमको व्यवस्था रहेको छः

(क) मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कको बाँडफाँटबाट प्राप्त राजस्वको बाँडफाँट सम्बन्धमा ऐनको दफा ६ को उपदफा (४) अनुसार उपदफा (३) बमोजिम प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा जम्मा भएको राजस्व रकम संविधान र यस ऐनको अधीनमा रही आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रत्येक प्रदेश र स्थानीय तहलाई बाँडफाँट गर्ने,

(ख) सवारी साधन करको बाँडफाँट सम्बन्धमा ऐनको दफा ६क. को उपदफा (४) अनुसार उपदफा (३) बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम संविधान र यस ऐनको अधीनमा रही आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँट गर्ने,

(ग) रोयल्टी बाँडफाँट सम्बन्धमा ऐनको दफा ७ को उपदफा (२) मा उपदफा (१) बमोजिमको कोषमा रहेको रोयल्टीको बाँडफाँट नेपाल सरकारले अनुसूची-४ बमोजिम वार्षिक रूपमा गर्नेछ भन्ने व्यवस्था उल्लेख भएको र सोही दफा बमोजिमको अनुसूची-४ को द्रष्टव्य-१ मा नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट तथा वितरण गर्ने,

(घ) वित्तीय समानीकरण अनुदान सम्बन्धमा ऐनको दफा ८ को उपदफा (१) अनुसार नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने। त्यसैगरी उपदफा (२) अनुसार उपदफा (१) बमोजिम नेपाल

सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजस्वलाई प्रदेशले प्रदेश भित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानून बमोजिम आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने,

(ङ) सशर्त अनुदानका सम्बन्धमा ऐनको दफा ९ को उपदफा (१) अनुसार नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्ने। त्यसैगरी उपदफा (३) अनुसार प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्ने,

(च) आन्तरिक ऋणको सम्बन्धमा ऐनको दफा १४ को उपदफा (१) अनुसार नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने,

(छ) आय व्ययको प्रक्षेपण सम्बन्धमा ऐनको दफा १८ को उपदफा (२) अनुसार नेपाल सरकारले आयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको फागुन मसान्तभित्र दफा ६ बमोजिमको राजस्व बाँडफाँट र दफा ८ बमोजिमको वित्तीय समानीकरण अनुदान बापत आगामी आर्थिक वर्षमा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने अनुमानित स्रोतको विवरण प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने। त्यसैगरी, उपदफा (३) अनुसार प्रदेश सरकारले आयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको चैत्र मसान्तभित्र संविधानको धारा ६० को उपधारा (५) बमोजिम स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय अनुदानको अनुमानित विवरण स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६ मा आयोगले संविधान, ऐन तथा प्रचलित कानूनमा उल्लिखित काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा देहाय बमोजिमका कार्य गर्ने गरी व्यवस्था गरिएको छः

(क) प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्न, गराउनका लागि आवश्यक अध्ययन, अनुसन्धान गर्ने, गराउने र सोको वस्तुगत आधार एवम् मापदण्ड निर्धारण गर्ने, गराउने,

(ख) प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण निर्धारण गर्न आवश्यक अध्ययन, अनुसन्धान गर्ने गराउने,

(ग) प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको पहिचान गर्न आवश्यक अध्ययन, अनुसन्धान गर्ने र सोको वस्तुगत आधार एवम् मापदण्ड निर्धारण गर्ने, गराउने,

(घ) संविधान र प्रचलित कानून बमोजिम सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय तहबीच राजस्वको बाँडफाँट गर्ने आधार र ढाँचा तय गर्ने विधि स्वीकृत गर्ने,

(ङ) सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय तहलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तहबाट आवश्यक सूचना, तथ्याङ्क एवम् विवरण नियमित रूपमा प्राप्त गर्ने,

(च) राजस्व बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व असुली, आन्तरिक ऋणको सीमा, प्राकृतिक स्रोतको परिचालन, बाँडफाँट, संरक्षण एवम् उपयोग र प्रदेश तथा स्थानीय तहको कार्य सम्पादनका बारेमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने गराउने,

(छ) प्रचलित कानून बमोजिम प्राकृतिक स्रोतको परिचालनमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले गर्ने लगानीको हिस्सा र प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने प्रतिफलको हिस्सा निर्धारणको आधार सम्बन्धी विधि तय गर्ने,

(ज) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबीच प्राकृतिक स्रोतको बाँडफाँट एवम् परिचालनका सम्बन्धमा उठ्न सक्ने विवाद समाधान गर्न आवश्यक सहयोग र सहजीकरण गर्ने,

(झ) कार्यसम्पादनको सिलसिलामा आवश्यकता अनुसार नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा अन्य सरकारी आयोग लगायतका निकायहरूबाट सुझाव वा सल्लाह लिने।

यसरी उल्लिखित ऐन तथा नियमावलीमा आयोगका संवैधानिक जिम्मेवारीहरूलाई थप प्रष्ट्याउनुका साथै तीन तहका सरकारबीच स्रोतको बाँडफाँट गर्दा आयोगले लिनुपर्ने आधारहरूको समेत व्यवस्था गरिएको छ। आयोगका उल्लिखित काम, कर्तव्य र अधिकार बमोजिम आयोगको कार्यक्षेत्र र भूमिकाको सारांश तालिका १.१ मा रहेको छ।

**तालिका १.१ः आयोगको कार्यक्षेत्र तथा भूमिका**


| कार्य क्षेत्र | आयोगको भूमिका |
|---|---|
| खर्च जिम्मेवारी | सङ्घ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पूरा गर्ने उपायहरूको सिफारिस गर्ने। |
| राजस्व जिम्मेवारी | सङ्घ, प्रदेश र स्थानीय सरकारले राजस्व असुलीमा सुधार गर्नुपर्ने उपायहरूको सिफारिस गर्ने। |
| राजस्व बाँडफाँट | • सङ्घ, प्रदेश र स्थानीय सरकारबीच राजस्व बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने,<br>• प्रदेश र स्थानीय सरकारबीच राजस्व बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने,<br>• राजस्व बाँडफाँटका आधारहरूको पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने,<br>• प्रदेश र स्थानीय सरकारबीच हुने सवारी साधन कर बाँडफाँटको आधार र ढाँचा निर्धारण गर्ने,<br>• सङ्घ, प्रदेश वा स्थानीय तहबीच राजस्वको बाँडफाँट सम्बन्धमा उठेका विवाद समाधान गर्न आवश्यक सहजीकरण र सहयोग गर्ने। |
| अन्तर-सरकारी वित्तीय हस्तान्तरण | • सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने,<br>• प्रदेश सञ्चित कोषबाट स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने,<br>• प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार सिफारिस गर्ने। |
| आन्तरिक ऋण | सङ्घ, प्रदेश र स्थानीय सरकारले लिनसक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने। |
| प्राकृतिक स्रोतको परिचालन तथा बाँडफाँट | • प्राकृतिक स्रोतको परिचालन गर्दा सङ्घ, प्रदेश र स्थानीय सरकारको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने,<br>• प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विवादको विषयमा अध्ययन अनुसन्धान गरी विवाद निवारण गर्न सुझाव दिने,<br>• प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सुझाव दिने,<br>• सङ्घ, प्रदेश र स्थानीय सरकारबीच बाँडफाँट हुने रोयल्टीको हिस्सा निर्धारण गरी सिफारिस गर्ने। |

## १.४ सङ्गठन संरचना र दरबन्दी

सम्माननीय राष्ट्रपतिबाट मिति २०७५ साल चैत्र ७ मा आयोगको अध्यक्ष, मिति २०७७ साल माघ २१ मा दुईजना सदस्य र मिति २०७८ साल असार १० मा एक जना सदस्य नियुक्त भई हाल अध्यक्ष सहित चार जना पदाधिकारी कार्यरत रहेको अवस्था छ।

आयोगको सचिवालयमा तीनवटा महाशाखा र १२ वटा शाखा रहेका छन्। विशिष्ट प्रकृतिको कार्यक्षेत्र भएकाले आयोगको कार्यालयमा प्रशासन, इन्जिनियरिङ्ग, वन, न्याय, आर्थिक योजना तथा तथ्याङ्क र विविध सेवा समूहका कर्मचारी रहने व्यवस्था छ। आयोगको सङ्गठन संरचना चित्र १.१ मा राखिएको छ।

**चित्र १.१ः सङ्गठन संरचना**



आयोगको कार्य सञ्चालनमा सहयोग पुऱ्याउनका लागि नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिवको नेतृत्वमा विभिन्न सेवा समूहका ४९ जना निजामती कर्मचारी रहने गरी सङ्गठन संरचना स्वीकृत भएको छ। साथै, कार्यालय सहयोगी र सवारी चालकका लागि २४ जना सेवा करारमा लिनसक्ने गरी दरबन्दी स्वीकृत भएको छ। आयोगको कर्मचारी दरबन्दी विवरण र पदपूर्तिको अवस्था तालिका १.२ मा देखाइएको छ।

**तालिका १.२: राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कर्मचारी दरबन्दी र पदपूर्तिको अवस्था**

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह / उपसमूह | दरबन्दी | पदपूर्ति अवस्था (२०८१ असारमा) |
|---|---|---|---|---|---|---|
| १. | सचिव | विशिष्ट | प्रशासन | | १ | १ |
| २. | सहसचिव | रा.प.प्रथम | प्रशासन | | २ | २ |
| ३. | सहसचिव | रा.प.प्रथम | ईन्जिनियरिङ्ग | सिभिल / जनरल | १ | १ |
| ४. | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | ४ | ४ |
| ५. | उपसचिव | रा.प.द्वितीय | प्रशासन | राजस्व | २ | २ |
| ६. | उपसचिव | रा.प.द्वितीय | न्याय | कानून | १ | १ |
| ७. | वरिष्ठ तथ्याङ्क अधिकृत | रा.प.द्वितीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | १ | १ |
| ८. | सि.डि.ईन्जिनियर | रा.प.द्वितीय | इन्जिनियरिङ्ग | सिभिल / हाईड्रो पावर | १ | - |
| ९. | सि.डि.जियोलोजिष्ट | रा.प.द्वितीय | इन्जिनियरिङ्ग | जियोलोजी / जनरल जियोलोजी | १ | १ |
| १०. | वन अधिकृत | रा.प.द्वितीय | वन | फरेष्ट्री | १ | - |
| ११. | वरिष्ठ अर्थशास्त्री | रा.प.द्वितीय | विविध | | १ | - |
| १२. | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | १० | १० |
| १३. | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | राजस्व | २ | १ |
| १४. | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | १ |
| १५. | तथ्याङ्क अधिकृत | रा.प.तृतीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | १ | १ |
| १६. | वन अधिकृत | रा.प.तृतीय | वन | फरेष्ट्री | १ | १ |
| १७. | इन्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ्ग | सिभिल / हाईड्रो पावर | १ | - |
| १८. | इन्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ्ग | जियोलोजी / जनरल जियोलोजी | १ | १ |
| १९. | कम्प्यूटर इन्जिनियर | रा.प.तृतीय | विविध | | १ | १ |
| २०. | वातावरणविद् | रा.प.तृतीय | विविध | | १ | - |
| २१. | समाजशास्त्री | रा.प.तृतीय | विविध | | १ | - |
| २२. | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | | | ५ | ५ |
| २३. | नायव सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्र. | ७ | ७ |
| २४. | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | १ | १ |
| | | | | जम्मा | ४९ | ४२ |
| २५. | हलुका सवारी चालक (सेवा करार) | श्रेणीविहीन | | | १२ | ११ |
| २६. | कार्यालय सहयोगी (सेवा करार) | श्रेणीविहीन | | | १२ | १० |
| | | | | **कुल जम्मा** | **७३** | **६३** |

## १.५ प्रतिवेदन

नेपालको संविधानको धारा २९४ मा संवैधानिक निकायको वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था गरिएको छ। उक्त धाराको उपधारा (१) मा संवैधानिक निकायले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नुपर्ने, उपधारा (२) मा वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने कुराहरू सङ्घीय कानून बमोजिम हुने र उपधारा (३) मा संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था रहेको छ। उल्लिखित संवैधानिक व्यवस्थाको पालना गर्दै आयोगबाट आर्थिक वर्ष २०८०/८१ मा सम्पादन भएका काम कारबाही र आर्थिक वर्ष २०८१/८२ का लागि आयोगले गरेका सिफारिस समेटिएको कर्णाली प्रदेशको छैटौं वार्षिक प्रतिवेदन, २०८१ माननीय प्रदेश प्रमुख समक्ष पेश गरिएको छ।

# परिच्छेद - दुईः
# आयोगको वार्षिक कार्यसम्पादन

## २.१ आयोगले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई गरेको सिफारिस

आयोगले आर्थिक वर्ष २०८०/८१ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई देहायका विषयमा सिफारिस गरेको छः

### २.१.१ वित्तीय समानीकरण अनुदान

(क) सङ्घीय सञ्चित कोषबाट आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदान नेपाल सरकारलाई सिफारिस गरिएको,

(ख) प्रदेश सञ्चित कोषबाट आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेश भित्रका स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदान प्रदेश सरकारलाई सिफारिस गरिएको।

### २.१.२ सशर्त अनुदानको आधार

(क) नेपाल सरकारबाट आर्थिक वर्ष २०८१/८२ मा प्रदेश र स्थानीय सरकारमा हस्तान्तरण गरिने सशर्त अनुदानको आधार नेपाल सरकारलाई सिफारिस गरिएको,

(ख) प्रदेश सरकारबाट आर्थिक वर्ष २०८१/८२ मा प्रदेश भित्रका स्थानीय सरकारमा हस्तान्तरण गरिने सशर्त अनुदानको आधार प्रदेश सरकारलाई सिफारिस गरिएको।

### २.१.३ प्राकृतिक स्रोतको रोयल्टी

(क) आर्थिक वर्ष २०७९/८० मा दूरसञ्चार फ्रिक्वेन्सीबाट सङ्कलित रोयल्टी सम्बन्धित प्रदेश तथा स्थानीय सरकारबीच बाँडफाँट गर्न नेपाल सरकारलाई सिफारिस गरिएको,

(ख) आर्थिक वर्ष २०७९/८० मा प्राकृतिक स्रोत (पर्वतारोहण, वन, विद्युत, खानी तथा खनिज) बाट सङ्कलित रोयल्टी सम्बन्धित प्रदेश तथा स्थानीय सरकारबीच बाँडफाँट गर्न नेपाल सरकारलाई थप सिफारिस गरिएको,

(ग) आर्थिक वर्ष २०८०/८१ मा प्राकृतिक स्रोत (पर्वतारोहण, वन, विद्युत, खानी तथा खनिज र दूरसञ्चार फ्रिक्वेन्सी) को परिचालनबाट सङ्कलित रोयल्टी सम्बन्धित प्रदेश तथा स्थानीय सरकारबीच बाँडफाँट गर्न नेपाल सरकारलाई सिफारिस गरिएको।

### २.१.४ सवारी साधन करको बाँडफाँट

प्रदेश र स्थानीय सरकारबीच आर्थिक वर्ष २०८१/८२ मा सङ्कलित सवारी साधन करको बाँडफाँटको आधार र ढाँचासहितको हिस्सा सबै प्रदेश सरकारलाई सिफारिस गरिएको।

### २.१.५ आन्तरिक ऋणको सीमा

सङ्घ, प्रदेश र स्थानीय सरकारले आर्थिक वर्ष २०८१/८२ मा लिन सक्ने आन्तरिक ऋणको सीमा निर्धारण गरी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई सिफारिस गरिएको।

सिफारिसको विस्तृत विवरण प्रतिवेदनको परिच्छेद-तीनमा उल्लेख गरिएको छ।

## २.२ आयोगको वार्षिक बजेट तथा कार्यक्रम

### २.२.१ आयोगको वार्षिक बजेट

आर्थिक वर्ष २०८०/८१ मा आयोगको वार्षिक कार्यक्रम सञ्चालन गर्नका लागि चालु खर्च तर्फ रु. ९ करोड १३ लाख बजेट विनियोजन भएकोमा रु. ६ करोड ३७ लाख ८२ हजार खर्च भएको र पूँजीगत तर्फ रु. १७ लाख बजेट विनियोजन भएकोमा रु. ८ लाख ४१ हजार खर्च भएको छ। विनियोजित कुल रकममध्ये चालुतर्फ ६९.८६ प्रतिशत र पूँजीगततर्फ ४९.४७ प्रतिशत गरी समग्रमा ६९.४९ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ। यस सम्बन्धी विस्तृत विवरण तालिका २.१ मा उल्लेख गरिएको छ।

**तालिका २.१: आर्थिक वर्ष २०८०/८१ मा विनियोजित बजेट र खर्चको विवरण**

*(रु. लाखमा)*

| क.सं. | ब.उ.शी.नं. | वार्षिक बजेट | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| चालु खर्च | | | | |
| १ | २२०००००१३ (रा.प्रा.स्रो. तथा वि.आ.) | १२८.०० | ८२.३३ | ६४.३२ |
| २ | २२००००११३ (रा.प्रा.स्रो. तथा वि.आ.) | ७८५.०० | ५५५.४९ | ७०.७६ |
| | **चालु खर्च जम्मा** | **९१३.००** | **६३७.८२** | **६९.८६** |
| पूँजीगत खर्च | | | | |
| १ | २२००००११४ (रा.प्रा.स्रो. तथा वि.आ.) | १७.०० | ८.४१ | ४९.४७ |
| | **पूँजीगत खर्च जम्मा** | **१७.००** | **८.४१** | **४९.४७** |
| | **कुल जम्मा** | **९३०.००** | **६४६.२३** | **६९.४९** |

आर्थिक वर्ष २०८०/८१ मा आयोगले अन्य प्रशासनिक शुल्क अन्तर्गत रु. आठ हजार राजस्व सङ्कलन गरेको छ। विभिन्न फर्म तथा कम्पनीहरूको नाममा १ लाख ४८ हजार ५ सय ४२ रुपैयाँ र पैसा ४८ धरौटी मौज्दात रहेको छ। आयोगमा लगती बेरुजु शून्य रहेको छ।

### २.२.२ आयोगको वार्षिक कार्यक्रम अन्तर्गतका क्रियाकलाप र प्रगति

आर्थिक वर्ष २०८०/८१ मा आयोगबाट सम्पादन गरिएका क्रियाकलाप र तिनको प्रगति विवरण तालिका २.२ मा सूचीकृत गरिएको छ।

**तालिका २.२: प्रमुख क्रियाकलाप र प्रगति**

| क्र. सं. | क्रियाकलाप (लक्ष्य) | प्रगति |
|---|---|---|
| १. | आयोगको वार्षिक प्रतिवेदन तयारी, प्रकाशन तथा वितरण | • सम्माननीय राष्ट्रपति समक्ष आयोगको पाँचौं वार्षिक प्रतिवेदन, २०८० पेश गरिएको,<br>• माननीय प्रदेश प्रमुख समक्ष आयोगको प्रदेशगत पाँचौं वार्षिक प्रतिवेदन, २०८० पेश गरिएको। |

| क्र. सं. | क्रियाकलाप (लक्ष्य) | प्रगति |
|---|---|---|
| २. | आयोगको वार्षिक उत्सव समारोह आयोजना | • राष्ट्रिय सभाका सम्माननीय अध्यक्षको प्रमुख आतिथ्यता एवम् व्यवस्थापिका संसदका सदस्य, विभिन्न संवैधानिक निकायका पदाधिकारी, स्थानीय सरकारका प्रतिनिधिहरू तथा आयोगमा कार्यरत कर्मचारीहरूको उपस्थितिमा आयोग र यसको भूमिका सम्बन्धमा अन्तर्क्रिया सहितको कार्यक्रम सञ्चालन गरी मिति २०८० साल असोज २६ गते वार्षिक उत्सव सम्पन्न भएको,<br>• आयोगमा कार्यरत विभिन्न ७ (सात) जना उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरिएको,<br>• वित्तीय सङ्घीयता तथा प्राकृतिक स्रोत सम्बन्धमा विभिन्न लेख, रचना समेटी "स्मारिका - २०८०" प्रकाशन तथा विमोचन गरिएको। |
| ३. | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय सङ्घीयता सम्बन्धमा रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन | नेपाल टेलिभिजनसँग सम्झौता भई कार्यक्रम तयारी, अन्तर्वार्ता, स्थलगत छाँयाङ्कन गरी ३ (तीन) वटा कार्यक्रम प्रसारण भएको। |
| ४. | प्रदेश तथा स्थानीय तहमा विभिन्न सरोकारवालासँग आयोगको भूमिका तथा काम कारबाही सम्बन्धमा बृहत अन्तर्क्रिया कार्यक्रम | गोरखा, लमजुङ, मुस्ताङ, दाङ, अछाम, ताप्लेजुङ, तेह्रथुम, खोटाङ, चितवन, नवलपुर, पाल्पा, कपिलवस्तु, तनहुँ, बाग्लुङ, म्याग्दी, पर्वत, स्याङ्जा, रुकुम पूर्व, दैलेख, सिन्धुपाल्चोक, कास्की, संखुवासभा, मुगु, सर्लाही र कालिकोट जिल्लामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको। |
| ५. | प्रदेश तथा स्थानीय तहको कार्य सम्पादन मूल्याङ्कन पोर्टल सञ्चालनको लागि तालिम | गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका ९० वटा स्थानीय तहका कर्मचारीहरूलाई कार्यसम्पादन मूल्याङ्कन पोर्टल सम्बन्धी तालिम प्रदान गरिएको। |
| ६. | विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूको लागि वित्तीय सङ्घीयताका विषयमा ईन्टर्नशिप अध्ययन कार्यक्रम | विश्वविद्यालयबाट विद्यार्थी छनौट भई नआएको। |
| ७. | स्नातकोत्तर तथा विद्यावारिधि शोध अध्ययन सहयोग कार्यक्रम | विद्यावारिधि तहमा दुई शोधार्थीहरूबाट अध्ययन भईरहेको, स्नातकोत्तर तहमा एक शोधार्थीबाट अध्ययन कार्य सम्पन्न भएको। |
| ८. | वित्तीय सङ्घीयता तथा प्राकृतिक स्रोत परिचालनको विषयमा नियमित अनुगमन एवम् मूल्याङ्कन | प्रदेश तथा स्थानीय तहमा अनुगमन भएको। |
| ९. | प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धमा उठेका र उठ्न सक्ने विवाद र सोको निवारण सम्बन्धमा सम्बन्धित सरोकारवालासँग छलफल र अन्तर्क्रिया | उदयपुर, सिन्धुली, लम्जुङ्ग र मुस्ताङ्ग जिल्लामा छलफल तथा अन्तर्क्रिया सम्पन्न भएको। |
| १०. | प्राकृतिक स्रोतको क्षेत्रगत तथ्याङ्क तथा रोयल्टीको विवरण व्यवस्थापन सम्बन्धी सफ्टवेयर अद्यावधिक तथा तालिम | • सङ्घीय स्तरमा सम्बन्धित निकायका कर्मचारीहरूका लागि तालिम सञ्चालन भएको,<br>• कोशी, मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशमा तालिम सञ्चालन भएको। |

आयोगको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत राजस्व बाँडफाँट सम्बन्धी सूचकहरूको अध्ययन तथा परिमार्जन, प्रदेश तथा स्थानीय तहको प्रशासनिक खर्चको अनुपात अध्ययन, प्राकृतिक स्रोत परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँटका सूचकलाई

वैज्ञानिक र समन्यायिक बनाउने लगायतका सम्पन्न हुन बाँकी अध्ययनका क्रियाकलापमा निरन्तरता रहेको छ।

## २.३ आयोगबाट भएका अन्य कार्य

आयोगबाट आर्थिक वर्ष २०८०/८१ मा सम्पादन गरिएका अन्य काम कारबाहीहरूको विवरण देहाय बमोजिम रहेको छः

(क) आयोगको मिति २०८० भाद्र ८ को बैठकबाट सवारी साधन कर बाँडफाँटको सूचक तथा भार परिमार्जन गरिएको,

(ख) आयोगको मिति २०८१ असार ५ को बैठकबाट आयोगका अध्यक्ष तथा सदस्यहरूको कार्यविभाजन हेरफेर गरिएको,

(ग) वित्तीय समानीकरण अनुदान सिफारिस प्रयोजनका लागि सात प्रदेश र ७५३ स्थानीय सरकारको कार्यसम्पादन मूल्याङ्कन गरिएको,

(घ) ब्रह्मपुरी गाउँपालिका (सर्लाही), इशानाथ नगरपालिका (सर्लाही), कोटियामाई गाउँपालिका (रुपन्देही) र कालीगण्डकी गाउँपालिका (गुल्मी) का पदाधिकारीहरू तथा कर्मचारीहरूसँग आयोगको भूमिका तथा काम कारबाही सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको,

(ङ) विश्वका सङ्घीय शासन प्रणाली अवलम्बन गरिएका देशहरूमा प्राकृतिक स्रोत परिचालन सम्बन्धी विद्यमान विवाद, जलवायु परिवर्तन सम्बन्धी, धौवादी फलाम कम्पनी सम्बन्धी र सार्वजनिक ऋण सम्बन्धी प्रस्तुतीकरण तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको,

(च) आयोगको जानकारी पुस्तिका परिमार्जन गरी प्रकाशन गरिएको।

## २.४ आयोगको भौतिक स्रोत साधन र उपयोग

आयोगको काम कारबाहीलाई व्यवस्थित एवम् प्रभावकारी तुल्याउन आवश्यक भौतिक एवम् वित्तीय स्रोत साधन र जनशक्ति उपलब्ध गराउने दायित्व नेपाल सरकारको रही आएको छ। सोही व्यवस्था अनुरूप आयोगको कार्यालय सञ्चालनका लागि सिंहदरबार परिसर भित्र आयोगको एक छुट्टै भवन उपलब्ध गराउने नेपाल सरकारको निर्णयका बाबजुद हालसम्म पनि उक्त भवनको आंशिक भाग मात्र आयोगले उपयोग गर्न पाएको अवस्था छ। पर्याप्त कार्यस्थलको अभावमा आयोगका पदाधिकारी र आयोगको सचिवालयमा कार्यरत कर्मचारीहरू छुट्टाछुट्टै भवनमा रही कार्य सम्पादन गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको छ। नेपालको संविधानमा उल्लेख भए बमोजिमको वित्तीय सङ्घीयताको मूल मर्म र भावनालाई सही अर्थमा कार्यान्वयनमा लैजानका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गरी गठन भएको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग जस्तो संवैधानिक आयोगको काम कारबाहीहरू प्रभावकारी रूपमा सञ्चालन गर्न गराउनका लागि एउटा अलग्गै परिसर सहितको स्थायी भवन नेपाल सरकारबाट उपलब्ध हुन आवश्यक रहेको छ।

आयोगका पदाधिकारी तथा कर्मचारीहरूका लागि कार्यालय प्रयोजनार्थ आवश्यक सवारी साधन, कम्प्यूटर, फर्निचर लगायतका भौतिक स्रोत साधनहरू सीमित मात्रामा उपलब्ध रहेको अवस्था छ। आयोगका पदाधिकारी तथा कर्मचारी र कार्यालय प्रयोजनका लागि समेत गरी जम्मा १३ (तेह्र) वटा हलुका सवारी साधन र १९ (उन्नाईस) वटा मोटरसाइकल तथा स्कुटर रहेका छन्।

## २.५ समन्वय तथा सहजीकरण

आयोगको कार्यसम्पादनका सिलसिलामा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र अन्य सरोकारवालासँग आयोगले

देहायबमोजिम समन्वय तथा सहजीकरण गरेको छः

(क) आर्थिक वर्ष २०८०/८१ का लागि सिफारिस गर्नुपूर्व आयोगबाट भएका छलफल, अन्तर्क्रिया र बैठकहरू प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, अन्य विषयगत मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग, राष्ट्रिय तथ्याङ्क कार्यालय, नेपाल राष्ट्र बैङ्क, पर्यटन विभाग, वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, खानी तथा भू-गर्भ विभाग, विद्युत विकास विभाग, जल तथा मौसम विज्ञान विभाग तथा अन्य सङ्घ संस्था लगायतसँग आवश्यकतानुसार छलफल एवम् परामर्श गरी सुझाव सङ्कलन गरिएको,

(ख) प्रदेश तथा स्थानीय सरकार र सम्बन्धित क्षेत्रका विज्ञ तथा सरोकारवालासँग छलफल तथा अन्तर्क्रिया गरी सुझाव सङ्कलन गरिएको,

(ग) आयोगको कार्यसम्पादनका लागि आवश्यक पर्ने तथ्याङ्क तीनै तहका सरकारका सम्बन्धित निकायसँग समन्वय गरी सङ्कलन गरिएको,

(घ) सङ्घीय संसदका समितिहरू, राष्ट्रिय विकास समस्या समाधान समिति, अन्तर-सरकारी वित्त परिषद्, सङ्घीय सरकारका मन्त्रालय तथा निकाय, प्रदेश समन्वय परिषद्, प्रदेश सरकार, स्थानीय सरकार, नेपाल नगरपालिका सङ्घ, गाउँपालिका राष्ट्रिय महासङ्घ लगायतले आयोजना गरेका कार्यक्रममा आयोगका तर्फबाट सहभागिता जनाई धारणा प्रस्तुत गरिएको।

आयोगलाई प्राप्त संवैधानिक तथा कानूनी जिम्मेवारी उपलब्ध स्रोत, जनशक्ति र सरोकारवाला निकायको सहयोग र परामर्शमा सम्पादन गर्दै वित्तीय सङ्घीयता सुदृढीकरण गर्न आयोगले अहम् भूमिका निर्वाह गरेको छ। समग्र वित्तीय हस्तान्तरणको जिम्मेवारी आयोगलाई नहुनु, बहुनिकायगत विषयक्षेत्रसँग जोडिएको प्राकृतिक स्रोत सम्बन्धी एकीकृत कानून तर्जुमा हुन नसक्नु र विश्वसनीय तथ्याङ्क प्राप्तिको अभावमा आयोगका सिफारिसलाई वस्तुगत बनाउन कठिनाई भएको छ। तथापि, उपलब्ध स्रोत साधनबाट आयोगले प्राप्त जिम्मेवारी उच्च लगन र इमानदारिताका साथ सम्पादन गर्दै आएको छ।

# परिच्छेद - तीनः
# आयोगले गरेका सिफारिस

आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन गर्नको लागि आयोगबाट आर्थिक वर्ष २०८०/८१ मा नेपाल सरकारलाई गरिएको सिफारिसहरु अनुसूचीमा समावेश गरिएको छ।

आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन हुने गरी आयोगले आर्थिक वर्ष २०८०/८१मा कर्णाली प्रदेश सरकारलाई गरिएका सिफारिसहरु तपसिल बमोजिम रहेका छन्ः

## ३.१ आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेश सरकारबाट स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा मिति २०८१/०१/०४ मा प्रदेश सरकार, कर्णाली प्रदेशलाई गरिएको सिफारिस

### क. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। नेपालको संविधानमा तीनै तहका सरकारका बीचमा राज्यशक्तिको बाँडफाँट गरिएको छ। तहगत सरकारबीचको सम्बन्ध सहकारिता, समन्वय, सह-अस्तित्व र पारस्परिक सहयोगको सिद्धान्तमा आधारित हुने व्यवस्था संविधानले नै सुनिश्चित गरेको छ। तीन तहबीचको सहकारिताको एउटा महत्वपूर्ण अवयवको रूपमा अन्तर-सरकारी वित्तीय हस्तान्तरण रहेको छ।

स्थानीय सरकारहरूबीचमा रहने भौगोलिक तथा जनसाङ्ख्यिक विविधता र आर्थिक सामाजिक तथा भौतिक विकासको असमान अवस्थाले उनीहरूको खर्चको आवश्यकता र राजस्व परिचालन क्षमताबीचमा असमानता रहन्छ। त्यस्तो असमानतालाई न्यूनीकरण गर्दै उपलब्ध स्रोत र साधनको समन्यायिक वितरणलाई सुनिश्चित गर्न संविधान तथा कानूनद्वारा नै स्वतन्त्र संवैधानिक निकायको सिफारिसमा प्रदेश सरकारले स्थानीय सरकारलाई अनुदान उपलब्ध गराउने व्यवस्था गरिएको छ।

प्रदेश सरकारले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानून बमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ। साथै, त्यस्तो अनुदानको परिमाण निर्धारण गरी सिफारिस गर्ने जिम्मेवारी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था संविधान र अन्य प्रचलित कानूनमा रहेको छ।

उल्लिखित संवैधानिक र कानूनी व्यवस्था कार्यान्वयन गरी सो अनुसारको दायित्व निर्वाह गर्ने क्रममा आगामी आ.व. २०८१/८२ का लागि नेपालको संविधान, सङ्घीय कानून र प्रदेश कानूनबमोजिम कर्णाली प्रदेश सरकारले कर्णाली प्रदेश भित्रका स्थानीय सरकारहरूलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानको परिमाण आयोगबाट निर्धारण गरी कर्णाली प्रदेश सरकार समक्ष सिफारिस गरिएको छ।

### ख. कानुनी व्यवस्था

#### १. नेपालको संविधान

प्रदेश कानूनबमोजिम प्रदेशले स्थानीय तहलाई दिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा नेपालको संविधानमा देहायका व्यवस्थाहरू रहेका छन्ः

- संविधानको धारा ६० को उपधारा (३) - प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुनेछ।
- संविधानको धारा ६० को उपधारा (५) - प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानूनबमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्नेछन्।

**२. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) को खण्ड (क) मा प्रदेश कानूनबमोजिम प्रदेशले स्थानीय तहलाई दिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा प्रदेशलाई सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था रहेको छ।

सोही ऐनको दफा ३ को उपदफा (२) मा आयोगले संविधान तथा यस ऐन बमोजिम सुझाव वा सिफारिस दिँदा वा ढाँचा तयार गर्दा प्रदेश तथा स्थानीय तहको कार्य सम्पादनलाई समेत आधार लिने व्यवस्था रहेको छ।

सोही ऐनको दफा १६ को उपदफा (१) मा प्रदेशले स्थानीय तहलाई प्रचलित कानूनबमोजिम उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानका सम्बन्धमा प्रदेशलाई सिफारिस गर्दा आयोगले देहायका आधार लिई सिफारिस गर्नुपर्ने व्यवस्था रहेको छः

(क) प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकाङ्क,

(ख) अन्य प्रदेश वा स्थानीय तहको सन्तुलित विकासको अवस्था,

(ग) प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था,

(घ) प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता,

(ङ) प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनुपर्ने सेवा,

(च) प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता,

(छ) प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता।

सोही ऐनको दफा १६ को उपदफा (३) मा आयोगले उपदफा (१) बमोजिम वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रत्येक प्रदेश र स्थानीय तहले प्राप्त गर्ने न्यूनतम अनुदान र उपदफा (१) बमोजिमका आधारहरू बमोजिम प्रत्येक प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने व्यवस्था रहेको छ।

**३. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ को उपदफा (२) मा नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजस्वलाई प्रदेशले प्रदेश भरका स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानूनबमोजिम आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था रहेको छ।

सोही ऐनको दफा १८ को उपदफा (३) मा प्रदेश सरकारले आयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको चैत मसान्तभित्र संविधानको धारा ६० को उपधारा (५) बमोजिम स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ।

सोही ऐनको दफा २८ मा यस ऐन वा प्रचलित कानूनबमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त

भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ।

**४. कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५**

कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ को दफा ४ को उपदफा (१) मा प्रदेश सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था रहेको छ।

सोही ऐनको दफा ४ को उपदफा (२) मा प्रदेश सरकारले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्व समेतका आधारमा उपदफा (१) बमोजिम स्थानीय तहलाई बाँडफाँट हुने समानीकरण अनुदान रकम निर्धारण गर्ने व्यवस्था रहेको छ।

## ग. वित्तीय समानीकरण अनुदान सिफारिसमा तथ्याङ्कको स्रोत

आगामी आर्थिक वर्ष २०८१/८२ का लागि वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गर्दा देहाय बमोजिमको तथ्याङ्क स्रोत प्रयोग गरिएको छः

| क्र.सं. | तथ्याङ्क | स्रोत |
|---|---|---|
| १. | जनसङ्ख्या | • राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय |
| २. | प्रदेश र स्थानीय तहको क्षेत्रफल (भूगोल) | • अध्ययन कार्यदल (२०७५) ले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रयोजनका लागि एकिन गरिएको स्थानीय तहहरूको क्षेत्रफल |
| ३. | मानव विकास सूचकाङ्क | • नेपाल मानव विकास प्रतिवेदन २०२०, राष्ट्रिय योजना आयोग |
| ४. | प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक असमानता सूचकाङ्क | • राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन (२०७६) |
| ५. | पूर्वाधार विकास<br>• सडकको घनत्व (सडकमा पहुँच),<br>• विद्युतको सुविधा (विद्युतमा पहुँच),<br>• सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच),<br>• खानेपानीको सुविधा (खानेपानीमा पहुँच),<br>• सरसफाइ (शौचालयको उपलब्धता) | • सडक विभाग, भवन तथा शहरी विकास विभाग र स्थानीय पूर्वाधार विकास विभाग (२०१८)<br>• राष्ट्रिय जनगणना २०७८<br>• राष्ट्रिय जनगणना २०७८<br>• राष्ट्रिय जनगणना २०७८<br>• राष्ट्रिय जनगणना २०७८ |
| ६. | राजस्वको अवस्था | • साविक बमोजिम समान अङ्क प्रदान गरिएको |
| ७. | खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता | • राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन (२०७५) |

## घ. वित्तीय समानीकरण अनुदान सिफारिस गर्न लिइएका आधार र ढाँचा तथा सोको व्याख्या एवम् विश्लेषण

**१. न्यूनतम वित्तीय समानीकरण अनुदान**

आर्थिक वर्ष २०८१/८२ को लागि कर्णाली प्रदेशले प्रदेशभित्रका स्थानीय सरकारहरूलाई उपलब्ध गराउने न्यूनतम वित्तीय समानीकरण अनुदान सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (३)

बमोजिम प्रत्येक स्थानीय सरकारका लागि न्यूनतम वित्तीय समानीकरण अनुदान सिफारिस गरिएको छ। प्रत्येक स्थानीय सरकारलाई न्यूनतम अनुदान सिफारिस गर्दा राष्ट्रिय जनगणना २०७८ अनुसार १० हजार भन्दा कम जनसङ्ख्या हुने स्थानीय सरकारलाई रु. १२ लाख ५० हजार, १० हजार देखि २ लाख भन्दा कम जनसङ्ख्या भएको स्थानीय सरकारलाई प्रत्येक १० हजार जनसङ्ख्या वृद्धि हुँदा थप रु. १ लाख २५ हजार र २ लाख वा सो भन्दा बढी जनसङ्ख्या भएका स्थानीय सरकारहरूलाई रु.३७ लाख ५० हजार हुने गरी देहायबमोजिम न्यूनतम वित्तीय समानीकरण अनुदान सिफारिस गरिएको छ।

**न्यूनतम वित्तीय समानीकरण अनुदान गणनाको आधार**

| क्र. सं. | सम्बद्ध स्थानीय तहको जनसङ्ख्या | स्थानीय तहको सङ्ख्या | न्यूनतम अनुदान (रु. लाखमा) | जम्मा (रु. लाखमा) |
|---|---|---|---|---|
| १ | १०,००० भन्दा कम | १४ | १२५० | १७५०० |
| २ | १०,००० देखि २०,००० भन्दा कम | २९ | १३७५ | ३९८७५ |
| ३ | २०,००० देखि ३०,००० भन्दा कम | २२ | १५०० | ३३००० |
| ४ | ३०,००० देखि ४०,००० भन्दा कम | ११ | १६२५ | १७८७५ |
| ५ | ४०,००० देखि ५०,००० भन्दा कम | २ | १७५० | ३५०० |
| ६ | ५०,००० देखि ६०,००० भन्दा कम | ० | १८७५ | ० |
| ७ | ६०,००० देखि ७०,००० भन्दा कम | ० | २००० | ० |
| ८ | ७०,००० देखि ८०,००० भन्दा कम | ० | २१२५ | ० |
| ९ | ८०,००० देखि ९०,००० भन्दा कम | ० | २२५० | ० |
| १० | ९०,००० देखि १,००,००० भन्दा कम | ० | २३७५ | ० |
| ११ | १,००,००० देखि १,१०,००० भन्दा कम | ० | २५०० | ० |
| १२ | १,१०,००० देखि १,२०,००० भन्दा कम | ० | २६२५ | ० |
| १३ | १,२०,००० देखि १,३०,००० भन्दा कम | ० | २७५० | ० |
| १४ | १,३०,००० देखि १,४०,००० भन्दा कम | ० | २८७५ | ० |
| १५ | १,४०,००० देखि १,५०,००० भन्दा कम | ० | ३००० | ० |
| १६ | १,५०,००० देखि १,६०,००० भन्दा कम | १ | ३१२५ | ३१२५ |
| १७ | १,६०,००० देखि १,७०,००० भन्दा कम | ० | ३२५० | ० |
| १८ | १,७०,००० देखि १,८०,००० भन्दा कम | ० | ३३७५ | ० |
| १९ | १,८०,००० देखि १,९०,००० भन्दा कम | ० | ३५०० | ० |
| २० | १,९०,००० देखि २,००,००० भन्दा कम | ० | ३६२५ | ० |
| २१ | २,००,००० वा सो भन्दा बढी | ० | ३७५० | ० |
| | **जम्मा** | **७९** | **५२५००** | **११४८७५** |

## २. सूत्रमा आधारित वित्तीय समानीकरण अनुदान

कर्णाली प्रदेशले प्रदेश भित्रका स्थानीय तहलाई उपलब्ध गराउने कुल वित्तीय समानीकरण अनुदान रकममध्ये न्यूनतम अनुदान रकम छुट्याइसकेपछि बाँकी हुन आउने रकमलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) मा वित्तीय समानीकरण अनुदानको सिफारिसका लागि उल्लेख गरिएका आधारहरूलाई मानव विकास सूचकाङ्क, आर्थिक सामाजिक असमानता, पूर्वाधारको अवस्था, राजस्वको अवस्था र खर्चको आवश्यकता तथा राजस्व उठाउन सक्ने क्षमता गरी ५ वटा शीर्षकमा समेटी मूल्याङ्कन गरिएको छ। आगामी आर्थिक वर्ष २०८१/८२ को लागि प्रदेश सरकारबाट प्रदेश भरका स्थानीय सरकारलाई उपलब्ध गराउनुपर्ने वित्तीय समानीकरण अनुदान रकम यस आयोगबाट

देहायका विस्तृत आधार र ढाँचामा निर्धारण गरी प्रदेश सरकारलाई सिफारिस गरिएको छ।

**सूत्रमा आधारित वित्तीय समानीकरण अनुदानको गणनामा लिइएको आधार/सूचक र भार**

| क्र.सं. | सूचक/उपसूचक | उपसूचकको भार | सूचकको भार |
|---|---|---|---|
| १. | मानव विकास सूचकाङ्क | | १० % |
| २. | आर्थिक सामाजिक असमानता | | ५ % |
| ३. | पूर्वाधार विकासको अवस्था<br>• सडकको घनत्व (सडकमा पहुँच),<br>• विद्युतको सुविधा (विद्युतमा पहुँच),<br>• सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच),<br>• खानेपानीको सुविधा (खानेपानीमा पहुँच),<br>• सरसफाइ (शौचालयको उपलब्धता) | <br>६० %<br>१० %<br>१० %<br>१० %<br>१० % | १० % |
| ४. | राजस्वको अवस्था | | ५ % |
| ५. | खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता | | ७० % |
| | **जम्मा** | | **१०० %** |

### अ. मानव विकास सूचकाङ्क

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) मा वित्तीय समानीकरण अनुदानको एउटा आधारको रूपमा प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य जस्ता मानव विकास सूचकाङ्कलाई लिनुपर्ने उल्लेख छ। यस प्रयोजनका लागि सन् २०२० मा प्रकाशित नेपाल मानव विकास प्रतिवेदनको तथ्याङ्कलाई यस सूचकमा प्रयोग गरिएको छ। सो प्रतिवेदनले राष्ट्रिय तहको अलावा प्रदेश तहसम्मको मानव विकास सूचकाङ्क प्रकाशन गरेको भए तापनि स्थानीय तहगत रूपमा त्यस्तो सूचकाङ्क उल्लेख गरिएको छैन। ऐनको व्यवस्था कार्यान्वयन गर्ने क्रममा स्थानीय तहगत रूपमा नै मानव विकास सूचकाङ्क आवश्यक पर्ने हुँदा सो प्रतिवेदनमा उपलब्ध प्रादेशिक, भौगोलिक तथा शहरी र ग्रामिण सूचकाङ्क समेतलाई आधार बनाएर आयोगले सबै स्थानीय तहको मानव विकासको प्रतिविम्बित (Indicative) सूचकाङ्क विकास गरी अनुदान सिफारिसको प्रयोजनार्थ प्रयोगमा ल्याइएको छ। मानव विकास सूचकाङ्कले स्थानीय तहमा बसोबास गर्ने मानिसको शिक्षा, स्वास्थ्य र आयको मापन गर्दछ। जुन स्थानीय तहको मानव विकास सूचकाङ्क कम छ, त्यस स्थानीय तहले आफ्नो क्षेत्रका जनताको जीवनस्तर उकास्नका लागि अतिरिक्त प्रयास गर्नुपर्ने हुन्छ, सोका लागि स्वभाविक रूपमा अतिरिक्त खर्चको आवश्यकता हुन्छ। यसै प्रयोजनका लागि मानव विकास सूचकाङ्कलाई १० प्रतिशत भार दिइएको छ।

### आ. आर्थिक सामाजिक असमानता

आर्थिक सामाजिक असमानता सूचकाङ्क सम्बन्धमा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक असमानता मापन गर्नका लागि आर्थिक, सामाजिक र जलवायु परिवर्तन जोखिम तथा विपद् क्षेत्रका ६ वटा आयामहरूका २९ वटा उप-सूचकहरूका आधारमा आर्थिक, सामाजिक असमानता सूचकाङ्क निर्माण गरिएको छ। आर्थिक सामाजिक असमानताको अवस्था उच्च रहेका स्थानीय तहले विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाह गर्ने कार्यमा प्रभावकारिता ल्याउन थप खर्च गर्नुपर्ने हुन्छ। यसै प्रयोजनका लागि आर्थिक सामाजिक असमानता सूचकाङ्कलाई ५ प्रतिशत भार दिईएको छ।

### इ. पूर्वाधार विकासको अवस्था

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) अनुसार वित्तीय समानीकरण अनुदान

सिफारिस गर्दा प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकतालाई आधार लिनुपर्ने व्यवस्था रहेको छ। स्थानीय तहको पूर्वाधार विकासको अवस्थाले सो स्थानीय तहको विकासको अवस्था निर्धारण गर्ने आधार दिन्छ। पूर्वाधार विकासको अवस्था कमजोर भएका स्थानीय तहले जनतालाई संविधानले मार्गदर्शन गरे अनुसारका सेवा सुविधा प्रदान गर्न अतिरिक्त खर्च गर्नुपर्ने हुन्छ, जसले गर्दा सेवाको लागत वृद्धि गराउँदछ। आयोगले स्थानीय तहमा उपलब्ध सडक, विद्युत, सूचना प्रविधि, खानेपानी र सरसफाइको पहुँच तथा उपलब्धतालाई आधार मानी पूर्वाधार सूचकाङ्क तयार गरेको छ र यसलाई १० प्रतिशत भार प्रदान गरेको छ। पूर्वाधार विकास अन्तर्गत सडक घनत्व, विद्युत सुविधा, सूचना प्रविधि सुविधा, खानेपानी सुविधा र सरसफाइलाई उपसूचकको रूपमा लिइएको छ।

- **सडकको घनत्व (सडकमा पहुँच)**: सडक सञ्जालको पहुँचले स्थानीय तहको विकासलाई प्रभावित गर्दछ, उनीहरूले प्रवाह गर्नुपर्ने सेवा प्रवाहको लागतमा असर पार्दछ। सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाउन र आम सर्वसाधारण जनतालाई सुगम तथा सहज ढङ्गले सेवा प्रवाह गर्नका लागि पनि सडकको भूमिका महत्वपूर्ण हुन्छ। अतः पूर्वाधार विकासलाई दिईएको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट ६० प्रतिशत भार स्थानीय तहको सडक घनत्वलाई दिइएको छ।
- **विद्युतको सुविधा (विद्युतमा पहुँच)**: विकासको एउटा आवश्यकताको रूपमा लिइने विद्युतको सुविधाले स्थानीय तहको आर्थिक विकासमा बहु-आयामिक भूमिका खेल्दछ। जुन स्थानीय तहमा विद्युत सुविधाको पहुँच कमजोर रहेको छ, उसका लागि थप आर्थिक व्ययभार आवश्यक पर्दछ। यसै परिप्रेक्ष्यमा स्थानीय तहको विद्युत सुविधाको अवस्थालाई उपसूचकका रूपमा लिई पूर्वाधार विकासलाई दिईएको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट १० प्रतिशत भार विद्युत सुविधाको पहुँचलाई दिईएको छ।
- **सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच)**: जुन स्थानीय तहको सूचना प्रविधिको पहुँचको अवस्था कमजोर छ, त्यस्ता स्थानीय तहले सूचना प्रविधिको पहुँच स्तर माथि उकास्न यथोचित लगानी गर्नुपर्ने हुन्छ। यसले स्थानीय तहको आर्थिक व्ययभार बढाउने गर्दछ। यसै पक्षलाई ख्याल गर्दै पूर्वाधार विकासका लागि तोकिएको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट १० प्रतिशत भार सूचना प्रविधिको पहुँचलाई दिइएको छ।
- **खानेपानीको सुविधा (खानेपानीमा पहुँच)**: संविधानले परिकल्पना गरे अनुसारको लोक कल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्न अन्य कुराका अलावा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउनुपर्ने हुन्छ। स्थानीय तहमा खानेपानी सुविधाको पहुँच बढाउन थप आर्थिक स्रोतको आवश्यकता पर्दछ। अतः यसै पक्षलाई ख्याल राख्दै पूर्वाधार विकास अन्तर्गतको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट १० प्रतिशत भार खानेपानी सुविधा उपसूचकलाई प्रदान गरिएको छ।
- **सरसफाइ (शौचालयको उपलब्धता)**: नेपालको संविधानले नै प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। सरसफाइको अवस्था कमजोर रहेको स्थानीय तहले सो सुविधा वृद्धि गर्नका लागि थप लगानी गर्नुपर्ने हुन्छ। स्थानीय तहमा हाल रहेका शौचालयहरूको उपलब्धतालाई सरसफाइ सूचक मानी पूर्वाधार विकास अन्तर्गतको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट १० प्रतिशत भार सरसफाइ (शौचालयको उपलब्धता) उपसूचकलाई प्रदान गरिएको छ।

यसप्रकार पूर्वाधार विकास सम्बन्धी उल्लिखित सडक, विद्युत, सूचना प्रविधि, खानेपानी र सरसफाइसम्बन्धी सूचक उच्च भएका स्थानमा कम लगानी र त्यस्ता सूचकहरूको उपलब्धता न्यून भएको स्थानमा बढी लगानी गर्ने गरी आयोगले वित्तीय समानीकरण अनुदान सिफारिस गरेको छ।

### ई. राजस्वको अवस्था

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) ले वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमतालाई आधार लिनुपर्ने व्यवस्था गरेको छ। यस सूचकका लागि आयोगले प्रत्येक स्थानीय तहले राजस्व सङ्कलनमा गरेका प्रयासहरू र उनीहरूले उठाएको राजस्वको अवस्थाको उपलब्ध तथ्याङ्कका आधारमा अध्ययन गर्दा स्थानीय सरकारले राजस्व सङ्कलनको व्यवस्था र प्रयास गर्दै आएको देखिन्छ, तर सबै स्थानीय सरकारहरूको राजस्व सम्बन्धी पूर्ण तथ्याङ्क उपलब्ध हुन नसकेको कारणले वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने प्रयोजनार्थ राजस्वको अवस्था सूचकका लागि समान अङ्कभार प्रदान गरिएको छ।

### उ. खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता

नेपालको संविधानको धारा ६० को उपधारा (५) ले प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानूनबमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने व्यवस्था गरेको छ। त्यसैगरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) ले वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता र प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकतालाई आधार लिनुपर्ने व्यवस्था गरेको छ। त्यसै गरी प्रदेश ऐनले पनि प्रदेश सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था गरेको छ।

उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्थाअनुसार आयोगले वित्तीय समानीकरण अनुदानको सिफारिस गर्दा प्रत्येक स्थानीय तहको खर्चको आवश्यकताका अलावा राजस्वको क्षमता निर्धारण गरी वित्तीय अन्तर (Fiscal Gap) पत्ता लगाउनुपर्ने हुन्छ। खर्चको आवश्यकता आंकलन गर्नका निमित्त संविधानको अनुसूचीमा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकार बमोजिमका कार्य जिम्मेवारीको थप प्रष्टता हुनुपर्ने, कार्य जिम्मेवारी अनुरूपको कार्यसम्पादनका लागि प्रत्येक तहले सम्पादन गर्नुपर्ने अलग अलग कार्यको स्पष्ट किटानी हुनुपर्ने, साथै प्रत्येक कामको न्यूनतम राष्ट्रिय तथा प्रादेशिक मानदण्ड र राष्ट्रिय तथा तहगत लक्ष्य तय हुनुपर्ने हुन्छ। तोकिएको मानदण्ड र लक्ष्य बमोजिमको कार्य सम्पादन गर्नका लागि उक्त कामको प्रति इकाइ लागत निकाली कुल लागत निर्धारण गर्नुपर्ने हुन्छ। हाल स्थानीय तहले सम्पादन गर्नुपर्ने कतिपय कार्यको आधारभूत मानदण्ड तथा तहगत लक्ष्य निर्धारण भैनसकेको अवस्थामा खर्चको आवश्यकताको यथार्थ आंकलन गर्ने कार्य कठिन हुने देखिन्छ।

त्यसैगरी राजस्व उठाउन सक्ने क्षमताको आंकलन गर्दा प्रत्येक स्थानीय तहको राजस्व अधिकार, राजस्वको सम्भाव्य दायरा र दर तथा राजस्व उठाउँदा हुने लाभ-लागत अनुपात र भैरहेको राजस्व सङ्कलनको कुल आकार समेतको विश्लेषण गर्नुपर्ने हुन्छ। तर सङ्घीयता कार्यान्वयनको छोटो अवधीमा यस सम्बन्धी विस्तृत तथ्याङ्कहरू उपलब्ध भइनसकेको अवस्थामा यथार्थ राजस्व असुलीको सम्भाव्यता एकिन गर्नु पनि उत्तिकै चूनौतीपूर्ण रहेको छ। यी सबै सीमाहरूका बीचबाट आयोगले निश्चित सूचक र विश्लेषणका आधारमा स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आंकलन सम्बन्धी अध्ययन कार्य गरेको छ र आगामी दिनमा उक्त अध्ययनलाई अद्यावधिक गर्दै लगिने छ। आगामी आर्थिक वर्ष २०८१/८२ को लागि वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा आयोगले गरेको अध्ययनबाट देखिएको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताबीचको वित्तीय अन्तरको सूचकलाई ७० प्रतिशत भार दिईएको छ।

## ङ. वित्तीय समानीकरण अनुदानसम्बन्धी सिफारिस

संविधान तथा कानूनतः प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय समानीकरण अनुदान उपलब्ध गराउँदा प्रदेश

कानूनबमोजिम सिफारिस गर्नुपर्ने भनी उल्लेख गरिएको भएतापनि सो सम्बन्धमा प्रदेशका कानूनहरू अध्ययन गर्दा ती कानूनहरूमा पनि संविधान र सङ्घीय ऐनमा भएको व्यवस्थाभन्दा सो अनुदान सिफारिस गर्ने फरक र छुट्टै आधारहरू उल्लेख गरेको नपाईएकोले सङ्घीय ऐनकै आधार (सूचक) लाई अनुदान सिफारिसको आधारको रूपमा लिईएको छ। तसर्थ, नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ मा वित्तीय समानीकरण अनुदानका सम्बन्धमा भएका व्यवस्था अनुसार प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सम्बन्धमा सिफारिस गरिएको छ।

प्रदेश सरकारबाट प्रदेशभित्रका प्रत्येक स्थानीय तहहरूमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान निर्धारण गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (३) को व्यवस्थाबमोजिम प्रत्येक स्थानीय तहले प्राप्त गर्ने न्यूनतम अनुदान र सोही ऐनको दफा १६ को उपदफा (१) मा तोकिएका आधारहरू बमोजिम प्राप्त गर्ने सूत्रमा आधारित अनुदान छुट्टाछुट्टै गणना गरी कुल वित्तीय समानीकरण अनुदान सिफारिस गरिएको छ।

यसरी आर्थिक वर्ष २०८१/८२ को लागि कर्णाली प्रदेशले प्रदेशभित्रका स्थानीय सरकारलाई प्रदान गर्ने न्यूनतम अनुदान रु. ११ करोड ४८ लाख ७५ हजार र सूत्रमा आधारित अनुदान रु. ६८ करोड ५१ लाख २५ हजार समेत कुल वित्तीय समानीकरण अनुदान रु.८० करोड हुने गरी सिफारिस गरिएको छ।

## च. वित्तीय समानीकरण अनुदानसम्बन्धी सुझाव

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २८ मा उक्त ऐन वा प्रचलित कानूनबमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्ने व्यवस्था गरिएको छ। वित्तीय समानीकरण अनुदानको मूल उद्देश्य स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको फरकबाट सिर्जना हुने वित्तीय अन्तर घटाई सन्तुलन कायम गर्नु हो। नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्रदान गरिएको जिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत अभावको समस्या घटाउन यो अनुदान हस्तान्तरण गरिन्छ। अतः स्थानीय तहले वित्तीय समानीकरण अनुदानको प्रयोग गर्दा नेपालको संविधान अनुसार आफूलाई प्राप्त कार्य जिम्मेवारी पुरा गर्न यस अनुदानको प्रयोग गर्नु पर्दछ। त्यसरी अनुदानको प्रयोग गर्दा कुनै विषयगत क्षेत्रका कार्यहरूमा मात्र बढी रकम विनियोजन गर्ने र अन्य विषयगत क्षेत्रका कार्यहरूका लागि आवश्यक रकम विनियोजन नै नहुने अवस्था आउन दिनु हुँदैन। त्यसैगरी आफ्ना अधिकारक्षेत्र भित्रका विषयहरूको सन्तुलित एवम् नतिजामुखी कार्यान्वयनमा जोड दिनुपर्दछ। साथै, अनुदान सिफारिसका लागि लिइएका आधार तथा सूचकहरूले समावेश गरेका विषय तथा क्षेत्रहरूमा अपेक्षित विकास, सुधार तथा गुणस्तर कायम गर्ने गरी यस अनुदानको प्रयोग गरिनु पर्दछ।

उल्लिखित संवैधानिक व्यवस्था र कानूनमा तोकिएका आधारहरू बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदान सम्बन्धमा देहाय बमोजिमका सुझावहरू उपलब्ध गराईएको छः

(१) सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानलाई संविधानको मर्म र भावनाबमोजिम वितरण गर्ने गरी व्यवस्थित गर्दै यस्ता अनुदानको परिमाणलाई न्यूनीकरण गर्ने र स्थानीय सरकारको वित्तीय अन्तर (Fiscal Gap) परिपूर्ति गर्न वित्तीय समानीकरण अनुदानलाई क्रमशः बढाउँदै लाने नीति लिनुपर्ने।

(२) नेपालको संविधानले सुरक्षित गरेका नागरिकका मौलिक हक कार्यान्वयनको सुनिश्चितता गर्न, संविधानको अनुसूची ८ मा उल्लिखित स्थानीय सरकारको कार्यजिम्मेवारी पूरा गर्न तथा राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयन हुने गरी वित्तीय समानीकरण अनुदान उपयोग गर्नुपर्ने।

(३) प्रादेशिक विकासको औषतभन्दा पछाडि परेका स्थानीय सरकारलाई प्रादेशिक औसत स्तरको नजिक ल्याउन वित्तीय समानीकरण अनुदान उपयोग गर्नुपर्ने।

(४) सबै वर्ग, क्षेत्र, समुदाय, जातजाति, अल्पसङ्ख्यक, सीमान्तकृत, अशक्त र असहायहरूको सशक्तिकरण गरी विकासको मूलप्रवाहमा ल्याउन वित्तीय समानीकरण अनुदान उपयोग गर्नुपर्ने।

(५) स्थानीय सरकारले राष्ट्रिय तथा प्रादेशिक मानदण्ड र राष्ट्रिय तथा प्रादेशिक विकास लक्ष्य हासिल गर्ने दिशामा योगदान पुग्ने गरी वित्तीय समानीकरण अनुदान उपयोग गर्नुपर्ने।

(६) स्थानीय सरकारले उपलब्ध गराउनुपर्ने शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवा सुविधा प्रदान गर्न, स्थानीय सरकारहरूबीच विकास निर्माण र सेवा प्रवाहमा सकारात्मक प्रतिस्पर्धा गर्दै सन्तुलित विकास हासिल गर्न, स्थानीय तहमा रहेको आर्थिक सामाजिक असमानता न्यूनीकरण गर्न, सडक, सिँचाइ, विद्युत, सञ्चार लगायतका पूर्वाधार विकास गर्न तथा संविधानले प्रत्याभूत गरेको खर्चको जिम्मेवारी पूरा गर्न वित्तीय समानीकरण अनुदान उपयोग गर्नुपर्ने।

(७) नागरिकहरूलाई बासस्थानको आधारमा भेदभाव नहुने गरी आधारभूत सार्वजनिक सेवाहरू न्यूनतम र समतामूलक (Minimum and Equitable) रूपमा प्रदान गर्न वित्तीय समानीकरण अनुदान उपयोग गर्नुपर्ने।

(८) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजस्व र उक्त ऐन बमोजिम राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था रहेको हुँदा स्थानीय सरकारले अध्ययन भ्रमण, वैदेशिक भ्रमण, प्रशासनिक एवम् कार्यालय सञ्चालन जस्ता शीर्षक वा विषयमा वित्तीय समानीकरण अनुदानबाट प्राप्त रकमको प्रयोग गर्न नहुने।

(९) प्रदेश सरकारले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई प्रदेश भित्रको स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानून बमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्ने संवैधानिक व्यवस्था रहेकोले आगामी वर्षमा प्रदेश सरकारले स्थानीय सरकारलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानको कुल सीमा निर्धारण गर्दा संविधानको व्यवस्थालाई आधार लिनुपर्ने।

(१०) आर्थिक वर्षको अन्त्यमा खर्च हुन नसकी बाँकी रहेको वित्तीय समानीकरण अनुदानको रकम अर्को आर्थिक वर्षमा खर्च गर्दा वित्तीय समानीकरण अनुदान जुन प्रयोजनका लागि विनियोजन गरिएको हो सोही प्रयोजनमा मात्र खर्च गर्नुपर्ने। यस्तो रकम आन्तरिक आयको रूपमा गणना गरी चालु प्रकृतिका शीर्षकमा खर्च गर्न पाइने छैन।

## छ. आर्थिक वर्ष २०८१/८२ का लागि सिफारिस गरिएको वित्तीय समानीकरण अनुदानको परिमाण

**तालिका ३.१: आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेश सरकारले स्थानीय सरकारलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदान सम्बन्धमा प्रदेश सरकार, कर्णाली प्रदेशलाई गरिएको सिफारिस**

*रकम रु. हजारमा*

| क्र.सं. | जिल्ला | सङ्केत नं. | स्थानीय सरकारको नाम | न्यूनतम | सूत्रमा आधारित | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | डोल्पा | ६०१०१ | डोल्पो बुद्ध गाउँपालिका | १२५० | २०१९ | ३२६९ |
| २ | डोल्पा | ६०१०२ | शे फोक्सुण्डो गाउँपालिका | १२५० | २९४९ | ४१९९ |
| ३ | डोल्पा | ६०१०३ | जगदुल्ला गाउँपालिका | १२५० | २९२३ | ४१७३ |
| ४ | डोल्पा | ६०१०४ | मुड्केचुला गाउँपालिका | १२५० | ५०१० | ६२६० |
| ५ | डोल्पा | ६०१०५ | त्रिपुरासुन्दरी नगरपालिका | १३७५ | ७९११ | ९२८६ |
| ६ | डोल्पा | ६०१०६ | ठुलीभेरी नगरपालिका | १२५० | ७३६४ | ८६१४ |

| क्र.सं. | जिल्ला | सङ्केत नं. | स्थानीय सरकारको नाम | न्यूनतम | सूत्रमा आधारित | जम्मा |
|---|---|---|---|---|---|---|
| ७ | डोल्पा | ६०१०७ | काइके गाउँपालिका | १२५० | ३६२७ | ४८७७ |
| ८ | डोल्पा | ६०१०८ | छार्का ताङसोङ गाउँपालिका | १२५० | १७५९ | ३००९ |
| ९ | मुगु | ६०२०१ | मुगुमकार्मारोग गाउँपालिका | १२५० | ४५८५ | ५८३५ |
| १० | मुगु | ६०२०२ | छायाँनाथ रारा नगरपालिका | १५०० | १२६९८ | १४१९८ |
| ११ | मुगु | ६०२०३ | सोरु गाउँपालिका | १३७५ | ८६५० | १००२५ |
| १२ | मुगु | ६०२०४ | खत्याड गाउँपालिका | १३७५ | १०९७४ | १२३४९ |
| १३ | हुम्ला | ६०३०१ | चंखेली गाउँपालिका | १२५० | ४९०० | ६१५० |
| १४ | हुम्ला | ६०३०२ | खार्पुनाथ गाउँपालिका | १२५० | ५१५५ | ६४०५ |
| १५ | हुम्ला | ६०३०३ | सिमकोट गाउँपालिका | १३७५ | ८९९९ | १०३७४ |
| १६ | हुम्ला | ६०३०४ | नाम्खा गाउँपालिका | १२५० | ३७११ | ४९६१ |
| १७ | हुम्ला | ६०३०५ | सर्केगाड गाउँपालिका | १३७५ | ७१७३ | ८५४८ |
| १८ | हुम्ला | ६०३०६ | अदानचुली गाउँपालिका | १२५० | ५५९२ | ६८४२ |
| १९ | हुम्ला | ६०३०७ | ताँजाकोट गाउँपालिका | १२५० | ४९८३ | ६२३३ |
| २० | जुम्ला | ६०४०१ | पातारासी गाउँपालिका | १३७५ | ९४६४ | १०८३९ |
| २१ | जुम्ला | ६०४०२ | कनका सुन्दरी गाउँपालिका | १३७५ | ९१५८ | १०५३३ |
| २२ | जुम्ला | ६०४०३ | सिंजा गाउँपालिका | १३७५ | ८६८० | १००५५ |
| २३ | जुम्ला | ६०४०४ | चन्दननाथ नगरपालिका | १५०० | १३५९३ | १५०९३ |
| २४ | जुम्ला | ६०४०५ | गुठिचौर गाउँपालिका | १३७५ | ७६९९ | ९०७४ |
| २५ | जुम्ला | ६०४०६ | तातोपानी गाउँपालिका | १३७५ | ९८५५ | ११२३० |
| २६ | जुम्ला | ६०४०७ | तिला गाउँपालिका | १३७५ | ९२४२ | १०६१७ |
| २७ | जुम्ला | ६०४०८ | हिमा गाउँपालिका | १३७५ | ७७५९ | ९१३४ |
| २८ | कालिकोट | ६०५०१ | पलाता गाउँपालिका | १३७५ | ९१६७ | १०५४२ |
| २९ | कालिकोट | ६०५०२ | पचाल झरना गाउँपालिका | १३७५ | ८२९४ | ९६६९ |
| ३० | कालिकोट | ६०५०३ | रास्कोट नगरपालिका | १३७५ | ९९९७ | ११३७२ |
| ३१ | कालिकोट | ६०५०४ | सान्नी त्रिवेणी गाउँपालिका | १३७५ | ८५७८ | ९९५३ |
| ३२ | कालिकोट | ६०५०५ | नरहरिनाथ गाउँपालिका | १५०० | १२२१६ | १३७१६ |
| ३३ | कालिकोट | ६०५०६ | खाँडाचक्र नगरपालिका | १५०० | १२३८८ | १३८८८ |
| ३४ | कालिकोट | ६०५०७ | तिलागुफा नगरपालिका | १३७५ | १०००४ | ११३७९ |
| ३५ | कालिकोट | ६०५०८ | महावै गाउँपालिका | १२५० | ६५८१ | ७८३१ |
| ३६ | कालिकोट | ६०५०९ | शुभ कालीका गाउँपालिका | १३७५ | ९१३८ | १०५१३ |
| ३७ | दैलेख | ६०६०१ | नौमुले गाउँपालिका | १३७५ | ७९७० | ९३४५ |
| ३८ | दैलेख | ६०६०२ | महाबु गाउँपालिका | १३७५ | ७६४५ | ९०२० |
| ३९ | दैलेख | ६०६०३ | भैरवी गाउँपालिका | १३७५ | ८१९८ | ९५७३ |
| ४० | दैलेख | ६०६०४ | ठाँटीकाँध गाउँपालिका | १३७५ | ७१४५ | ८५२० |
| ४१ | दैलेख | ६०६०५ | आठबीस नगरपालिका | १६२५ | ९५१४ | १११३९ |
| ४२ | दैलेख | ६०६०६ | चामुण्डा बिन्द्रासैनी नगरपालिका | १५०० | ९०४८ | १०५४८ |
| ४३ | दैलेख | ६०६०७ | दुल्लु नगरपालिका | १६२५ | १२८०७ | १४४३२ |
| ४४ | दैलेख | ६०६०८ | नारायण नगरपालिका | १५०० | १०२६९ | ११७६९ |
| ४५ | दैलेख | ६०६०९ | भगवतीमाई गाउँपालिका | १३७५ | ७४०९ | ८७८४ |
| ४६ | दैलेख | ६०६१० | डुङ्गेश्वर गाउँपालिका | १३७५ | ६९२६ | ८३०१ |
| ४७ | दैलेख | ६०६११ | गुराँस गाउँपालिका | १५०० | ८६५९ | १०१५९ |
| ४८ | जाजरकोट | ६०७०१ | बारेकोट गाउँपालिका | १५०० | ६८२२ | ८३२२ |
| ४९ | जाजरकोट | ६०७०२ | कुसे गाउँपालिका | १५०० | ७८०३ | ९३०३ |
| ५० | जाजरकोट | ६०७०३ | जुनीचाँदे गाउँपालिका | १५०० | ७७१४ | ९२१४ |
| ५१ | जाजरकोट | ६०७०४ | छेडागाड नगरपालिका | १६२५ | १०९४१ | १२५६६ |

| क्र.सं. | जिल्ला | सङ्केत नं. | स्थानीय सरकारको नाम | न्यूनतम | सूत्रमा आधारित | जम्मा |
|---|---|---|---|---|---|---|
| ५२ | जाजरकोट | ६०७०५ | शिवालय गाउँपालिका | १३७५ | ६३४० | ७७१५ |
| ५३ | जाजरकोट | ६०७०६ | भेरीमालिका नगरपालिका | १६२५ | ११२०२ | १२८२७ |
| ५४ | जाजरकोट | ६०७०७ | नलगाड नगरपालिका | १५०० | ८६४१ | १०१४१ |
| ५५ | रुकुम (पश्चिम भाग) | ६०८०१ | आठबिसकोट नगरपालिका | १६२५ | १०५३३ | १२१५८ |
| ५६ | रुकुम (पश्चिम भाग) | ६०८०२ | सानीभेरी गाउँपालिका | १५०० | ८२५३ | ९७५३ |
| ५७ | रुकुम (पश्चिम भाग) | ६०८०३ | बाँफिकोट गाउँपालिका | १५०० | ७३८६ | ८८८६ |
| ५८ | रुकुम (पश्चिम भाग) | ६०८०४ | मुसिकोट नगरपालिका | १६२५ | ११७०७ | १३३३२ |
| ५९ | रुकुम (पश्चिम भाग) | ६०८०५ | त्रिवेणी गाउँपालिका | १५०० | ७८३३ | ९३३३ |
| ६० | रुकुम (पश्चिम भाग) | ६०८०६ | चौरजहारी नगरपालिका | १५०० | ९८१३ | ११३१३ |
| ६१ | सल्यान | ६०९०१ | दार्मा गाउँपालिका | १५०० | ७८३७ | ९३३७ |
| ६२ | सल्यान | ६०९०२ | कुमाख गाउँपालिका | १५०० | ९२५२ | १०७५२ |
| ६३ | सल्यान | ६०९०३ | बनगाड कुपिण्डे नगरपालिका | १६२५ | ११२७२ | १२८९७ |
| ६४ | सल्यान | ६०९०४ | सिद्धकुमाख गाउँपालिका | १३७५ | ५८७७ | ७२५२ |
| ६५ | सल्यान | ६०९०५ | बागचौर नगरपालिका | १६२५ | ११५४९ | १३१७४ |
| ६६ | सल्यान | ६०९०६ | छत्रेश्वरी गाउँपालिका | १५०० | ८५२९ | १००२९ |
| ६७ | सल्यान | ६०९०७ | शारदा नगरपालिका | १६२५ | ११७०८ | १३३३३ |
| ६८ | सल्यान | ६०९०८ | कालिमाटी गाउँपालिका | १५०० | ८७६८ | १०२६८ |
| ६९ | सल्यान | ६०९०९ | त्रिवेणी गाउँपालिका | १३७५ | ६९९१ | ८३६६ |
| ७० | सल्यान | ६०९१० | कपुरकोट गाउँपालिका | १३७५ | ७४४८ | ८८२३ |
| ७१ | सुर्खेत | ६१००१ | सिम्ता गाउँपालिका | १५०० | ९८४७ | ११३४७ |
| ७२ | सुर्खेत | ६१००२ | चिङ्गगाड गाउँपालिका | १३७५ | ७१५४ | ८५२९ |
| ७३ | सुर्खेत | ६१००३ | लेकबेशी नगरपालिका | १६२५ | ११२२६ | १२८५१ |
| ७४ | सुर्खेत | ६१००४ | गुर्भाकोट नगरपालिका | १७५० | १३९२२ | १५६७२ |
| ७५ | सुर्खेत | ६१००५ | भेरीगंगा नगरपालिका | १७५० | १३३१६ | १५०६६ |
| ७६ | सुर्खेत | ६१००६ | बीरेन्द्रनगर नगरपालिका | ३१२५ | २६७८९ | २९९१४ |
| ७७ | सुर्खेत | ६१००७ | बराहताल गाउँपालिका | १५०० | ९८४३ | ११३४३ |
| ७८ | सुर्खेत | ६१००८ | पञ्चपुरी नगरपालिका | १६२५ | ११०४६ | १२६७१ |
| ७९ | सुर्खेत | ६१००९ | चौकुने गाउँपालिका | १५०० | ९३७८ | १०८७८ |
| | | | **जम्मा** | **११४८७५** | **६८५१२५** | **८०००००** |

## ३.२ आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेश सरकारबाट स्थानीय सरकारहरूलाई प्रदान गरिने सशर्त अनुदानका आधार सम्बन्धमा मिति २०८१/०२/०४ मा मा प्रदेश सरकार, कर्णाली प्रदेशलाई गरिएको सिफारिस

### क. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको रहेको छ। नेपालको संविधानमा तीनै तहका सरकारका बीचमा राज्यशक्तिको बाँडफाँट गरिएको छ। तहगत सरकारबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था संविधानले नै सुनिश्चित गरेको छ। तीन तहबीचको सहकारिताको एउटा महत्वपूर्ण अवयवको रूपमा अन्तर-सरकारी वित्तीय हस्तान्तरण रहेको छ। सङ्घीय प्रणालीलाई गतिशील बनाउने कार्य वित्तीय सङ्घीयताले गर्दछ र यसको सबैभन्दा महत्वपूर्ण कडीको रूपमा अन्तर-सरकारी वित्तीय हस्तान्तरण रहेको हुन्छ। अन्तर-सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत सङ्घीय संरचना भएका मुलुकहरूमा विशिष्ट राष्ट्रिय उद्देश्य प्राप्तिका साथै बहुतहगत सरकारबीचमा नीतिगत समन्वय कायम गर्न र सार्वजनिक सेवाको मानक तथा गुणस्तर हासिल गर्न सङ्घ सरकारले प्रदेश तथा स्थानीय सरकारलाई शर्त सहितको वित्तीय अनुदान उपलब्ध गराउने अभ्यास रहेको पाईन्छ। स्थानीय सरकारमा रहेको पूर्वाधारको न्यूनतालाई पूर्ति गर्ने एवम् प्रादेशिक नीति र कार्यक्रम तथा मानकको स्थानीय सरकारमा कार्यान्वयन गर्ने र स्थानीय सरकारको वित्तीय स्वायत्तता कायम गरी यी दुई पक्षबीचमा सन्तुलन कायम गर्ने विषय आफैमा अत्यन्त महत्वपूर्ण रहेको छ।

अतः वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानबीच सन्तुलन कायम गरी प्रदेश वा स्थानीय सरकारको कार्यगत स्वायत्ततालाई अक्षुण्ण राख्ने चुनौती पनि रहेकै हुन्छ। सङ्घीय शासन प्रणालीको लामो अनुभव भएका मुलुकहरू समेत अन्तर-सरकारी वित्त व्यवस्थापनका यस्ता समस्याबाट पूर्ण रूपमा मुक्त भएको पाइँदैन। नेपालको सन्दर्भमा पनि प्रादेशिक सञ्चित कोषबाट सम्बन्धित प्रदेशले स्थानीय सरकारलाई सशर्त अनुदान प्रदान गर्ने संवैधानिक र कानुनी व्यवस्था रहेको छ। त्यसरी सशर्त अनुदान प्रदान गर्दा एकातर्फ अनुदान वितरणमा समन्यायिकता होस् र अर्कोतर्फ स्थानीय सरकारको स्वायत्ततालाई पनि अक्षुण्ण राख्न सकियोस् भन्ने हेतुले नै सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने र ती आधारहरू कार्यान्वयनका लागि नेपाल सरकार र प्रदेश सरकारलाई सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था नेपालको संविधान र अन्य प्रचलित ऐनहरू समेतमा गरिएको छ। सोही व्यवस्था बमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार यस आयोगबाट निर्धारण गरी प्रदेश सरकारहरूसमक्ष सिफारिस गरिएको छ।

### ख. कानुनी व्यवस्था

#### १. नेपालको संविधान

प्रदेश सरकारले स्थानीय सरकारलाई प्रदान गर्ने सशर्त अनुदान सम्बन्धमा नेपालको संविधानमा देहायका व्यवस्थाहरू रहेका छन्:

- धारा ६० को उपधारा (३) - प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुनेछ।
- धारा २५१ को उपधारा (१) देहाय (ग) - राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुनेछ।

## २. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) को देहाय (ख) मा प्रदेश कानून बमोजिम प्रदेशले स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदानको आधार तयार गरी प्रदेशलाई सिफारिस गर्ने काम, कर्तव्य र अधिकार यस आयोगको हुने व्यवस्था रहेको छ।

सोही ऐनको दफा १६ को उपदफा (२) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई प्रचलित कानूनबमोजिम उपलब्ध गराउने सशर्त अनुदानका सम्बन्धमा नेपाल सरकार तथा प्रदेशलाई सिफारिस गर्दा आयोगले संविधानको धारा २५१ को उपधारा (१) देहाय (ग) र सोही ऐनको दफा १६ को उपदफा (१) मा उल्लिखित विषयहरूलाई आधार लिई गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त उपदफा (१) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई प्रचलित कानून बमोजिम उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानका सम्बन्धमा नेपाल सरकार तथा प्रदेशलाई सिफारिस गर्दा आयोगले देहायका आधार लिई सिफारिस गर्नुपर्ने व्यवस्था रहेको छः

(क) प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकाङ्क,

(ख) अन्य प्रदेश वा स्थानीय तहको सन्तुलित विकासको अवस्था,

(ग) प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था,

(घ) प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता,

(ङ) प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनु पर्ने सेवा,

(च) प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता,

(छ) प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता।

## ३. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ को उपदफा (३) मा प्रदेशले स्थानीय तहलाई प्रदेश कानूनबमोजिम आयोगले तोकेको आधारबमोजिम सशर्त अनुदान प्रदान गर्ने व्यवस्था रहेको छ।

## ४. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा १३ मा देहायको व्यवस्था गरिएको छः

- प्रदेश भित्र पर्ने र प्रदेशबाट कार्यान्वयन हुने प्रदेशस्तरीय आयोजनाको तर्जुमा प्रदेश सरकारले गर्नेछ।
- स्थानीय तह भित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय सरकारले गर्नेछ।

## ५. राष्ट्रिय सभा सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति, २०७९

राष्ट्रिय सभा सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति, २०७९ ले नेपाल सरकार र सरोकारवाला निकायलाई कार्यान्वयनको लागि गरेको सिफारिसमा वित्तीय सङ्घीयता सम्बन्धमा देहायका सिफारिसहरू समेत गरिएको छः

- नेपाल सरकारबाट प्रदेश र स्थानीय तह र प्रदेशबाट स्थानीय तहको वित्तीय हस्तान्तरणमा वित्तीय समानीकरण अनुदानको अंश बजेटको अनुपातमा बढाउँदै लैजाने विधिको परिपालना गर्ने।

- सङ्घले प्रदेश र स्थानीय तह तथा प्रदेशले स्थानीय तहलाई सशर्त अनुदान पठाउँदा क्रियाकलापगत रूपमा नपठाई विषयगत रूपमा क्षेत्रगत शर्त, लक्ष्य र अपेक्षित उपलब्धि तोकेर एकमुष्ट पठाउने व्यवस्था गर्ने।

**६. कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५**

दफा ५ः सशर्त अनुदान प्रदेश सरकारले स्थानीय तह वा प्रदेश सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा १ को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ।

**७. नेपाल सरकारको सङ्घीयता कार्यान्वयनसम्बन्धी कार्ययोजना, २०७९**

सशर्त अनुदानका नाममा स-साना योजना तथा कार्यक्रम बाँडफाँट गर्ने प्रवृत्ति अन्त्य गराउने।

**८. राष्ट्रिय समन्वय परिषदको निर्णय २०८० आषाढ**

- कार्यविस्तृतीकरण परिमार्जन गरी तीनै तहको अधिकारमा स्पष्टता ल्याउने।
- तीन तहका सरकारबीच विकास आयोजनामा दोहोरोपना हटाउने र तादात्म्यता कायम गर्ने।
- तीनै तहबाट जाने अनुदानको शीर्षक, रकम र प्रकृति अध्ययन गरी दोहोरो अनुदान बन्द गर्ने।

**९. सङ्घीय बजेट २०८०/८१ को बुँदा नं ४२३**

नेपालको संविधानमा व्यवस्था भए बमोजिम राजस्व बाँडफाँट र वित्तीय हस्तान्तरणलाई प्रभावकारी बनाई सङ्घीयतालाई सबल बनाइनेछ।

**१०. राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को ५० औं र ५१ औं बैठकका निर्णयहरू**

- **मिति २०७९ चैत्र २३ गतेको ५० औं बैठकको निर्णय नम्बर २०ः** सङ्घीय सरकारले स्थानीय सरकारमा हस्तान्तरण गर्ने सशर्त अनुदानको लागि निश्चित आयोजना वा कार्यक्रम नतोकी हासिल गर्नुपर्ने नतिजा सूचक क्षेत्र तोकी विनियोजन गर्ने र आयोजना/कार्यक्रमको छनौट सम्बन्धित स्थानीय सरकारले नै गर्ने गरी अर्थ मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने।
- **मिति २०८० भाद्र ११ गतेको ५१ औं बैठकको निर्णय नम्बर ७ः** समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान हस्तान्तरणका सम्बन्धमा प्रदेश तथा स्थानीय सरकारको उपयुक्त माग सम्बोधन हुने गरी आगामी वर्षको बजेट तर्जुमा अगावै अर्थ मन्त्रालयले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र राष्ट्रिय योजना आयोगसंग समन्वय गरी आवश्यक प्रकृया र विधि तर्जुमा गरी कार्यान्वयन गर्ने।

## ग. सशर्त अनुदानको तथ्याङ्कीय प्रवृत्ति विश्लेषण

प्रदेश सञ्चित कोषबाट स्थानीय सरकारका लागि हस्तान्तरण गर्न विनियोजन गरिएको पछिल्ला ४ आर्थिक वर्षको वित्तीय समानीकरण तथा सशर्त अनुदानको प्रवृत्ति विश्लेषण देहायबमोजिम रहेको छः

### १. स्थानीय सरकारमा हस्तान्तरणको लागि विनियोजन गरिएको अन्तर सरकारी बजेटको प्रदेशगत विश्लेषण

*रकम रु. लाखमा*

| प्रदेश | आर्थिक वर्ष २०७७/७८ | | | आर्थिक वर्ष २०७८/७९ | | | आर्थिक वर्ष २०७९/८० | | | आर्थिक वर्ष २०८०/८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल बजेट | अन्तर सरकारी वित्त | प्रतिशत (अन्तर सरकारी वित्त/ बजेट) | कुल बजेट | अन्तर सरकारी वित्त | प्रतिशत (अन्तर सरकारी वित्त/ बजेट) | कुल बजेट | अन्तर सरकारी वित्त | प्रतिशत (अन्तर सरकारी वित्त/ बजेट) | कुल बजेट | अन्तर सरकारी वित्त | प्रतिशत (अन्तर सरकारी वित्त/ बजेट) |
| कोशी | ४०८९९९ | २८७४२ | ७.०३ | ३२४६९२ | ३२२४२ | ९.९३ | ३९७३८३ | ३१५१५ | ७.९३ | ३६७४३५ | ३६६७३ | ९.९८ |
| मधेश | ३३५६१० | २८३६० | ८.४५ | ३३७९१४ | ३१६५० | ९.३७ | ४६८८०९ | २०६६० | ४.४१ | ४४११४६ | १८९२३ | ४.२८ |
| बागमती | ५१४२७५ | ७२४३२ | १४.०८ | ५७७२०९ | ७५०५६ | १३.०० | ७०९३९२ | ८३५२७ | ११.७७ | ६२७०९० | ७५७४७ | १२.०७ |
| गण्डकी | ३४८४२२ | २१४४० | ६.१५ | ३००३९४ | १९५०० | ६.४९ | ३५९०९० | २१११० | ५.८८ | ३३४२७२ | २१०५५ | ६.३० |
| लुम्बिनी | ३६३५२५ | ५१४०१ | १४.१४ | ४०९५९७ | ४८४२४ | ११.८२ | ४२६३५७ | ४८३१० | ११.३३ | ४०४७९७ | ३५८९७ | ८.८७ |
| कर्णाली | ३३७४१४ | २९९६५ | ८.८८ | ३६५४६६ | ३४००० | ९.३० | ३२६१६२ | ४०१५७ | १२.३१ | ३३३७९७ | ४८००४ | १४.३८ |
| सुदूरपश्चिम | ३३३८१३ | २१३५० | ६.४० | ३०३३९५ | १७२४५ | ५.६८ | ३६७४६५ | १३६४० | ३.७१ | २९२६५९ | २३४७६ | ८.०२ |

*स्रोतः प्रदेश सरकारका बजेट वक्तव्य र अन्तर सरकारी वित्त हस्तान्तरण पुस्तिका २०७७/७८, २०७८/७९, २०७९/८०, २०८०/८१*

माथिको तालिका विश्लेषण गर्दा कर्णाली प्रदेशमा आर्थिक वर्ष २०७७/७८ मा अन्तरसरकारी वित्त हस्तान्तरण बजेट कुल बजेट विनियोजनको ८.८८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा १४.३८ पुगेको देखिन्छ। अन्य प्रदेशमा अन्तरसरकारी वित्त हस्तान्तरणको बजेट उल्लेख्य रुपमा बढेको देखिएन। बागमती प्रदेशमा आर्थिक वर्ष २०७७/७८ मा बजेटमा वित्तीय हस्तान्तरणको हिस्सा १४.०८ प्रतिशतबाट घटेर चालु आर्थिक वर्षको बजेटमा १२.०७ प्रतिशतमात्र रहेको देखिन्छ। प्रदेश सरकारहरूबाट वित्तीय हस्तान्तरण बजेट घटाउने कार्य वित्तीय सङ्घीयतामैत्री मान्न सक्ने अवस्था देखिएन। कर्णाली प्रदेशमा वित्तीय हस्तान्तरण बजेट बढेको भएतापनि वित्तीय समानीकरण अनुदान सुरुदेखि नै न्यून विनियोजन गर्ने तर सशर्त अनुदान निरन्तर बढाइरहने अभ्यास देखिन्छ जुन वित्तीय समन्यायिकता र स्थानीय सरकारको स्वायत्तताको मर्म विपरीत हुन जान्छ। सङ्घीय व्यवस्थाको सफलताको लागि प्रदेश सरकारले बजेट विनियोजन गर्दा नागरिकको नजिक रहेको स्थानीय सरकारलाई स्रोतसाधन सम्पन्न बनाउने गरी समानीकरण अनुदान र वित्तीय हस्तान्तरण बजेट वृद्धि गर्दै जानुपर्दछ।

### २. स्थानीय तहमा हस्तान्तरणको लागि विनियोजन गरिएको वित्तीय समानीकरण र सशर्त अनुदानको अनुपात विश्लेषण

### अ. कर्णाली प्रदेशको वित्तीय समानीकरण र सशर्त अनुदानको अनुपात विश्लेषण

*रकम रु. लाखमा*

| आर्थिक वर्ष | कुल वित्तीय हस्तान्तरण | वित्तीय समानीकरण अनुदान | | सशर्त अनुदान | |
|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत |
| २०७६/७७ | २६००० | ८००० | ३०.७७ | ५००० | १९.२३ |
| २०७७/७८ | २९९६५ | ८००० | २६.७० | ६६०० | २२.०३ |
| २०७८/७९ | ३४००० | ८००० | २३.५२ | १३००० | ३८.२३ |
| २०७९/८० | ४०१५७ | ८००० | १९.९२ | २३९८७ | ५९.७३ |
| २०८०/८१ | ४८००४.४ | ८००० | १६.६७ | २८८२४.४ | ६०.०४ |

*स्रोतः कर्णाली प्रदेशको बजेट वक्तव्य २०७६/७७,२०७७/७८,२०७८/७९, २०७९/८०, २०८०/८१*

कर्णाली प्रदेशले आर्थिक वर्ष २०७६/७७ देखि आर्थिक वर्ष २०८०/८१ सम्म वित्तीय समानीकरण अनुदानका लागि प्रत्येक वर्ष रु. ८० करोड रुपैयाँ विनियोजन गर्दै आएको देखिन्छ। सोही अवधिमा सशर्त अनुदानको परिमाण रु. ५० करोड रुपैयाँबाट बढाउदै आर्थिक वर्ष २०८०/८१ मा रु. २ अर्ब ८८ करोड पुर्याइएको छ। यसरी यस प्रदेशले आर्थिक वर्ष २०८०/८१ मा वित्तीय समानीकरण अनुदानतर्फ समान रकम विनियोजन गर्दा सशर्त अनुदानतर्फ भने करिब ४ गुणा बढी हुने गरी ठूलो रकम विनियोजन गरेको देखिन्छ। निशर्त अनुदान भन्दा सशर्त अनुदान उच्च मात्रामा दिइएको

कारणबाट स्थानीय सरकारको वित्तीय स्वायत्ततामा गम्भीर प्रहार गर्नुका साथै वित्तीय अन्तरमा झनै असन्तुलन हुनेहुँदा आयोगको सुझाव बमोजिम अन्तर सरकारी वित्त हस्तान्तरणमा सशर्त अनुदानको अनुपात कम गरी वित्तीय समानीकरण अनुदानको अनुपात बढाउँदै लैजानुपर्ने देखिन्छ।

## घ. चालु आर्थिक वर्षको कार्यक्रमहरूको विश्लेषण

प्रदेश सरकारले विगतका वर्षहरूमा स्थानीय सरकारलाई उपलब्ध गराएको सशर्त अनुदानका सम्बन्धमा आयोगले गरेको सिफारिस कार्यान्वयनको अवस्था अध्ययन गर्न आ.व. २०७९/८० र २०८०/८१ का लागि प्रदेश सरकारबाट स्थानीय सरकारमा हस्तान्तरण गरिने सशर्त अनुदानको आयोगबाट सिफारिस गरिएको आधार खुल्ने गरी विषयगत मन्त्रालय अनुसारको विनियोजित बजेट एवम् कार्यक्रम/क्रियाकलापको विवरण सबै प्रदेशका आर्थिक मामिला हेर्ने मन्त्रालयहरूसँग माग गरिएकोमा केही प्रदेश सरकारहरूबाट मात्रै विवरण प्राप्त हुन आयो। प्राप्त विवरणको विश्लेषण गर्दा देहायको अवस्था रहेको देखियो।

१. आयोगको सुझाव अनुसार प्रदेश सरकारहरूबाट क्षेत्रगत लक्ष्य उद्देश्य, नतिजासूचक र शर्त मात्र तोकी एकमुष्ट सशर्त अनुदान हस्तान्तरण भएको देखिएन।

२. अधिकांश प्रदेश सरकारले सशर्त अनुदान हस्तान्तरण गर्दा कार्यक्रम र आयोजनाहरू आयोगले तोकेको कुन आधार अन्तरगत हस्तान्तरण गरेको हो भन्ने अलग अलग नखुलाई एकमुष्ट रुपमा एउटै आधार मात्र उल्लेख गरेको देखिन्छ।

३. केही प्रदेश सरकारले आयोजना तथा कार्यक्रम छनौट गर्दा आयोगले तोकेको आधार समेत नखुलाई सशर्त अनुदान हस्तान्तरण गरेको देखियो।

४. प्रदेश सरकारको अधिकारक्षेत्रको विषय स्थानीय सरकारबाट कार्यान्वयन हुनुपर्ने आधार लिई सशर्त अनुदान हस्तान्तरण गर्दा उक्त कार्यक्रम कुन तहको अधिकारक्षेत्रको विषय हो भन्ने विश्लेषण भएको समेत देखिएन।

५. कार्यक्रमहरू छनौट गर्दा भौगोलिक सन्तुलन मिलेको तथा आर्थिक सामाजिक सूचकहरूको आधारमा प्राथमिकीकरण गरेको वा भएको देखिएन।

## ङ. सशर्त अनुदान सम्बन्धमा आयोगले गरेको अध्ययन अनुसन्धान तथा विश्लेषण

सशर्त अनुदानको आधार तयार गर्ने क्रममा संविधानको धारा २५१ को उपधारा (१) देहाय (ग) ले मार्गदर्शन गरेबमोजिम आयोगले आवश्यक अध्ययन अनुसन्धानको कार्य सम्पादन गरेको छ। यस क्रममा सशर्त अनुदानको सैद्धान्तिक आधार एवम् नीतिगत व्यवस्थाको सूक्ष्म विश्लेषण गर्नुका साथै हालसम्मको कार्यान्वयनको अवस्था र अन्तर्राष्ट्रिय अभ्यासलाई समेत सँगै राखेर विश्लेषण तथा अध्ययन अनुसन्धान गरिएको छ। सङ्घीय शासन प्रणालीमा वित्तीय सङ्घीयता र सशर्त अनुदानको भूमिका सम्बन्धमा विषय विज्ञहरूसँग अन्तर्क्रियाको माध्यमबाट राय परामर्श लिईएको छ। सशर्त अनुदान वितरण सम्बन्धमा आयोगले विगतमा सिफारिस गरेका आधारहरू र सोको कार्यान्वयन अवस्था समेतलाई हेरेर तिनको औचित्य र प्रभावकारिता परीक्षण गरिएको छ। साथै, यस सम्बन्धमा बाह्य विज्ञमार्फत् स्वतन्त्र अध्ययन/अनुसन्धान गराएर समेत आयोगले पृष्ठपोषण प्राप्त गरेको छ। सशर्त अनुदान सम्बन्धमा आयोगले गरेको अध्ययन अनुसन्धान तथा सरोकारवाला निकायहरूसँग गरेको अन्तर्क्रियाको क्रममा सहभागीहरूबाट औंल्याइएको विद्यमान अवस्था र सुधारका लागि प्राप्त सुझावको संक्षिप्त विवरण देहायबमोजिम रहेको छः

## १. प्राप्त सुझावहरू

चालु आ.व. तथा विगत आ.व.मा गरिएका छलफल, अन्तर्क्रिया तथा अन्य माध्यमबाट आयोगमा प्राप्त हुन आएका सुझावहरू देहाय बमोजिम रहेका छन्ः

### अ. नेपाल सरकारका मन्त्रालयहरूसँगको छलफल एवम् अन्तर्क्रियाबाट प्राप्त राय/सुझाव

१. सशर्त अनुदानको रकम क्षेत्रगत उपलब्धिहरू तोकी एकमुष्ट उपलव्ध गराउने,

२. सङ्घ, प्रदेश र स्थानीय सरकारबाट एउटै वा उस्तै प्रकृतिका कार्यक्रम तथा आयोजनाहरू सँगसँगै सञ्चालन गर्ने अवस्थाको अन्त्य गर्नुपर्ने,

३. मन्त्रालगत बजेट सूचना प्रणाली (LMBIS) मा बजेट प्रविष्टि गर्दा आयोगले सिफारिस गरेका सशर्त अनुदानका आधारहरू खुलाउनुपर्ने,

४. प्रदेश तथा स्थानीय सरकारमा समायोजन भई गएका कर्मचारीहरूको तलब भत्ता लगायतका सुविधाहरू वित्तीय समानीकरण अनुदानबाट पठाउने,

५. सशर्त अनुदान प्रदान गर्दा आयोजना नतोकी नतिजासँग आबद्ध गर्ने।

### आ. प्रदेश सरकारका मन्त्रालयसँगको छलफल एवम् अन्तर्क्रियाबाट प्राप्त राय/सुझाव

१. सशर्त अनुदानमा सञ्चालन हुने आयोजना प्रदेश तथा स्थानीय सरकारको प्राथमिकतामा आधारित हुनुपर्ने,

२. सबै किसिमका अनुदानहरूको बजेट सीमा प्रदेश तथा स्थानीय सरकारले निर्धारित समयभित्र पाउनुपर्ने,

३. आयोजना बैंकमा सूचीकृत मध्येबाट संभाव्य आयोजना छनौट गरी सशर्त अनुदान परिचालन गर्नुपर्ने,

४. सरकारका तहहरूबीचको अन्तर सरकारी वित्त हस्तान्तरणलाई पारदर्शी र उत्तरदायी बनाउनुपर्ने,

५. टुक्रे कार्यक्रम र आयोजना नियन्त्रण गरी आयोजना कार्यान्वयनलाई नतिजामुखी बनाउने,

६. सशर्त अनुदानको न्यूनतम र अधिकतम सीमा तोकी प्रगति सूचकको आधारमा सशर्त अनुदान प्रदान गर्नुपर्ने,

७. प्रदेश तथा स्थानीय सरकारको खर्चको आवश्यकता, पूर्वाधारको अवस्था, आन्तरिक स्रोतको उपलब्धता तथा कार्यान्वयन क्षमताको आधारमा सशर्त अनुदान प्रदान गर्नुपर्ने,

८. नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई सशर्त अनुदान प्रदान गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेका सशर्त अनुदानका आधार र सुझावहरू पूर्ण रूपमा पालना गर्नुपर्ने,

९. नेपाल सरकारले सङ्घीय बजेटको अर्धवार्षिक समीक्षा मार्फत प्रदेशसभाबाट पारित बजेटमा समावेश भएका सशर्त अनुदानका कार्यक्रमहरू फिर्ता लिएको कारणले प्रदेश सरकारको स्वयात्ततताको प्रतिकूल असर पर्ने हुँदा आगामी दिनमा त्यस्तो अवस्था आउन नदिने।

### इ. स्थानीय सरकारसँगको छलफल एवम् अन्तर्क्रियाबाट प्राप्त राय/सुझाव

१. संघ तथा प्रदेश सरकारबाट आयोजना तथा कार्यक्रम पहिचान, विकास र छनौट गर्दा स्थानीय सरकारसंग परामर्श र समन्वय नगरिएको तथा अति नै न्युन रकमका कार्यक्रमहरू समेत सशर्त अनुदानको रुपमा हस्तान्तरण हुने गरेको कारणबाट एकातर्फ स्थानीय सरकारहरूको वित्तीय स्वायत्ततामा असर परेको तथा अर्को तर्फ ती कार्यक्रमहरूको कार्यान्वयन प्रभावकारी हुन नसकेकोले सोमा सुधार गर्नुपर्ने,

२. नेपाल सरकारबाट स्वीकृति लिइ अध्ययन बिदा, सुत्केरी बिदामा बसेका स्थायी कर्मचारीको स्थानमा राखिएका अस्थायी कर्मचारीको तलब भत्ता सशर्त अनुदानबाट उपलब्ध गराइदिनु पर्ने,

३. आर्थिक वर्षको अन्त्यतिर सशर्त अनुदानको कार्यक्रममा बजेट विनियोजन हुँदा सोको कार्यान्वयन गर्न तथा गुणस्तर कायम गर्न कठिनाई परेकोले सुरु विनियोजनमा नै सबै रकम समावेश गर्ने,

४. कार्यक्षेत्र, लक्ष्य र उद्देश्यमात्र तोकी एकमुष्ट सशर्त अनुदान हस्तान्तरण हुने र स्थानीय सरकारले योजना तथा बजेट निर्माणको अधिकारको उपभोग गर्ने व्यवस्था मिलाइनुपर्ने,

५. कतिपय स्थानीय सरकारमा दरबन्दीको २० प्रतिशत पनि कर्मचारी पदपूर्ति नहुँदा सशर्त अनुदान कार्यान्वयन लगायत समग्र कार्यसम्पादनमा बाधा परेकोले सोको सम्बोधन हुनुपर्ने,

६. नेपाल सरकारले प्रदान गर्ने सशर्त अनुदानका आयोजना तथा कार्यक्रमहरू स्थानीय सरकारको आवश्यकता र प्राथमिकता अनुकूलको हुनुपर्ने,

७. विनियोजन भएका सशर्त अनुदान अन्तरगतका कार्यक्रमहरू आर्थिक वर्षको बीचमा खोसिने वा कटौतीमा पर्ने गरेको कारणले भूकम्प प्रभावित क्षेत्रमा अनुदानको कमजोर अनुमानयोग्यता हुनुका साथै राहत तथा पुनःनिर्माणको काममा बाधा परेको तर्फ नेपाल सरकार गम्भीर हुनुपर्ने,

८. संविधानतः स्थानीय सरकारको एकल अधिकार भित्रको विषय र आन्तरिक स्रोत विनियोजन मार्फत् आयोजना वा कार्यक्रम कार्यान्वयन गरिरहेको क्षेत्रमा पनि सशर्त अनुदान प्राप्त हुँदा आयोजना वा कार्यक्रममा दोहोरोपना/तेहोरोपना हुन गई उपलब्ध स्रोतसाधनको सन्तुलित वितरण र मितव्ययीपूर्ण उपयोगमा चुनौती सिर्जना भएको हुँदा सशर्त अनुदान प्रदान गर्ने क्षेत्र, आधार र मानदण्ड स्पष्ट हुनुपर्ने र सोका लागि संघ, प्रदेश र स्थानीय सरकारले क्षेत्रगत र रकमगत रुपमा गर्न पाउने आयोजना तथा कार्यक्रमको स्पष्ट सीमा तोक्ने गरी सङ्घीय कानूनमा व्यवस्था हुनुपर्ने,

९. सशर्त अनुदान अन्तर्गत सुरु भएका तर सम्बन्धित आर्थिक वर्ष भित्र कार्यसम्पन्न हुन नसकेका कार्यक्रमहरूमा अर्को वर्ष बजेट विनियोजन नहुँदा कार्यक्रम नै अलपत्र हुने गरेको कारणले कार्यान्वयनयोग्यताका आधारमा मात्र सशर्त अनुदान हस्तान्तरण हुनुपर्ने,

१०. सशर्त अनुदानको तुलनामा समानीकरण अनुदान कम हुँदै गएको, पालिकाले माग गरेको कार्यक्रममा अनुदान प्राप्त नभएको र माग नै नगरेको कार्यक्रममा अनुदान आउने गरेको लगायतका कारणले कार्यान्वयनमा कठिनाई भएकोले समग्र अनुदानमा वित्तीय समानीकरणको हिस्सा बढी र सशर्तको हिस्सा कमगर्दै आवश्यक विषयमा मात्र अनुदान हस्तान्तरण हुनुपर्ने,

११. स्थानीय सरकारमा उपलब्ध जनशक्ति तथा प्राविधिक क्षमताभन्दा बाहिरका कार्यक्रममा समेत सशर्त अनुदान प्राप्त हुने गरेबाट त्यस्ता कार्यक्रम कार्यान्वयन हुन नसकी स्थानीय सरकारको कार्य प्रगतिको अवस्था कमजोर देखिन गएको हुँदा क्षमता विकासमा जोड दिनुपर्ने,

१२. स्थानीय सरकारहरूमा शिक्षा र स्वास्थ्य तर्फ कर्मचारी न्युनता अधिक रहेकोले सङ्घीय सरकारले अनुदानको रकम बढाउनुपर्ने,

१३. केही गाउँपालिकामा सशर्त अनुदानका कार्यक्रमहरूमा दोहोरोपना रहेको र समुदाय केन्द्रित भन्दापनि व्यक्ति तोकेर अनुदान हस्तान्तरण गरिदा कार्यान्वयनमा समस्या भएकोले उक्त प्रवृत्ति हटाउनुपर्ने।

## च. आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेश सरकारबाट स्थानीय सरकारहरूलाई प्रदान गरिने सशर्त अनुदान हस्तान्तरणका लागि सिफारिस गरिएको आधारहरू

नेपालको संविधान तथा प्रचलित कानूनमा भएका व्यवस्था र तोकिएका आधारहरूलाई दृष्टिगत गर्दै मुख्यतया प्रादेशिक रूपमा राष्ट्रिय तथा प्रादेशिक नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने, राष्ट्रिय तथा प्रादेशिक मानक स्थापित गर्ने वा सोको सुनिश्चितता गर्ने र स्थानीय सरकारमा रहेको पूर्वाधारको न्यूनतालाई पूर्ति गर्ने विषयहरूलाई मार्गदर्शनका रूपमा लिई आयोगद्वारा गरिएको अध्ययन अनुसन्धान समेतका आधारमा नेपालको संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) को खण्ड (ख) तथा सोही ऐनको दफा १६ को उपदफा (२) बमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि प्रदेश सरकारले स्थानीय सरकारलाई प्रदान गर्ने सशर्त अनुदानको सम्बन्धमा देहायका आधारहरू निर्धारण गरी प्रदेश सरकारसमक्ष सिफारिस गरिएको छः

### १. प्रदेश सरकारको अधिकारको सूची भित्रका कुनै विषय वा कार्यक्रम र आयोजना प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्था

नेपालको संविधानको अनुसूची-६ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रभित्र रहेका कुनै विषय सम्बन्धी आयोजना वा कार्यक्रम कुनै स्थानीय सरकारबाट कार्यान्वयन गराउँदा लागतका दृष्टिले मितव्ययी, सेवा प्रवाहका दृष्टिले प्रभावकारी एवम् व्यवस्थापनका हिसाबले सान्दर्भिक र दीगो हुने देखिएमा अधिकारक्षेत्रको अतिक्रमण र दोहोरोपना नहुने गरी प्रदेश सरकारले स्थानीय सरकारलाई त्यस्तो आयोजना तथा कार्यक्रमका लागि सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

### २. प्रादेशिक नीति तथा कार्यक्रमलाई स्थानीय सरकारमार्फत् कार्यान्वयन गर्नुपर्ने अवस्था

नेपाल सरकार र प्रदेश सरकारले जारी गरेको सम्बन्धित सरकारको कार्यक्षेत्र भित्रको राष्ट्रिय नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा मूलतः प्रदेश सरकारको कार्य जिम्मेवारीमा रहेको कुनै आयोजना वा कार्यक्रम स्थानीय सरकारबाट कार्यान्वयन गराउँदा लागतका दृष्टिले मितव्ययी, सेवा प्रवाहका दृष्टिले प्रभावकारी एवम् व्यवस्थापनका हिसाबले सान्दर्भिक र दीगो हुने देखिएमा अधिकारक्षेत्रको अतिक्रमण र दोहोरोपना नहुने गरी प्रदेश सरकारले स्थानीय सरकारलाई त्यस्तो आयोजना तथा कार्यक्रमका लागि सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

### ३. स्थानीय सरकारमा प्रादेशिक मानक स्थापना वा कार्यान्वयन गर्नुपर्ने अवस्था

नागरिकका मौलिक हकको कार्यान्वयन तथा राज्यको तर्फबाट आम नागरिकलाई उपलब्ध गराउनुपर्ने आधारभूत सेवा सुविधा र प्रदेश सरकारको कार्यक्षेत्रको सम्बन्धमा प्रदेश सरकारबाट तय भएका न्यूनतम प्रादेशिक मानकलाई स्थानीय सरकारको उपलब्ध वित्तीय स्रोतबाट कार्यान्वयन वा स्थापित गराउन नसकिने अध्ययन विश्लेषणबाट देखिन आएमा त्यस्ता प्रादेशिक मानकको सम्बन्धित तहमा कार्यान्वयन/स्थापित गराउन प्रदेश सरकारले सम्बन्धित स्थानीय सरकारलाई सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

### ४. सन्तुलित विकासका निमित्त आवश्यक रणनीतिक महत्वका परियोजनाहरू

कुनै स्थानीय सरकार आर्थिक, सामाजिक तथा पूर्वाधार विकासको राष्ट्रिय र प्रादेशिक औसत स्तरभन्दा सारभूत रूपमा पछाडि रहेको तर अन्य वित्तीय स्रोत र कार्यक्रमबाट सोको सम्बोधन हुन नसक्ने अवस्था रहेको र त्यस्तो निश्चित विषय क्षेत्रलाई सम्बोधन गरी तोकिएको लक्ष्य प्राप्त गर्ने खालका रणनीतिक महत्वका आयोजना वा कार्यक्रम स्थानीय सरकारबाट सञ्चालन गर्न उपयुक्त देखिएमा लक्ष्य र नतिजा सूचक समेत किटान गरी प्रदेश सरकारले स्थानीय सरकारलाई सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

## ५. एकमुष्ट अनुदान हस्तान्तरण गर्ने

प्रदेश सरकारले स्थानीय सरकारमा हस्तान्तरण गर्ने सशर्त अनुदानको लागि निश्चित आयोजना वा कार्यक्रम नतोकी हासिल गर्नुपर्ने नतिजा सूचक र क्षेत्र तोकी एकमुष्ट रकम विनियोजन गर्ने र आयोजना/कार्यक्रमको छनौट सम्बन्धित स्थानीय सरकारले नै गर्ने गरी प्रदेश सरकारले आवश्यक व्यवस्था मिलाउने।

## ६. मानव विकास सूचकाङ्कको अवस्था

मानव विकास सूचकाङ्कले स्थानीय सरकारहरूमा बसोबास गर्ने मानिसको शिक्षा, स्वास्थ्य र आयको मापन गर्दछ। जुन स्थानीय सरकारहरूको मानव विकास सूचकाङ्क कम छ, त्यस स्थानीय सरकारहरूले आफ्नो क्षेत्रका जनताको जीवनस्तर उकास्नका लागि अतिरिक्त प्रयास गर्नुपर्ने हुन्छ, सोका लागि स्वभाविक रूपमा अतिरिक्त खर्चको आवश्यकता हुन्छ। सशर्त अनुदान हस्तान्तरणको आवश्यकता पहिचान गर्दा सम्बन्धित तहको मानव विकासको अवस्था विश्लेषण गर्नुपर्दछ।

## ७. आर्थिक सामाजिक असमानताको अवस्था

आर्थिक सामाजिक असमानता सूचकाङ्क को अध्ययन र विश्लेषण गरी असमानता बढी रहेको तहमा उक्त असमानता न्यूनीकरण गरी कम्तिमा राष्ट्रिय औषत स्तरमा पुर्याउनका लागि सशर्त अनुदान प्रदान गर्न सकिन्छ। आर्थिक सामाजिक असमानताको अवस्था उच्च रहेका स्थानीय सरकारहरूले विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाह गर्ने कार्यमा प्रभावकारिता ल्याउन थप खर्च गर्नुपर्ने हुन्छ। स्थानीय सरकारहरूमा रहेको आर्थिक, सामाजिक असमानता मापन गर्नका लागि आर्थिक, सामाजिक असमानता सूचकाङ्क जस्तै लैंगिक असमानता, बहुआयामिक गरिबी लगायतको अध्ययन र विश्लेषण गर्नुपर्दछ।

## ८. पूर्वाधार विकासको अवस्था

प्रदेश सरकारले पूर्वाधार विकासका कार्यक्रममा सशर्त अनुदान सिफारिस गर्दा स्थानीय सरकारहरूको पूर्वाधार विकासको अवस्था र आवश्यकतालाई आधार लिनुपर्ने छ। स्थानीय सरकारहरूको पूर्वाधार विकासको अवस्थाले सो स्थानीय सरकारहरूको विकासको अवस्था निर्धारण गर्ने आधार दिन्छ। पूर्वाधार विकासको अवस्था कमजोर भएका स्थानीय सरकारहरूले जनतालाई संविधानले मार्गदर्शन गरे अनुसारका सेवा सुविधा प्रदान गर्न अतिरिक्त खर्च गर्नुपर्ने हुन्छ, जसले गर्दा सेवाको लागत वृद्धि गराउँदछ। साथै भौगोलिक अवस्थिति र विकासको अवस्था समेतका आधारमा पूर्वाधार विकासको लागतमा समेत विविधता रहन्छ। प्रदेश सरकारले देहायका पूर्वाधार विकासका सूचकहरूका साथै अन्य उपयुक्त सूचकहरूको अध्ययन विश्लेषण गरेर अत्यावश्यक र प्राथमिकताप्राप्त कार्यका लागि मात्र सशर्त अनुदान हस्तान्तरण गर्नुपर्दछ।

## ९. सडकको घनत्व (सडकमा पहुँच)

सडक सञ्जालको पहुँचले स्थानीय सरकारहरूको विकासलाई प्रभावित गर्नुका साथै उनीहरूले प्रवाह गर्नुपर्ने सेवा प्रवाहको लागतमा असर पार्दछ। सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाउन र आम सर्वसाधारण जनतालाई सुगम तथा सहज ढङ्गले सेवा प्रवाह गर्नका लागि पनि सडकको भूमिका महत्वपूर्ण हुन्छ। न्यूनतम सडकको पहुँच, सडकको गुणस्तर र घनत्व समेतका आधारमा विश्लेषण गरी सशर्त अनुदान प्रदान गर्नुपर्दछ।

## १०. विद्युतको सुविधा (विद्युतमा पहुँच)

विकासको एक महत्वपूर्ण पूर्वधारको रुपमा रहेको उर्जा वा विद्युतको सुविधाले स्थानीय सरकारहरूको आर्थिक विकासमा बहु-आयामिक भूमिका खेल्दछ। जुन स्थानीय सरकारहरूमा विद्युत सुविधाको पहुँच कमजोर रहेको छ, त्यसका लागि थप आर्थिक व्ययभार आवश्यक पर्दछ।

विद्युतमा पहुँच, प्रतिव्यक्ति विद्युत खपत, स्वच्छ र नवीकरणीय उर्जा खपतमा गरेको प्रयास समेतका आधारमा विश्लेषण गरी सशर्त अनुदान हस्तान्तरण गर्नुपर्दछ।

## ११. सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच)

जुन स्थानीय सरकारहरूको सूचना प्रविधिको पहुँचको अवस्था कमजोर छ, त्यस्ता स्थानीय सरकारहरूले सूचना प्रविधिको पहुँच स्तर माथि उकास्न यथोचित लगानी गर्नुपर्ने हुन्छ। यसले स्थानीय सरकारहरूको आर्थिक व्ययभार बढाउने गर्दछ। स्थानीय सरकारमा उपलब्ध आमसञ्चार, डिजिटल सञ्चार, इन्टरनेट सुविधा लगायतका सूचकहरूको अध्ययन विश्लेषण गरी सशर्त अनुदान प्रदान गर्नुपर्दछ।

## १२. खानेपानीको सुविधा (खानेपानीमा पहुँच)

नागरिकको जीवनको संरक्षण र स्वस्थता प्रवर्द्धनका लागि प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउनुपर्ने हुन्छ। स्थानीय सरकारहरूमा खानेपानी सुविधाको पहुँच बढाउन थप आर्थिक स्रोतको आवश्यकता पर्दछ। सम्बन्धित तहमा न्यूनतम तथा सुरक्षित खानेपानी उपलब्धताको अवस्था, विगतमा गरिएको लगानी र उपलब्धि, खानेपानी पूर्वाधार लागतमा रहेको फरकपना र सोको दिगो व्यवस्थापन एवम् संरक्षणमा सम्बन्धित तहको सरकार तथा नागरिकको जिम्मेवारी समेतलाई विश्लेषण गरी सुरक्षित रुपमा खानेपानीको पूर्वाधार विकास र सेवाप्रवाह सुनिश्चित हुनेगरी सशर्त अनुदान प्रदान गर्नुपर्दछ।

## १३. सरसफाइको अवस्था

नेपालको संविधानले नै प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। सरसफाइको अवस्था कमजोर रहेको स्थानीय सरकारहरूले सो सुविधा वृद्धि गर्नका लागि थप लगानी गर्नुपर्ने हुन्छ। स्थानीय सरकारहरूमा हाल रहेका शौचालयहरूको उपलब्धता, ढल निकासा, फोहोरमैला सङ्कलन तथा प्रशोधन केन्द्र, धुँवा धुलो निवारणमा गरेको प्रयास र प्रदुषणको अवस्था समेतको अध्ययन विश्लेषण गरी सरसफाइ प्रवर्द्धनमा सकारात्मक भूमिका खेलेका तर स्रोत अभाव रहेका स्थानीय सरकारहरूलाई सर्शत अनुदान प्रदान गर्न सकिन्छ।

## १४. राजस्वको अवस्था

प्रदेश सरकारले सशर्त अनुदान सिफारिस गर्दा स्थानीय सरकारहरूको राजस्वको अवस्था, विगतमा राजस्व सङ्कलनमा गरेको प्रयास र उठाउन सक्ने क्षमतालाई आधार लिनुपर्ने हुन्छ। राजस्व क्षमता कम भएको तर राजस्व सङ्कलनमा उल्लेख्य प्रयास गरेको स्थानीय सरकारलाई तोकिएको क्षेत्र र कार्यमा खर्च गरी निर्धारित लक्ष्य हासिल गर्ने शर्तमा सशर्त अनुदान प्रदान गर्न सकिन्छ।

## १५. खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता

प्रदेश सरकारले स्थानीय सरकारलाई सशर्त अनुदान हस्तान्तरण गर्दा स्थानीय सरकारहरूको राजस्व उठाउन सक्ने क्षमता र खर्चको आवश्यकतालाई समेत आधार लिनुपर्ने हुन्छ। सोका लागि प्रत्येक प्रत्येक स्थानीय सरकारहरूको खर्चको आवश्यकताका अतिरिक्त राजस्वको क्षमता समेत निर्धारण गरी वित्तीय अन्तर (Fiscal Gap) यकीन गर्नुपर्दछ।

वित्तीय अन्तर बढी रहेको स्थानीय सरकारलाई उक्त वित्तीय अन्तर कम हुने गरी सशर्त अनुदान हस्तान्तरण गर्नुपर्दछ। साथै सशर्त, समपूरक र विशेष अनुदानले वित्तीय अन्तरमा नकारात्मक प्रभाव नपर्नेगरी समन्यायिक हिसाबले हस्तान्तरणको व्यवस्था मिलाउनुपर्दछ। यसका लागि नेपाल सरकारले तीनवटै तहका सरकारको संलग्नता/सहमतिमा नेपालको संविधान अनुसारको कार्यजिम्मेवारी थप स्पष्ट पार्ने र तीन वटै तहका सरकारबाट नागरिकलाई प्रदान गरिने सेवा, उपलब्ध गराउने सुविधा र पूर्वाधारको न्यूनतम मापदण्ड अनिवार्य रुपमा निर्धारण गर्नुपर्दछ।

**१६. कार्यसम्पादन मूल्यांकनको अवस्था विश्लेषण गरी सशर्त अनुदान हस्तान्तरण गर्नुपर्ने**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (२) को व्यवस्था बमोजिम प्रदेश सरकारले सशर्त अनुदान हस्तान्तरण गर्नुपूर्व स्थानीय सरकारहरूको कार्यसम्पादनको अवस्था यकीन गर्नुपर्दछ। यसका लागि नेपालको संविधानमा उल्लिखित मौलिक हक र राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयनमा सम्बन्धित तहले गरेको लगानी र उपलब्धिको अवस्था, अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको नेपाल सरकार पक्ष राष्ट्र भई सिर्जित दायित्व पालनामा प्राप्त उपलब्धिको अवस्था, नेपालको राष्ट्रिय नीति र कानूनले निर्दिष्ट गरेको उद्धेश्य र गन्तव्य प्राप्तिमा सम्बन्धित सरकारहरूले खेलेको भूमिका र प्रगति, गत आर्थिक वर्ष सम्मका लागि तोकिएको दिगो विकास लक्ष्य प्राप्तिमा गरिएको लगानी र प्राप्त उपलब्धिको अवस्था, आगामी आर्थिक वर्षहरूमा दिगो विकास लक्ष्य प्राप्तिका लागि गर्नुपर्ने कार्यहरू र सोका लागि आवश्यक पर्ने स्रोतको विश्लेषण, सम्बन्धित तहको आवधिक योजना तथा नीति कार्यान्वयनमा भएको प्रगति, आ.व. २०८१/८२ को लागि नेपाल सरकारबाट स्थानीय सरकारहरूलाई वित्तीय समानीकरण अनुदानको परिमाण सिफारिस गर्दा आयोगले उपयोग गरेको कार्यसम्पादन मूल्यांकनका सूचकहरू लगायतका कार्यसम्पादन सम्बन्धी आगत र निर्गत (Input and Output based indicators) तहका सूचकहरूको विकास र विश्लेषण गरी सोही आधारमा सशर्त अनुदान हस्तान्तरण गर्नुपर्नेछ।

**१७. विशेष अवस्था**

स्थानीय सरकारहरूको क्षेत्रभित्र गम्भीर किसिमका भूकम्प, बाढी, पहिरो, महामारी, आगलागी जस्ता प्राकृतिक विपद आइपरेको, सुख्खा क्षेत्र अधिक भएको, अन्तर्राष्ट्रिय सीमानाले छोएको, राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्र भित्र परेको, लामो समयदेखि फोहोरमैला वा प्रदुषण वा उच्च जोखिमबाट गुज्रिरहेको तथा दुर्गम एवम् पिछडिएको क्षेत्रको अवस्था विश्लेषण गरी जोखिम न्यूनीकरण, जीवनयापन सहजीकरण तथा पूर्वाधारको पून: निर्माण वा विकासका कार्यमा खर्च गर्ने गरी प्रदेश सरकारले माग र आवश्यकताका आधारमा सशर्त अनुदान हस्तान्तरण गर्न सक्नेछ।

## छ. सशर्त अनुदान हस्तान्तरण र व्यवस्थापनमा पालना गर्नुपर्ने सुझावहरू

प्रदेश सरकारले स्थानीय सरकारलाई प्रदान गर्ने सशर्त अनुदान सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) देहाय (ख) ले गरेको व्यवस्था बमोजिम आयोगको तर्फबाट प्रदेश सरकारलाई निम्न बमोजिमका सुझावहरू दिइएको छः

१. नेपालको संविधानको धारा ६० को उपधारा (३) मा “प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुनेछ" भन्ने उल्लेख भए अनुसार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिका सुनिश्चित हुने गरी प्रदेश सरकारले विद्यमान ऐन, कानून र कार्यप्रणालीमा यथाशीघ्र आवश्यक संशोधन र व्यवस्थापन गर्नुपर्ने।

२. प्रदेश सरकारले स्थानीय सरकारलाई प्रदान गर्ने सशर्त अनुदानको सम्बन्धमा यस आयोगले तयार गरी कार्यान्वयनका लागि सिफारिस गरिएका आधारहरूको अनिवार्य रुपमा पालना गर्नुपर्ने। यसका निमित्त सिफारिस भएका आधारहरू

प्रदेश सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत गरी अनिवार्य कार्यान्वयनका लागि सबै मन्त्रालयहरू एवम् सरोकारवाला निकायहरूलाई सञ्चार गर्नुपर्ने।

३. प्रदेश सरकारले बजेट तथा कार्यक्रम तयारीको चरणदेखि नै सशर्त अनुदान अन्तर्गत प्रस्तावित कुनै पनि आयोजना वा कार्यक्रम आयोगले सिफारिस गरेको कुन आधार अनुरूपको हो भनी अध्ययन विश्लेषण गरेको विवरण सहित खातामा प्रविष्टि, अभिलेख र प्रतिवेदनको प्रणाली सुनिश्चित गर्नुपर्ने। आयोगले सिफारिस गरेका आधारहरू लिंदा एकभन्दा बढी आधारहरू आकर्षित हुने देखिएमा कुनै एकमात्र आधार लिएर सशर्त अनुदान हस्तान्तरण नगर्ने।

४. प्रदेश सरकारले सशर्त अनुदानबाट कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमहरूको लागि शर्त तथा निर्देशनहरू तोक्दा आयोगले तोकेका आधार, शर्त र सुझावहरूलाई परिपूरण गर्नेगरी समयमै सोको विवरण पठाउने। साथै तोकिएका शर्तहरू स्पष्ट, मापनयोग्य र कार्यान्वयनयोग्य हुनुपर्ने।

५. सशर्त अनुदानलाई देश र प्रदेशको सन्तुलित विकासको लक्ष्यसँग आवद्ध गरी निश्चित नीति, सूचक र मानदण्डका आधारमा अध्ययन विश्लेषण गरी तथ्यपरक, पारदर्शी, सन्तुलित र समन्यायिक रूपमा प्रदान गर्नुपर्ने। आर्थिक मामिला सम्बन्धी मन्त्रालय र सशर्त अनुदान हस्तान्तरण गर्ने मन्त्रालयहरूले आयोगले सिफारिस गरेको आधार समेत खुल्ने गरी सशर्त अनुदान हस्तान्तरणको क्षेत्रगत र स्रोतगत विवरण भौतिक तथा विद्युतीय स्वरुपमा आयोगमा उपलब्ध गराउनुपर्ने।

६. प्रदेश सरकारले स्थानीय सरकारलाई सशर्त अनुदान प्रदान गर्दा प्रदेश नीति, मानक वा मापदण्ड अनुसारका उच्च प्राथमिकतामा परेका र दीर्घकालीन लाभ सहितको फराकिलो तथा समतामूलक आर्थिक वृद्धिलाई प्रत्यक्ष टेवा दिने प्रकृतिका रणनीतिक महत्वका आयोजनाहरूको कार्यान्वयनमा जोड दिनुपर्ने तर स्थानीय सरकारको एकल अधिकार र जिम्मेवारी भित्रका विषयमा वा स-साना टुक्रे आयोजना र कार्यक्रममा यस्तो अनुदान उपलब्ध नगराउने।

७. स्थानीय सरकारको वित्तीय स्वायत्तता र व्यवस्थापकीय क्षमतालाई बलियो बनाउँदै लैजाने उद्देश्यसहित कुल अनुदानमा सशर्त अनुदानको हिस्सा क्रमशः कम गर्दै लैजाने र त्यसको परिपूर्ति वित्तीय समानीकरण अनुदानमार्फत गरी कुल वित्तीय हस्तान्तरणमा वित्तीय समानीकरण अनुदानको हिस्सा बढाउने।

८. सशर्त अनुदानबाट सञ्चालन हुने आयोजनाप्रति स्थानीय सरकारको अधिकतम स्वामित्व कायम गर्न र कार्यान्वयन प्रक्रियामा व्यवस्थापकीय कुशलता र खर्च दक्षता समेत सुनिश्चित गर्नका लागि प्रदेश सरकारले सशर्त अनुदान उपलब्ध गराउँदा आयोजना भित्रका खर्च शीर्षक वा उपशीर्षक नै नतोकी त्यस किसिमको स्वायत्तता सम्बन्धित स्थानीय सरकारलाई नै हुने गरी क्षेत्रगत लक्ष्य तथा अपेक्षित उपलव्धि जस्ता विषयहरू मात्र तोकेर एकमुष्ट अनुदान हस्तान्तरण गर्नुपर्ने।

९. नेपालको संविधानको अनुसूची - ८ (स्थानीय सरकारको अधिकारको सूची)का विषयहरू प्रदेश नीति तथा कार्यक्रम र मानदण्डभित्र रही कार्यान्वयन गर्नुपर्ने अवस्था रहेको कुनै अध्ययन विश्लेषणबाट देखिएको खण्डमा अन्तरिम वा अल्पकालीन रुपमा निश्चित अवधि वा सीमा तोकेर निश्चित पटकका लागि मात्र त्यस्ता कार्यजिम्मेवारी पूरा गर्नका लागि सशर्त अनुदान प्रदान गर्ने, सो बाहेकका स्थानीय सरकारको अधिकारसूचीमा रहेका निरन्तर रुपमा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम वा आयोजनाहरूमा सशर्त अनुदान हस्तान्तरण नगरी ती कामका लागि आवश्यक वित्तीय स्रोत वित्तीय समानीकरण अनुदानबाट हस्तान्तरण गर्ने।

१०. शिक्षा, स्वास्थ्य जस्ता सामाजिक पूर्वाधार विकासका क्षेत्रमा राष्ट्रिय/प्रादेशिक औषत भन्दा तल रहेका स्थानीय सरकारहरूलाई लक्ष्य तोकी थप सशर्त अनुदान दिने व्यवस्था प्रदेश सरकारले मिलाउने।

११. स्थानीय सरकारले सालबसाली रूपमा खर्च गर्नुपर्ने, चालु प्रकृतिका वा विद्यमान पूर्वाधारको मर्मत सम्भार र सञ्चालनसँग सम्बन्धित तथा उपभोक्ता समितिको सहभागिता वा लागत साझेदारीमा निरन्तर रूपमा सञ्चालन हुने परियोजना वा कार्यक्रमको हकमा सशर्त अनुदान विनियोजन नगरी सम्बन्धित स्थानीय सरकारको आन्तरिक स्रोत परिचालनलाई प्रश्रय दिने।

१२. समान प्रकृतिका उद्देश्य प्राप्तिका लागि विभिन्न विषयगत मन्त्रालयहरूबाट हस्तान्तरण गरिने सशर्त अनुदानमा दोहोरोपना नहुने गरी एकीकृत रुपमा हस्तान्तरणको व्यवस्था मिलाउने।

१३. स्थानीय सरकारहरूले सशर्त अनुदानबाट सञ्चालन गरेका योजना, कार्यक्रम तथा आयोजनाको प्रगति विवरण प्रदेश सरकारको सम्बन्धित विषयगत मन्त्रालयमा नियमित रूपमा प्रतिवेदन गरी अनुगमनको व्यवस्था मिलाउने।

१४. प्रदेश सरकारले बजेट तर्जुमा गर्दा मन्त्रालयगत रुपमा अबण्डा राखी आर्थिक वर्षको बीचमा रकम बाँड्ने प्रवृत्तिले स्थानीय सरकारको बजेटमा समावेश नभई खर्च हुने अवस्था सृजना हुनेहुँदा नेपालको संविधान र प्रचलित कानून बमोजिम मात्र खर्च गर्नुपर्ने व्यवस्थाको प्रतिकुल हुन गएकोले आर्थिक वर्षको बीचमा रकम बाँड्ने प्रवृत्तिको अन्त्य गरी सशर्त अनुदानको सबै रकम बजेट तर्जुमाको बखत विनियोजन हुने व्यवस्था मिलाउने।

१५. नियमनकारी निकायहरूले नेपालको संविधान र प्रचलित कानून बमोजिम यस आयोगले गरेको सिफारिस, तोकेको आधार, शर्त र सुझावहरू कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन मूल्यांकन गरी सोको व्यहोरालाई आफ्नो वार्षिक प्रतिवेदनको महत्वपूर्ण अङ्गको रुपमा समावेश गर्ने।

१६. सशर्त, समपूरक र विशेष अनुदानको फरक वा पृथकता कानूनमा स्पष्ट किटान गरी क्षेत्रगत र तहगत दोहोरोपना नहुने गरी ती अनुदान प्रदान गर्ने व्यवस्था मिलाउने र सोबाट वित्तीय समानीकरण अनुदान हस्तान्तरणमा पर्नसक्ने प्रभावको विश्लेषण गरी आयोगले समानीकरण अनुदानको परिमाण सिफारिस गर्नु अगाडि नै आयोगमा विवरण पठाउने।

१७. सबै प्रदेश सरकारहरूले आगामी आर्थिक वर्षका लागि प्रदेशबाट स्थानीय सरकारहरूमा सशर्त अनुदान हस्तान्तरणको सीमा तय गरी समयमै सोको जानकारी आयोगलाई गराउनुपर्ने। साथै, प्रदेश सभाबाट वजेट तथा कार्यक्रम पारित भएपछि अर्थ सम्बन्धी मन्त्रालय र सशर्त अनुदान हस्तान्तरण गर्ने मन्त्रालयहरूले आयोगले सिफारिस गरेको आधार समेत खुल्ने गरी सशर्त अनुदानका कार्यक्रमहरूको भौतिक तथा विद्युतीय विवरण १५ दिन भित्र आयोगमा उपलब्ध गराउनुपर्ने।

## ३.३. आर्थिक वर्ष २०८१/८२ का लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सम्बन्धमा मिति २०८१/०१/२५ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई गरिएको सिफारिस

### क. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। तीनै तहका सरकारकाबीचमा राज्यशक्तिको बाँडफाँट गरिएको छ। सङ्घ, प्रदेश र स्थानीय सरकारले आफ्नो क्षेत्राधिकारभित्र रही आर्थिक अधिकारसम्बन्धी विषयमा कानून बनाउने, नीति तथा योजना तयार गर्ने, वार्षिक बजेट तर्जुमा तथा कार्यक्रम कार्यान्वयन, लेखाङ्कन तथा प्रतिवेदन गर्ने र लेखापरीक्षण गराउने कार्य गर्नुपर्दछ। बजेट अनुमान गर्दा अनुमानित आयभन्दा व्यय बढी हुने अवस्थामा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले घाटा बजेट ल्याउन सक्ने र सोको व्यवस्थापन सङ्घीय कानून बमोजिम हुने व्यवस्था छ। घाटा बजेट पेश गर्दा तीनै तहका सरकारले घाटा पूर्ति गर्ने स्रोतको स्पष्ट आधार समेत खुलाउनु पर्ने व्यवस्था अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा रहेको छ। संविधानतः तीनै तहका सरकारले बजेट घाटा पूर्तिका लागि कानूनबमोजिम ऋण लिन सक्छन्।

घाटा बजेट पूर्तिको एक महत्वपूर्ण स्रोतको रूपमा सार्वजनिक ऋणलाई लिइन्छ। सार्वजनिक ऋण अन्तरगत देशभित्रबाट सङ्कलन गरिने आन्तरिक ऋण र वैदेशिक स्रोतबाट प्राप्त गरिने बाह्य ऋण पर्दछ। समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने संवैधानिक व्यवस्था रहेको छ। उल्लिखित व्यवस्थाबमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा यस आयोगबाट निर्धारण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारसमक्ष सिफारिस गरिएको छ।

### ख. कानुनी व्यवस्था

#### १. नेपालको संविधान

सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सम्बन्धमा नेपालको संविधानमा देहायका व्यवस्थाहरू रहेका छन्:

- धारा ५९ को उपधारा (१) - सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार भित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने छन्।
- धारा ५९ को उपधारा (७) - सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा वित्तीय अनुशासनसम्बन्धी व्यवस्था सङ्घीय कानूनबमोजिम हुनेछ।
- धारा ११५ को उपधारा (२) - सङ्घीय कानूनबमोजिम बाहेक नेपाल सरकारले कुनै ऋण लिने र जमानत दिने छैन।
- धारा २०३ को उपधारा (२) - सङ्घीय कानूनबमोजिम बाहेक प्रदेश सरकारले कुनै ऋण लिने र जमानत दिने छैन।
- धारा २२८ को उपधारा (१) - कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लिन पाइने छैन।

- धारा २३० को उपधारा (१) - गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानूनबमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी पारित गराउनु पर्नेछ।
- धारा २३० को उपधारा (२) - गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले राजस्व र व्ययको अनुमान पेश गर्दा घाटा बजेट निर्माण गर्नुपर्ने भएमा सङ्घीय कानून र प्रदेश कानूनबमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नु पर्नेछ।
- धारा २५१ को उपधारा (१) को खण्ड (च) - समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुनेछ।

**२. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले लिन सक्ने आन्तरिक ऋणको सीमा, नेपाल सरकारले ऋण दिन सक्ने र घाटा बजेट पेश गर्न सक्ने सम्बन्धमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा देहायका व्यवस्थाहरू रहेका छन्:

- दफा १४: आन्तरिक ऋण

  (१) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्नेछ।

  तर प्रदेश तथा स्थानीय तहले आन्तरिक ऋण लिनु अघि नेपाल सरकारको सहमति लिनु पर्नेछ।

  (२) नेपाल सरकार तथा प्रदेशले प्रचलित कानूनको अधीनमा रही ऋणपत्र जारी गरी आन्तरिक ऋण उठाउन सक्नेछ।

  (३) प्रदेश तथा स्थानीय तहले आन्तरिक ऋण लिन नेपाल सरकारको सहमति माग गर्दा आन्तरिक ऋण लिन खोजिएको योजना, योजनाबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, ऋण भुक्तानी योजना, ऋण दिने संस्थाको विवरण सहितको प्रस्ताव अर्थ मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

  (४) उपदफा (३) बमोजिम पेश भएको प्रस्ताव कार्यान्वयनयोग्य देखिएमा नेपाल सरकारले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई आन्तरिक ऋण लिन सहमति दिन सक्नेछ।

- दफा १५: नेपाल सरकारले ऋण दिन सक्ने

  (१) नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई ऋण दिन सक्नेछ।

  (२) प्रदेश वा स्थानीय तहले ऋण रकमको उपयोग, भुक्तानीको तरिका तथा समय सीमा समेत उल्लेख गरी ऋणको लागि मन्त्रालय समक्ष अनुरोध गर्न सक्नेछ।

  (३) उपदफा (२) बमोजिम प्राप्त अनुरोध मनासिब देखिएमा नेपाल सरकारले ऋण प्रदान गर्ने स्वीकृति दिन सक्नेछ।

  (४) उपदफा (३) बमोजिम नेपाल सरकारबाट ऋण प्रदान गर्ने स्वीकृति भएमा मन्त्रालयले सम्बन्धित प्रदेश वा स्थानीय तहसँग सम्झौता गर्नेछ।

(५) नेपाल सरकारबाट प्राप्त ऋण प्रदेश वा स्थानीय तहले सम्झौतामा उल्लिखित अवधिभित्र चुक्ता नगरेमा नेपाल सरकारले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई उपलब्ध गराउने अनुदानबाट त्यस्तो ऋण रकम असुली गर्न सक्नेछ।

- दफा २३: घाटा बजेट पेश गर्न सक्ने

(१) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले सम्बन्धित व्यवस्थापिकामा आवश्यकता अनुसार घाटा बजेट पेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घाटा बजेट पेश गर्दा बजेट घाटा पूर्ति गर्ने स्रोतको स्पष्ट आधार समेत खुलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रदेश तथा स्थानीय तहले घाटा बजेट पेश गर्दा नेपाल सरकारले संविधान र प्रचलित कानून बमोजिम कुनै सुझाव वा निर्देशन दिएको भए सोको पालना गर्नु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रशासनिक खर्च व्यहोर्न घाटा बजेट पेश गर्न सकिने छैन।

**३. सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९**

- दफा ५

(२) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको योजना तथा कार्यक्रम वा नेपाल सरकारद्वारा स्वीकृत परियोजना कार्यान्वयनको लागि नेपाल सरकारले कुनै विदेशी सरकार, विदेशी सरकारी बैंक वा वित्तीय संस्था वा एजेन्सीबाट आवश्यकता अनुसार जम्मा ऋणको कुल अंक अघिल्लो आर्थिक वर्षको कुल गार्हस्थ उत्पादनको प्रचलित मूल्यमा कायम गर्दा हुने रकमको एकतिहाइमा नबढ्ने गरी त्यतिसम्म अंकको प्रचलित विनिमय दरले हुने विदेशी मुद्रा एकै पटक वा पटक पटक गरी ऋण लिन सक्नेछ।

- दफा ६

(१) नेपाल सरकारले वा नेपाल सरकारको सहमतिमा प्रदेश सरकार वा स्थानीय तहले आयोगले सिफारिस गरेको सीमाभित्र रही आवश्यक परिमाणमा एकै पटक वा पटक पटक गरी कुनै एक वा बढी प्रकारको ऋणपत्र निष्कासन गरी प्रचलित कानूनको अधीनमा रही आन्तरिक ऋण उठाउन सक्नेछ।

- दफा १४

(४) उपदफा (२) वा (३) बमोजिम नेपाल सरकारले जमानत वा प्रतिजमानत दिनुपूर्व त्यस्तो सार्वजनिक संस्था वा प्रदेश वा स्थानीय तहले ऋण लिनुपर्ने कारण, ऋण लिंदा हुने राष्ट्रिय हित र ऋण उपलब्ध गराउने विदेशी सरकार, विदेशी सरकारी बैंक वा वित्तीय संस्था वा एजेन्सी वा संगठित संस्थासँग भएको सम्झौतामा तोकिएको समयमा ऋणको सावाँ र व्याज चुक्ता गर्न सक्ने वा नसक्ने कुराको समेत विश्लेषण गर्नु पर्नेछ।

## ग. सार्वजनिक ऋण सम्बन्धी अध्ययन विश्लेषण

### अ. आन्तरिक ऋण परिचालन सम्बन्धी केही अन्तर्राष्ट्रिय अभ्यासहरू

- भारतको वित्तीय उत्तरदायित्व तथा बजेट व्यवस्थापन ऐन, २००३ को दफा ४ मा आर्थिक वर्ष २०२४/२५ सम्ममा कुल गार्हस्थ उत्पादन (कु.गा.उ.) को ६० प्रतिशतको सीमाभित्र कुल सार्वजनिक ऋणलाई सीमित गर्ने व्यवस्था रहेको छ। जसमध्ये संघ सरकारलाई ४० प्रतिशतको एवम् राज्य सरकार र ग्राम तथा नगर

पञ्चायतलाई २० प्रतिशतको सीमा तोकिएको छ।

- भारतको पन्ध्रौ वित्तीय आयोगको प्रतिवेदनले सङ्घीय र राज्य सरकार तथा स्थानीय तहलाई बजेट घाटाको सीमा सिफारिस गरेको छ। जस अनुसार सङ्घीय सरकारले आर्थिक वर्ष २०२५/२६ सम्ममा कुल घाटा बजेटलाई कुल गार्हस्थ उत्पादनको ४ प्रतिशतमा सीमित गर्नुपर्ने उल्लेख छ। राज्य सरकारहरूले कुल बजेट घाटालाई आर्थिक वर्ष २०२१/२२ मा राज्यको कुल गार्हस्थ उत्पादनको अधिकतम ४ प्रतिशत, २०२२/२३ मा अधिकतम ३.५ प्रतिशत र २०२३/२४ देखि २०२५/२६ सम्ममा अधिकतम ३ प्रतिशतमा सीमित गर्नुपर्ने तथा राज्य सरकारले उर्जा क्षेत्रमा कार्यसम्पादनका आधारमा राज्यको कुल गार्हस्थ उत्पादनको अधिकतम ०.५ प्रतिशत थप सार्वजनिक ऋण परिचालन गर्न सक्ने गरी सिफारिस भएको छ। साथै, कुनै एक आर्थिक वर्षमा तोकिएको सीमाभन्दा कम ऋण परिचालन गरेको राज्य सरकारले सिफारिस गरिएको अवधिको पछिल्ला वर्षहरूमा उक्त बाँकी सीमा समेत परिचालन गर्न सक्ने उल्लेख छ।
- अमेरिका, क्यानडा, अष्ट्रेलिया र भारतका केही राज्य सरकारहरूले सङ्घीय सरकारको स्वीकृति नलिइकन आन्तरिक ऋण परिचालन गर्दै आएका छन्। भारतमा स्थानीय तहले राज्य सरकारको स्वीकृतिमा आन्तरिक ऋण परिचालन गर्न सक्ने कानूनी व्यवस्था रहेको छ। इथियोपियामा सङ्घीय सरकारले राज्य सरकारको वित्तीय क्षमताको पर्यवेक्षण गरी आन्तरिक ऋण परिचालनको अनुमति दिने गरेको छ।
- नाइजेरियाको वित्तीय उत्तरदायित्व ऐन, २००७ को दफा ४१ मा पूँजीगत खर्च र मानव विकासका लागि मात्र सार्वजनिक ऋण परिचालन गर्न सकिने व्यवस्था छ। सोही ऐनको दफा १२ मा विशेष अवस्थामा बाहेक बार्षिक रुपमा कुल गार्हस्थ उत्पादनको ३ प्रतिशतमात्र घाटा बजेट पेश गर्न सकिने उल्लेख छ।
- International Monetory Fund (IMF) र International Development Agency (IDA) ले सन् २००५ मा अध्ययन गरी न्यून आय भएका देशहरूको ऋण दिगोपना ढाँचा (Debt Sustainability Framework) निर्धारण गरेका थिए। जस अनुसार कुल गार्हस्थ उत्पादन, निर्यात व्यापार, राजस्वको अवस्था, वित्तीय व्यवस्था खर्च र कुल सार्वजनिक ऋणको हिस्सालाई सार्वजनिक ऋणको दिगोपना अध्ययनको प्रमुख सूचकका रुपमा लिइएको पाइन्छ।

**आ. नेपालको सार्वजनिक ऋणको दिगोपना सम्बन्धमा भएका अध्ययन प्रतिवेदनका प्रमुख विषयहरू**

- विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको Debt Sustainability Analysis सम्बन्धी संयुक्त अध्ययन प्रतिवेदन २०२० अनुसार नेपालको बाह्य ऋण र समग्र ऋण जोखिम न्यून रहेको छ। यद्यपी आर्थिक वृद्धि र निर्यातका सूचकहरू कमजोर रहेकाले भावी जोखिमलाई संकेत गरेको छ। नेपालमा बढ्दो वित्त घाटा र चालु खाता घाटाको अवस्थाले आगामी दिनमा सार्वजनिक ऋण झनै बढ्ने देखिन्छ।
- IMF र IDA ले सन् २०२३ मा गरेको अध्ययनका अनुसार नेपालमा कुल गार्हस्थ उत्पादन र निर्यातको अनुपात तुलनात्मक रुपमा न्यून रहेको तथा ऋणात्मक नगद सन्तुलन (Negative cash balance) को अवस्था देखिएको बाहेकका अन्य सूचकहरूमा नेपालको अवस्था राम्रो रहेकोले सार्वजनिक ऋण तनाव (Debt Stress) मा नरहेको निष्कर्ष निकालिएको छ। नेपाल सरकारको संभावित दायित्व विश्लेषण अन्तरगत नेपाल सरकारले सार्वजनिक संस्थानमा गरेको लगानी, सार्वजनिक निजी साझेदारीका परियोजनामा गरेको लगानी र वैदेशिक निजी ऋण लगानी समेत सुरक्षित सीमाभित्र रहेको उक्त प्रतिवेदनमा उल्लेख गरिएको छ।
- आयोगले आर्थिक वर्ष २०७७/७८ मा गरेको अध्ययनमा आर्थिक वृद्धिदर, कुल राष्ट्रिय उत्पादन, बचत, लगानी र रोजगारी, सरकारी राजस्व र खर्च, उपभोक्ता मूल्यसूची, भुक्तानी सन्तुलन र विप्रेषणका अतिरिक्त मानव विकास सूचकांकलाई समेत आन्तरिक ऋणको सीमा सिफारिसमा विश्लेषणका लागि उपयुक्त हुने सूचकमा समावेश

गरिएको छ। साथै, कुल आन्तरिक ऋणको सीमा निश्चित अंकमा नतोकी अनुमानित कुल गार्हस्थ उत्पादनको न्यूनतम ३ देखि अधिकतम ७ प्रतिशतको कोरिडोर तोक्न सकिने सुझाव समेत दिइएको छ।

- सोही प्रतिवेदनमा अधिकतम ७ प्रतिशतको सीमा मध्ये सङ्घीय सरकारलाई कुल गार्हस्थ उत्पादनको अधिकतम ६ प्रतिशतसम्म र प्रदेश तथा स्थानीय तहलाई कुल गार्हस्थ उत्पादनको क्रमशः ०.५ र ०.५ प्रतिशतसम्म अधिकतम सीमा निर्धारण गर्न सकिने सुझाव रहेको छ। साथै, प्रदेश र स्थानीय तहले बाँडफाँटबाट प्राप्त गरेको र आन्तरिक रुपमा सङ्कलन गरेको कुल राजस्व योगफलको अधिकतम १५ प्रतिशतसम्म वार्षिक आन्तरिक ऋण परिचालन गर्न सक्ने गरी सीमा निर्धारण गर्न सकिने समेत सुझाव गरिएको छ।

### इ. नेपालको आन्तरिक ऋण परिचालन सम्बन्धी विगतको अभ्यास र प्रवृत्ति विश्लेषण

- नेपालले आर्थिक वर्ष २०३१/३२ देखि पछिल्ला ४६ वर्षहरूमा (आर्थिक वर्ष २०३८/३९ बाहेक) अनुमानित कुल गार्हस्थ उत्पादनको ५ प्रतिशतको सीमाभित्र रहेर आन्तरिक ऋण परिचालन गर्दै आएको पाइन्छ।
- सङ्घीयता कार्यान्वयन हुनु अगाडि नेपाल सरकारले राजस्व वृद्धि, आर्थिक वृद्धि, मूल्य वृद्धि र बजेट खर्चको अनुमानित विवरणका आधारमा आन्तरिक ऋण परिचालन गर्दै आएको भएता पनि अधिकांश वर्षमा अनुमान बमोजिम आर्थिक उपलब्धि हासिल हुन सकेको देखिदैंन।
- नेपालमा पछिल्ला वर्षहरूमा आन्तरिक ऋण उच्च मात्रामा बढिरहेको छ। नेपालमा आर्थिक वर्ष २०७१/७२ पछाडिका वर्षहरूमा आन्तरिक ऋण ६ गुणाले बढेको तर सोही अवधिमा बाह्य ऋण ३ गुणाले बढेको देखिन्छ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट विगत आर्थिक वर्षहरूमा देहाय बमोजिम आन्तरिक ऋणको सीमा सिफारिस भएको छ:

**तालिका ३.२: आयोगले विगतमा सिफारिस गरेको सीमा र सुझावहरू**

| आर्थिक वर्ष | सङ्घीय सरकारलाई सीमा सिफारिस | प्रदेश र स्थानीय सरकारलाई सीमा सिफारिस |
|---|---|---|
| २०७५/७६ | आ.व. २०७५/७६ को अनुमानित कुल गार्हस्थ उत्पादनको ५ प्रतिशत | आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १०/१० प्रतिशत |
| २०७६/७७ | आ.व. २०७६/७७ को अनुमानित कुल गार्हस्थ उत्पादनको ५ प्रतिशत | आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १०/१० प्रतिशत |
| २०७७/७८ | आ.व. २०७७/७८ को अनुमानित कुल गार्हस्थ उत्पादनको ५.५ प्रतिशत | आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १२/१२ प्रतिशत |
| २०७८/७९ | आ.व. २०७८/७९ को अनुमानित कुल गार्हस्थ उत्पादनको ५.५ प्रतिशत | आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १२/१२ प्रतिशत |
| २०७९/८० | आ.व. २०७९/८० को अनुमानित कुल गार्हस्थ उत्पादनको ५.५ प्रतिशत | आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १२/१२ प्रतिशत |
| २०८०/८१ | तीनै तहका सरकारले परिचालन गर्ने आन्तरिक ऋण आ.व. २०८०/८१ को अनुमानित कुल गार्हस्थ उत्पादनको ५ प्रतिशत | आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १२/१२ प्रतिशत |

- नेपाल सरकारले विगतका वर्षहरूमा आयोगको सिफारिसको सीमाभित्र रहेर आन्तरिक ऋण परिचालन गर्दै आएको देखिन्छ। तर आयोगको अधिकांश सुझाव कार्यान्वयनको अवस्था भने कमजोर रहेको छ। व्यय अनुमान तयार गर्दा खर्चको शीर्षकगत र स्रोतगत विवरणमा आन्तरिक ऋण उल्लेख गर्नुपर्ने सुझाव कार्यान्वयन भएको पाइएन। साथै, पूँजी निर्माण हुने खालका आयोजनाहरूमा ऋण परिचालन गर्नुपर्ने सुझाव समेत सरकारले वेवास्ता गरेको देखिन्छ। केही प्रदेश र स्थानीय सरकारले वार्षिक बजेटको स्रोतमा आन्तरिक ऋण समावेश गर्दै आएका भएपनि आन्तरिक ऋण सङ्कलन र परिचालन गरेको देखिदैंन। यद्यपी स्थानीय सरकारहरूले विगत देखि नै नगर विकास कोषमार्फत ऋण लिई उपयोग गर्दै आइरहेको देखिन्छ।
- नेपाल सरकारले विगत पाँच वर्षमा परिचालन गरेको कुल र खुद आन्तरिक ऋणको अवस्था देहाय बमोजिम रहेको देखिन्छ :

**तालिका ३.३ः आन्तरिक ऋण परिचालनको अवस्था र प्रवृत्ति**

| आर्थिक वर्ष | कू.गा.उ. रु. करोडमा | आन्तरिक ऋण रकम रु. करोडमा | | | | कू.गा.उ.को प्रतिशतमा | | |
|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | कुल परिचालन | सावाँ, ब्याज र कमिसन भुक्तानी | खुद परिचालन | लक्ष्य | कूल परिचालन | खुद परिचालन |
| २०७५/७६ | ३४६४३२ | १७२०० | ९६३८.२ | ५०५२.२५ | ४५८५.९५ | ४.९६ | २.७८ | १.३२ |
| २०७६/७७ | ३७६७०४ | १९५०० | १९४९०.२९ | ५४७९.९५ | १४०१०.३४ | ५.१८ | ५.१७ | ३.७२ |
| २०७७/७८ | ४२६६३२ | २२५०० | २२४००.९१ | ६५४६.९१ | १५८५४ | ५.२७ | ५.२५ | ३.७२ |
| २०७८/७९ | ४८५१६२ | २५००० | २३१८४.५५ | ८५०३.८७ | १४६८०.६८ | ५.१५ | ४.७८ | ३.०३ |
| २०७९/८० | ५३८१३३ | २५६०० | २५५९९.७७ | १७९७२.५५ | ७६२७.२२ | ४.७६ | ४.७६ | १.४२ |

*स्रोतः अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

- माथिको तालिका अनुसार आयोगले गरेको सिफारिसको सीमाभित्र रहेर नेपाल सरकारले आन्तरिक ऋण परिचालन गरेको देखिन्छ। कुल आन्तरिक ऋण परिचालनको रकम क्रमशः बढेतापनि अधिकांश हिस्सा आन्तरिक ऋणको सावाँ फिर्ता, ब्याज र कमिसन भुक्तानीमा प्रयोग भएकोले खुद आन्तरिक ऋण परिचालन न्यून रहेको देखिन्छ। वित्तीय व्यवस्थापन खर्च बढ्दै गएको कारण परिचालित अधिकाँश आन्तरिक ऋण पुरानो ऋण भुक्तानीमा प्रयोग भएको देखिएकोले उक्त ऋण परिचालनबाट पूँजी निर्माण हुने र अर्थतन्त्रको विस्तारमा अपेक्षित योगदान पुग्ने अवस्था देखिएन।
- आयोगले आर्थिक वर्ष २०७५/७६ र सो भन्दा पछिल्ला आर्थिक वर्षमा गरेको सिफारिसमा सङ्घीय सरकारलाई पूँजी निर्माण हुने कार्यमा आन्तरिक ऋणको परिचालन गर्न सुझाव दिदै आएको छ भने प्रदेश र स्थानीय सरकारको हकमा साधारण प्रकृतिका र प्रशासनिक खर्चमा आन्तरिक ऋण परिचालन नगर्न सुझाव दिइएको छ। नेपाल सरकारबाट परिचालित आन्तरिक ऋण कुन कुन क्षेत्रमा परिचालन गरिएको हो भन्ने सम्पूर्ण विवरण उपलब्ध हुन नसक्दा ऋणको उपयोग र सुझाव कार्यान्वयन सम्बन्धी विश्लेषण हुन सकेको छैन।
- आर्थिक वर्ष २०७७/७८ देखि २०७९/८० सम्ममा कोरोना महामारी कायमै रहेको र अर्थतन्त्रलाई चलायमान बनाउन थप स्रोत परिचालन गर्नुपर्ने बाध्यता समेत परेको कारण तीनवटै तहका सरकारले गरी ५ प्रतिशतको सीमाभन्दा बढी अर्थात अनुमानित कुल गार्हस्थ उत्पादनको ५.५ प्रतिशतसम्म आन्तरिक ऋण परिचालन गर्न सक्ने गरी आन्तरिक ऋणको सीमा सिफारिस भएको अवस्था छ।
- आर्थिक वर्ष २०८०/८१ मा आन्तरिक ऋणको सीमा अनुमानित कुल गार्हस्थ उत्पादनको ५ प्रतिशतसम्म परिचालन गर्न सक्ने गरी सिफारिस भएको अवस्था छ।

## ई. समष्टिगत आर्थिक परिसूचकहरू र सार्वजनिक ऋणको अवस्था

**तालिका ३.४: कुल सार्वजनिक ऋण, कुल गार्हस्थ उत्पादन, आर्थिक वृद्धिदर, राजस्व र निर्यातको अवस्था**

| आर्थिक वर्ष | कुल तिर्न बाँकी सार्वजनिक ऋण रु. | कु.गा.उ. (GDP) को प्रतिशतमा | | | | आर्थिक वृद्धिदर |
|---|---|---|---|---|---|---|
| | | कुल तिर्न बाँकी ऋण | ऋण सेवा खर्च भुक्तानी | कूल निर्यात | कुल राजस्व सङ्कलन | |
| २०७७/७८ | १७३७.६३ | ४०.७२ | ०.८२ | ३.३१ | २१.५ | ४.४९ |
| २०७८/७९ | २०१३.२९ | ४१.५० | ०.९१ | ४.१२ | २१.६ | ५.२६ |
| २०७९/८० | २२९९.३५ | ४२.७३ | १.३७ | २.९२ | १९.३ | २.१६ |
| २०८०/८१ | २३८८.२६ | ४४.३८ | | | | |

*स्रोतः अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

- नेपालको कुल गार्हस्थ उत्पादनको अनुपातमा कुल तिर्न बाँकी सार्वजनिक ऋणको हिस्सा निरन्तर बढिरहेको देखिन्छ। आर्थिक वर्ष २०७७/७८ मा ४०.७२ प्रतिशत रहेकोमा त्यस्तो हिस्सा बढेर २०८०/८१ को माघ मसान्त सम्ममा ४४.३८ प्रतिशत पुगेको देखिन्छ।
- ऋण सेवा भुक्तानी समेत निरन्तर बढेर आर्थिक वर्ष २०७७/७८ को तुलनामा आर्थिक वर्ष २०८०/८१ मा करिब दुई गुणा पुगेको देखिन्छ। यसबाट बजेट घाटामा चाप पर्न जाने र पूँजीगत बजेट विनियोजन सङ्कुचन हुने अवस्था चित्रित हुन्छ। सार्वजनिक ऋणको हिस्सा बढेपनि आर्थिक वृद्धिदर र निर्यातको अवस्था कमजोर रहनुका साथै, राजस्वको हिस्सा समेत घट्दै गएकोले सार्वजनिक ऋण परिचालन गर्दा उल्लिखित सूचकहरूमा सकारात्मक प्रभाव पर्ने सुनिश्चतता हुनु आवश्यक देखिन्छ।

**तालिका ३.५: कुल तिर्न बाँकी आन्तरिक ऋण र वार्षिक ऋण परिचालनको अवस्था**

| आर्थिक वर्ष | रकम रु. अर्बमा | | कू.गा.उ. (GDP) को प्रतिशतमा | | आयोगबाट नेपाल सरकारलाई सिफारिस गरिएको आन्तरिक ऋणको सीमा |
|---|---|---|---|---|---|
| | कूल तिर्न बाँकी आन्तरिक ऋण | कू.गा.उ. | कूल तिर्न बाँकी आन्तरिक ऋण | परिचालित आन्तरिक ऋण | |
| २०७७/७८ | ८०२.९४ | ४२६६ | १८.८२ | ५.२५ | ५.५ |
| २०७८/७९ | ९८७.४५ | ४८५१ | २०.३५ | ४.७५ | ५.५ |
| २०७९/८० | ११२९.१० | ५३८१ | २०.९८ | ४.७६ | ५.५ |
| २०८०/८१ | ११८५.५३ | ५३८१ | २२.०९ | ३.०३ | ५.० |

*स्रोतः अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

*नोटः आर्थिक वर्ष २०८०/८१ को माघ मसान्त सम्मको विवरण समावेश गरिएको छ।*

- माथिको तालिका अनुसार नेपाल सरकारले विगत तीन वर्षमा आयोगले सिफारिस गरेको सीमाभित्र रहेर आन्तरिक ऋण परिचालन गरेको देखिएता पनि प्रत्येक आर्थिक वर्षमा आन्तरिक ऋण परिचालनको कुल हिस्सा घट्दै गएको छ।
- कूल तिर्न बाँकी आन्तरिक ऋण आर्थिक वर्ष २०७७/७८ मा रु. ८ सय २ अर्ब रहेकोमा करिब ४८ प्रतिशतले बढेर आर्थिक वर्ष २०८०/८१ को माघ मसान्तसम्म रु.११ सय ८५ अर्ब पुगेको देखिन्छ।

### तालिका ३.६: आन्तरिक ऋण निष्काशनको वार्षिक लक्ष्यको अवस्था

*(रकम रु. करोडमा)*

| विवरण | आर्थिक वर्षमा निष्काशनको लक्ष्य | | | | |
|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| ट्रेजरी बिल्स | ५६०० | ९००० | ९००० | १०५०० | १५००० |
| विकास ऋणपत्र | ७३०० | १०००० | १३००० | १२९५० | १०००० |
| राष्ट्रिय बचतपत्र | ० | ० | ० | ० | ० |
| नागरिक बचतपत्र | ० | ४०० | ४०० | ४०० | ५०० |
| वैदेशिक रोजगार बचतपत्र | ० | १०० | १०० | ५० | १०० |
| **कूल आन्तरिक ऋण** | **१२९००** | **१९५००** | **२२५००** | **२३९००** | **२५६००** |
| दीर्घकालीन उपकरण | ५७% | ५४% | ६०% | ५६% | ४१% |
| अल्पकालीन उपकरण | ४३% | ४६% | ४०% | ४४% | ५९% |

*स्रोतः अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

- माथिको तालिका अनुसार नेपाल सरकारले बार्षिक बजेटमा लिएको अल्पकालीन आन्तरिक ऋणका उपकरणको निष्काशनको लक्ष्य निरन्तर बढिरहेको देखिन्छ। आर्थिक वर्ष २०७५/७६ मा रु. ५ हजार ६ सय करोडको ट्रेजरी बिल्स निष्काशनको लक्ष्य रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा आइपुग्दा उक्त लक्ष्य १५ हजार करोड पुगेको देखिन्छ। सोही अवधिमा दीर्घकालीन उपकरण निष्काशनको लक्ष्य निरन्तर घटेर ५७ प्रतिशतबाट ४१ प्रतिशतमा झरेको तर अल्पकालीन उपकरण निष्काशनको लक्ष्य निरन्तर बढेर ४३ प्रतिशतबाट ५९ प्रतिशत पुगेको देखिन्छ।
- यसबाट सरकारले चालु प्रकृतिका कार्यहरूमा उपयोग गर्ने गरी आन्तरिक ऋण परिचालनको लक्ष्य बढाउँदै गएको अनुमान गर्न सकिने हुँदा अल्पकालीन ऋण उपकरणको प्रयोगलाई नीतिमा आधारित भई निश्चित सीमाभित्र राख्नु उपयुक्त हुन्छ।

### तालिका ३.७: कुल आन्तरिक ऋण परिचालनको संरचनागत अवस्था

*(रकम रु. करोडमा)*

| विवरण | आर्थिक वर्षमा परिचालित कुल आन्तरिक ऋण | | | | |
|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| ट्रेजरी बिल्स | २६४३.५ | ९३०० | ९००० | १०३९१.६६ | १५३६१ |
| विकास ऋणपत्र | ६९९४.७ | १०००० | १३००० | १२४५० | १०००० |
| राष्ट्रिय बचतपत्र | ० | ० | ० | ० | ० |
| नागरिक बचतपत्र | ० | १६०.५२ | ३९५.३९ | २८२.९८ | २३६.१३ |
| वैदेशिक रोजगार बचतपत्र | ० | ३.७१२ | ५.५२२ | ५.६६८ | २.६४ |
| **कूल आन्तरिक ऋण** | **९६३८.२** | **१९४६४.२३** | **२२४००.९१** | **२३१३०.३१** | **२५५९९.८** |
| दीर्घकालीन उपकरण | ७२.५७% | ५२.२२% | ५९.८२% | ५५.०७% | ४०.००% |
| अल्पकालीन उपकरण | २७.४३% | ४७.७८% | ४०.१८% | ४४.९३% | ६०.००% |

*स्रोतः अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

- माथिको तालिका अनुसार कुल आन्तरिक ऋण परिचालन उल्लेख्य मात्रामा बढेको तर दीर्घकालीन उपकरणको प्रयोग क्रमशः घट्दै गएको देखिन्छ। आर्थिक वर्ष २०७५/७६ मा कुल परिचालित आन्तरिक ऋण रु. ९ हजार ६३८ करोड रहेकोमा १६५.६ प्रतिशत ले बढेर आर्थिक वर्ष २०७९/८० को अन्तमा रु.२५ हजार ५९९ करोड पुगेको देखिन्छ।

- साथै, आर्थिक वर्ष २०७५/७६ मा कुल परिचालित आन्तरिक ऋणमा दीर्घकालीन उपकरणको हिस्सा ७२.५७ प्रतिशत रहेकोमा क्रमशः घटेर आर्थिक वर्ष २०७९/८० मा ४०.०० प्रतिशत पुगेको देखिन्छ। सरकारले आन्तरिक ऋण परिचालन गर्दा सकेसम्म अधिकतम उपकरणको उपयोग बढी गर्ने गरी नीतिगत व्यवस्था गरी सो बमोजिम नै उपकरण परिचालन गर्नुपर्ने देखिन्छ।

**तालिका ३.८ः वार्षिक आन्तरिक ऋणको सावाँ फिर्ताको विवरण**

*(रकम रु. करोडमा)*

| विवरण | आर्थिक वर्षमा फिर्ता गरिएको सावाँ | | | | |
|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| ट्रेजरी बिल्स | २४४९ | २४५७.४८ | २५६२.६६ | २९०० | ५०३०.२५ |
| विकास ऋणपत्र | ८५० | ७४० | ६०० | १८०० | ६४०० |
| राष्ट्रिय बचतपत्र | ९०.६५ | ० | ० | ० | ० |
| नागरिक बचतपत्र | ३४.०२ | २३३.९४ | ५०० | २८.५७ | ७५.११ |
| वैदेशिक रोजगार बचतपत्र | ७.६४ | ८.३७ | २७.४५ | ५.२१ | ४.१२ |
| **कूल भुक्तानी** | **३४३१.३** | **३४३९.८** | **३६९०.१** | **४७३३.८** | **११५०९.५** |
| दीर्घकालीन उपकरण | २९% | २९% | ३१% | ३९% | ५६% |
| अल्पकालीन उपकरण | ७१% | ७१% | ६९% | ६१% | ४४% |

*स्रोतः अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

- माथिको तालिका अनुसार नेपाल सरकारको ऋण भुक्तानी निरन्तर बढ्दो क्रममा रहेको छ। आर्थिक वर्ष २०७५/७६ मा कुल सावाँ फिर्ता रु. ३ हजार ४३१ करोड रहेकोमा २३५ प्रतिशतले बढेर आर्थिक वर्ष २०७९/८० को अन्तमा रु. ११ हजार ५०९ करोड पुगेको देखिन्छ।

- साथै, सरकारले दीर्घकालीन ऋणको भुक्तानी सम्झौता अनुसार गर्नैपर्ने भएकोले सोको भुक्तानी गरेको कारणले दीर्घकालीन ऋणको सावाँ फिर्ता वृद्धि हुँदै गएको तर अल्पकालीन आन्तरिक ऋणको भुक्तानी गर्नुका साटो मल्टिपल रोलओभर गरिरहेको कारणले अल्पकालीन ऋणको हिस्सा बढेपनि सावाँ भुक्तानीको हिस्सा घटिरहेको अनुमान गर्न सकिने हुँदा सरकारले नियमित रुपमा अल्पकालीन ऋणको सावाँ भुक्तानी गर्ने र संसदीय नियन्त्रणमा रहेर मात्र ट्रेजरी बिल्सको रोलओभर गर्नुपर्दछ।

**तालिका ३.९ः आन्तरिक ऋणको ब्याज तथा कमिसन भुक्तानीको वार्षिक विवरण**

*(रकम रु. करोडमा)*

| विवरण | आर्थिक वर्ष अनुसार ब्याज र कमिसन भुक्तानी (ऋण सेवा खर्च) | | | | |
|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| ट्रेजरी बिल्स | ५०३.८३ | ५२०.८० | ५८५.७१ | १०७२.१८ | २८१३.३९ |
| विकास ऋणपत्र | १००५.८३ | १४३१.५० | २१८०.४३ | २६२३.३६ | ३५८४.९० |
| राष्ट्रिय बचतपत्र | ३.७३ | ० | ० | ० | ० |
| नागरिक बचतपत्र | ६९.८२ | ६७.७८ | ६३.५२ | ५९.१० | ८५.५१ |
| वैदेशिक रोजगार बचतपत्र | ४.५१ | ४.१७ | ३.७७ | १.८५ | १.९० |
| **कूल खर्च** | **१५८७.७२** | **२०२४.२५** | **२८३३.४३** | **३७५६.४९** | **६४८५.७** |
| दीर्घकालीन उपकरण | ६८.२७% | ७४.२७% | ७९.३३% | ७१.४६% | ५६.६२% |
| अल्पकालीन उपकरण | ३१.७३% | २५.७३% | २०.६७% | २८.५४% | ४३.३८% |

*स्रोतः अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

- माथिको तालिका अनुसार नेपाल सरकारको ऋण सेवा खर्च निरन्तर बढिरहेको छ। आर्थिक वर्ष २०७५/७६ मा कुल आन्तरिक ऋण सेवा खर्च रु.एक हजार ५८७ करोड रहेकोमा क्रमशः बढेर आर्थिक वर्ष २०७९/८० मा रु.छ हजार ४८५ करोड पुगेको देखिन्छ। नेपाल सरकारले आन्तरिक राजस्वबाट ऋण सेवा खर्च धान्न सक्ने कुराको सुनिश्चितता दिने तर्फ ध्यान दिनुपर्दछ।

**तालिका ३.१०: तिर्न बाँकी कुल आन्तरिक ऋण दायित्वको विवरण**

*(रकम रु. करोडमा)*

| विवरण | आर्थिक वर्ष अनुसार कुल तिर्न बाँकी आन्तरिक ऋण दायित्व | | | | |
|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| ट्रेजरी बिल्स | १४६७९.२९ | २१५२१.८१ | २७९५९.१५ | ३५५८४.०५ | ४५७८१.५६ |
| विकास ऋणपत्र | २९७३४.७० | ३८९९४.७० | ५१३९४.७० | ६२०४४.७० | ६५६४४.७० |
| राष्ट्रिय बचतपत्र | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| नागरिक बचतपत्र | ८३७.६२ | ७६४.२० | ६५९.५९ | ९१४.०० | १०७५.०२ |
| वैदेशिक रोजगार बचतपत्र | ४५.१५ | ४०.५० | १८.५७ | १९.०२ | १७.५४ |
| IMF मूल्य समायोजन | २६.२८ | ५२.३४ | २६२.१६ | १८३.१६ | ३९१.५५ |
| **कूल परिचालन** | **४५३२३.०४** | **६१३७३.५५** | **८०२९४.१७** | **९८७४४.९३** | **११२९१०.३७** |
| दीर्घकालीन उपकरण | ६७.६१% | ६४.९३% | ६५.१८% | ६३.९६% | ५९.४५% |
| अल्पकालीन उपकरण | ३२.३९% | ३५.०७% | ३४.८२% | ३६.०४% | ४०.५५% |

*स्रोत: अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

- माथिको तालिका अनुसार तिर्न बाँकी कुल आन्तरिक ऋण दायित्व निरन्तर बढ्दै गएकोमा अल्पकालीन ऋणको हिस्सा बढ्दै गएको तर दीर्घकालीन ऋणको हिस्सा घट्दै गएको देखिन्छ। आर्थिक वर्ष २०७५/७६ मा अल्पकालीन ऋण उपकरणको हिस्सा ३२.३९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० को अन्तमा बढेर ४०.५५ प्रतिशत पुगेको देखिन्छ। आयोगले दिएको सुझाव अनुसार अल्पकालीन र दीर्घकालीन ऋणको परिचालन निश्चित सीमाभित्र रहेर गर्नुका साथै लाभदायक आयोजनाहरूमा मात्र ऋणको उपयोग गर्नेतर्फ सरकारले ध्यान दिनुपर्छ।

**तालिका ३.११: नगर विकास कोषबाट परिचालित ऋण दायित्वको क्षेत्रगत विवरण**

*(रकम रु. लाखमा)*

| आर्थिक वर्ष | शहरी पूर्वाधार | | खानेपानी आयोजना | | यातायात पूर्वाधार | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | लगानी | उठ्न बाँकी | लगानी | उठ्न बाँकी | लगानी | उठ्न बाँकी | लगानी | उठ्न बाँकी |
| २०७७/७८ | ४६४१०.२२ | ३५५६७.६९ | ६११२३.८८ | ५४४९१.८३ | ५५७.९१ | ४४१.८९ | १०८०९२.०१ | ९०५०१.४१ |
| २०७८/७९ | ४८७१५.०६ | ३६४८५.५५ | ६३७५६.०७ | ६०२३७.८७ | ५५७.९१ | ४४१.८९ | ११३०२९.०४ | ९७१६५.३१ |
| २०७९/८० | ४८६२९.३९ | ३८०५२.८३ | ७०२०९.०८ | ६४६३१.८५ | ५५७.९१ | ४४१.८९ | ११९३९६.३८ | १०३१२६.५७ |
| २०८०/८१ | ४९४३७.९८ | ३८९६१.२५ | ७२३०८.६६ | ६६१९८.६७ | ५५७.९१ | ४४१.८९ | १२२३०४.५५ | १०५६०१.८१ |

*स्रोत: नगर विकास कोष*

*नोटः आर्थिक वर्ष २०८०/८१ को फाल्गुण मसान्त सम्मको विवरण समावेश छ।*

- आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ मा स्थानीय तहको सिफारिस खण्डमा स्थानीय तहको पूर्वधार निर्माणमा ऋण प्रवाह गर्ने प्रयोजनका साथ नेपाल सरकारले गठन गरेको नगर विकास कोष लगायतका विशिष्टीकृत संस्थाले गर्ने ऋण लगानीको हकमा सिफारिस गरिएको सीमा लागू नहुने उल्लेख गरिएको थियो।

- आर्थिक वर्ष २०७८/७९, २०७९/८० र २०८०/८१ को सिफारिसमा नगर विकास कोष जस्ता संस्थामार्फत प्रवाह हुने ऋण समेतलाई आयोगले सिफारिस गरेको सम्बन्धित तहको आन्तरिक ऋणको सीमाभित्र राख्नुपर्ने भनी सुझाव दिइएको छ। नगर विकास कोषबाट प्रदान गरिएको ऋणको विवरण उपलब्ध भएपनि स्थानीय सरकारहरूको ऋण र राजस्वको विवरण पूर्ण रुपमा प्राप्त नहुँदा यस सम्बन्धी विश्लेषण हुन सकेको छैन।

**तालिका ३.१२ः नेपाल सरकारको राजस्व, चालु खर्च र ब्याज कमिसन भुक्तानीको अवस्था**

*(रकम रु. लाखमा)*

| आर्थिक वर्ष | राजस्व परिचालन | चालु खर्च | राजस्व र चालु खर्चको फरक | आन्तरिक ऋणको सावाँ भुक्तानी | आन्तरिक ऋणको ब्याज कमिसन भुक्तानी |
|---|---|---|---|---|---|
| २०७८/७९ | ९८६७८३४ | ९३७६८४० | ४९०९९४ | ४७३३८० | ३७५६४९ |
| २०७९/८० | ८८७३६२१ | ९८७३२५५ | -९९९६३४ | ११५०९५० | ६४८५७० |

*स्रोत: महालेखा नियन्त्रक कार्यालय र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

- नेपाल सरकारको चालु खर्च विगत वर्षदेखि नै निरन्तर बढिरहेको तर चालु खर्च वृद्धिको अनुपातमा राजस्व सङ्कलनको वृद्धिदर न्यून रहेको देखिन्छ। माथिको तालिका अनुसार आर्थिक वर्ष २०७८/७९ र २०७९/८० मा सङ्घीय सरकारको राजस्व आम्दानी भन्दा आन्तरिक ऋणको वित्तीय व्यवस्थापन खर्च र चालु खर्चको योगफल बढी देखिएकोले सरकारले चालु खर्चमा सुझबुझपूर्ण मितव्ययिता अपनाउनुका साथै, राजस्वको दायरा विस्तार र चुहावट नियन्त्रण गरी राजस्व सङ्कलनमा उल्लेख्य वृद्धि गर्नुपर्दछ।

## घ. आर्थिक वर्ष २०८१/८२ को लागि आन्तरिक ऋणको सीमा सिफारिस

सार्वजनिक ऋण सम्बन्धी विभिन्न मुलुकको अभ्यास, अन्तर्राष्ट्रिय संस्थाहरूले न्यून आय भएका मुलुक र नेपालको सार्वजनिक ऋणको सम्बन्धमा गरेको अध्ययन प्रतिवेदनका विषयहरू, नेपालको विगतको अभ्यास र अनुभव एवम् समष्टिगत अर्थतन्त्रका सम्बन्धमा माथि प्रस्तुत तथ्याङ्क र विवरण समेतका आधारमा आर्थिक वर्ष २०८१/८२ का लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा देहाय बमोजिम निर्धारण गरी सिफारिस गरिएको छः

### १. नेपाल सरकार

नेपालको समष्टिगत आर्थिक स्थिति, राजस्व र खर्चको अनुमान र बजार सहजता समेतको विश्लेषण गरी नेपाल सरकारले आर्थिक वर्ष २०८१/८२ का लागि अनुमानित कुल गार्हस्थ उत्पादनको ५.० प्रतिशतमा नबढ्ने गरी राष्ट्रिय नीति/योजनामा आधारित भई लागत लाभ विश्लेषण (Cost Benefit Analysis - CBA) बाट आन्तरिक प्रतिफल दर (Internal Rate of Return - IRR) वा खुद वर्तमान मूल्य (Net Present Value - NPV) उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका लागि आन्तरिक ऋण उठाउन सक्नेछ। साथै, राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी आयोजना र मध्यमकालीन खर्च संरचना अन्तर्गतको पहिलो प्राथमिकता प्राप्त आयोजना कार्यान्वयनका लागि रकम नपुग भएमा आयोगले देहायको प्रकरण २ र ३ अनुसार प्रदेश र स्थानीय सरकारलाई सिफारिस गरिएको आन्तरिक ऋणको सीमा मध्ये प्रदेश र स्थानीय सरकारले उक्त आर्थिक वर्षमा परिचालन नगरेको हदसम्म, कुल गार्हस्थ उत्पादनको ०.५ प्रतिशतले नबढ्ने गरी थप आन्तरिक ऋण परिचालन गर्न सक्नेछ।

### २. प्रदेश सरकार

प्रदेश सरकारहरूले आन्तरिक ऋण परिचालनको संरचनागत र प्रकृयागत प्रबन्ध पूरा भएको अवस्थामा आर्थिक वर्ष

२०८१/८२ मा नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी राष्ट्रिय र प्रादेशिक नीति/योजनामा आधारित भई लागत लाभ विश्लेषणबाट आन्तरिक प्रतिफल दर (Internal Rate of Return - IRR) वा खुद वर्तमान मूल्य (Net Present Value - NPV) उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका लागि नेपाल सरकारको स्वीकृतिमा आन्तरिक ऋण उठाउन सक्नेछन्।

**३. स्थानीय सरकार**

स्थानीय सरकारहरूले आन्तरिक ऋण परिचालनको संरचना र प्रकृयागत प्रबन्ध पूरा भएको अवस्थामा आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र स्थानीय सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी राष्ट्रिय, प्रादेशिक र स्थानीय नीति/योजनामा आधारित भई लागत लाभ विश्लेषणबाट आन्तरिक प्रतिफल दर (Internal Rate of Return - IRR) वा खुद वर्तमान मूल्य (Net Present Value - NPV) उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका लागि आन्तरिक ऋण उठाउन सक्नेछन्।

## ङ. आन्तरिक ऋण उठाउने सम्बन्धमा आयोगका सुझावहरू

आन्तरिक ऋणको परिचालनको सन्दर्भमा आयोगको तर्फबाट निम्न बमोजिमका सुझावहरू दिइएको छः

क. आयोजनाहरूको लागत लाभ विश्लेषण (Cost Benefit Analysis - CBA), खुद वर्तमान मूल्य (Net Present Value - NPV) र आन्तरिक प्रतिफल दरको विश्लेषण गरी प्रचलित पूँजीको लागत भन्दा वित्तीय आन्तरिक प्रतिफल दर (Financial internal rate of return - FIRR) बढी भएका नाफामूलक (Bankable) आयोजना र आर्थिक आन्तरिक प्रतिफलदर (Economic internal rate of return - EIRR) बढी भएका सामाजिक क्षेत्रका आयोजनामा मात्र आन्तरिक ऋणको उपयोग गर्ने।

ख. ऋण लगानी गरी सञ्चालन हुने क्रमागत आयोजना वा नयाँ आयोजनाको पहिचान, विकास र छनौट गर्दा अन्य विषयका अतिरिक्त आयोजना वा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त हुने प्रतिफलबाट ऋण लगानीको साँवा र ब्याज भुक्तानी गर्न सकिने सुनिश्चित गर्ने र उत्पादन वृद्धि, रोजगारी सिर्जना, आय वृद्धि, पूर्वाधार विकास र पूँजी निर्माण हुने खालका पूर्व तयारी सम्पन्न भएका आयोजना/परियोजनामा मात्र आन्तरिक ऋण परिचालन गर्ने।

ग. आन्तरिक ऋण परिचालनको लागि आवश्यक सम्पूर्ण पूर्वाधार तथा संरचनाहरू विकास भइसकेको अवस्थामा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ मा उल्लेख भए बमोजिम नेपाल सरकारको स्वीकृति प्राप्त भएपछि मात्र प्रदेश र स्थानीय सरकारहरूले आन्तरिक ऋणलाई बजेटमा स्रोतको रुपमा उल्लेख गर्ने र तीन वटै तहका सरकारहरूले बजेट तर्जुमा गर्दा आयोजना/कार्यक्रमको स्रोतगत विवरण खण्डमा अनिवार्य रुपमा आन्तरिक ऋण उल्लेख गर्ने।

घ. नेपाल राष्ट्र बैंकले तीन तहका सरकारलाई उपलब्ध गराएको तर एक वर्ष भित्र फरफारक हुन नसकेको अधिविकर्ष कर्जा (Overdraft loan), स्थानीय शहरी पूर्वाधारका क्षेत्रमा ऋण प्रवाह गर्ने प्रयोजनका साथ स्थापना भएका नगर विकास कोष जस्ता विशिष्टीकृत वित्तीय मध्यस्थकर्ता संस्था र अन्य कानून बमोजिम सार्वजनिक दायित्व सिर्जना हुनेगरी वा सरकार जमानत/प्रतिजमानत बसी प्रवाह गरिने जुनसुकै प्रकृतिका ऋणहरू समेतलाई आयोगले सिफारिस गरेको सम्बन्धित सङ्घीय इकाइको आन्तरिक ऋणको सीमाभित्र व्यवस्थित गर्ने।

ङ. सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमार्फत नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले तीनवटै तहबाट परिचालित आन्तरिक ऋण र समग्र सार्वजनिक ऋणको एकीकृत विद्युतीय सूचना व्यवस्थापन, लेखाङ्कन र प्रतिवेदन प्रणालीको व्यवस्था मिलाउने, त्यस्तो प्रणालीमाथि आयोगको समेत पहुँच रहने गरी सुविधा प्रदान गर्ने।

च. आन्तरिक ऋणको अल्पकालीन उपकरण प्रयोग गरी उठाइने सार्वजनिक ऋण बजारमा ब्याजदर न्यून भएको समयमा उठाउने व्यवस्था मिलाउने र अल्पकालीन ऋण उपकरणको नवीकरणलाई समेत नयाँ ऋणको रुपमा बजेट प्रस्तावमा समावेश गरी संसदबाट अनुमोदन गरेरमात्र परिचालन, लेखाङ्कन र प्रतिवेदन गर्ने।

छ. तीनवटै तहका सरकारहरूबाट राजस्व र व्ययको अनुमान सभामा पेश भएपछिको विवरण र हरेक आर्थिक वर्षको अन्तिमसम्मको आन्तरिक ऋण परिचालनको अनुमानित र वास्तविक रकमको विवरण क्षेत्रगत, आयोजनागत, शीर्षकगत र स्रोतगत रुपमा खुलाई वार्षिक रुपमा यस आयोगमा उपलब्ध गराउने व्यवस्था मिलाउने।

ज. आन्तरिक ऋण परिचालनलाई भविष्यको राजस्व वर्तमानमा खर्च गरे सरह मानिने भएकोले आन्तरिक आम्दानीबाट आन्तरिक ऋणको सावाँ ब्याज भुक्तानी गर्न सकिने अवस्थामा पुग्न तीन तहका सरकारले सिफारिस भएको सीमा बमोजिमको आन्तरिक ऋण परिचालन र राजस्व सुधार कार्ययोजना बनाई कार्यान्वयन गर्ने।

## ३.४ आर्थिक वर्ष २०८१/८२ का लागि एकल कर प्रशासन अन्तर्गत प्रदेश सरकारले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गर्ने सवारी साधन करलाई स्थानीय सरकारबीच बाँडफाँट सम्बन्धमा मिति २०८१/१२/२५ मा प्रदेश सरकार, कर्णाली प्रदेशलाई गरिएको सिफारिस

### क. पृष्ठभूमि

सङ्घीय शासन प्रणालीको महत्वपूर्ण आधारस्तम्भको रूपमा वित्तीय सङ्घीयता रहेको हुन्छ। वित्तीय सङ्घीयताका विभिन्न अवयवहरू मध्येको एक भनेको सङ्घीय इकाइहरूबीचमा राजस्व अधिकारको बाँडफाँट हो। तहगत सरकारबीचमा एकातर्फ खर्चको आवश्यकताका आधारमा राजस्व अधिकारको बाँडफाँट गरिन्छ भने अर्कोतर्फ समग्र राजस्व प्रशासनलाई मितव्ययी एवम् प्रभावकारी बनाउन र करदाताहरूको कर कानून पालनालाई सहज तुल्याउन पनि तहगत सरकारबीच राजस्व प्रशासन सम्बन्धमा आवश्यक समन्वय तथा सहकार्यको आवश्यकता पर्दछ।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय सरकारको एकल तथा साझा अधिकारका विषयहरू सूचीकृत गर्नुका साथै तीनै तहको आर्थिक कार्यप्रणाली सम्बन्धमा समेत छुट्टाछुट्टै व्यवस्था गरेको छ। साथै, तहगत सरकारबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने समेत स्पष्ट उल्लेख गरिएको छ। संविधानको उल्लिखित व्यवस्थालाई आत्मसात गर्दै प्रदेश र स्थानीय सरकार दुवैको एकल अधिकार क्षेत्रभित्र परेका घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन कर उठाउने अधिकारलाई अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले एकल कर प्रशासनको दायरामा ल्याई त्यसरी सङ्कलित राजस्व आयलाई प्रदेश र स्थानीय तहबीचमा बाँडफाँटको व्यवस्था गरेको छ।

एकल कर प्रशासन अन्तर्गत सवारी साधन करको दर निर्धारण र सङ्कलनको कार्य प्रदेश सरकारले गर्दछ भने त्यसरी सङ्कलित कर रकमको ६० प्रतिशतले हुने रकम प्रदेश सरकारलाई र ४० प्रतिशतले हुने रकम स्थानीय सरकारलाई बाँडफाँट गर्ने व्यवस्था अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. को उपदफा (२) ले गरेको छ। साथै, स्थानीय सरकारलाई बाँडफाँट हुने कुल रकमलाई प्रदेशभित्र रहेका स्थानीय सरकारबीचमा बाँडफाँटको आधार र ढाँचा निर्धारण गरी सिफारिसको जिम्मेवारी संवैधानिक निकायको रूपमा रहेको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको रहेको छ। यसै व्यवस्थालाई कार्यान्वयन गर्ने क्रममा विगतका वर्षहरूमा जस्तै आगामी आर्थिक वर्ष २०८१/८२ का लागि पनि प्रदेश सरकारले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गर्ने सवारी साधन करलाई स्थानीय सरकारबीच बाँडफाँटको आधार, ढाँचा र हिस्सा यस आयोगबाट निर्धारण गरी प्रदेश सरकारलाई सिफारिस गरिएको छ।

### ख. कानुनी व्यवस्था

#### १. नेपालको संविधान

- **धारा ६० - राजस्व स्रोतको बाँडफाँट**

  (१) सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्नेछन्। तर साझा सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

  (७) सङ्घ, प्रदेश र स्थानीय तहबीच राजस्वको बाँडफाँट गर्दा सन्तुलित र पारदर्शी रूपमा गर्नु पर्नेछ।

- **अनुसूची ६ - प्रदेशको अधिकारको सूचीः** क्र.सं.४ मा सवारी साधन कर समेत रहेको।
- **अनुसूची ८ - स्थानीय तहको अधिकारको सूचीः** क्र.सं.४ मा सवारी साधन कर समेत रहेको।

२. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

- **दफा ५ - एकल कर प्रशासन**

(१) यस ऐन तथा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संविधानको अनुसूचीमा प्रदेश र स्थानीय तह दुबैको अधिकारसूचीमा रहेका देहायको कर देहाय बमोजिम लगाइने र उठाइनेछः

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने,

तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउनेछ।

- **दफा ६क. - सवारी साधन करको बाँडफाँट**

(१) दफा ५ उपदफा (१) को खण्ड (क) बमोजिम प्रदेशले लगाएको र उठाएको सवारी साधन करबाट उठेको रकम प्रदेश सरकारले प्रदेश विभाज्य कोषमा जम्मा गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये साठी प्रतिशत प्रदेश सरकारलाई र चालीस प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिनेछ।

(३) उपदफा (२) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये प्रदेश सरकारले प्राप्त गर्ने रकम प्रदेश सञ्चित कोषमा दाखिला गरिनेछ र स्थानीय तहलाई प्रदान गरिने रकम स्थानीय विभाज्य कोषमा जम्मा गरिनेछ।

(४) उपदफा (३) बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम संविधान र यस ऐनको अधीनमा रही आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँट गर्नेछ।

(५) उपदफा (४) बमोजिम बाँडफाँटबाट प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम प्रदेश सरकारले मासिक रूपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम बाँडफाँट हुने रकम आर्थिक वर्षको अन्तिम महिनामा हिसाब मिलान गरिनेछ।

## ग. सवारी साधन कर बाँडफाँटको सिफारिसमा प्रयोग गरिएका तथ्याङ्कको स्रोत

सवारी साधन करलाई प्रदेश भित्रका स्थानीय सरकारबीचमा बाँडफाँटको हिस्सा निर्धारण गर्दा आयोगको निर्णयबाट निर्धारित सूचक(आधार) र भार प्रतिशत(ढाँचा) बमोजिम आवश्यक तथ्याङ्कहरू विभिन्न स्रोतहरूबाट सङ्कलन गरिएको छ, जसको विवरण यसप्रकार रहेको छः

| क्र.सं. | सूचक | स्रोत |
|---|---|---|
| १. | जनसङ्ख्या | राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय |
| २. | सडकको लम्बाइ | सडक विभाग, शहरी विकास तथा भवन निर्माण विभाग र स्थानीय पूर्वाधार विभाग (२०१८) |
| ३. | वन/पर्यावरण - (वनले ढाकेको क्षेत्रफल) | वन तथा वातावरण मन्त्रालय |
| ४. | क्षेत्रफल | अध्ययन कार्यदल (२०७५) ले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रयोजनका लागि एकीन गरिएको स्थानीय तहको क्षेत्रफल |

### घ. सवारी साधन कर बाँडफाँटको हिस्सा सिफारिस गर्न लिइएका आधार र ढाँचा तथा सोको व्याख्या एवम् विश्लेषण

आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेश सरकारले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गर्ने सवारी साधन करलाई प्रदेश भित्रका स्थानीय सरकारबीचमा बाँडफाँट सम्बन्धमा यस आयोगले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. को उपदफा (४) ले गरेको व्यवस्था बमोजिम देहायको सूचक (आधार) र भार प्रतिशत (ढाँचा) निर्धारण गरी सवारी साधन कर बाँडफाँटको हिस्सा सिफारिस गरेको छः

| क्र.सं. | सूचक | भार प्रतिशत |
|---|---|---|
| १. | जनसङ्ख्या | ४०% |
| २. | सडकको लम्बाई | ४०% |
| ३. | वन/पर्यावरण-(वनले ढाकेको क्षेत्रफल) | १०% |
| ४. | क्षेत्रफल | १०% |
| | **जम्मा** | **१००%** |

#### १. जनसङ्ख्या

प्रत्येक स्थानीय सरकारमा प्रयोगमा आउने सवारी साधनको सङ्ख्याको निर्धारण प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सोही स्थानमा बसोबास गर्ने जनताको सङ्ख्याले निर्धारण गरेको हुन्छ भने सवारी साधनको प्रयोगसँगै हुने सकारात्मक तथा नकारात्मक असर/प्रभाव पनि स्थानीय जनतामा नै सबैभन्दा बढी परेको हुन्छ। यस अर्थमा सवारी साधनबाट प्राप्त हुने करको बाँडफाँटको एउटा महत्वपूर्ण सूचकको रूपमा सम्बन्धित स्थानीय सरकारका जनताको सङ्ख्या रहनुपर्ने हुन्छ। यसै यथार्थतालाई स्वीकार गर्दै, सवारी साधन कर बाँडफाँटको हिस्सा निर्धारण गर्ने प्रयोजनार्थ राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त स्थानीय सरकारको जनसङ्ख्याको आधारमा यस जनसङ्ख्या सूचकलाई जम्मा ४० प्रतिशत भार दिइएको छ।

#### २. सडकको लम्बाइ

सवारी साधन कर सङ्कलनको एउटा महत्वपूर्ण उद्देश्य भनेको ती सवारी साधन गुड्ने सडकको मर्मत सम्भार एवम् स्तरोन्नति गर्नु पनि हो। यस अर्थमा सवारी साधन करको बाँडफाँटको एउटा महत्वपूर्ण सूचकको रूपमा सम्बन्धित स्थानीय सरकारमा रहेको सडक सञ्जाल (सडकको लम्बाइ) लाई लिनु आवश्यक हुन्छ। अतः प्रत्येक स्थानीय सरकारमा रहेको सडकको लम्बाइलाई सवारी साधन कर बाँडफाँटको एउटा आधार वा सूचकको रूपमा समावेश गरिएको छ। साथै, समग्र सूचकहरूको सङ्ख्या र सडक लम्बाइको सापेक्षित महत्व समेतलाई ध्यानमा राख्दै सडक विभाग, भवन तथा शहरी विकास विभाग र स्थानीय पूर्वाधार विकास विभाग (२०१८) बाट प्राप्त तथ्याङ्कको आधारमा यस सडकको लम्बाइ सूचकलाई ४० प्रतिशत भार प्रदान गरिएको छ।

#### ३. वन/पर्यावरण

वन क्षेत्रको विद्यमान अवस्थितिलाई कायमै राख्न तथा थप वन क्षेत्रको विस्तार गरी पर्यावरणीय सन्तुलनको लागि स्थानीय सरकारले गरेका प्रयासहरूलाई कर बाँडफाँटको माध्यमबाट प्रोत्साहित गर्नुपर्ने हुन्छ। स्थानीय सरकारगत रूपमा प्रत्येक वर्ष वन क्षेत्रको विस्तारसम्बन्धी विस्तृत तथ्याङ्क उपलब्ध हुन नसकेको र पर्यावरणभित्र व्यापक र विस्तृत आवरण रहेको र यस सम्बन्धी आधिकारिक तथ्याङ्क उपलब्ध हुन नसकेको विद्यमान अवस्थामा वन तथा वातावरण मन्त्रालयबाट वनको क्षेत्रसम्बन्धी प्राप्त पछिल्लो तथ्याङ्कको आधारमा वन/पर्यावरणलाई सवारी साधन कर बाँडफाँटको एउटा आधारको रूपमा समावेश गरिएको छ। साथै, भविष्यमा वन/पर्यावरण क्षेत्रको विस्तारमा गरेको वार्षिक प्रगतिलाई समेत थप सूचकको रूपमा समावेश गर्दै लगिनेछ। सवारी साधन करको रकमलाई वन क्षेत्रको संरक्षण र विस्तारमा परिचालन गर्न सकियोस् भन्ने उद्देश्यका साथ स्थानीय सरकारको वनले ढाकेको क्षेत्रफललाई १० प्रतिशत भार दिइएको छ।

### ४. क्षेत्रफल

सडकको पहुँच नभएका तर ठूलो क्षेत्रफल भएका स्थानीय तहको सडक पूर्वाधारको विस्तारको आवश्यकतालाई सम्बोधन गर्नको लागि अध्ययन कार्यदल (२०७५) ले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रयोजनका लागि एकीन गरिएको स्थानीय तहहरूको क्षेत्रफलसम्बन्धी उपलब्ध तथ्याङ्कको आधारमा सवारी साधन कर बाँडफाँटको आधार र ढाँचामा स्थानीय तहको क्षेत्रफल (भूगोल) लाई सूचकको रुपमा समावेश गरी क्षेत्रफललाई १० प्रतिशत भार दिइएको छ।

उपरोक्त आधार र ढाँचामा रहेर आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेश सरकार, कर्णाली प्रदेशले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गर्ने सवारी साधन करलाई सो प्रदेश भित्रका स्थानीय सरकारबीचमा बाँडफाँटको हिस्सा तालिका ३.१३ बमोजिम हुने गरी सिफारिस गरिएको छः

## ङ. सवारी साधन कर सङ्कलन तथा बाँडफाँट र उपयोगसम्बन्धी सुझावहरू

- एक प्रदेशमा दर्ता एवम् नवीकरण भएका सवारी साधनहरू अन्य प्रदेशहरूमा पनि निर्वाध रूपमा आवागमन गर्न पाउने व्यवस्था सुरक्षित रहेको छ। यस क्रममा कतिपय सवारी धनीले आफूले तिर्नु बुझाउनुपर्ने सवारी साधन कर नेपालभित्र आफू जुन स्थानमा बसेको छ, सो नजिकै रहेको सवारी साधन कर उठाउने कार्यालयबाट बुझाउन मिल्ने व्यवस्था मिलाउँदा करदातालाई सहज हुनेछ भने त्यसरी सङ्कलन हुने राजस्वलाई प्रदेश-प्रदेशबीचको समन्वयमा सम्बन्धित प्रदेशमा हस्तान्तरण गर्न सकिनेछ। अतः यसतर्फ सम्बन्धित प्रदेश सरकारले ध्यान दिनु उपयुक्त हुनेछ। साथै, आधुनिक सूचना प्रविधिको प्रयोग गर्दै विद्युतीय प्रणालीबाट सवारी साधन करको भुक्तानी व्यवस्था मिलाउँदा राजस्व भुक्तानी र सङ्कलनमा थप सहजता आउनेछ।
- प्रदेश सरकारले सङ्कलन गरेको कुल सवारी साधन करको ४० प्रतिशतले हुने रकम स्थानीय सरकारलाई बाँडफाँट गर्नुपूर्व स्थानीय विभाज्य कोषमा जम्मा गरिने र त्यस्तो कोषमा जम्मा भएको रकमलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको हिस्सा बमोजिम प्रदेश सरकारले स्थानीय सरकारको सञ्चित कोषमा मासिक रूपमा हस्तान्तरण गर्दै जानुपर्ने कानूनी व्यवस्था रहेको छ। तर हालसम्मको अभ्यासमा प्रदेश सरकारले सवारी साधन कर बाँडफाँटको रकमलाई मासिक रूपमा स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी हस्तान्तरण गरेको पाइएको छैन। यस किसिमको व्यवहारले कानूनी व्यवस्थाको पूर्ण पालना नभएको कारणले स्थानीय सरकारको स्रोत व्यवस्थापनमा कठिनाई उत्पन्न भएको छ। अतः सबै प्रदेश सरकारले स्थानीय सरकारलाई बाँडफाँट गर्नुपर्ने सवारी साधन करको रकम मासिक रूपमा स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी अनिवार्य हस्तान्तरण गर्नु पर्नेछ।
- प्रदेश सरकारले सङ्कलन गरेको सवारी साधन करलाई यथार्थ समयमा आधारित (Real Time Based) रहेर कानूनबमोजिम प्रदेश विभाज्य कोष र तत् पश्चात् स्थानीय विभाज्य कोषमा स्वतः जम्मा हुने र मासिक रूपमा सम्बन्धित स्थानीय सरकारको सञ्चित कोषमा जम्मा हुने किसिमको विद्युतीय प्रणालीको स्थापना र सञ्चालन गर्न सक्दा सवारी साधन करको बाँडफाँटमा थप प्रभावकारिता र पारदर्शिताको विकास हुनेछ।
- सवारी साधन कर सङ्कलनको कार्य सरकारको समग्र राजस्व आय सङ्कलनसँग मात्र आवद्ध नगरी यसको विशिष्ट उद्देश्यलाई समेत ध्यान दिनु आवश्यक छ। सवारी साधन कर सङ्कलनको उद्देश्य सवारी साधनको सहज आवागमनका लागि आवश्यक सडक पूर्वाधारको विस्तार र मर्मत सम्भार गर्नुको साथै सवारी साधनको प्रयोगबाट उत्पन्न हुन सक्ने सम्भाव्य नकारात्मक असर तथा प्रभावलाई न्यूनीकरण गर्न आवश्यक नियन्त्रणात्मक उपायहरू अपनाउन आवश्यक स्रोतको व्यवस्थापन गर्नु समेत हो। यसै सन्दर्भमा सवारी साधन कर बाँडफाँटको रकमलाई प्रदेश तथा स्थानीय सरकारले मूलतः देहायका कार्यमा विनियोजन र खर्च गर्नु आवश्यक देखिन्छः

- प्रादेशिक तथा स्थानीय सडकको मर्मत सम्भार गर्न,
- प्रादेशिक तथा स्थानीय सडकको सुरक्षासम्बन्धी आवश्यक सङ्केत चिन्ह, सूचना लगायतका पूर्वाधारको स्थापना र मर्मत सम्भार गर्न,
- सवारी चालक तथा सहचालकहरू, यात्रुहरू र आम नागरिकहरूका बीचमा सडकको सुरक्षित उपयोगसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न,
- सवारी साधनको प्रयोगसँगै यसबाट वातावरणमा पर्ने असर/प्रभावलाई न्यूनीकरण गर्ने कार्य, मूलतः वनजङ्गलको संरक्षण र प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न,
- वातावरणमैत्री सवारी साधनको प्रवर्द्धन गर्न,
- प्रदेश र स्थानीय सरकारको सार्वजनिक यातायात प्रणालीलाई व्यवस्थित बनाउन मूलतः बसपार्क, यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण लगायतका पूर्वाधार निर्माण गर्न।

**तालिका ३.१३: आर्थिक वर्ष २०८१/८२ का लागि एकल कर प्रशासनअन्तर्गत प्रदेश सरकार, कर्णाली प्रदेशले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गर्ने सवारी साधन करको स्थानीय सरकारबीच बाँडफाँटको हिस्सा**

| क्र.सं. | जिल्ला | संकेत नं. | स्थानीय सरकारको नाम | सवारी साधन करको बाँडफाँट हिस्सा |
|---|---|---|---|---|
| १ | डोल्पा | ६०१०१ | डोल्पो बुद्ध गाउँपालिका | ०.००४४७२८२ |
| २ | डोल्पा | ६०१०२ | शे फोक्सुण्डो गाउँपालिका | ०.०१०६८१५४ |
| ३ | डोल्पा | ६०१०३ | जगदुल्ला गाउँपालिका | ०.००४५०५१० |
| ४ | डोल्पा | ६०१०४ | मुड्केचुला गाउँपालिका | ०.००३८७५५७ |
| ५ | डोल्पा | ६०१०५ | त्रिपुरासुन्दरी नगरपालिका | ०.००८२८७८० |
| ६ | डोल्पा | ६०१०६ | ठुलीभेरी नगरपालिका | ०.००७५२२४६ |
| ७ | डोल्पा | ६०१०७ | काइके गाउँपालिका | ०.००४३०६९९ |
| ८ | डोल्पा | ६०१०८ | छार्का ताङसोङ गाउँपालिका | ०.००७७४२४३ |
| ९ | मुगु | ६०२०१ | मुगुमकार्मारोग गाउँपालिका | ०.०११८२१०२ |
| १० | मुगु | ६०२०२ | छायाँनाथ रारा नगरपालिका | ०.०२३९७९८३ |
| ११ | मुगु | ६०२०३ | सोरु गाउँपालिका | ०.००६९८२०५ |
| १२ | मुगु | ६०२०४ | खत्याड गाउँपालिका | ०.००९८२८४० |
| १३ | हुम्ला | ६०३०१ | चंखेली गाउँपालिका | ०.००८०४९०० |
| १४ | हुम्ला | ६०३०२ | खार्पुनाथ गाउँपालिका | ०.००७४४१९६ |
| १५ | हुम्ला | ६०३०३ | सिमकोट गाउँपालिका | ०.००७४११८२ |
| १६ | हुम्ला | ६०३०४ | नाम्खा गाउँपालिका | ०.०१६०७७०१ |
| १७ | हुम्ला | ६०३०५ | सर्केगाड गाउँपालिका | ०.००९४२०३८ |
| १८ | हुम्ला | ६०३०६ | अदानचुली गाउँपालिका | ०.००४४४७९७ |
| १९ | हुम्ला | ६०३०७ | ताँजाकोट गाउँपालिका | ०.००३५१९०५ |
| २० | जुम्ला | ६०४०१ | पातारासी गाउँपालिका | ०.०११७५२३२ |
| २१ | जुम्ला | ६०४०२ | कनका सुन्दरी गाउँपालिका | ०.०१०२३३०० |
| २२ | जुम्ला | ६०४०३ | सिंजा गाउँपालिका | ०.००६०४०७२ |
| २३ | जुम्ला | ६०४०४ | चन्दननाथ नगरपालिका | ०.०१२१७४४३ |
| २४ | जुम्ला | ६०४०५ | गुठिचौर गाउँपालिका | ०.००८४५२७० |
| २५ | जुम्ला | ६०४०६ | तातोपानी गाउँपालिका | ०.००९११०२६ |
| २६ | जुम्ला | ६०४०७ | तिला गाउँपालिका | ०.००६०१६०१ |
| २७ | जुम्ला | ६०४०८ | हिमा गाउँपालिका | ०.००६०००२६ |
| २८ | कालिकोट | ६०५०१ | पलाता गाउँपालिका | ०.००७३९८२५ |

| क्र.सं. | जिल्ला | संकेत नं. | स्थानीय सरकारको नाम | सवारी साधन करको बाँडफाँट हिस्सा |
|---|---|---|---|---|
| २९ | कालिकोट | ६०५०२ | पचाल झरना गाउँपालिका | ०.००६२५८०३ |
| ३० | कालिकोट | ६०५०३ | रास्कोट नगरपालिका | ०.००४९९६५९ |
| ३१ | कालिकोट | ६०५०४ | सान्नी त्रिवेणी गाउँपालिका | ०.००५०९८९८ |
| ३२ | कालिकोट | ६०५०५ | नरहरिनाथ गाउँपालिका | ०.००६९२४४२ |
| ३३ | कालिकोट | ६०५०६ | खाँडाचक्र नगरपालिका | ०.०१६६३२५२ |
| ३४ | कालिकोट | ६०५०७ | तिलागुफा नगरपालिका | ०.००७५९५३३ |
| ३५ | कालिकोट | ६०५०८ | महावै गाउँपालिका | ०.००५१०२८६ |
| ३६ | कालिकोट | ६०५०९ | शुभ कालीका गाउँपालिका | ०.००४२३५३६ |
| ३७ | दैलेख | ६०६०१ | नौमुले गाउँपालिका | ०.०१०२४२७८ |
| ३८ | दैलेख | ६०६०२ | महाबु गाउँपालिका | ०.००८०९६०५ |
| ३९ | दैलेख | ६०६०३ | भैरवी गाउँपालिका | ०.००८७३५३४ |
| ४० | दैलेख | ६०६०४ | ठाँटीकाँध गाउँपालिका | ०.००७०५६८५ |
| ४१ | दैलेख | ६०६०५ | आठबीस नगरपालिका | ०.०१५८७४७८ |
| ४२ | दैलेख | ६०६०६ | चामुण्डा बिन्द्रासैनी नगरपालिका | ०.०१७५७६०१ |
| ४३ | दैलेख | ६०६०७ | दुल्लु नगरपालिका | ०.०३१२७९४० |
| ४४ | दैलेख | ६०६०८ | नारायण नगरपालिका | ०.०२६४१९६२ |
| ४५ | दैलेख | ६०६०९ | भगवतीमाई गाउँपालिका | ०.००९८९९५२ |
| ४६ | दैलेख | ६०६१० | डुङ्गेश्वर गाउँपालिका | ०.००७२७०७० |
| ४७ | दैलेख | ६०६११ | गुराँस गाउँपालिका | ०.०१५०२०१७ |
| ४८ | जाजरकोट | ६०७०१ | बारेकोट गाउँपालिका | ०.००९९९९१६ |
| ४९ | जाजरकोट | ६०७०२ | कुसे गाउँपालिका | ०.००८८४६१७ |
| ५० | जाजरकोट | ६०७०३ | जुनीचाँदे गाउँपालिका | ०.००८६९८६५ |
| ५१ | जाजरकोट | ६०७०४ | छेडागाड नगरपालिका | ०.०१५४४५०८ |
| ५२ | जाजरकोट | ६०७०५ | शिवालय गाउँपालिका | ०.००५९१३४९ |
| ५३ | जाजरकोट | ६०७०६ | भेरीमालिका नगरपालिका | ०.०१७५३४८९ |
| ५४ | जाजरकोट | ६०७०७ | नलगाड नगरपालिका | ०.०१४०६७५४ |
| ५५ | रुकुम (पश्चिम भाग) | ६०८०१ | आठबिसकोट नगरपालिका | ०.०३३३८७९० |
| ५६ | रुकुम (पश्चिम भाग) | ६०८०२ | सानीभेरी गाउँपालिका | ०.००८४४५८७ |
| ५७ | रुकुम (पश्चिम भाग) | ६०८०३ | बाँफिकोट गाउँपालिका | ०.००९३४४२८ |
| ५८ | रुकुम (पश्चिम भाग) | ६०८०४ | मुसिकोट नगरपालिका | ०.०१७१०३८५ |
| ५९ | रुकुम (पश्चिम भाग) | ६०८०५ | त्रिवेणी गाउँपालिका | ०.००७९०६१२ |
| ६० | रुकुम (पश्चिम भाग) | ६०८०६ | चौरजहारी नगरपालिका | ०.०१०७५९२८ |
| ६१ | सल्यान | ६०९०१ | दार्मा गाउँपालिका | ०.००९९९५२२ |
| ६२ | सल्यान | ६०९०२ | कुमाख गाउँपालिका | ०.०११५९३२७ |
| ६३ | सल्यान | ६०९०३ | बनगाड कुपिण्डे नगरपालिका | ०.०४४८८४५९ |
| ६४ | सल्यान | ६०९०४ | सिद्धकुमाख गाउँपालिका | ०.००६९७५१२ |
| ६५ | सल्यान | ६०९०५ | बागचौर नगरपालिका | ०.०१६३९८१२ |
| ६६ | सल्यान | ६०९०६ | छत्रेश्वरी गाउँपालिका | ०.०११६९७६१ |
| ६७ | सल्यान | ६०९०७ | शारदा नगरपालिका | ०.०३८९०६०८ |
| ६८ | सल्यान | ६०९०८ | कालिमाटी गाउँपालिका | ०.०१५६१०७५ |
| ६९ | सल्यान | ६०९०९ | त्रिवेणी गाउँपालिका | ०.००७३६४७१ |
| ७० | सल्यान | ६०९१० | कपुरकोट गाउँपालिका | ०.०१०२०८११ |
| ७१ | सुर्खेत | ६१००१ | सिम्ता गाउँपालिका | ०.०१६२८५७० |
| ७२ | सुर्खेत | ६१००२ | चिङ्गगाड गाउँपालिका | ०.००७६६०६६ |
| ७३ | सुर्खेत | ६१००३ | लेकबेशी नगरपालिका | ०.०२४५०१३७ |

| क्र.सं. | जिल्ला | संकेत नं. | स्थानीय सरकारको नाम | सवारी साधन करको बाँडफाँट हिस्सा |
|---|---|---|---|---|
| ७४ | सुर्खेत | ६१००४ | गुर्भाकोट नगरपालिका | ०.०३३४५२७२ |
| ७५ | सुर्खेत | ६१००५ | भेरीगंगा नगरपालिका | ०.०१८७३८४२ |
| ७६ | सुर्खेत | ६१००६ | बीरेन्द्रनगर नगरपालिका | ०.०५६५०५४५ |
| ७७ | सुर्खेत | ६१००७ | बराहताल गाउँपालिका | ०.०१९८४७७१ |
| ७८ | सुर्खेत | ६१००८ | पञ्चपुरी नगरपालिका | ०.०१५९१२६३ |
| ७९ | सुर्खेत | ६१००९ | चौकुने गाउँपालिका | ०.०१४१४३०२ |
| | | | **जम्मा** | **१.००००००००** |

# परिच्छेद - चारः
# सिफारिस तथा सुझाव कार्यान्वयनको अवस्था

## ४.१ वित्तीय हस्तान्तरण सिफारिस कार्यान्वयन

आयोगले नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार प्रत्येक वर्ष सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको परिमाण, नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार, प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको परिमाण र प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार सिफारिस आर्थिक वर्ष २०७५/७६ देखि गर्दै आएको छ। आर्थिक वर्ष २०७९/८० मा कार्यान्वयन हुने गरी आयोगबाट भएका सिफारिस कार्यान्वयनको अवस्था पाँचौं वार्षिक प्रतिवेदनमा समावेश गरिएको थियो। यस परिच्छेदमा आर्थिक वर्ष २०८०/८१ मा कार्यान्वयन भएका तथा आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन हुने गरी आयोगबाट भएका सिफारिस कार्यान्वयन अवस्थाको विश्लेषण गरिएको छ।

### ४.१.१ नेपाल सरकारबाट कर्णाली प्रदेश सरकार र प्रदेशभित्रका स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धी सिफारिस कार्यान्वयनको अवस्था

सङ्घीय सञ्चित कोषबाट नेपाल सरकारले प्रदेश र स्थानीय सरकारलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ। त्यस्तो अनुदान सम्बन्धमा सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था नेपालको संविधान र अन्य प्रचलित कानुनहरूमा समेत गरिएको छ। साथै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) खण्ड (घ) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई दिने अनुदान सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने काम, कर्तव्य र अधिकार यस आयोगको हुने व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम वित्तीय समानीकरण अनुदानका सम्बन्धमा आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ को लागि आयोगले गरेका सिफारिस तथा सोको कार्यान्वयनको अवस्था तालिका ४.१ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.१ः वित्तीय समानीकरण अनुदान सिफारिस तथा सोको कार्यान्वयनको अवस्था**

(रु. लाखमा)

| क्र. सं. | आर्थिक वर्ष | विवरण | आयोगबाट नेपाल सरकारलाई गरिएको सिफारिस | नेपाल सरकारबाट गरिएको बजेट विनियोजन | नेपाल सरकारबाट भएको हस्तान्तरण |
|---|---|---|---|---|---|
| १ | २०८०/८१ | कर्णाली प्रदेश सरकार | १०१६४१ | १०१६४१ | ७५३२६ |
| | | कर्णाली प्रदेश भित्रका स्थानीय सरकार | ७३४६२ | ७३४६२ | ६८३५८ |
| २ | २०८१/८२ | कर्णाली प्रदेश सरकार | १०३६६३ | १०३६६३ | - |
| | | कर्णाली प्रदेश भित्रका स्थानीय सरकार | ७३९४८ | ७३९४८ | - |

*स्रोतः आयोगका सिफारिस, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय*

आर्थिक वर्ष २०८०/८१ को लागि सङ्घीय सञ्चित कोषबाट कर्णाली प्रदेश सरकार र प्रदेशभित्रका स्थानीय सरकारलाई क्रमशः रु. १० अर्ब १६ करोड ४१ लाख र ७ अर्ब ३४ करोड ६२ लाख वित्तीय समानीकरण अनुदान उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरिएकोमा नेपाल सरकारले सोही बमोजिम वित्तीय हस्तान्तरणको लागि बजेट विनियोजन गरेको, तर महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रारम्भिक विवरण अनुसार प्रदेश सरकारलाई रु. ७ अर्ब ५३ करोड २६ लाख (७४.११ प्रतिशत) र प्रदेश भित्रका स्थानीय सरकारलाई रु. ६ अर्ब ८३ करोड ५८ लाख (९३.०५ प्रतिशत) मात्र हस्तान्तरण भएको देखिन्छ।

आर्थिक वर्ष २०८१/८२ को लागि सङ्घीय सञ्चित कोषबाट कर्णाली प्रदेश सरकारलाई कुल रु. १० अर्ब ३६ करोड ६३ लाख र प्रदेश भित्रका स्थानीय सरकारलाई रु. ७ अर्ब ३९ करोड ४८ लाख वित्तीय समानीकरण अनुदान उपलब्ध गराउन सिफारिस गरिएकोमा नेपाल सरकारले सोही बमोजिम बजेट विनियोजन गरेको देखिन्छ।

### ४.१.२ प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सिफारिस कार्यान्वयन

प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई प्रदेश भित्रका स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानून बमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ। त्यस्तो अनुदान सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था नेपालको संविधान र अन्य प्रचलित कानून समेतमा गरिएको छ। सोही व्यवस्था बमोजिम वित्तीय समानीकरण अनुदानका सम्बन्धमा आर्थिक वर्ष २०८०/८१ मा कार्यान्वयन भएका तथा आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन हुने गरी आयोगबाट भएका सिफारिस कार्यान्वयनको अवस्था तालिका ४.२ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.२: आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ को वित्तीय समानीकरण अनुदान सिफारिस कार्यान्वयनको अवस्था**

(रु. लाखमा)

| क्र. सं. | प्रदेश | आर्थिक वर्ष | आयोगबाट प्रदेश सरकारलाई गरिएको सिफारिस | प्रदेश सरकारबाट गरिएको बजेट विनियोजन | प्रदेश सरकारबाट भएको हस्तान्तरण |
|---|---|---|---|---|---|
| १ | कर्णाली प्रदेश | २०८०/८१ | ८००० | ८००० | ७८९३ |
| | | २०८१/८२ | ८००० | ८००० | - |

*स्रोतः आयोगका सिफारिस, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय*

आर्थिक वर्ष २०८०/८१ का लागि कर्णाली प्रदेश सरकारबाट प्रदेशभित्रका स्थानीय सरकारलाई हस्तान्तरण गर्न वित्तीय समानीकरण अनुदान आयोगबाट गरिएको सिफारिस बमोजिम रु. ८० करोड विनियोजन गरेको भए तापनि प्रदेश लेखा नियन्त्रक कार्यालय कर्णाली प्रदेशबाट प्राप्त प्रारम्भिक विवरण अनुसार रु. ७८ करोड ९३ लाख मात्र हस्तान्तरण भएको देखिन्छ। आयोगको सिफारिस तथा बजेट विनियोजनको ९८.६६ प्रतिशत मात्र स्थानीय सरकारमा हस्तान्तरण भएको छ। आयोगको सिफारिस तथा बजेट विनियोजन भन्दा हुम्लाको चंखेली गाउँपालिका र ताँजाकोट गाउँपालिकामा २५ प्रतिशत तथा सोही जिल्लाको नाम्खा गाउँपालिकामा ७५ प्रतिशत र सल्यान जिल्लाको शारदा नगरपालिकामा ९९ प्रतिशत मात्र हस्तान्तरण भएको देखिन्छ भने अन्य स्थानीय सरकारमा आयोगको सिफारिस तथा कर्णाली प्रदेश सरकारले गरेको बजेट विनियोजन अनुसार नै हस्तान्तरण भएको देखिन्छ।

आर्थिक वर्ष २०८१/८२ का लागि आयोगबाट सिफारिस गरेको रकम रु. ९५ करोड कर्णाली प्रदेश सरकारले स्थानीय सरकारलाई वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न बजेट विनियोजन गरेको छ।

### ४.१.३ नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार सम्बन्धी सिफारिस कार्यान्वयनको अवस्था

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ को उपदफा (१) मा "नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ" भन्ने कानुनी व्यवस्था रहेको छ। सोही ऐनको दफा ९ को उपदफा (२) मा "उपदफा (१) बमोजिम सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्नेछ" भन्ने व्यवस्था गरिएको छ भने उपदफा (३) मा "प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्नेछ" भन्ने व्यवस्था उल्लेख छ।

तदनुरूप आयोगबाट आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार सम्बन्धमा नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार सशर्त अनुदानको पाँचवटा आधार तयार गरी नेपाल सरकारलाई सिफारिस गरिएको थियो। आयोगले सिफारिस गरेको आधार अनुसार नेपाल सरकारले सशर्त अनुदान हस्तान्तरण गरे/नगरेको विषयमा अध्ययन गर्न तथ्याङ्क माग गरिएकोमा नेपाल सरकार, अर्थ मन्त्रालयबाट तथ्याङ्क उपलब्ध नगराईएको हुँदा आयोगको सिफारिस अनुरूप सशर्त अनुदान हस्तान्तरण भए/नभएको विश्लेषण गर्न सकिएन। तथापि, प्रदेश तथा स्थानीय सरकारहरूसँगको अन्तर्क्रिया तथा छलफलबाट प्रदेश तथा स्थानीय सरकारको एकल अधिकारको सूचीभित्र रहेका कार्य जिम्मेवारीसँग सम्बन्धित विषयहरूमा समेत सशर्त अनुदानका कार्यक्रम / आयोजना / परियोजना तथा रकम नै तोकेर पठाउने गरेको पाइएको छ।

आयोगले सशर्त अनुदानको रकम आयोजना वा क्रियाकलापगत रूपमा विनियोजन नगरी एकमुष्ट अनुदान (block grants) उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरेको थियो। सोही अनुरूप, नेपाल सरकारले आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यको बुँदा नम्बर ६० मा नेपालको संविधान बमोजिम सङ्घ प्रदेश र स्थानीय सरकारको अधिकार सूचीमा परेका तत् तत् तहवाट कार्यान्वयन हुने गरी राजस्व बाँडफाँट तथा अनुदान हस्तान्तरण हुने व्यवस्था मिलाएको उल्लेख छ। तर, नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारमा हस्तान्तरण गरिएको सशर्त अनुदानका कार्यक्रमहरू हेर्दा स-साना, टुक्रे कार्यक्रम / आयोजना / परियोजनामा सशर्त अनुदान पठाउने अभ्यास कायमै रहेको देखियो।

साथै, प्रदेश तथा स्थानीय सरकारले पनि आफ्नो एकल अधिकार भित्रको कार्यक्रममा बजेट विनियोजन गर्ने हुँदा कतिपय अवस्थामा कार्यक्रममा दोहोरोपना समेत हुन गई उपलब्ध सीमित स्रोत र साधनको महत्तम उपयोग गर्ने अवसरबाट मुलुक बञ्चित हुने देखिन्छ। यस्तो अभ्यासले सङ्घीय इकाईहरूको स्थापना, सङ्घीय शासन प्रणाली र वित्तीय सङ्घीयताको मूल मर्मलाई आत्मसात गर्न सक्दैन।

बजेट तर्जुमा गर्दा नै प्रदेश तथा स्थानीय सरकारमा प्रदान गरिने सशर्त अनुदानका कार्यक्रम तथा रकम शुरूमा एकै पटक विनियोजन गर्नु पर्ने र विपद्जन्य अवस्था, महामारी वा अन्य आकस्मिक परिस्थितिको रोकथाम, नियन्त्रण, प्रतिकार्य तथा पुनर्स्थापना गर्नुपरेको अवस्थामा बाहेक आर्थिक वर्षको बीचमा कुनै पनि नयाँ कार्यक्रम वा आयोजनाहरू कार्यान्वयन गर्न थप सशर्त अनुदान हस्तान्तरण गर्न नहुने साथै, सशर्त अनुदान अन्तर्गतका कार्यक्रम वा आयोजनाहरू कार्यान्वयन गर्न पर्याप्त समय सुनिश्चित गर्नका लागि आर्थिक वर्षको उत्तरार्द्धमा वा अन्त्यमा सशर्त अनुदानका कार्यक्रम वा आयोजनाहरू तथा रकम पठाउने कार्य गर्न नहुने भए तापनि कतिपय अवस्थामा यसको प्रतिकूल हुने गरी प्रदेश तथा स्थानीय सरकारमा सशर्त अनुदान प्रदान गर्ने गरेको देखिन्छ।

आर्थिक वर्ष २०८०/८१ मा प्रदेशगत सशर्त अनुदानका लागि भएको बजेट व्यवस्था र महालेखा नियन्त्रकको कार्यालयबाट प्राप्त प्रारम्भिक तथ्यांक अनुसार कर्णाली प्रदेश सरकारलाई विनियोजित रकम रु. ४ अर्ब ७५ करोड ०३ लाख रहेकोमा रु. २ अर्ब ६८ करोड ६१ लाख (५६.५५ प्रतिशत) हस्तान्तरण भएको देखिन्छ। साथै प्रदेश भित्रका स्थानीय सरकारलाई सशर्त अनुदान हस्तान्तरणका लागि रु. १८ अर्ब २६ करोड ६१ लाख बजेट विनियोजन गरेको र महालेखा नियन्त्रकको कार्यालयबाट प्राप्त प्रारम्भिक तथ्यांक अनुसार रु. १५ अर्ब ८३ करोड ७४ लाख (८६.७० प्रतिशत) हस्तान्तरण गरिएको देखिन्छ (तालिका ४.३)। स्थानीय सरकारले न्यूनतम रु. ५ करोड ६५ लाखदेखि रु. १ अर्ब ३८ करोड ३० लाख प्राप्त गर्ने गरी सशर्त अनुदान हस्तान्तरणका लागि बजेट विनियोजन गरिएकोमा हस्तान्तरण हुँदा न्यूनतम रु. ४ करोड ७९ लाखदेखि रु. ५० करोड १२ लाख प्राप्त गर्ने गरी भएको देखिन्छ। अर्को शब्दमा स्थानीय सरकारमा विनियोजन रकमको ३६.२४ प्रतिशत देखि ११३.६६ प्रतिशतसम्म हस्तान्तरण भएको देखिन्छ।

**तालिका ४.३: नेपाल सरकारबाट कर्णाली प्रदेश भित्रका स्थानीय सरकारमा भएको सशर्त अनुदानको बजेट विनियोजन तथा हस्तान्तरण**

(रु. लाखमा)

| विवरण | स्थानीय सरकार | न्यूनतम | अधिकतम | जम्मा |
|---|---|---|---|---|
| विनियोजन रकम | ७९ | ५६३ | १३८३० | १८२६६१ |
| हस्तान्तरण रकम | ७९ | ४७९ | ५०१२ | १५८३७४ |
| विनियोजन रकम अनुसार हस्तान्तरण प्रतिशत | | ३६.२४ | ११३.६६ | ८६.७० |

*स्रोत: अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय*

आर्थिक वर्ष २०८१/८२ मा सशर्त अनुदानका हस्तान्तरणका लागि नेपाल सरकारबाट कर्णाली प्रदेश सरकारलाई रु. ३ अर्ब ७१ करोड ५० लाख र प्रदेश भित्रका स्थानीय सरकारलाई रु. १९ अर्ब २८ करोड ७३ लाख विनियोजन गरेको देखिन्छ।

## ४.१.४ प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार सिफारिस कार्यान्वयन

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ को उपदफा (३) मा प्रदेशले स्थानीय सरकारलाई प्रदेश कानून बमोजिम आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्नेछ भन्ने व्यवस्था रहेको छ। नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम आर्थिक वर्ष २०७९/८० र २०८०/८१ को लागि आयोगले प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानका चारवटा आधार सम्बन्धित प्रदेश सरकारलाई सिफारिस गरेको थियो। आयोगले सिफारिस गरेको आधार अनुसार प्रदेश सरकारले सशर्त अनुदान हस्तान्तरण गरे/नगरेको विषयमा अध्ययन गर्न माग गरिए अनुरूपको विवरण प्राप्त हुन नसकेकोले आयोगको सिफारिस अनुरूप सशर्त अनुदान हस्तान्तरण भए/नभएको विश्लेषण गर्न सकिएन। प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानको बजेट विनियोजन तथा हस्तान्तरणको एकमुष्ठ रकमको आधारमा तपसिल बमोजिम विश्लेषण गरिएको छ।

आर्थिक वर्ष २०८०/८१ मा कर्णाली प्रदेश सरकारले स्थानीय सरकारलाई न्यूनतम रु. १ करोड १९ लाख ५३ हजार देखि अधिकतम रु. ३१ करोड २९ लाख ९० हजार हस्तान्तरण गर्ने गरी जम्मा रु. २ अर्ब ८८ करोड २४ लाख ४० हजार बजेट विनियोजन गरेकोमा विनियोजित बजेटको ८५ प्रतिशत रु. २ अर्ब ४५ करोड ५७ लाख ७३ हजार हस्तान्तरण गरेको छ। यसरी स्थानीय सरकार अनुसार विनियोजन र हस्तान्तरणलाई हेर्दा स्थानीय सरकारमा विनियोजित रकमको ६० प्रतिशत देखि १०० प्रतिशतसम्म हस्तान्तरण गरेको पाईन्छ।

आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेश सरकारले स्थानीय सरकारलाई न्यूनतम रु.१ करोड १० लाख ४५ हजार देखि अधिकतम रु. २८ करोड १३ लाख ३८ हजार हस्तान्तरण गर्ने गरी जम्मा रु. ३ अर्ब ५ करोड ५२ लाख ९१ हजार बजेट विनियोजन गरेको छ।

## ४.२ आन्तरिक ऋणको सीमा सिफारिस कार्यान्वयन

नेपालको संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (च) मा आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत "समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने" व्यवस्था रहेको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ को उपदफा (१) मा नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकारले आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने व्यवस्था उल्लेख छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ को उपदफा (१) मा गाउँपालिका तथा नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रही सम्बन्धित सभाबाट स्वीकृत गराई उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यको लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था रहेको छ। आयोगबाट नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्दै आएको छ। आयोगले आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ को लागि गरेको आन्तरिक ऋणको सीमा सिफारिस कार्यान्वयनको अवस्था देहाय अनुसार रहेको छः

### ४.२.१ प्रदेश सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस कार्यान्वयन

आयोगले आर्थिक वर्ष २०८०/८१ मा नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र प्रदेश सरकारको आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन र त्यसको उपयोग पूँजी निर्माण र दीर्घकालीन लाभका क्षेत्रमा परिचालन गर्ने तर साधारण प्रकृतिका र प्रशासनिक खर्चका लागि नगर्ने गरी सिफारिस गरेको थियो। आर्थिक वर्ष २०८०/८१ को लागि प्रदेश सरकारले पेश गरेका वार्षिक बजेट तथा कार्यक्रम र आय-व्ययको विवरण अनुसार कर्णाली प्रदेशले आन्तरिक ऋणबाट खर्च व्यहोर्ने गरी अनुमान नै गरेका छैन।

त्यसैगरी प्रदेश सरकारले आन्तरिक ऋण परिचालनको संरचनागत र प्रक्रियागत प्रबन्ध पूरा भएको अवस्थामा आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी राष्ट्रिय नीति/योजनामा आधारित भई लागत लाभ विश्लेषण (Cost Benefit Analysis) बाट आन्तरिक प्रतिफल दर (Internal Rate of Return - IRR) वा खुद वर्तमान मूल्य (Net Present Value - NPV) को विश्लेषणबाट उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका लागि नेपाल सरकारको स्वीकृतिमा आन्तरिक ऋण उठाउन सक्ने गरी सिफारिस गरिएको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १५ को उपदफा (३) बमोजिम कुनै पनि प्रदेश सरकारले आन्तरिक ऋणका लागि हालसम्म सहमति माग तथा अनुरोध भै नआएको भनी अर्थ मन्त्रालयबाट जानकारी प्राप्त भएको छ।

### ४.२.२ स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस कार्यान्वयन

आर्थिक वर्ष २०८०/८१ लागि स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमालाई प्रत्येक स्थानीय सरकारले नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त गर्ने राजस्व बाँडफाँट र आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्ने गरी आयोगले सिफारिस गरेको थियो। त्यसैगरी स्थानीय सरकारहरूले आन्तरिक ऋण परिचालनको संरचना र प्रक्रियागत प्रबन्ध पूरा भएको अवस्थामा आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र स्थानीय सरकारको आफ्नो

आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी राष्ट्रिय, प्रादेशिक र स्थानीय नीति/योजनामा आधारित भई लागत लाभ विश्लेषणबाट आन्तरिक प्रतिफल दर (Internal Rate of Return - IRR) वा खुद वर्तमान मूल्य (Net Present Value - NPV) को विश्लेषणबाट उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका लागि आन्तरिक ऋण उठाउन सक्ने गरी आयोगले सिफारिस गरेको थियो।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १५ को उपदफा (३) बमोजिम कुनै पनि स्थानीय सरकारले आन्तरिक ऋणका लागि हालसम्म सहमति माग तथा अनुरोध भै नआएको भनी अर्थ मन्त्रालयबाट जानकारी प्राप्त भएको छ।

## ४.३ राजस्व बाँडफाँट सम्बन्धी सिफारिस कार्यान्वयनको अवस्था

आयोगको मिति २०७६/११/२९ को निर्णय अनुसार आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ सम्मका लागि राजस्व बाँडफाँट सिफारिस गरिएको थियो। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रारम्भिक विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ को असार १५ गतेसम्म सङ्घीय विभाज्य कोषमा मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट सङ्कलित अन्तःशुल्क राजस्व रु. ३ खर्ब ८० अर्ब ८१ करोड ८८ लाख जम्मा भएकोमा ऐनको व्यवस्था बमोजिम १५ प्रतिशतले हुने रु. ५७ अर्ब १२ करोड २८ लाख प्रदेश विभाज्य कोषमा र सोही अनुपातको रकम स्थानीय विभाज्य कोषमा हस्तान्तरण भएको देखियो। तर, २०८१ असार १५ गतेदेखि असार मसान्तसम्म विभाज्य कोषमा जम्मा भएको राजस्व सोही आर्थिक वर्षभित्र विभाजन नगरी असार मसान्तपछि विभाजन गरी हस्तान्तरण गर्ने अभ्यासबाट सम्बन्धित आर्थिक वर्षको वास्तविक राजस्व बाँडफाँटको परिमाण एकिन गर्न एवम् प्रदेश तथा स्थानीय सरकारको राजस्व आम्दानी र स्रोतको प्रतिवेदन गर्न कठिन पर्न जाने देखिएको छ।

**तालिका ४.४: सङ्घीय विभाज्य कोष र सोको बाँडफाँटको विवरण**

(रु. लाखमा)

| विवरण | आ.व. २०८०/८१ | |
|---|---|---|
| | अनुमानित रकम | असार १५ गतेसम्म सङ्कलित रकम |
| मूल्य अभिवृद्धि कर तथा आन्तरिक अन्तःशुल्क | ५७९७३९० | ३८०८१८८ |
| सङ्घीय विभाज्य कोषबाट सङ्घीय सञ्चित कोषमा दाखिला | ४०५८१७३ | २६६५७३२ |
| सङ्घीय विभाज्य कोषबाट प्रदेश विभाज्य कोषमा हस्तान्तरण | ८६९६०८ | ५७१२२८ |
| सङ्घीय विभाज्य कोषबाट स्थानीय विभाज्य कोषमा हस्तान्तरण | ८६९६०८ | ५७१२२८ |

** आ.व. २०८०/८१ को बजेट वक्तव्यको अनुसूची १ राजस्व बाँडफाँट मार्फतको विवरण अनुसार*

*स्रोतः अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय*

नेपाल सरकारले राजस्व सङ्कलनको लागि अनुमान गरेको लक्ष्य बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको राजस्व बाँडफाँटको हिस्सा अनुसार हिसाब गरी हुन आउने रकम प्रदेश तथा स्थानीय सरकारलाई राजस्व बाँडफाँटको सिलिङ उपलब्ध गराउने व्यवस्था गरिएको छ। तालिका ४.४ मा प्रस्तुत तथ्याङ्कको विश्लेषण गर्दा बजेट विनियोजन गर्दा गरिएको मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनको अन्तःशुल्कको अनुमानित रकमको ६५.६९ प्रतिशत मात्र २०८१ असार १५ गतेसम्म सङ्कलन भएको देखिन्छ।

## ४.४ सवारी साधन करको बाँडफाँट सिफारिस कार्यान्वयन

प्रदेश र स्थानीय सरकार दुवैको अधिकार सूचीमा परेका राजस्वको स्रोतहरू मध्ये अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम प्रदेशले दर निर्धारण तथा राजस्व सङ्कलन गर्ने जिम्मेवारी पाएको सवारी साधन कर सोही ऐनको दफा ६क. अनुसार प्रदेश विभाज्य कोषमा जम्मा गर्ने व्यवस्था छ। प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये

६० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा र बाँकी ४० प्रतिशत रकम आयोगले निर्धारण गरी सिफारिस गरेको आधार र ढाँचा बमोजिम सम्बन्धित प्रदेशभित्रका स्थानीय सरकारलाई मासिक रूपमा उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार प्रदेशले सवारी साधन कर बापत सङ्कलन गरेको राजस्व र सोको बाँडफाँट सम्बन्धी प्रारम्भिक तथ्याङ्क देहाय बमोजिम रहेको छः

आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारले सवारी साधन कर बापत रु. ४१ करोड ६ लाख ६६ हजार सङ्कलन गर्ने लक्ष्य राखेकोमा २०८१ असारसम्म रु. २३ करोड ५१ लाख ८१ हजार सङ्कलन गरेको देखिन्छ। उक्त रकम लक्ष्यको ५७ प्रतिशत अर्थात लक्ष्य भन्दा ४३ प्रतिशत कम छ। सवारी साधन कर बापत सङ्कलित रकम रु. २३ करोड ५१ लाख ८१ हजार मध्ये ४० प्रतिशत रकम आयोगले आर्थिक वर्ष २०८०/८१ को सवारी साधन कर बाँडफाँटको हिस्सा सिफारिस गरे अनुसार प्रदेश भित्रका स्थानीय सरकारलाई बाँडफाँट गरेको देखिन्छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. को उपदफा (५) मा भएको व्यवस्था अनुसार मासिक रूपमा बाँडफाँट गरेको देखिँदैन।

## ४.५ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धी सिफारिस कार्यान्वयनको अवस्था

प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीलाई नेपालको संविधानको अनुसूची-९ मा सङ्घ, प्रदेश र स्थानीय सरकारका अधिकारको साझा सूचीका विषय अन्तर्गत राखिएको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ बमोजिम नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी जम्मा गरेको प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी रकम नेपाल सरकार, प्रदेश र स्थानीय सरकारबीच अनुसूची-४ अनुसार वार्षिक रूपमा नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय सरकारलाई प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा बाँडफाँट गरी सङ्घीय सञ्चित कोष, प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी वितरण गर्ने व्यवस्था छ।

आर्थिक वर्ष २०८०/८१ मा सङ्कलन भई प्रदेश तथा स्थानीय विभाज्य कोषमा जम्मा भएको प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी सम्बन्धित प्रदेश सरकार र सम्बन्धित स्थानीय सरकारबीच बाँडफाँटका लागि आयोगले मिति २०८१/०१/२५ मा सिफारिस गरिएको भए तापनि उक्त आर्थिक वर्षभित्र बाँडफाँट भएको देखिँदैन।

आर्थिक वर्ष २०७९/८० मा प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त भई प्रदेश तथा स्थानीय विभाज्य कोषमा जम्मा भएको रोयल्टी रकम आर्थिक वर्ष २०८०/८१ सम्बन्धित प्रदेश सरकार र सम्बन्धित स्थानीय सरकारबीच बाँडफाँट भएको देखिन्छ। तर सिफारिस गर्दा प्राकृतिक स्रोतको आयोजनागत रूपमा हिस्सा बाँडफाँट गरिएको र सो अनुसार वितरणको विस्तृत विवरण नेपाल सरकारबाट उपलब्ध हुन नसकेको हुँदा आयोजनागत बाँडफाँटको हिस्सा कार्यान्वयनको अवस्था विश्लेषण गर्न सकिएको छैन।

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा प्राकृतिक स्रोतबाट प्राप्त भएको रोयल्टीका शीर्षकहरू पर्वतारोहण, विद्युत, वन र खानी तथा खनिजबाट कुल रकम रु. ५ अर्ब ८१ करोड ३१ लाख ९१ हजार सङ्कलन भई बाँडफाँट भएको देखियो। जसमा सबैभन्दा बढी विद्युतबाट ५३.३ प्रतिशत रोयल्टी सङ्कलन भएको देखिन्छ भने वन, पर्वतारोहण र खानी तथा खनिजबाट क्रमश २२.० प्रतिशत, १४.८ प्रतिशत र ८.९ प्रतिशत रोयल्टी सङ्कलन भएको देखिन्छ।

आर्थिक वर्ष २०७९/८० मा सङ्घीय विभाज्य कोषमा जम्मा भएको रोयल्टी रकम बाँडफाँटको शीर्षकगत विवरण तालिका ४.५ मा प्रस्तुत गरिएको छः

**तालिका ४.५: आर्थिक वर्ष २०७९/८० मा सङ्घीय विभाज्य कोषमा जम्मा भएको रोयल्टी र बाँडफाँटको विवरण**

(रु. हजारमा)

| क्र.सं. | रोयल्टीको शीर्षक | विभाज्य कोषमा जम्मा | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय सरकार |
|---|---|---|---|---|---|
| १ | पर्वतारोहण | ८६१४७६ | ४३०७३८ | २१५३६९ | २१५३६९ |
| २ | विद्युत | ३१५५१८८ | १५७७५९४ | ७८८७९७ | ७८८७९७ |
| ३ | वन | १२७७६८६ | ६३८८४३ | ३१९४२२ | ३१९४२२ |
| | *३.१ संरक्षित क्षेत्र* | *५२३२५५* | *२६१६२८* | *१३०८१४* | *१३०८१४* |
| | *३.२ राष्ट्रिय वन* | *७५४४३१* | *३७७२१६* | *१८८६०८* | *१८८६०८* |
| ४ | खानी तथा खनीज | ५१८८४१ | २५९४२१ | १२९७१० | १२९७१० |
| | **जम्मा** | **५८१३१९१** | **२९०६५९६** | **१४५३२९८** | **१४५३२९८** |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय*

## ४.५.१ प्रदेश सरकारले प्राप्त गरेको रोयल्टी

सङ्घीय विभाज्य कोषबाट आयोगको सिफारिसमा नेपाल सरकारले आर्थिक वर्ष २०७९/८० मा सङ्कलन भएको रोयल्टी मध्ये सात प्रदेश सरकारलाई रु. १ अर्ब ४५ करोड ३२ लाख ९८ हजार बाँडफाँट गरी वितरण गरेको छ। जसमध्ये कर्णाली प्रदेश सरकारले पर्वतारोहणबाट रु. ५ लाख ०४ हजार, विद्युतबाट रु. ५ लाख १७ हजार, वनबाट रु. २ करोड ४२ लाख २० हजार र खानी तथा खनिजबाट रु. ५ लाख ६७ हजार गरी जम्मा रु. २ करोड ५८ लाख ०८ हजार रोयल्टी प्राप्त गरेको छ।

## ४.५.२ स्थानीय सरकारले प्राप्त गरेको रोयल्टी

सङ्घीय विभाज्य कोषबाट आयोगको सिफारिसमा नेपाल सरकारले आर्थिक वर्ष २०७९/८० मा सङ्कलन भएको रोयल्टी मध्ये स्थानीय सरकारलाई रु. १ अर्ब ४५ करोड ३२ लाख ९८ हजार बाँडफाँट गरी वितरण गरेको छ। जसमध्ये कर्णाली प्रदेश सरकारको शीर्षकगत रोयल्टी बाँडफाँटको विवरण तालिका नं ४.६ मा उल्लेख गरिएको छ।

**तालिका ४.६: आर्थिक वर्ष २०७९/८० मा सङ्कलन भई कर्णाली प्रदेश भित्रका स्थानीय सरकारले प्राप्त गरेको रोयल्टीको विवरण**

| रोयल्टीको शीर्षक | रोयल्टी प्राप्त गरेका स्थानीय सरकारको सङ्ख्या | स्थानीय सरकारले प्राप्त गरेको सबैभन्दा बढी रोयल्टी रकम (रु.) | स्थानीय सरकारले प्राप्त गरेको सबैभन्दा कम रोयल्टी रकम (रु.) | स्थानीय सरकारले प्राप्त गरेको जम्मा रोयल्टी रकम (रु.) |
|---|---|---|---|---|
| **पर्वतारोहण** | १० | २७२८८८ | २२८४ | ५०४४५४ |
| **विद्युत** | १ | ५१६९६७ | ५१६९६७ | ५१६९६७ |
| **वन** | ७९ | १९०९३१२ | १६९६१ | २४२१९९३३ |
| **खानी तथा खनिज** | ५ | २८४८८८ | २९ | ५६६९६१ |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय*

आर्थिक वर्ष २०७९/८० मा पर्वतारोहण, विद्युत, वन र खानी तथा खनिजबाट सङ्कलित रोयल्टी कर्णाली प्रदेशका क्रमशः १०, १, ७९ र ५ स्थानीय सरकारमा बाँडफाँट भएको देखिन्छ। पर्वतारोहणबाट स्थानीय सरकारमा बाँडफाँट गरेको जम्मा रोयल्टी रकम रु. ५ लाख ०४ हजार मध्ये स्थानीय सरकारले न्यूनतम रु. २,२८४ देखि अधिकतम रु. २ लाख ७३ हजार प्राप्त गरेको देखिन्छ। त्यसैगरी विद्युतबाट रु.५ लाख १७ हजार बाँडफाँट भएको देखिन्छ। वनबाट रु.२ करोड ४२ लाख २० हजार बाँडफाँट हुँदा स्थानीय सरकारले न्यूनतम रु. १७ हजार देखि अधिकतम रु. १९ लाख ०९ हजार प्राप्त गरेको देखिन्छ। खानी तथा खनिजबाट रु.५ लाख ६७ हजार बाँडफाँट हुँदा स्थानीय सरकारले न्यूनतम रु. २९ देखि अधिकतम रु. २ लाख ८५ हजार प्राप्त गरेको देखिन्छ।

## ४.६ सुझाव कार्यान्वयनको अवस्था

आयोगको पाँचौं वार्षिक प्रतिवेदन, २०८० मा दिइएको सुझाव कार्यान्वयनको अवस्था देहाय बमोजिम रहेको छः

| क.सं. | आयोगबाट दिइएको सुझाव | सम्बन्धित सरकार | सुझाव कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| **वित्तीय हस्तान्तरण सम्बन्धी** | | | |
| १. | अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) मा प्रदेश तथा स्थानीय सरकारले आफूले उठाएको राजस्व र उक्त ऐन बमोजिम राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नु पर्ने व्यवस्था रहेको हुँदा प्रदेश तथा स्थानीय सरकारले प्रशासनिक खर्च [पारिश्रमिक/सुविधा, मालसामान तथा सेवाको उपयोग (कार्यक्रम सम्बन्धी खर्चहरू बाहेक), अनुगमन तथा मूल्याङ्कन खर्च, भ्रमण खर्च, विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको अध्ययन तथा भ्रमण खर्च, विविध खर्च, सभा सञ्चालन खर्च, निवृत्तिभरण तथा अशक्तवृत्ति, उपदान, सेवा निवृत्तको सञ्चित बिदा, सेवा निवृत्तको औषधि उपचार, जग्गा/घर/सवारी साधन/मेशिनरी औजारको भाडा, राजस्व, न्यायिक तथा अन्य फिर्ता, भैपरी आउने चालु खर्च] शीर्षकमा वित्तीय समानीकरण अनुदानबाट प्राप्त रकमको उपयोग नगर्ने। | प्रदेश र स्थानीय सरकार | प्रदेश र स्थनीय सरकारले बजेट विनियोजन गर्दा खर्च शीर्षक अनुसार स्रोत उल्लेख गरी सो बमोजिम लेखाङ्कन र प्रतिवेदन भएको नदेखिएकाले वित्तीय समानीकरण अनुदानको उपयोगको क्षेत्र स्पष्ट नभएको। |
| २. | सङ्घ, प्रदेश तथा स्थानीय सरकारले आ-आफ्नो वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरेर मात्र कार्यान्वयन गर्नु पर्दछ। सङ्घीय इकाइ बाहेकका इकाइहरूमा विकास योजना नबन्ने हुँदा सङ्घीय इकाइमा मात्र बजेट विनियोजन गर्नुपर्ने हुन्छ। तसर्थ, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सांसद विकास कोष) जस्ता कार्यक्रममा बजेट विनियोजन गर्ने प्रवृत्ति अन्त्य हुनुपर्ने। | नेपाल सरकार, प्रदेश र स्थानीय सरकार | सांसद विकास कोषको हकमा सम्मानित सर्वोच्च अदालतबाट अन्तरिम आदेश जारी भई मुद्दा विचाराधीन रहेको, अन्य कार्यक्रमको हकमा सुधार भएको नदेखिएको। |
| ३. | प्रदेश तथा स्थानीय सरकारले अनुदानको प्राप्ति र त्यसको प्रयोग कुन कार्यक्रम/योजनाका लागि कुन खर्च शीर्षकमा गर्ने वा कुन खर्च शीर्षकमा गरियो भनेर बजेट तथा कार्यक्रमगत रूपमा व्यय अनुमानको विवरण (खर्च शीर्षकगत र स्रोतगत समेत) मा स्पष्ट उल्लेख गर्ने गरेको अवस्था नदेखिँदा यसमा सुधार गरी अनुदानको प्राप्ति र त्यसको प्रयोग स्पष्ट उल्लेख हुने प्रणालीको विकास गरी कार्यान्वयन गर्नुपर्ने। | प्रदेश र स्थानीय सरकार | उपयुक्त प्रणालीको विकास भएको नदेखिएको। |
| ४. | आयोगले सिफारिस गरेका सशर्त अनुदानका आधारहरू नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट सबै सरोकारवाला निकायहरूलाई सञ्चार हुनुपर्ने साथै सङ्घबाट प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गरिने सशर्त अनुदानका ५ वटा आधार र प्रदेशबाट प्रदेशभित्रका स्थानीय सरकारलाई हस्तान्तरण गरिने सशर्त अनुदानका ४ वटा आधार मध्ये प्रत्येक आधार अन्तर्गत के कति सशर्त अनुदान हस्तान्तरणको लागि बजेटमा व्यवस्था गरिने हो स्वचालित प्रणालीबाट उपलब्ध हुने व्यवस्था मिलाउनुपर्ने गरी नेपाल सरकार र प्रदेश सरकारलाई आयोगले सिफारिस गरेकोमा सो सम्बन्धी विवरण नेपाल सरकारको अर्थ मन्त्रालयसँग माग गरेकोमा त्यस्तो विवरण हालसम्म उपलब्ध हुन सकेन। अतः बजेट तथा कार्यक्रम तयारीको चरणदेखि नै सशर्त अनुदान अन्तर्गत प्रस्तावित कुनै पनि आयोजना वा कार्यक्रम आयोगले सिफारिस गरेको कुन आधार अनुरूपको हो भनी प्रविष्टि, अभिलेख र प्रतिवेदन गर्ने एकीकृत प्रणालीको स्थापना हुनुपर्ने। | नेपाल सरकार र प्रदेश सरकार | अभिलेख र प्रतिवेदन गर्ने एकीकृत प्रणालीको स्थापना हुन नसकेको। |

| क्र.सं. | आयोगबाट दिइएको सुझाव | सम्बन्धित सरकार | सुझाव कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| ५. | सशर्त अनुदानको रकम हस्तान्तरण गर्दा क्रियाकलाप उल्लेख नगरी क्षेत्रगत शर्तहरू र आयोजना/कार्यक्रमको लक्ष्य तथा अपेक्षित उपलब्धि जस्ता विषयहरू मात्र तोकेर एकमुष्ट (Bulk) उपलब्ध गराई प्रदेश तथा स्थानीय सरकारलाई विनियोजन स्वायतत्ता प्रदान गर्ने गरी आयोगले सिफारिस गरेकोमा आयोगको सिफारिसको विपरीत स-साना क्रियाकलाप उल्लेख गरी सशर्त अनुदान विनियोजन गरेको देखिएकोले एकमुष्ट सशर्त अनुदान हस्तान्तरण गर्ने व्यवस्था हुनुपर्ने। | नेपाल सरकार र प्रदेश सरकार | कार्यन्वयन भएको नदेखिएको। |
| ६. | नेपाल सरकारले बजेट तर्जुमा गर्दा सशर्त अनुदानका सबै कार्यक्रम वा आयोजनाहरू समावेश गरी शुरूमै एकै पटक विनियोजन गर्नुपर्ने। विपद्जन्य अवस्था, महामारी वा अन्य आकस्मिक परिस्थितिको रोकथाम, नियन्त्रण तथा प्रतिकार्य र पुनर्स्थापना गर्नुपरेको अवस्थामा बाहेक आर्थिक वर्षको बीचमा कुनै पनि नयाँ कार्यक्रम वा आयोजनाहरू कार्यान्वयन गर्न थप सशर्त अनुदान हस्तान्तरण नगर्ने। | नेपाल सरकार र प्रदेश सरकार | नेपाल सरकार, कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेश सरकारले केही स्थानीय सरकारलाई बजेट विनियोजन भन्दा बढी हस्तान्तरण गरेको पाइन्छ। |
| ७. | वित्तीय समानीकरण अनुदान रकम निर्धारण प्रक्रियालाई वस्तुनिष्ठ, न्यायोचित र प्रभावकारी बनाउन सम्बन्धित सङ्घीय इकाइले प्राप्त गर्ने सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको परिमाण समेत आयोगलाई जानकारी हुनु पर्ने हुँदा सशर्त अनुदानको वितरणमा आयोगले सिफारिस गरेका आधारहरू सहितको बाँडफाँट र समपूरक तथा विशेष अनुदानको योजनागत रकम समेतको जानकारी नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकायले हरेक वर्षको माघ मसान्तभित्र आयोगमा पठाउनु पर्ने। | नेपाल सरकार र प्रदेश सरकार | सुझाव कार्यान्वयन भएको नदेखिएको। |
| ८. | वित्तीय समानीकरण अनुदान हस्तान्तरण हुँदा अघिल्लो आर्थिक वर्षमा खर्च नभएको सशर्त अनुदान फिर्तामा कट्टी गरी चालु आर्थिक वर्षमा वित्तीय समानीकरण अनुदान हस्तान्तरण गरिएकोले जुन अनुदान हो, उसैबाट कट्टा गरी हस्तान्तरण गरिनुपर्ने। | नेपाल सरकार र प्रदेश सरकार | सुझाव कार्यान्वयन भएको नदेखिएको। |
| ९. | सशर्त अनुदानको विनियोजन र हस्तान्तरणको तुलनात्मक अध्ययन गर्दा विनियोजित र हस्तान्तरित रकममा ठूलो अन्तर देखिएकाले बजेट विनियोजन तथ्यपरक, वस्तुनिष्ठ र यथार्थपरक हुनुपर्ने। | नेपाल सरकार र प्रदेश सरकार | पूर्ण रूपमा कार्यान्वयन नभएको। |
| १०. | कतिपय प्रदेश सरकारले बजेट तर्जुमा गर्दा सशर्त अनुदानमा बजेट विनियोजन नगरी आर्थिक वर्षको बीचमा सशर्त अनुदान हस्तान्तरण गरेको पाइयो। आर्थिक वर्षको बीचमा बजेट हस्तान्तरण गर्दा स्थानीय सरकारको विनियोजन ऐनमा समावेश नगरी खर्च गर्ने परिपाटीको विकास हुने, स्थानीय सरकारले तयार गर्ने बजेट तथा योजना प्रभावित हुने र स्थानीय सरकारको स्वायत्ततामा सङ्कुचन हुने हुँदा आर्थिक वर्षको बीचमा कुनै पनि नयाँ कार्यक्रम वा आयोजनाहरू कार्यान्वयन गर्न थप सशर्त अनुदान हस्तान्तरण नगर्ने। | प्रदेश सरकार | कार्यान्वयन भएको। |
| **आन्तरिक ऋण परिचालन सम्बन्धी** | | | |
| ११. | देशको समष्टिगत आर्थिक स्थायित्व हुने गरी पूँजी निर्माण र दीर्घकालीन लाभ दिने प्रकृतिका उत्पादनशील कार्यका लागि आन्तरिक ऋणको परिचालन गर्नुपर्ने। साधारण प्रकृतिका, प्रशासनिक खर्चका लागि र अनुत्पादक क्षेत्रमा आन्तरिक ऋण परिचालन नगर्ने। | नेपाल सरकार, प्रदेश र स्थानीय सरकार | सरकारले बजेट विनियोजन गर्दा खर्च शीर्षक अनुसार स्रोत उल्लेख गरि सो बमोजिम लेखाङ्कन र प्रतिवेदन भएको नहुँदा आन्तरिक ऋणको प्रयोग उत्पादनशील क्षेत्रमा भए नभएको एकीन गर्न नसकिएको। |

| क्र.सं. | आयोगबाट दिइएको सुझाव | सम्बन्धित सरकार | सुझाव कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १२. | नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकारले लिने आन्तरिक ऋणको एकीकृत व्यवस्थापन, लेखाङ्कन र प्रतिवेदन प्रणालीको विकास गरी कार्यान्वयन गर्नुका साथै सबै सम्बद्ध निकायले राख्ने आन्तरिक ऋणको विवरण तथा तथ्याङ्कमा एकरूपता कायम गर्नुपर्ने। | नेपाल सरकार, प्रदेश र स्थानीय सरकार | आन्तरिक ऋण व्यवस्थापन तर्फ आंशिक कार्यान्वयन भएको, स्रोत, शीर्षक, र कार्यक्रमगत विनियोजन, लेखाङ्कन र प्रतिवेदन सम्बन्धी सुझाव कार्यान्वयन भएको नदेखिएको। |
| १३. | बजेट अङ्क समायोजन हुँदा यथासम्भव आन्तरिक ऋणको सीमाङ्क समेत समायोजन गर्नेतर्फ ध्यान दिनुपर्ने। | नेपाल सरकार, प्रदेश र स्थानीय सरकार | नभएको। |
| **राजस्व बाँडफाँट तथा परिचालन सम्बन्धी** | | | |
| १४. | अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) मा प्रदेश तथा स्थानीय सरकारले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त हुने राजस्व बाँडफाँट रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था भएकोमा कतिपय स्थानीय सरकारले राजस्व बाँडफाँट र आन्तरिक राजस्व भन्दा बढी हुनेगरी प्रशासनिक खर्च रकम विनियोजन गरेको पाइएकोले अत्यावश्यक प्रशासनिक र सञ्चालन खर्च सकभर सम्बन्धित प्रदेश वा स्थानीय सरकारको आफ्नो आन्तरिक राजस्व सङ्कलनको रकम (आन्तरिक आय) बाट नै मितव्ययी रूपमा व्यवस्थापन गर्नुपर्ने, सोले नपुगेमा मात्रै सङ्घबाट प्राप्त राजस्व बाँडफाँटको रकमबाट व्यहोरी बाँकी रकम सार्वजनिक सेवा र विकास निर्माणका कार्यमा खर्च गर्नुपर्ने। | प्रदेश तथा स्थानीय सरकार | कार्यान्वयनको अवस्था विवरण उपलब्ध नभएको। |
| १५. | नेपालको संविधानको अनुसूची-६ मा प्रदेश सरकारको एकल अधिकार र अनुसूची-८ मा स्थानीय सरकारको एकल अधिकारमा सवारी साधन कर समावेश रहको छ। दुवै सरकारको एकल अधिकारको रूपमा रहेको सवारी साधन कर प्रशासन सञ्चालनको प्रभावकारिताको लागि अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ मा एकल कर प्रशासनको रूपमा सवारी साधन कर असुलउपर गर्ने व्यवस्था रहेको छ। नेपालको संविधानको अनुसूचीमा उल्लेखित एकल अधिकार अन्तर्गत सवारी साधन करको व्यवस्था अनुसार प्रदेश सरकारले कानूनद्वारा विभिन्न शीर्षकमा सवारी साधन कर सङ्कलन गरिने हुँदा यसरी जुनसुकै शीर्षकमा सङ्कलन गरिने भए तापनि सवारी साधन कर बापत सङ्कलन भएको सवारी साधन कर प्रदेश र स्थानीय सरकारबीच बाँडफाँट गर्नुपर्नेमा कतिपय प्रदेश सरकारको सम्बन्धित आर्थिक ऐनमा सवारी चालक अनुमति पत्र, सवारी दर्ता किताब दस्तुर जस्ता शीर्षकमा सङ्कलन गरिएको सवारी साधन कर प्रदेश र स्थानीय सरकारबीच बाँडफाँट भएको नपाइएकोले सवारी साधन करको रूपमा सङ्कलन हुने सबै सवारी साधन कर विभाज्य कोषमा जम्मा गरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम बाँडफाँट हुनुपर्ने। | प्रदेश सरकार | कार्यान्वयन भएको नदेखिएको। |
| १६. | राजस्व सङ्कलनको दायरा बढाउन गरिएको प्रयासलाई कर सुविधाको कारणबाट गुमेको राजस्वले सङ्कुचन गर्ने भएकोले राज्यले प्रत्येक वर्ष उपलब्ध गराउने कर सुविधाको एकीकृत यथार्थपरक हिसाव राख्ने व्यवस्था गर्न उपयुक्त हुने। | नेपाल सरकार, प्रदेश र स्थानीय सरकार | कार्यान्वयन भएको नदेखिएको। |

| क्र.सं. | आयोगबाट दिइएको सुझाव | सम्बन्धित सरकार | सुझाव कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १७. | प्रदेश सरकारले सङ्कलन गरेको कुल सवारी साधन करको ४० प्रतिशतले हुने रकम स्थानीय सरकारलाई बाँडफाँट गर्नुपूर्व स्थानीय विभाज्य कोषमा जम्मा गरिने र त्यस्तो कोषमा जम्मा भएको रकमलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको हिस्सा बमोजिम प्रदेश सरकारले स्थानीय सरकारको सञ्चित कोषमा मासिक रूपमा हस्तान्तरण गर्दै जानुपर्ने कानुनी व्यवस्था रहेको छ। तर हालसम्मको अभ्यासमा प्रदेश सरकारले सवारी साधन कर बाँडफाँटको रकमलाई मासिक रूपमा स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी हस्तान्तरण गरेको पाइएको छैन। यस किसिमको व्यवहारले कानुनी व्यवस्थाको पूर्ण पालना नभएको कारणले स्थानीय सरकारको स्रोत व्यवस्थापनमा कठिनाई उत्पन्न भएको छ। अतः सबै प्रदेश सरकारले स्थानीय सरकारलाई बाँडफाँट गर्नुपर्ने सवारी साधन करको रकम मासिक रूपमा स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी अनिवार्य हस्तान्तरण गर्नुपर्ने। | प्रदेश सरकार | कार्यान्वयन भएको नदेखिएको। |
| १८. | सङ्घीय सरकारले राजस्वको लक्ष्य अनुरूप असुली नभएको अवस्थामा लक्ष्य पुनरावलोकन गर्दा सोको जानकारी यथासमयमा प्रदेश तथा स्थानीय सरकारलाई दिन जरूरी देखिन्छ। त्यसैगरी, प्रदेश तथा स्थानीय सरकारले पनि सङ्घीय सरकारले गरेको राजस्व सङ्कलनको पुनरावलोकनलाई ध्यानमा राखी तदनुकुल आफ्ना कार्यक्रमहरूको पुनरावलोकन तथा परिमार्जन गर्नुपर्ने। | नेपाल सरकार, प्रदेश र स्थानीय सरकार | कार्यान्वयन भएको नदेखिएको। |
| **प्राकृतिक स्रोतको संरक्षण, उपयोग र परिचालन सम्बन्धी** | | | |
| १९. | प्रदेश सरकारले आफूले प्राप्त गरेको रोयल्टी रकमबाट सम्बन्धित प्राकृतिक स्रोत रहेको स्थानीय तह बाहेकका प्राकृतिक स्रोत कम रहेका स्थानीय तहहरूमा समेत वातावरणीय प्रभाव न्यूनीकरण गर्न उपयोग गर्नुपर्ने। | प्रदेश सरकार | विवरण उपलब्ध नभएको। |
| २०. | आयोगबाट रोयल्टी बाँडफाँट सम्बन्धी सिफारिस गर्दा कानूनमा भएको व्यवस्था बमोजिम परिचालित प्राकृतिक स्रोतको निकटतम् प्रभावको अनुपातका आधारमा सम्बन्धित प्रदेश र प्रभावित सम्बन्धित स्थानीय तहलाई रोयल्टीको हिस्सा प्राप्त हुने गरी सिफारिस गरिएको भए तापनि यस प्रकारको रोयल्टीको हिस्सा नै प्राप्त गर्न नसकेका प्रदेश तथा स्थानीय सरकारलाई नेपाल सरकार तथा प्रदेशले प्राप्त गर्ने रोयल्टीको हिस्साबाट समन्यायिकताका आधारमा सम्बोधन गर्न उपयुक्त हुन्छ भन्ने आयोगको सुझाव रहेको छ। सङ्घ तथा प्रदेश सरकारले आफुले प्राप्त गरेको रोयल्टी रकमबाट सम्बन्धित प्राकृतिक स्रोत रहेको प्रदेश तथा स्थानीय तह बाहेकका प्राकृतिक स्रोत कम रहेका प्रदेश तथा स्थानीय तहहरूमा समेत वातावरण संरक्षण तथा वातावरणीय प्रभावको नकारात्मक पक्षलाई न्यूनीकरण गर्नुका साथै प्राकृतिक स्रोतको संरक्षण, सम्बर्द्धन र विकासमा उपयोग गर्नुपर्ने गरी आवश्यक व्यवस्था गर्नुपर्ने। | नेपाल सरकार र प्रदेश सरकार | व्यवस्था भएको नदेखिएको। |

| क्र.सं. | आयोगबाट दिइएको सुझाव | सम्बन्धित सरकार | सुझाव कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| २१. | प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी बाँडफाँटको हिस्सा सिफारिस गर्दा न्यून रकम प्राप्त गर्ने प्रदेश तथा स्थानीय सरकारलाई प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापनमा स्रोत अपुग हुने अवस्था भएमा तत् तत् प्रदेश तथा स्थानीय सरकारले आफ्नो वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा आवश्यकता र औचित्यको आधारमा समानीकरण अनुदान लगायत प्राप्त स्रोतबाट प्राथमिकता साथ निश्चित रकम आ-आफ्नो भौगोलिक क्षेत्र अन्तर्गत रहेका प्राकृतिक स्रोतहरूको संरक्षण र व्यवस्थापन गर्नको लागि कार्यक्रम बनाई कार्यान्वयन गर्नेगरी नेपाल सरकार तथा प्रदेश सरकारले ब्यवस्था मिलाउनु पर्ने देखिन्छ। जसका लागि नेपाल सरकारले रोयल्टी बाँडफाँटबाट प्राप्त गर्ने ५० प्रतिशत रोयल्टी मध्ये देशभर रहेका प्राकृतिक स्रोतको संरक्षण तथा व्यवस्थापनका लागि आयोजना/कार्यक्रमहरू प्राथमिकीकरण गरी बजेट विनियोजन गर्नुका साथै तुलनात्मक रूपमा कम रोयल्टी प्राप्त गर्ने प्रदेशलाई सम्बोधन गर्ने गरी सम्बन्धित निकायको समन्वयमा प्राकृतिक स्रोत संरक्षण तथा व्यवस्थापनमा आयोजना/कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ। त्यसै गरी प्रदेश सरकारले रोयल्टी बाँडफाँटबाट प्राप्त गर्ने २५ प्रतिशत रोयल्टी मध्ये आ-आफ्ना प्रदेश भित्र रहेका प्राकृतिक स्रोतको संरक्षण तथा व्यवस्थापनका लागि आयोजना/कार्यक्रमहरू प्राथमिकीकरण गरी बजेट विनियोजन गर्नुका साथै तुलनात्मक रूपमा कम रोयल्टी प्राप्त गरेका र रोयल्टी पाउँदै नपाएका स्थानीय सरकारमा वातावरण संरक्षण गर्ने तथा वातावरणीय प्रभावको नकारात्मक पक्षलाई न्यूनीकरण गर्ने र प्राकृतिक स्रोतको संरक्षण, सम्बर्द्धन, विकासमा उपयोग गर्नेगरी कार्यक्रम सञ्चालन गर्नुपर्ने। | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार | कार्यक्रम सञ्चालन भएको नदेखिएको। |
| २२. | पर्वतारोहणबाट प्राप्त रोयल्टी रकम हिमालचुली रहेको स्थानीय तह, त्यसको वरिपरिको स्थानीय तह, आधार शिविर रहेको स्थान, लश्कर मार्ग, पर्यटन पदमार्ग, क्याम्पिङ्ग साइट, विश्रामस्थल, फोहोरमैला व्यवस्थापन, सूचना तथा सञ्चार केन्द्र निर्माण लगायत हिमालचुली आरोहणबाट प्रभावित हुने क्षेत्रमा हिमालचुली संरक्षण तथा सम्बर्द्धनमा उपयोग गर्नुपर्ने। | स्थानीय सरकार | विवरण उपलब्ध नभएको। |
| २३. | विद्युतबाट प्राप्त रोयल्टी रकम विद्युत आयोजना सञ्चालनमा दिगोपन ल्याउने एवम् विद्युत आयोजना रहेको मुख्य क्षेत्र, वरिपरिका प्रभावित क्षेत्र र उपल्लो तथा तल्लो तटीय प्रभावित क्षेत्रको जनसङ्ख्यालाई लाभ हुने गरी उपयोग गर्नुपर्ने। | नेपाल सरकार, प्रदेश र स्थानीय सरकार | विवरण उपलब्ध नभएको। |
| २४. | तीनै तहका सरकारले विद्युत आयोजनाको मुहान क्षेत्र वरिपरि सडक निर्माण तथा सुधार लगायतका कार्य गर्दा भू-क्षयबाट रूख, ढुङ्गा, माटो, बालुवा जलाशय तथा मुहानमा पस्नबाट जोगाउन सडकको नाली व्यवस्थापन गर्ने, खनेको माटो खोलामा जान नदिन छेका पर्खाल (Check wall) हरू लगाउने, खनेको माटो सुरक्षित स्थानमा व्यवस्थापन गर्ने, पहिरो नियन्त्रणका लागि वायो-इन्जिनियरिङ्ग लगायतका कार्यहरू गर्नुपर्ने। | नेपाल सरकार, प्रदेश र स्थानीय सरकार | कार्यान्वयन भएको नदेखिएको। |
| २५. | राष्ट्रिय वन र राष्ट्रिय निकुञ्ज अन्तर्गतको संरक्षित क्षेत्रबाट प्राप्त रोयल्टी रकमको हकमा वनको अवस्थिति, वनमा आश्रित जनसङ्ख्या, सो वनको परिचालन गर्दा पर्ने प्रभाव क्षेत्रका जनतालाई लाभ पुग्ने, राष्ट्रिय वन र संरक्षित वनको संरक्षण, सम्बर्द्धन गरी हरियाली प्रवर्द्धन गर्ने कार्यमा उपयोग गर्नुपर्ने। | नेपाल सरकार, प्रदेश र स्थानीय सरकार | विवरण उपलब्ध नभएको। |
| २६. | खानी तथा खनिज पदार्थबाट प्राप्त रोयल्टी रकम उत्खनन्का लागि अनुमति दिएको खनिज क्षेत्र (Lease Area), खानीका कारण प्रभावित स्थान र सोका कारण प्रभावित जनसङ्ख्याको लागि लाभ पुग्ने, खानी क्षेत्र वरिपरिको प्रदुषण नियन्त्रण र वातावरण संरक्षण तथा प्रबर्द्धन गर्ने गरी स्वीकृत वातावरणीय प्रभाव अध्ययन प्रतिवेदनको प्रभावकारी कार्यान्वयन सम्बन्धित खानी सञ्चालनकर्ताबाट गर्ने व्यवस्था मिलाउनु पर्ने। | नेपाल सरकार, प्रदेश र स्थानीय सरकार | कार्यान्वयन भएको नदेखिएको। |

# परिच्छेद - पाँचः
# निष्कर्ष तथा सुझाव

## ५.१ निष्कर्ष

नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायतका कानून बमोजिम आयोगले प्राप्त जिम्मेवारी निर्वाह गर्दै आएको छ। आयोगले अन्तर सरकारी वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट तथा रोयल्टी बाँडफाँटलाई समन्यायिक र सन्तुलित बनाउने उद्देश्यले स्वतन्त्र, निष्पक्ष, पारदर्शी र वस्तुनिष्ठ आधारमा अध्ययन, अनुसन्धान र विश्लेषण गरी सिफारिस गर्ने गरेको छ। विभिन्न आधार, सूचक, सूचकाङ्क, भार तथा ढाँचा निर्धारण र पुनरावलोकन गरी संविधान र कानून बमोजिम आयोगबाट गरिएका सिफारिस सम्बद्ध सङ्घीय इकाइबाट प्रभावकारी रूपमा कार्यान्वयन गरिनु पर्दछ।

विगतदेखिको अन्तर सरकारी वित्त हस्तान्तरणको विश्लेषणबाट आयोगका सिफारिस तथा सुझाव प्रभावकारी रूपमा कार्यान्वयन गर्न सङ्घीय इकाइहरूले थप कार्यहरू गर्न आवश्यक देखिएको छ। साथै, संवैधानिक व्यवस्था बमोजिम कानून निर्माण र संशोधनका लागि आयोगबाट दिइएका सुझावहरू यथाशीघ्र कार्यान्वयन हुनु पर्दछ। आयोगलाई कार्यसम्पादनका लागि आवश्यक पर्ने तथ्याङ्कीय उपलब्धता र संस्थागत क्षमता विकासका लागि सरोकारवालाहरूबाट निरन्तर सहयोग र सहकार्यको अपेक्षा गरिएको छ।

## ५.२ सुझाव

| क्र.सं. | सुझाव | सम्बन्धित सरकार |
|---|---|---|
| **क. वित्तीय हस्तान्तरण** | | |
| १. | सशर्त, समपूरक र विशेष अनुदानले वित्तीय अन्तरमा पार्ने प्रभावको विश्लेषण पश्चात् वित्तीय समानीकरण अनुदान निर्धारण र सिफारिस गर्ने प्रयोजनार्थ क्र.सं. १ बमोजिमको सुझाव कार्यान्वयन नभएसम्मका लागि प्रत्येक आर्थिक वर्षको माघ मसान्तभित्र आगामी आर्थिक वर्षमा हस्तान्तरण हुने सशर्त, समपूरक र विशेष अनुदानको सङ्घीय इकाइगत र क्षेत्रगत परिमाणको विवरण आयोगमा उपलब्ध गराउनुपर्ने। | नेपाल सरकार, प्रदेश सरकार |
| २. | अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) मा प्रदेश तथा स्थानीय सरकारले आफूले उठाएको राजस्व र उक्त ऐन बमोजिम राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नु पर्ने व्यवस्था बमोजिम प्रदेश तथा स्थानीय सरकारले प्रशासनिक खर्च [पारिश्रमिक/सुविधा, मालसामान तथा सेवाको उपयोग (कार्यक्रम सम्बन्धी खर्चहरू बाहेक), अनुगमन तथा मूल्याङ्कन खर्च, भ्रमण खर्च, विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको अध्ययन तथा भ्रमण खर्च, विविध खर्च, सभा सञ्चालन खर्च, निवृत्तिभरण तथा अशक्तवृत्ति, उपदान, सेवा निवृत्तको सञ्चित बिदा, सेवा निवृत्तको औषधि उपचार, जग्गा/घर/सवारी साधन/मेशिनरी औजारको भाडा, राजस्व, न्यायिक तथा अन्य फिर्ता, भैपरी आउने चालु खर्च] शीर्षकमा वित्तीय समानीकरण अनुदानबाट प्राप्त रकम विनियोजन नगर्ने। | प्रदेश सरकार, स्थानीय सरकार |
| ३. | प्रदेश तथा स्थानीय सरकारले वित्तीय अनुदानको प्राप्ति र प्रयोग कुन कार्यक्रम/योजनामा, कुन खर्च शीर्षकमा गर्ने भनी बजेट (खर्च शीर्षकगत र स्रोतगत समेत) मा स्पष्ट उल्लेख गर्नुपर्नेमा सो भएको नदेखिएकाले प्रयोजन बमोजिम उपयोग हुनेगरी प्रणाली विकास गर्नुपर्ने। | प्रदेश सरकार, स्थानीय सरकार |

| क.सं. | सुझाव | सम्बन्धित सरकार |
|---|---|---|
| ४. | नेपाल सरकार र प्रदेश सरकारले सशर्त अनुदानमा बजेट विनियोजन गर्दा आयोगले सिफारिस गरेको सशर्त अनुदान हस्तान्तरणको आधारको समेत संकेतीकरण गरी बजेट विनियोजन र सशर्त अनुदानको आधारगत लेखाङ्कन तथा प्रतिवेदनको व्यवस्था गर्नुपर्ने। | नेपाल सरकार, प्रदेश सरकार |
| ५. | सशर्त अनुदानको रकम हस्तान्तरण गर्दा क्रियाकलाप उल्लेख नगरी क्षेत्रगत शर्तहरू र आयोजना/कार्यक्रमको लक्ष्य तथा अपेक्षित उपलब्धि जस्ता विषयहरू मात्र तोकेर एकमुष्ट (Bulk) रुपमा उपलब्ध गराई प्रदेश तथा स्थानीय सरकारलाई विनियोजन स्वायत्तता प्रदान गर्न आयोगले सिफारिस गरेकोमा सिफारिस विपरीत स-साना क्रियाकलाप उल्लेख गरी सशर्त अनुदान विनियोजन गर्ने क्रम नरोकिएकोले एकमुष्ट सशर्त अनुदान हस्तान्तरणको व्यवस्था गर्नुपर्ने। | नेपाल सरकार, प्रदेश सरकार |
| ६. | अन्तर- सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २७ मा बजेटमा व्यवस्था गरेर मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। सङ्घ र प्रदेश सरकारले बजेट तर्जुमा गर्दा सशर्त अनुदानका सबै कार्यक्रम वा आयोजनाहरू समावेश नगरी आर्थिक वर्षको बीचमा नयाँ कार्यक्रम वा आयोजनाहरू कार्यान्वयन गर्न थप सशर्त अनुदान हस्तान्तरण गरेको देखिएकाले बजेटमा समावेस गरेरमात्र सशर्त अनुदान हस्तान्तरण गर्ने। | नेपाल सरकार, प्रदेश सरकार |
| ७. | नेपाल सरकार तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान हस्तान्तरण हुँदा अघिल्लो आर्थिक वर्षमा खर्च नभएको सशर्त अनुदान फिर्ता नगरेको भनी समानीकरण अनुदानबाट रकम कट्टा गरेको देखिएको छ। गत आर्थिक वर्षमा फिर्ता हुनुपर्ने अनुदान नियमानुसार फिर्ता गराउने वा जुन अनुदान हो, उसैबाट कट्टा गरी हस्तान्तरण गरिनुपर्नेमा केही सङ्घीय इकाइमा कार्यान्वयन भएको नदेखिएकोले सो कार्यान्वयन हुनुपर्ने। | नेपाल सरकार, प्रदेश सरकार |
| ८. | आयोगले गरेको सिफारिस बमोजिम सङ्घ र प्रदेश सरकारले वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्नुपर्नेमा आयोगको सिफारिस भन्दा फरक परिमाणमा विनियोजन गर्ने र स्वीकृत बजेटमा विनियोजन गरेको वित्तीय समानीकरण अनुदान समेत कटौती गरेको पाइएकोले संविधान र कानून बमोजिमको आयोगको सिफारिस विपरीत विनियोजन र अनुदान कटौती नगर्ने। | नेपाल सरकार, प्रदेश सरकार |
| | **ख. आन्तरिक ऋण परिचालन** | |
| ९. | वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दाको चरणदेखि नै आन्तरिक ऋण परिचालन कुन योजनाका लागि कुन खर्च शीर्षकमा गर्ने वा कुन खर्च शीर्षकमा गरियो भनी बजेट तथा कार्यक्रमगत रूपमा बजेट वक्तव्य तथा व्यय अनुमानको विवरण (खर्च शीर्षकगत र स्रोतगत समेत) मा स्पष्ट उल्लेख गर्नुपर्नेमा सो बमोजिम भएको नदेखिएकाले आयोगको सिफारिस र सुझाव अनुसार प्रयोजन खुलाई बजेट प्रस्ताव, लेखाङ्कन र प्रतिवेदन गर्नुपर्ने। | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार |
| १०. | प्रदेश तथा स्थानीय सरकारले आन्तरिक ऋण परिचालनका लागि आवश्यक कानुनी, संस्थागत र अन्य संरचनागत व्यवस्था गरी सङ्घीय सरकारसँग स्वीकृति लिएर मात्र वार्षिक बजेट तथा विनियोजन विधेयकमा आन्तरिक ऋणलाई खर्चको स्रोतको रुपमा उल्लेख गर्नुपर्ने आयोगको सिफारिस र सुझाव कार्यान्वयन भएको नदेखिएकोले प्रचलित कानून र आयोगको सिफारिस अनुसार मात्र आन्तरिक ऋण बजेटमा समावेश गर्नुपर्ने। | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार |
| | **ग. राजस्व बाँडफाँट तथा परिचालन** | |
| ११. | विभिन्न शीर्षकमा सवारी साधन कर बापत सङ्कलन भएको कर प्रदेश र स्थानीय सरकारबीच बाँडफाँट गर्नुपर्नेमा कतिपय प्रदेश सरकारको सम्बन्धित आर्थिक ऐनमा सवारी चालक अनुमति पत्र, सवारी दर्ता किताब दस्तुर जस्ता शीर्षकमा सङ्कलन गरिएको सवारी साधन कर प्रदेश र स्थानीय सरकारबीच बाँडफाँट भएको नपाइएकोले सवारी साधन करको रूपमा सङ्कलन हुने सबै सवारी साधन कर विभाज्य कोषमा जम्मा गरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम बाँडफाँट गर्नुपर्ने। | प्रदेश सरकार |
| १२. | अन्तर- सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. बमोजिम सवारी साधन करको बाँडफाँट मासिक रूपमा गर्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा हिसाब मिलान गर्नुपर्नेमा सो बमोजिम गरेको नदेखिएकोले ऐनको व्यवस्था बमोजिम मासिक रुपमा बाँडफाँट गरी सम्बन्धित आर्थिक वर्षभित्रै हिसाब मिलान गर्नुपर्ने। | प्रदेश सरकार |
| १३. | सङ्घ, प्रदेश र स्थानीय सरकारले यथार्थपरक रुपमा राजस्व अनुमान गरी राजस्व बाँडफाँटलाई अनुमानयोग्य बनाउनु पर्ने। सङ्घीय इकाइले बजेट समीक्षा मार्फत राजस्व लक्ष्य संशोधन गर्दा सरोकारवाला सङ्घीय इकाइलाई जानकारी दिनुपर्ने। | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार |

| क्र.सं. | सुझाव | सम्बन्धित सरकार |
|---|---|---|
| **घ. प्राकृतिक स्रोतको संरक्षण, उपयोग र परिचालन** | | |
| १४. | सङ्घ तथा प्रदेश सरकारले आफूले प्राप्त गरेको रोयल्टी रकमबाट सम्बन्धित प्राकृतिक स्रोत रहेको प्रदेश तथा स्थानीय तह बाहेकका प्राकृतिक स्रोत कम रहेका प्रदेश तथा स्थानीय तहमा समेत वातावरण संरक्षण तथा वातावरणीय प्रभावको नकारात्मक पक्षलाई न्यूनीकरण गर्नुका साथै प्राकृतिक स्रोतको संरक्षण, सम्बर्द्धन र विकासमा परिचालन गर्नुपर्ने। | नेपाल सरकार, प्रदेश सरकार |
| १५. | सामुदायिक वनको कर सङ्कलन एकद्वार प्रणाली मार्फत हुनेगरी व्यवस्थापन गर्नुपर्ने। | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार |
| **अन्य सुझाव** | | |
| १६. | राजस्वको समान्य सिद्धान्त विपरीत केही स्थानीय सरकारले करमुक्त पालिका घोषणा गरेको पाइएकोले स्थानीय सरकारले राजस्व अधिकारको उपयोग गरी राजस्व परिचालन गर्नुपर्ने। | स्थानीय सरकार |
| १७. | चालु खर्चमा मितव्ययिता, विनियोजन कुशलता र खर्च दक्षता तथा राजस्व प्रशासनको सबलीकरण र चुहावट नियन्त्रण गरी पूँजी निर्माणमा थप वित्तीय स्रोत परिचालन गर्नुपर्ने। | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार |
| १८. | अन्तर सरकारी वित्तीय समन्वयका संयन्त्रलाई थप सक्रिय गराई सङ्घीय इकाइबीचका विवाद समाधान र सहजीकरण गर्नुपर्ने। | नेपाल सरकार र प्रदेश सरकार |

# अनुसूची

## अनुसूची - १ः सङ्घीय विभाज्य कोषबाट प्रदेश र स्थानीय सरकारमा हुने राजस्व बाँडफाँट

| |
|---|
| आर्थिक वर्ष २०७७/७८ देखि लागू हुने गरी पाँच वर्ष (आर्थिक वर्ष २०८१/८२) सम्मका लागि संविधान र कानूनबमोजिम सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश तथा स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण एवम् निर्धारित ढाँचाबमोजिमको राजस्व बाँडफाँटको हिस्सा सम्बन्धमा मिति २०७६/११/२९ मा नेपाल सरकारलाई गरिएको सिफारिस |

## क. पृष्ठभूमि

नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य संरचनामा रूपान्तरित भएको सन्दर्भमा नेपालको संविधानले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरेको र यस आयोगलाई वित्तीय सङ्घीयताको कार्यान्वयनमा सघाउ पुऱ्याउने उद्धेश्यले संवैधानिक जिम्मेवारी सुम्पिएको देखिन्छ। आफूलाई सुम्पिएको संवैधानिक जिम्मेवारीअनुरूप आयोगले राज्यमा उपलब्ध वित्तीय एवम् प्राकृतिक स्रोत साधनको समन्यायिक एवम् समतामूलक ढंगले बाँडफाँट र वितरण गर्नका लागि विभिन्न आधार र ढाँचा निर्धारण गरी तीनै तहका सरकारलाई सिफारिस गर्नुपर्ने हुन्छ।

संविधानको भाग २६ मा संवैधानिक निकायका रूपमा व्यवस्था गरिएको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले वित्तीय सङ्घीयताका अवयवहरू (Dimensions of Fiscal Federalism) लाई मध्यनजर गर्दै आफूलाई प्रदान गरिएको संवैधानिक जिम्मेवारी र दायरा भित्र रही कार्य सम्पादन गर्दै आएको छ। संविधानले यस आयोगलाई राज्यमा उपलब्ध वित्तीय स्रोत र साधनको तीन तहका सरकारबीच समतामूलक वितरणको आधार तयार गर्ने कार्यादिश दिएको छ।

सङ्घीयता अन्तर्गत सार्वजनिक वित्तको महत्त्वपूर्ण अङ्गको रूपमा रहेको वित्तीय सङ्घीयताले सङ्घ, प्रदेश तथा स्थानीय तहबीच राज्यका आर्थिक स्रोत र साधनको न्यायोचित वितरणको आधार, ढाँचा र मार्गदर्शन प्रदान गर्ने गर्दछ।

सन् १९५९ मा प्रसिद्ध अमेरिकी अर्थशास्त्री रिचार्ड मुस्ग्रेभले वित्तीय सङ्घीयताको बारेमा बहस र पैरवी गर्दै तहगत सरकारबीचको काम तथा वित्तीय स्रोतको सम्बन्ध नै वित्तीय सङ्घीयता हो भनी परिभाषित गरेका थिए। नेपालको परिवेशमा वित्तीय सङ्घीयताका अवयवहरूमा खर्च जिम्मेवारीको बाँडफाँट (Expenditure Assignment), राजस्व अधिकार (Revenue Authority), अन्तर-सरकारी वित्तीय हस्तान्तरण (Inter-Governmental Fiscal Transfer), आन्तरिक ऋण (Internal Borrowing) र प्राकृतिक स्रोतको परिचालन तथा बाँडफाँटलाई लिइन्छ। वित्तीय सङ्घीयताका अवयवहरूलाई देहायबमोजिम देखाइएको छः

**वित्तीय सङ्घीयताका अवयवहरू**




सामान्यतया सङ्घीयता लागू भएका देशहरूमा माथिल्लो तहका सरकारमा राजस्व सङ्कलन गर्ने अधिकार र दायरा स्वभावतः बढी रहेको हुन्छ। अर्थात, राजस्व सङ्कलनको क्षमता एवम् दायराका दृष्टिकोणले नेपाल सरकारको तुलनामा प्रादेशिक र स्थानीय सरकारको सक्षमता न्यून हुने गर्दछ। अतः सङ्घीयता लागू भएका मुलुकमा जस्तै गरी त्यसरी सङ्कलित राजस्व रकम सैद्धान्तिक एवम् व्यवहारिक रूपमा नेपाल सरकारले तल्ला तहका सरकारलाई निश्चित आधार, विधि र ढाँचाअनुरूप बाँडफाँट गर्नुपर्ने हुन्छ।

संवैधानिक तथा कानुनी व्यवस्थाअनुरूप आयोगले तीनै तहका सरकारलाई विभिन्न सिफारिसहरू गर्नुपर्ने हुन्छ जसमध्ये नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण हुने राजस्व बाँडफाँटका आधार र ढाँचासम्बन्धी सिफारिस मुख्य रूपमा रहेको छ। यसैअनुरूप नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ समेतका आधारमा आर्थिक वर्ष २०७७/७८ का लागि सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश तथा स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा एवम् सोबमोजिम राजस्व बाँडफाँटको हिस्सा सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गरिएको छ।

## ख. संवैधानिक व्यवस्था

नेपालको संविधानको प्रस्तावनाले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधताबीचको एकता, सामाजिक साँस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ। तसर्थ, वर्तमान नेपालको सङ्घीय संरचनाबमोजिमको आर्थिक विकास र समुन्नतिका लागि समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा जनतालाई सामाजिक न्याय प्रदान गर्नका लागि पनि सङ्घमा सङ्कलित राजस्व प्रदेश र स्थानीय तहमा समेत हस्तान्तरण गर्नुपर्ने हुन्छ।

नेपालको संविधानको भाग ५ मा राज्यको संरचना र राज्य शक्तिको बाँडफाँटका सम्बन्धमा व्यवस्था गर्दै धारा ५६ को उपधारा (१) मा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश तथा स्थानीय तह गरी तीन तहको हुने स्पष्ट व्यवस्था गरेको छ भने सोही धाराको उपधारा (२) मा नेपालको राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश तथा स्थानीय तहले यस संविधान तथा कानूनबमोजिम गर्नेछन् भन्ने उल्लेख गरेको छ।

यसै सन्दर्भमा संविधानको धारा २३२ को उपधारा (१) ले नेपालमा लागू भएको सङ्घीय संरचनाका सम्बन्धमा उल्लेख गर्दै

सङ्घ, प्रदेश तथा स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भनी स्पष्ट मार्गदर्शन गरेको छ। सोही सिद्धान्तका आधारमा सङ्घ, प्रदेश (७ वटा) र स्थानीय सरकार (७५३ वटा) हरूले संविधानको मर्म र भावनाअनुसार एकआपसी सहयोग र समन्वयका आधारमा आ-आफ्ना क्षेत्रमा क्रियाशील भई एकले अर्कोलाई सघाउ पुऱ्याउनुपर्दछ।

त्यसैगरी संविधानको धारा ५९ को उपधारा (१) ले सङ्घ, प्रदेश तथा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने भनी स्पष्ट मार्गदर्शन गरेबमोजिम तीनै तहका सरकारबाट उक्त कार्यहरू सम्पादन हुनुपर्ने हुन्छ।

साथै, संविधानको धारा ६० ले राजस्व स्रोतको बाँडफाँट सम्बन्धमा विशेष व्यवस्था गरेको छ जसअनुसार धारा ६० को उपधारा (१) ले सङ्घ, प्रदेश तथा स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने, तर साझासूची भित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने व्यवस्था गरेको छ। त्यसैगरी सोही धाराको उपधारा (२) मा नेपाल सरकारले सङ्कलन गरेको राजस्व सङ्घ, प्रदेश तथा स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउने छ भनी उल्लेख गरेको र उपधारा (३) मा प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम हुनेछ भनी व्यवस्था गरेबाट नेपालमा अन्तर-सरकारी वित्तीय हस्तान्तरण र व्यवस्थापनमा यस आयोगको भूमिका र सिफारिस उल्लेखनीय र बाध्यकारी हुने देखिएको छ। साथै, उपधारा (७) ले सङ्घ, प्रदेश तथा स्थानीय तहबीच राजस्वको बाँडफाँट गर्दा सन्तुलित र पारदर्शी रूपमा गर्नुपर्ने भनी गरेको व्यवस्थालाई आयोग र नेपाल सरकारले उच्च प्राथमिकतामा राख्नुपर्ने हुन्छ।

यसका अलावा संविधानको धारा ६० को उपधारा (८) ले राजस्व बाँडफाँटसम्बन्धी सङ्घीय ऐन बनाउँदा राष्ट्रिय नीति, राष्ट्रिय आवश्यकता, प्रदेश तथा स्थानीय तहको स्वायत्तता, प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनुपर्ने सेवा र उनीहरूलाई प्रदान गरिएको आर्थिक अधिकार, राजस्व उठाउन सक्ने क्षमता, राजस्वको सम्भाव्यता र उपयोग, विकास निर्माणमा गर्नुपर्ने योगदान, क्षेत्रीय असन्तुलन गरिबी र असमानताको न्यूनीकरण, बञ्चितीकरणको अन्त्य, आकस्मिक कार्य र अस्थायी आवश्यकता पूरा गर्न सहयोग गर्नुपर्ने विषयहरूमा ध्यान दिनुपर्ने कुरा उल्लेख गरेको देखिन्छ। यस सन्दर्भमा वित्तीय सङ्घीयताको कार्यान्वयनको क्रममा सङ्घीय सञ्चित कोषबाट सङ्कलित राजस्वको बाँडफाँट गर्ने विषयमा उल्लिखित विषय वस्तुहरूलाई नेपाल सरकार लगायत सम्बद्ध सरोकारवाला सबैले विशेष प्राथमिकता दिनुपर्ने र उच्च मूल्याङ्कन गर्नुपर्ने आयोगको धारणा रहेको छ।

यसैगरी संविधानको धारा ११६ मा सङ्घीय सञ्चित कोषको बारेमा व्यवस्था गर्दै गुठी रकम बाहेक नेपाल सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जा, ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन र नेपाल सरकारलाई प्राप्त हुने अन्य जुनसुकै रकम सङ्घीय ऐनद्वारा अर्को व्यवस्था नगरिएमा एक सरकारी कोषमा आम्दानी बाँधिने छ जसलाई सङ्घीय सञ्चित कोष भनिनेछ भनी व्यवस्था गरेको छ। त्यसरी नै संविधानको धारा २०४ मा प्रदेश सञ्चित कोषको व्यवस्था गर्दै गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जा, प्रदेश ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन र नेपाल सरकारबाट प्राप्त हुने अनुदान एवम् ऋण रकम प्रदेश ऐन द्वारा अर्को कुनै व्यवस्था नगरिएमा एक प्रदेश सरकारी कोषमा आम्दानी बाँधिने छ जसलाई प्रदेश सञ्चित कोष भनिनेछ भनी व्यवस्था गरेको छ। साथै, संविधानको धारा २२९ ले स्थानीय सञ्चित कोषको बारेमा व्यवस्था गरेको छ जसअनुसार स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहनेछ। त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले

लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ भन्ने व्यवस्था गरेको छ। यसरी तीनै तहका सरकारले आ-आफ्ना अलग अलग सञ्चित कोष खडा गरी प्राप्त रकम कोषमा जम्मा गर्नुपर्ने व्यवस्थालाई तीनै तहका सरकारले अनुसरण गरिरहेका छन् भन्ने आयोगको विश्वास रहेको छ।

यी सबै पक्षहरूलाई ख्याल राखी नेपालमा अन्तर-सरकारी वित्तीय सम्बन्धलाई परिभाषित गर्दै नेपालको संविधानको धारा २३२ को उपधारा (१) ले परिकल्पना गरेको तीन तहका सरकारबीचको सम्बन्धलाई एकआपसी समन्वय र सहकार्यको सिद्धान्तअनुकूल बनाउँदै लैजाने उद्धेश्यका साथ संविधानको धारा २५० ले यस आयोगको परिकल्पना गरेको देखिन्छ। संविधानको धारा २५१ ले यस आयोगको काम कर्तव्य र अधिकारको बारेमा स्पष्ट व्यवस्था गरेको छ। उक्त धारा २५१ को उपधारा (१) (क) ले संविधान र कानूनबमोजिम सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश तथा स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने अधिकार तथा जिम्मेवारी आयोगलाई प्रदान गरेबाट आयोगले माथि उल्लिखित समग्र विषय वस्तुलाई ख्याल राख्दै राजस्व बाँडफाँटसम्बन्धी सिफारिस गर्नुपर्ने अवस्था रहेको देखिन्छ।

## ग. कानुनी व्यवस्था

### १. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

१. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ ले राजस्वको बाँडफाँट गर्दा लिइने आधार तोकेको छ जसअनुसार आयोगले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा देहायका आधारमा निर्धारण गरी नेपाल सरकारमा सिफारिस गर्नुपर्नेछ:

    क. जनसङ्ख्या र जनसाङ्खिक विवरण

    ख. क्षेत्रफल

    ग. मानव विकास सूचकाङ्क

    घ. खर्चको आवश्यकता

    ङ. राजस्व सङ्कलनमा गरेको प्रयास

    च. पूर्वाधार विकास र

    छ. विशेष अवस्था।

२. आयोगले राजस्व बाँडफाँट सम्बन्धमा निर्धारण गरेको विस्तृत आधार र ढाँचा पाँच (५) वर्षको लागि मान्य हुने र आयोगले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने व्यवस्था उक्त ऐनको दफा १५ को उपदफा (२) मा गरेअनुसार आगामी आर्थिक वर्ष २०७७/७८ का लागि सिफारिस गरिएको राजस्व बाँडफाँटसम्बन्धी आधार र ढाँचा आगामी पाँच वर्षका लागि लागू हुनेछ।

३. तर सोही ऐनको दफा १५ को उपदफा (३) र (४) ले यस आयोगले निर्धारण गरेको विस्तृत आधार र ढाँचा विशेष कारणवस पाँच वर्ष आगावै पुनरावलोकन गर्न आवश्यक देखेमा नेपाल सरकारले आयोगलाई अनुरोध गर्न सक्ने र नेपाल सरकारले गरेको अनुरोध आयोगलाई मनासिव लागेमा उल्लिखित आधार र ढाँचामा पुनरावलोकन गरी नेपाल सरकारमा सिफारिस गर्न सक्नेछ। तर यसरी आयोगबाट पहिलो पटक निर्धारण भएको विस्तृत आधार र ढाँचा पाँच वर्षमा एक पटक भन्दा बढी पटक पुनरावलोकन हुनसक्ने देखिँदैन।

## २. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

१. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (३) बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले कर, गैरकर तथा रोयल्टी लगाउन सक्ने कानुनी व्यवस्था गरेको छ जसअनुसार ऐनको अनुसूची-१ बमोजिम नेपाल सरकारले सङ्घीय कानूनबमोजिम करतर्फ भन्सार महशुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर र गैरकरतर्फ राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, जूवा/चिठ्ठा क्यासिनो, दण्ड-जरिवाना लगाउन र उठाउन सक्ने व्यवस्था गरेको छ।

२. त्यसैगरी सोही दफाको उपदफा (२) ले प्रदेश सरकारले प्रदेश कानूनबमोजिम करतर्फ घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारीसाधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर र गैरकरतर्फ सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड-जरिवाना लगाउन र उठाउन सक्ने व्यवस्था गरेको छ।

३. यसैगरी सोही दफाको उपदफा (३) ले स्थानीय तहले स्थानीय कानूनबमोजिम करतर्फ सम्पत्ति कर, घरबहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारीसाधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर, व्यवसाय कर र गैरकरतर्फ सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड-जरिवाना लगाउन र उठाउन सक्ने व्यवस्था गरेको छ।

४. प्रदेश तथा स्थानीय तहले कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकूल नहुने गरी लगाउनु पर्नेछ भने प्राकृतिक स्रोतमा रोयल्टी लगाउने सम्बन्धमा भने सङ्घीय कानूनबमोजिम मात्रै कर लगाउन र उठाउन सक्ने व्यवस्था रहेको छ।

५. राजस्व बाँडफाँटको सम्बन्धमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ ले मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कको बाँडफाँट सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छ-

- दफा ६ (१) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहबीच मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम बाँडफाँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रकम सो कोषमा जम्मा गर्नुपर्नेछ।
- दफा ६ (२) बमोजिम सङ्घीय विभाज्य कोषमा जम्मा भएको रकम मध्ये ७० प्रतिशत नेपाल सरकारलाई, १५ प्रतिशत प्रदेशलाई र १५ प्रतिशत स्थानीय तहलाई बाँडफाँट गर्नुपर्ने हुन्छ।
- दफा ६(३) बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबीच बाँडफाँट गरिने रकम मध्ये नेपाल सरकारले प्राप्त गर्ने रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्ने र प्रदेशहरू तथा स्थानीय तहहरूलाई प्राप्त हुने रकम नेपाल सरकारले देहायको विभाज्य कोष खडा गरी त्यस्तो कोषमा जम्मा गर्नुपर्नेछ।
    - प्रदेशहरूले प्राप्त गर्ने रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने।
    - स्थानीय तहहरूले प्राप्त गर्ने रकम स्थानीय विभाज्य कोषमा जम्मा गर्नुपर्ने।
- दफा ६(४) बमोजिम प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम संविधान र यस ऐनको अधीनमा रही आयोगले निर्धारण गरेको आधार र ढाँचाबमोजिम प्रत्येक प्रदेश तथा स्थानीय तहलाई बाँडफाँट गर्नुपर्दछ।
- दफा ६(५) बमोजिमको बाँडफाँटबाट प्रत्येक प्रदेशले प्राप्त गर्ने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा र प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी मासिक रूपमा उपलब्ध गराउनुपर्दछ।

- यसैगरी दफा ६(६) बमोजिम बाँडफाँट हुने रकम आर्थिक वर्षको अन्तिम महिनामा हिसाव मिलान गर्नुपर्दछ।

६. उक्त ऐनको दफा १८ को उपदफा (२) बमोजिम नेपाल सरकारले आयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको फागुन मसान्तभित्र राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदान वापत् आगामी आर्थिक वर्षमा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने अनुमानित स्रोतको विवरण प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ भन्ने उल्लेख गरेबमोजिम आयोगले तोकिएको समयावधि भित्रै राजस्व बाँडफाँटको विस्तृत आधार र ढाँचा एवम् सो ढाँचाबमोजिमको राजस्व बाँडफाँटको हिस्सा नेपाल सरकारलाई सिफारिस गरेको छ।

७. त्यसैगरी ऐनको दफा २१ को उपदफा (४) ले प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नुपर्नेछ भन्ने स्पष्ट व्यवस्था गरेको देखिन्छ। प्रदेश तथा स्थानीय तहले राजस्व सङ्कलनमा विशेष प्रयास गर्नुपर्ने, आ-आफ्नो आन्तरिक राजस्व परिचालनमा बढी भन्दा बढी प्राथमिकता दिनुपर्ने र आफू अन्तर्गतको प्रशासनिक खर्च आफ्नै आन्तरिक स्रोतबाट आपूर्ति गर्न प्रयत्न गर्नुपर्ने हुन्छ। यदि प्रदेश तथा स्थानीय तहले सङ्कलन गरेको आन्तरिक राजस्व रकमबाट प्रशासनिक खर्च धान्न नसक्ने अवस्था भएमा राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च गरी बाँकी रकम विकास निर्माण र सेवा प्रवाहका कार्यमा खर्च गर्नुपर्नेतर्फ ऐनले निर्देशित गरेको देखिन्छ। ऐनको उल्लिखित व्यवस्था र मनसायलाई अवलम्बन गर्दै प्रदेश सरकार र स्थानीय सरकारबाट प्रशासनिक खर्चको किफायती व्यवस्थापन हुनेछ भने आयोगको अपेक्षा र विश्वास रहेको छ।

८. तर प्रदेश तथा स्थानीय तहले आफ्नो आन्तरिक राजस्व र सङ्घबाट प्राप्त राजस्वको कुल योगबाट प्रशासनिक खर्च गर्नुपर्ने अवस्थामा यदि कुनै प्रदेश तथा स्थानीय तहको प्रशासनिक खर्च उसको आन्तरिक राजस्व र केन्द्रबाट प्राप्त राजस्वको कुल रकमबाट समेत पूरा नहुने स्थिति देखा पर्न गएमा त्यस्ता प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता लगायत आवश्यक अन्य पक्षमा सुधार एवम् विशेष व्यवस्था गर्नुपर्ने तर्फ आवश्यक बन्दोबस्त गर्नुपर्ने एवम् सोका लागि सम्बद्ध सरोकारवालाहरूबाट विशेष ध्यान दिनुपर्ने आयोगको सुझाव रहेको छ।

९. उक्त ऐनको दफा ३६ ले तीनै तहका सरकारबीच राजस्वका दर तथा राजस्व सङ्कलन सम्बन्धमा एक आपसी समन्वय र सहयोग हुनुपर्ने व्यवस्था गरेको छ जसअनुसार नेपाल सरकार, प्रदेश वा स्थानीय तहले आपसमा समन्वय गरी आफ्नो जिम्मेवारी भित्रको राजस्व एक अर्का मार्फत उठाउन वा कुनै खास प्रकारका राजस्व एकद्वार प्रणालीबाट उठाउने व्यवस्था गर्न सक्ने तथा राजस्वका दर यथासम्भव समान रूपमा कायम गर्ने वा तत्सम्बन्धी अन्य विषयमा आवश्यक समन्वय गर्न सक्नेछन् भन्ने व्यवस्था उल्लेख रहेको छ। उल्लिखित प्रावधानहरूलाई नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले अवलम्बन गर्नेछन् भन्ने आयोगको अपेक्षा रहेको छ।

## घ. राजस्व बाँडफाँटका सैद्धान्तिक आधार

वित्तीय सङ्घीयताको कार्यान्वयनको महत्त्वपूर्ण पक्ष भनेको कुनै एक तहको सरकारले उठाएको राजस्व अन्य तहहरूमा समेत बाँडफाँट गर्नु हो। माथिल्ला तहका सरकारबाट तल्लो तहमा बाँडफाँट हुने राजस्व (Vertical Revenue Sharing) र तल्ला तहका सरकारबाट माथि प्रवाह हुने राजस्व (Upward Transfer of Revenue) प्रणाली गरी दुई प्रकारको राजस्व बाँडफाँट पद्धति रहेकोमा नेपालमा भने माथिल्ला तहका सरकारबाट तल्लो तहमा बाँडफाँट हुने पद्धति अपनाइएको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले मूल्य अभिवृद्धि कर तथा आन्तरिक अन्तःशुल्कबाट उठेको रकममध्ये ७० प्रतिशत सङ्घलाई र १५/१५ प्रतिशत प्रदेश तथा स्थानीय तहलाई बाँडफाँट हुने व्यवस्था गरेको छ। नेपालको संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (क) मा संविधान र कानूनबमोजिम सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय

प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था रहेकोमा आयोगले सोही व्यवस्थाका आधारमा राजस्व बाँडफाँटको आधार र ढाँचा निर्धारण गरी सिफारिस गरेको छ। यसै सन्दर्भमा राजस्व बाँडफाँट सम्बन्धमा अवलम्बन गरिएका सैद्धान्तिक आधार निम्नानुसार रहेका छन्:

१. सङ्घीयता लागू भएका मुलुकहरूको वित्तीय सङ्घीयतासम्बन्धी पक्ष विश्लेषण गर्दा सङ्घीय इकाइहरू मध्ये नेपाल सरकारसँग राजस्व सङ्कलन गर्ने दायरा बढी हुने हुँदा स्वभाविक रूपमा सङ्कलित राजस्व समेत बढी हुने गर्दछ। तल्ला तहका सङ्घीय इकाइहरूसँग राजस्व सङ्कलनका स्रोतहरू न्यून हुने हुँदा सामाजिक न्यायको दृष्टिकोणले नेपाल सरकारले आफूले सङ्कलन गरेको राजस्व निश्चित आधार र ढाँचामा तल्ला तहका सरकारलाई बाँडफाँट गर्नुपर्ने हुन्छ। साथै, नेपालको परिवेशमा समेत संविधान र कानूनले प्रदेश सरकार र स्थानीय सरकारको तुलनामा नेपाल सरकारलाई बढी राजस्व उठाउन सक्ने अधिकार प्रत्याभूत गरेको छ। यसै सिद्धान्तको मर्मअनुसार आयोगबाट राजस्व बाँडफाँटसम्बन्धी विस्तृत आधार र ढाँचा सिफारिस गरिएको छ।

२. नेपालको संविधानको अनुसूचीमा व्यवस्था गरिएका अधिकारको सूचीअनुसारको कार्य गर्न सम्बन्धित प्रदेश तथा स्थानीय तहले कर्मचारी व्यवस्थापनको कार्य, प्रशासनिक कार्य एवम् अनिवार्य दायित्व पूरा गर्नुपर्ने हुन्छ। जसका लागि प्रदेश तथा स्थानीय तहले आफ्नो आन्तरिक स्रोतबाट उठेको राजस्वबाट मात्र संविधानको अनुसूचीमा उल्लिखित कार्यहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै मूर्त रूप दिन नसक्ने अवस्था रहन सक्छ। अतः संवैधानिक भावनालाई मूर्त रूप दिँदै प्रदेश तथा स्थानीय तहको प्रशासनिक व्यवस्थालाई सहजीकरण गर्न पनि तहहरूबीच राजस्व बाँडफाँट गर्नुपर्ने हुन्छ।

३. यसैगरी राष्ट्रिय नीतिको कार्यान्वयन गर्न, राष्ट्रिय आवश्यकता पूरा गर्न, प्रदेश तथा स्थानीय तहको स्वायत्ततालाई ध्यान दिन, प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनुपर्ने सेवा र उनीहरूलाई प्रदान गरिएको आर्थिक अधिकार सुनिश्चित गर्न, राजस्व उठाउन सक्ने क्षमतालाई ख्याल गर्न, विकास निर्माणमा सहयोग पुऱ्याउन, क्षेत्रीय असन्तुलन, गरीबी र असमानताको न्यूनीकरण गर्न, बञ्चितीकरणको अन्त्य गर्न तथा आकस्मिक कार्य र अस्थायी आवश्यकता पूरा गर्न समेत राजस्व बाँडफाँटबाट प्राप्त रकम उपयोग गर्नुपर्ने हुन्छ।

४. यसका अलावा नेपालको सन्दर्भमा स्थानीय निकायहरू लामो समयदेखि निर्वाचित जनप्रतिनिधीविहिन रहेको अवस्था, नेपाल र नेपालीका लागि नेपालले अपनाएको सङ्घीयता नौलो अनुभव भएको अवस्था, प्रदेश तथा स्थानीय तहको आ-आफ्नै भौगोलिक अवस्थिति पहिचान र विषमता रहेको अवस्था, प्रदेश तथा स्थानीय तहको राजस्व सङ्कलनको क्षमता र व्यवस्थापनको पक्ष कमजोर रहेको अवस्था जस्ता पक्षहरूलाई मध्यनजर गर्दै राजस्व सङ्कलनबाट प्राप्त रकम वस्तुपरक, यथार्थपरक, समन्यायिक र पारदर्शी ढंगले बाँडफाँट तथा उपयोग गर्नुपर्ने हुन्छ।

५. यसप्रकार संविधानको धारा ६० र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ समेतका आधारमा आयोगले तीनै तहका सरकारबीच राजस्वको बाँडफाँट गर्दा लिनुपर्ने विस्तृत आधार र ढाँचा निर्धारण गरी सो बमोजिमको राजस्व बाँडफाँटको हिस्सा सिफारिस गरेको छ।

## ङ. राजस्व बाँडफाँटका लागि प्रक्षेपण गरिएको रकम

आर्थिक वर्ष २०७७/७८ का लागि नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण हुने राजस्व बाँडफाँटको प्रयोजनार्थ आर्थिक वर्ष २०७७/७८ का लागि मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट सङ्कलन हुने अन्तःशुल्क रकमको अनुमानित रकम खुलाई पठाई दिनहुन भनी नेपाल सरकार अर्थ मन्त्रालयलाई यस आयोगको च.नं. ४८० को मिति २०७६/११/०५ गतेको पत्रानुसार लेखी पठाइएकोमा नेपाल सरकार अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखाको मिति २०७६/११/२९ गतेको च.नं. ७९३ को पत्रानुसार मूल्य अभिवृद्धि कर तर्फ कुल अनुमानित रु. ३

खर्ब १५ अर्ब १३ करोडको ३० प्रतिशतले हुन आउने रु. ९४ अर्ब ५४ करोड र आन्तरिक उत्पादनतर्फको अन्तःशुल्क तर्फ कुल अनुमानित रकम रु. ८१ अर्ब ७६ करोडको ३० प्रतिशतले हुने रु. २४ अर्ब ५३ करोड गरी रु. १ खर्ब १९ अर्ब ७ करोड राजस्व बाँडफाँट प्रयोजनको लागि सङ्कलन हुने प्रक्षेपण गरिएको छ। उक्त रकम मध्ये अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ को उपदफा (२) बमोजिम प्रदेशलाई रु. ५९ अर्ब ५३ करोड ५० लाख र स्थानीय तहलाई रु. ५९ अर्ब ५३ करोड ५० लाख बाँडफाँट गरिएको छ।

## च. राजस्व बाँडफाँटका आधार एवम् ढाँचाको तथ्याङ्कको स्रोत

आयोगले राजस्व बाँडफाँटको आधार र ढाँचा तयार गर्नुपर्ने भएको हुँदा बाँडफाँटलाई वस्तुगत, न्यायोचित, निष्पक्ष र पारदर्शी तुल्याउन तथ्याङ्कको आवश्यकता पर्दछ। आर्थिक वर्ष २०७७/७८ का लागि राजस्व बाँडफाँट गर्दा निर्धारण गर्नुपर्ने विस्तृत आधार र ढाँचाका लागि विभिन्न निकाय तथा स्रोतहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ जसको विवरण यसप्रकार रहेको छः

<table>
<tr><th>क्र. सं.</th><th>आधार (सूचक)</th><th>स्रोत</th><th>प्रयोग</th></tr>
<tr><td>१.</td><td>जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण<br>क. कुल जनसङ्ख्या,<br>ख. आश्रित जनसङ्ख्या (१५ वर्ष भन्दा कम र ६४ वर्ष भन्दा बढी उमेर)।</td><td>• राष्ट्रिय जनगणना, २०६८, राष्ट्रिय तथ्याङ्क कार्यालय।</td><td rowspan="7">प्रदेश तथा स्थानीय तह।</td></tr>
<tr><td>२.</td><td>क्षेत्रफल (भूगोल)</td><td>• नापी विभाग।</td></tr>
<tr><td>३.</td><td>मानव विकास सूचकाङ्क</td><td>• नेपाल मानव विकास प्रतिवेदन २०१४, राष्ट्रिय योजना आयोग,<br>• राष्ट्रिय जनगणना, २०६८, राष्ट्रिय तथ्याङ्क कार्यालय।</td></tr>
<tr><td>४.</td><td>खर्चको आवश्यकता</td><td>• महालेखा नियन्त्रक कार्यालय,<br>• सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,<br>• प्रदेश तथा स्थानीय तह,<br>• राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको अध्ययन।</td></tr>
<tr><td>५.</td><td>राजस्व सङ्कलनमा गरेको प्रयास</td><td>• महालेखा नियन्त्रकको कार्यालय,<br>• सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,<br>• प्रदेश तथा स्थानीय तह,<br>• राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको अध्ययन।</td></tr>
<tr><td>६.</td><td>पूर्वाधार विकास<br>क. सडकको घनत्व (सडकमा पहुँच),<br>ख. विद्युतको सुविधा (विद्युतमा पहुँच),<br>ग. सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच),<br>घ. खानेपानीको सुविधा (खानेपानीमा पहुँच),<br>ङ. सरसफाइ (शौचालयको उपलब्धता)।</td><td>• राष्ट्रिय जनगणना, २०६८, राष्ट्रिय तथ्याङ्क कार्यालय,<br>• सडक विभाग, शहरी विकास तथा भवन निर्माण विभाग र स्थानीय पूर्वाधार विभाग,<br>• नेपाल विद्युत प्राधिकरण,<br>• नेपाल दूरसञ्चार कम्पनी लिमिटेड,<br>• खानेपानी मन्त्रालय।</td></tr>
<tr><td>७.</td><td>विशेष अवस्था<br>क. अपाङ्गता भएको जनसङ्ख्या,<br>ख. आर्थिक सामाजिक असमानता।</td><td>• राष्ट्रिय जनगणना, २०६८, राष्ट्रिय तथ्याङ्क कार्यालय,<br>• राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको अध्ययन।</td></tr>
</table>

## छ. राजस्व बाँडफाँट गर्न लिइएका आधार र ढाँचा

यस आयोगले आर्थिक वर्ष २०७७/७८ का लागि नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने राजस्व बाँडफाँटको रकम देहायका विस्तृत आधार र ढाँचामा निर्धारण गरी सो बमोजिमको राजस्व बाँडफाँटको हिस्सा नेपाल सरकारलाई सिफारिस गरिएको छः

| क्र.सं. | आधार (सूचक) | आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशतमा) | ढाँचा (भार प्रतिशतमा) |
|---|---|---|---|
| १. | जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण<br>कुल जनसङ्ख्या,<br>आश्रित जनसङ्ख्या। | <br>७० %<br>३० % | ६० % |
| २. | क्षेत्रफल (भुगोल) | | १५ % |
| ३. | मानव विकास सूचकाङ्क | | ५ % |
| ४. | खर्चको आवश्यकता | | ५ % |
| ५. | राजस्व सङ्कलनमा गरेको प्रयास | | ३ % |
| ६. | पूर्वाधार विकास<br>सडकको घनत्व (सडकमा पहुँच),<br>विद्युतको सुविधा (विद्युतमा पहुँच),<br>सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच),<br>खानेपानीको सुविधा (खानेपानीमा पहुँच),<br>सरसफाइ (शौचालयको उपलब्धता)। | <br>६० %<br>१० %<br>१० %<br>१० %<br>१० % | १० % |
| ७. | विशेष अवस्था<br>अपाङ्गता भएको जनसङ्ख्या,<br>आर्थिक सामाजिक असमानता। | <br>२० %<br>८० % | २ % |
| **जम्मा** | | | **१०० %** |

## ज. राजस्व बाँडफाँटका आधार एवम् ढाँचाको व्याख्या तथा विश्लेषण

आर्थिक वर्ष २०७७/७८ का लागि निम्नानुसारका आधार, ढाँचा, सूचक एवम् उपसूचकका आधारमा राजस्व बाँडफाँटका विस्तृत आधार तथा ढाँचा निर्धारण गरी सो बमोजिमको राजस्व बाँडफाँटको हिस्सा सिफारिस गरिएको छ।

### १. जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण

प्रत्येक प्रदेश र स्थानीय तहको जनसङ्ख्याको विवरण राष्ट्रिय जनगणना, २०६८ बाट लिइएको छ। आश्रित जनसङ्ख्याको अनुपातका लागि सोही जनगणनाबमोजिम आर्थिक रूपले सक्रिय (१५-६४ वर्ष) उमेर समूहको जनसङ्ख्यासँग सो उमेर समूह बाहिरको जनसङ्ख्याको अनुपात निकालिएको छ। आर्थिक वर्ष २०७७/८८ का लागि राजस्व बाँडफाँट गर्दा लिइएका आधारहरू मध्ये प्रमुख आधारका रूपमा जनसङ्ख्या र जनसाङ्ख्यिक विवरणलाई ६० प्रतिशत् भार दिइएको छ। यस आधारलाई प्रदेश तथा स्थानीय तहको कुल जनसङ्ख्या तथा आश्रित जनसङ्ख्या भनी दुई भागमा विभाजित गरिएको छ।

जनसङ्ख्या र जनसांख्यिक विवरणलाई प्रदान गरिएको ६० प्रतिशत् भारलाई शत् प्रतिशत् मानी यसमध्ये कुल जनसङ्ख्यालाई ७० प्रतिशत भार दिइएको छ। नेपालको संविधानले प्रदेश तथा स्थानीय तहका सम्बन्धमा अनुसूचीमा व्यवस्था गरिएको कार्य जिम्मेवारीअनुसार प्रदेश तथा स्थानीय तहले आ-आफ्नो जनसङ्ख्यालाई विभिन्न सेवा प्रवाह गर्नुपर्ने

हुन्छ। कुल जनसङ्ख्याले प्रदेश तथा स्थानीय तहको सेवा प्रवाहको आकार र लागत निर्धारण गर्दछ। जति बढी जनसङ्ख्या भयो त्यतिनै बढी सेवा सुविधा प्रवाह गर्नुपर्ने, सार्वजनिक सेवा र विकास निर्माणका कार्यमा खर्च गर्नुपर्ने हुन्छ जसका कारणले प्रदेश तथा स्थानीय तहको प्रशासनिक खर्चको आकार समेत बढाउँछ। तसर्थ, राजस्व बाँडफाँट गर्दा प्रदेश तथा स्थानीय तहको जनसङ्ख्याको आकारलाई ७० प्रतिशत भार प्रदान गरी सिफारिस गरिएको छ।

यसैगरी, आश्रित जनसङ्ख्यालाई ३० प्रतिशत भार प्रदान गरिएको छ। आश्रित जनसङ्ख्या अन्तर्गत राष्ट्रिय जनगणना २०६८ अनुसार १५ वर्ष भन्दा मुनिका तथा ६४ वर्ष भन्दा माथिका उमेर भएका जनसङ्ख्यालाई आश्रित जनसङ्ख्याका रूपमा लिइएको छ। आश्रित जनसङ्ख्याले परनिर्भरताको अनुपात बढाउने तथा यस्ता जनसङ्ख्याका लागि सम्बन्धित प्रदेश तथा स्थानीय तहले विशेष सेवा सुविधाको व्यवस्था गर्नुपर्ने हुन्छ जसले प्रदेश तथा स्थानीय तहको थप आर्थिक भार सृजना गर्दै प्रदेश तथा स्थानीय तहको वित्तीय अन्तर (Fiscal Gap) बढाउने गर्दछ।

यस्तो अवस्थामा मूलतः संविधानको धारा ४२ र धारा ६० (८) का प्रावधानहरूलाई मूर्त रूप दिन पनि प्रदेश तथा स्थानीय तहहरूलाई न्यायोचित रूपमा रकम उपलब्ध गराउनु पर्दछ भन्ने मान्यताअनुरूप राजस्व बाँडफाँट गर्दा आश्रित जनसङ्ख्यालाई ३० प्रतिशत भार प्रदान गरिएको छ।

## २. क्षेत्रफल (भूगोल)

देशको कुल क्षेत्रफलमा प्रदेश तथा स्थानीय तहले ओगटेको क्षेत्रफलको अनुपातलाई क्षेत्रफलको सूचकको रूपमा लिइएको छ। प्रदेश तथा स्थानीय तहले ओगटेको क्षेत्रफलले उक्त प्रदेश तथा स्थानीय तहले जनतालाई प्रवाह गर्नुपर्ने सेवाको गुणस्तर, सेवा प्रवाहको सहजता, प्रशासनिक खर्चको अवस्था, प्रशासनिक संरचना आदि पक्षमा प्रत्यक्ष रूपमा असर गर्दछ। यी पक्षहरूले उक्त प्रदेश तथा स्थानीय तहको प्रशासनिक खर्चको आकार बढाउँदछ। जुन प्रदेश तथा स्थानीय तहको क्षेत्रफल बढी हुन्छ, स्वभावतः उक्त प्रदेश तथा स्थानीय तहलाई बढी आर्थिक स्रोतको आवश्यकता पर्दछ। अतः राजस्व बाँडफाँटको सिफारिस गर्दा त्यहाँको भूगोल रहेको कुल क्षेत्रफललाई १५ प्रतिशत् भार प्रदान गरिएको छ। यस प्रयोजनका लागि प्रदेश तथा स्थानीय तहको क्षेत्रफल निर्धारण गर्न नापी विभाग, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र यस आयोग स्वयंले तयार पारेका तथ्याङ्कलाई स्रोतका रूपमा लिइएको छ।

## ३. मानव विकास सूचकाङ्क

सन् २०१४ मा प्रकाशित नेपाल मानव विकास प्रतिवेदनको आधारमा प्रदेश तथा स्थानीय तहको मानव विकास सूचकाङ्क निर्माण गरिएको छ। विश्वव्यापी रूपमा गुणस्तरयुक्त मानव जीवनस्तर (Quality of Human Life) निर्धारणको लागि प्रयोगमा लिइने मानव विकास सूचकाङ्कले शिक्षा (Education), स्वास्थ्य (मूलतः Life Expectancy) तथा प्रति व्यक्ति आय (Per Capita Income) लाई समेट्ने गर्दछ। प्रदेश तथा स्थानीय तहको मानव विकास सूचकाङ्कले उक्त प्रदेश तथा स्थानीय तहको गुणस्तरीय मानवीय जीवन (Quality of Human Life) का बारेमा जानकारी प्रदान गर्दछ। जुन प्रदेश तथा स्थानीय तहको मानव विकास सूचकाङ्क कमजोर छ, त्यस प्रदेश तथा स्थानीय तहले आफ्नो क्षेत्रका जनताको जीवनस्तर उकास्न प्रमुख रूपमा ध्यान दिनुपर्ने हुन्छ। जुन प्रदेश तथा स्थानीय तहमा शिक्षा, स्वास्थ्य तथा जीवनस्तर लगायतको मानव विकास सूचकाङ्क न्यून हुन्छ त्यस्ता प्रदेश तथा स्थानीय तहमा त्यहाँको मानव विकासको स्तर अभिवृद्धिका लागि सार्वजनिक सेवामा बढी खर्च गर्नुपर्ने हुन्छ जसले गर्दा प्रदेश तथा स्थानीय तहको सेवा प्रवाह लागत बढाउने गर्दछ। प्रदेश तथा स्थानीय तहको शिक्षा, स्वास्थ्य लगायतको आवश्यकतालाई सम्बोधन गर्नका लागि मानव विकास सूचकाङ्कलाई समावेश गरिएको हो।

यसप्रकार उल्लिखित पक्षहरूलाई ख्याल राख्दै राजस्व बाँडफाँट गर्दा मानव विकास सूचकाङ्क लाई ५ प्रतिशत भार प्रदान गरिएको छ। मानव विकास सूचकाङ्कसम्बन्धी तथ्याङ्क सन् २०१४ मा राष्ट्रिय योजना आयोगले तयार पारेको मानव

विकास प्रतिवेदन, २०१४ बाट लिइएको छ।

## ४. खर्चको आवश्यकता

नेपालको संविधानको धारा ६०(४) ले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय अन्तर (Fiscal Gap) पत्ता लगाई सो का आधारमा सम्बन्धित प्रदेश र स्थानीय तहलाई अन्तर-सरकारी वित्तीय हस्तान्तरण गर्नुपर्नेतर्फ मार्गदर्शन गरेको छ। सो वित्तीय अन्तर निर्धारणसम्बन्धी अध्ययनको कार्य आयोगबाट भइहेको हुँदा यसको पूर्ण प्रतिवेदनसहित प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकतासम्बन्धी तथ्याङ्कीय विवरण आउन समय लाग्ने भएको परिप्रेक्ष्यमा अन्तर-सरकारी वित्तीय व्यवस्थापन ऐनको दफा २१(४) मा उल्लिखित कानुनी प्रावधानलाई ख्याल राख्दै आर्थिक वर्ष २०७७/७८ को लागि राजस्व बाँडफाँटको सिफारिस गर्दा खर्चको आवश्यकता अन्तर्गत आर्थिक वर्ष २०७५/७६ मा प्रदेश तथा स्थानीय तहले गरेको कुल प्रशासनिक खर्चलाई प्रमुख आधारका रूपमा लिएर प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता निर्धारण गरिएको छ। सामान्यतः प्रत्येक प्रदेश तथा स्थानीय तहले आफूले सङ्कलन गरेको आम्दानी (राजस्व) बाटै प्रशासनिक खर्च व्यवस्थापन गर्नुपर्ने हुन्छ। तसर्थ, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम प्रशासनिक खर्चमा समेत उपयोग गर्नुपर्ने विषयलाई ख्याल राखी खर्चको आवश्यकता निर्धारण गरिएको छ।

उपरोक्त प्रयोजनका लागि जनप्रतिनिधिको सुविधा खर्च, कर्मचारीको तलब भत्ता खर्च, कार्यालय सञ्चालन खर्च, कर्मचारी दरबन्दी सङ्ख्याका आधारमा हुने खर्च, पालिका अन्तर्गतका वडाहरूको सङ्ख्याका आधारमा लाग्ने लागत लगायतका खर्च शीर्षकहरूका आधारमा प्रशासनिक खर्च निर्धारण गरिएको छ। यसरी खर्चको आवश्यकता सूचकाङ्कलाई ५ प्रतिशत भार प्रदान गरिएको छ। यसका लागि आवश्यक पर्ने तथ्याङ्क स्रोतका रूपमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रत्येक प्रदेश तथा स्थानीय तहको तहगत स्वीकृत कर्मचारी दरवन्दीको विवरण लिइएको छ। त्यस्तै, महालेखा नियन्त्रक कार्यालयबाट प्रत्येक प्रदेश तथा स्थानीय तहको कुल प्रशासनिक खर्चको तथ्याङ्क लिइएको छ।

प्रशासनिक खर्च गणना गर्दा निर्वाचित पदाधिकारीहरूका सम्बन्धमा प्रदेश तथा स्थानीय तहले जारी गरेको सेवा सुविधासम्बन्धी आर्थिक ऐनलाई समेत आधार मानिएको छ भने नेपाल सरकारले प्रयोगमा ल्याएको “एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४” अनुसार वर्गीकरण गरेका खर्च शीर्षकलाई समेत आधार लिइएको छ।

## ५. राजस्व सङ्कलनमा गरेको प्रयास

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) मा प्रदेश तथा स्थानीय तहले प्रत्येक वर्ष आफूले उठाएको राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था गरेको छ जसको मूल ध्येय भनेको प्रदेश तथा स्थानीय तहले बढी भन्दा बढी आन्तरिक स्रोत (राजस्व) परिचालन गरी आफू अन्तर्गतको प्रशासनिक खर्च धान्न सक्नुपर्ने हुन्छ। राजस्व बाँडफाँटबाट प्राप्त रकम प्रशासनिक खर्चमा प्रयोग गर्नुका साथै अन्य विकासात्मक कार्यमा समेत खर्च गर्नुपर्ने हुन्छ।

यसै प्रयोजनका लागि आयोगले राजस्व बाँडफाँटको सिफारिस गर्दा प्रदेश तथा स्थानीय तहले राजस्व सङ्कलनमा गरेको प्रयासलाई ३ प्रतिशत भार दिई सिफारिस गरेको छ। प्रदेश तथा स्थानीय तहले राजस्व सङ्कलनमा गरेको प्रयास अन्तर्गत निम्नानुसारका सूचकहरू निर्धारण गरी तथ्याङ्क सङ्कलन गरेको छ। सङ्कलित तथ्याङ्क अनुसार प्रदेश तथा स्थानीय तहहरू संस्थागत संरचना निर्माणकै चरणमा रहेको अवस्था, जनशक्ति व्यवस्थापन पूर्णतः व्यवस्थित भइनसकेको अवस्था, ऐन नियम कार्यविधिहरू तर्जुमा हुँदै गरेको अवस्था र सबै प्रदेश तथा स्थानीय तहहरूले राजस्व सङ्कलनमा आ-आफ्नो तर्फबाट प्रयास गरेको पाइएको अवस्था समेतलाई ध्यानमा राखी सबै प्रदेश तथा स्थानीय तहलाई समान अङ्कभार प्रदान गरिएको छ।

### ५.१ प्रदेशका सन्दर्भमा अवलम्बन गरिएका राजस्व सङ्कलनमा गरेको प्रयासका सूचकहरू

अ. प्रदेशले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ को उपदफा (१) को खण्ड (क) र ६ (क) बमोजिम सवारी साधन करबाट उठेको रकममध्ये ४०% रकम स्थानीय विभाज्य कोषमा जम्मा गरी आयोगको सिफारिसबमोजिमको हिस्सा आफ्नो प्रदेश भित्रका स्थानीय तहहरूको सञ्चित कोषमा जम्मा गरेको वा नगरेको।

आ. प्रदेशले अघिल्लो आर्थिक वर्षको तुलनामा पछिल्लो आर्थिक वर्षमा राजस्व वृद्धि गरेको वा नगरेको।

इ. आफ्नो अधिकार क्षेत्र भित्रको राजस्व (कर तथा गैरकर) सङ्कलन गर्ने सन्दर्भमा प्रदेशले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची २ को खण्ड (ग) बमोजिमको राजस्व (अन्य कर तथा गैरकर) को दायरा विस्तार गरेको वा नगरेको।

### ५.२ स्थानीय तहका सन्दर्भमा अवलम्बन गरिएका राजस्व सङ्कलनमा गरेको प्रयासका सूचकहरू

अ. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिम घर जग्गा रजिष्ट्रेशन शुल्क वा मनोरञ्जन कर वा विज्ञापन करबाट उठेको रकम मध्ये ६०% रकम सम्बन्धित स्थानीय तहले आफ्नो स्थानीय सञ्चित कोषमा जम्मा गरी ४०% रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा दाखिला गरेको वा नगरेको।

आ. स्थानीय तहले अघिल्लो आर्थिक वर्षको तुलनामा पछिल्लो आर्थिक वर्षमा राजस्व वृद्धि गरेको वा नगरेको।

इ. आफ्नो अधिकारक्षेत्र भित्रको राजस्व (कर तथा गैरकर) सङ्कलन गर्ने सन्दर्भमा प्रदेशले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-३ को खण्ड (ग) बमोजिमको राजस्व (अन्य कर तथा गैरकर) को दायरा विस्तार गरेको वा नगरेको।

यसरी प्रदेश तथा स्थानीय तहले राजस्व सङ्कलनमा गरेको प्रयासका सम्बन्धमा उल्लिखित सूचकहरूका आधारमा भार दिई मूल्याङ्कन गरिएको छ।

## ६. पूर्वाधार विकास

प्रदेश तथा स्थानीय तहमा उपलब्ध सडक, विद्युत, सूचना प्रविधि, खानेपानी र सरसफाइको पहुँच तथा उपलब्धततालाई आधार मानी पूर्वाधार सूचकाङ्क तयार गरिएको छ। विकासको पूर्वशर्तका रूपमा रहेको प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्थाले सो प्रदेश तथा स्थानीय तहको विकास खर्चको अवस्था निर्धारण गर्न मार्ग प्रशस्त गर्दछ। पूर्वाधार विकासको अवस्था कमजोर भएका प्रदेश तथा स्थानीय तहले जनतालाई संविधानले मार्गदर्शन गरे अनुसारका सेवा सुविधा प्रदान गर्न खर्च गर्नुपर्ने हुन्छ, जसले गर्दा सेवाको लागत वृद्धि गराउँदछ।

यसै परिप्रेक्ष्यमा राजस्व बाँडफाँटको सिफारिस गर्ने प्रयोजनका लागि पूर्वाधार विकास सूचकलाई १० प्रतिशत भार प्रदान गरिएको छ। पूर्वाधार विकास अन्तर्गत सडक घनत्व, विद्युत सुविधा, सूचना प्रविधि, खानेपानी सुविधा र सरसफाइलाई उपसूचकको रूपमा लिइएको छ। यी उपसूचकहरूले क्रमशः सडकको पहुँच, विद्युतको पहुँच, सूचना प्रविधिको पहुँच, खानेपानीको पहुँच तथा शौचालयको उपलब्धताका बारेमा जानकारी उपलब्ध गराउँदछन्।

सडक घनत्वले प्रदेश तथा स्थानीय तहको सडकको पहुँचका बारेमा चित्रण गर्दछ। भरपर्दो सडक सञ्जालले प्रदेश तथा स्थानीय तहमा आर्थिक क्रियाकलापमा वृद्धि ल्याउन सहयोग गर्दछ। सडक सञ्जालको पहुँचले कुनै पनि प्रदेश वा स्थानीय तहको विकासमा टेवा पुऱ्याउँदछ। प्रदेश तथा स्थानीय तहलाई आवश्यक पर्ने स्रोत सो तहको विकासको अवस्थामा समेत निर्भर हुने भएकोले पूर्वाधार विकास सूचकलाई १० प्रतिशत भार दिइएको छ। यसरी पूर्वाधार विकासलाई दिइएको १०

प्रतिशत भारलाई शत् प्रतिशत मानी सो शत् प्रतिशतबाट ६० प्रतिशत भार प्रदेश तथा स्थानीय तहको सडक घनत्वलाई दिइएको छ। सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाउन र आम सर्वसाधारण जनतालाई सुगम तथा सहज ढंगले सेवा प्रवाह गर्नका लागि सडकको भूमिका महत्त्वपूर्ण हुने हुँदा सडकको घनत्वलाई बढी भार दिइएको छ। यस प्रयोजनका लागि सडक विभाग र स्थानीय पूर्वाधार विकास विभागले सन् २०१८ सम्ममा सडक घनत्वका सम्बन्धमा अद्यावधिक गरिएको तथ्याङ्क प्रयोग गरिएको छ।

विद्युत सुविधाले प्रदेश तथा स्थानीय तहको विद्युत माथिको पहुँचको अवस्थालाई उजागर गर्दछ। विकासको एउटा आवश्यकताको रूपमा लिइने विद्युतको सुविधाले प्रदेश तथा स्थानीय तहको आर्थिक विकासमा बहु-आयामिक भूमिका खेल्दछ। जुन प्रदेश तथा स्थानीय तहमा विद्युत सुविधाको पहुँच कमजोर रहेको छ, त्यस तहमा सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता वृद्धिका लागि प्रदेश तथा स्थानीय तहले सोहीबमोजिम बढी खर्च गर्नुपर्ने हुन्छ। यसका लागि थप आर्थिक व्ययभार आवश्यक पर्दछ। यसै परिप्रेक्ष्यमा प्रदेश तथा स्थानीय तहको विद्युत सुविधाको अवस्थालाई राजस्व बाँडफाँट गर्दा उपसूचकका रूपमा लिई पूर्वाधार विकासका लागि तोकिएको भारबाट १० प्रतिशत भार विद्युत सुविधाको पहुँचलाई दिइएको छ जसका लागि आवश्यक पर्ने तथ्याङ्क नेपाल विद्युत प्राधिकरण तथा राष्ट्रिय जनगणना, २०६८ (राष्ट्रिय तथ्याङ्क कार्यालय)बाट लिइएको छ।

सूचना प्रविधिको पहुँचले प्रदेश तथा स्थानीय तहको सामाजिक, साँस्कृतिक तथा आर्थिक विकासमा महत्त्वपूर्ण टेवा पुऱ्याउँदछ। प्रदेश तथा स्थानीय तहले जनतालाई प्रदान गर्ने सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता ल्याउन सूचना प्रविधिले प्रमुख भूमिका खेल्दछ। जुन प्रदेश तथा स्थानीय तहको सूचना प्रविधिको अवस्था कमजोर छ, त्यस्ता प्रदेश तथा स्थानीय तहले सूचना प्रविधिको स्तर माथि उकास्न यथोचित लगानी गर्नुपर्ने हुन्छ। यसले एकातर्फ प्रदेश तथा स्थानीय तहको आर्थिक व्ययभार बढाउने गर्दछ भने अर्कोतर्फ प्रशासनिक खर्चमा समेत वृद्धि ल्याउँछ। यी सबै पक्षहरूलाई ख्याल गर्दै पूर्वाधार विकासका लागि तोकिएको भारबाट सूचना प्रविधिको पहुँचलाई १० प्रतिशत भार दिइएको छ जसका लागि आवश्यक पर्ने तथ्याङ्क राष्ट्रिय जनगणना २०६८ (राष्ट्रिय तथ्याङ्क कार्यालय) तथा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडबाट लिइएको छ।

खानेपानीको सुविधाले प्रदेश तथा स्थानीय तहमा जनताको खानेपानी सुविधा माथिको पहुँचको चित्रण गर्दै उक्त क्षेत्रका जनताको गुणस्तरीय जीवनयापनको अवस्था समेतलाई झल्काउँछ। खानेपानी सुविधाको पहुँच विस्तार गर्दै लैजाने विषय सरकारको अनिवार्य दायित्व अन्तर्गत पर्न आउँदछ। संविधानले परिकल्पना गरे अनुसारको लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्न अन्य कुराका अलावा प्रत्येक प्रदेश तथा स्थानीय तहले जनताले सजिलै खानेपानी सुविधा प्राप्त गर्ने वातावरणको सृजना गर्नेतर्फ प्रयास गर्नुपर्ने हुन्छ। प्रदेश तथा स्थानीय तहमा खानेपानी सुविधाको पहुँच बढाउन उल्लेख्य आर्थिक स्रोतको आवश्यकता पर्दछ। अतः यी पक्षहरूलाई ख्याल राख्दै पूर्वाधार विकास अन्तर्गतको भार प्रतिशतबाट खानेपानी सुविधा उपसूचकलाई १० प्रतिशत भार प्रदान गरिएको छ। यसका लागि आवश्यक पर्ने तथ्याङ्क राष्ट्रिय जनगणना २०६८ (राष्ट्रिय तथ्याङ्क कार्यालय) र खानेपानी मन्त्रालयबाट लिइएको छ।

सरसफाइ व्यक्तिको गुणस्तरीय जीवनस्तर यापनका लागि आवश्यक पर्ने महत्त्वपूर्ण सूचक हो। शौचालय सहितको सरसफाइको अवस्था हुनुको अर्थ रोगव्याधीबाट सो क्षेत्र तथा स्थान विशेषमा रहने जनताहरू सुरक्षित रहनु हो। सरसफाइको अवस्था कमजोर रहेको प्रदेश तथा स्थानीय तहले सो सुविधा वृद्धि गर्नका लागि थप लगानी गर्नुपर्ने हुन्छ भने पर्याप्त सरसफाइको उपलब्धता भएको स्थानमा थप लगानीको आवश्यकता नपर्न सक्दछ। कमजोर सरसफाइको अवस्थाले गर्दा प्रदेश तथा स्थानीय तहले विभिन्न नकारात्मक असरहरू समेत सामना गर्नुपर्ने हुन्छ। तसर्थ, प्रदेश तथा स्थानीय तहमा हाल रहेका शौचालयहरूको उपलब्धतालाई सरसफाइ सूचक मानी पूर्वाधार विकास अन्तर्गतको भारबाट सरसफाइ (शौचालय) सुविधा उपसूचकलाई १० प्रतिशत् भार प्रदान गरिएको छ। यसका लागि आवश्यक पर्ने तथ्याङ्क राष्ट्रिय

जनगणना २०६८ (राष्ट्रिय तथ्याङ्क कार्यालय) बाट लिइएको छ।

यसप्रकार पूर्वाधार विकाससम्बन्धी उल्लिखित सडक, विद्युत, सूचना प्रविधि, खानेपानी र सरसफाइसम्बन्धी सूचक राम्रो भएका स्थानमा कम लगानी गरी त्यस्ता सूचकहरूको उपलब्धता न्यून भएको स्थानमा बढी लगानी गर्ने गरी आयोगले राजस्व बाँडफाँटसम्बन्धी आधार र ढाँचा सिफारिस गरेको छ।

## ७. विशेष अवस्था

राजस्व बाँडफाँटको आधार र ढाँचा निर्धारण गर्ने सिलसिलामा माथि उल्लिखित विभिन्न आधारहरूका अलावा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐनको दफा १५ को उपदफा (१) को खण्ड (छ) मा "विशेष अवस्था" लाई समेत एउटा आधारको रूपमा उल्लेख गरिएकोले उक्त "विशेष अवस्था"लाई समेत मूल्याङ्कन गर्दै आयोगले राजस्वको हिस्सा सिफारिस गर्नुपर्ने मनसाय ऐनबाट देखिन्छ। यसका लागि आयोगले राजस्व बाँडफाँटका सम्बन्धमा संविधान र कानूनमा भएका विभिन्न विषयहरूलाई अध्ययन, मनन र विश्लेषण गर्दै विशेष अवस्थाको व्याख्या गर्नुपर्ने देखियो। यसरी विशेष अवस्थाको व्याख्या र मूल्याङ्कन गर्दा सबै प्रदेश र सबै तहसँग सम्बन्धित तथ्याङ्कको उपलब्धता हुनुपर्ने विषय पनि त्यतिकै महत्त्वपूर्ण हुन आउने देखियो। तसर्थ, आयोगले पहिलो पटक सिफारिस गरिसकेपछि पाँच वर्षसम्मका लागि मान्य हुने राजस्व बाँडफाँटको आधार र ढाँचा अन्तर्गत विशेष अवस्थालाई समेत समेटी राजस्व बाँडफाँटसम्बन्धी सिफारिस गरेको छ। यसका लागि २ प्रतिशत भार दिई विशेष अवस्थाको मूल्याङ्कन गरिएको छ। विशेष अवस्थाको मूल्याङ्कन गर्दा सबै प्रदेश र सबै स्थानीय तहको तथ्याङ्कको उपलब्धता हुनसक्ने सूचकको रूपमा रहेको अपाङ्गता भएको जनसङ्ख्या र आर्थिक सामाजिक असमानता सूचकलाई लिइएको छ। बढी अपाङ्गता हुनुको अवस्थाले प्रदेश तथा स्थानीय तहको सार्वजनिक सेवा प्रवाहमा बढी लगानी गर्नुपर्ने अवस्था सृजना गर्दछ जुन कुरा संविधानको मौलिक हकको कार्यान्वयनका दृष्टिकोणले समेत महत्त्वपूर्ण छ। आर्थिक सामाजिक असमानताको अवस्था उच्च रहेका प्रदेश तथा स्थानीय तहले जनतालाई सार्वजनिक सेवा प्रवाह गर्ने कार्यमा प्रभावकारिता ल्याउन थप खर्च गर्नुपर्ने हुन्छ। तसर्थ सबै प्रदेश र स्थानीय तहमा रहेका अपाङ्गता भएका व्यक्ति र आर्थिक सामाजिक रूपमा विभेदमा परेका व्यक्तिहरूको जीवनस्तर उकास्नका लागि सघाउ पुऱ्याउने उद्देश्यले विशेष अवस्थालाई प्रदान गरिएको २ प्रतिशत भारलाई शत प्रतिशत मानी अपाङ्गतासम्बन्धी उपसूचकलाई २० प्रतिशत र आर्थिक सामाजिक असमानता उपसूचकलाई ८० प्रतिशत भार प्रदान गरिएको छ। यसका लागि आवश्यक पर्ने तथ्याङ्कको स्रोत क्रमशः राष्ट्रिय जनगणना, २०६८, (राष्ट्रिय तथ्याङ्क कार्यालय) र आयोगले गरेको अध्ययनबाट लिइएको छ।

उल्लिखित आर्थिक सामाजिक सूचकका सम्बन्धमा प्रदेश र स्थानीय तहमा रहेको आर्थिक, सामाजिक असमानता मापन गर्नका लागि आर्थिक सामाजिक र जलवायु परिवर्तन जोखिम तथा विपद् क्षेत्रका ६ वटा आयामहरूका २९ वटा उप-सूचकहरूका आधारमा आर्थिक, सामाजिक असमानता सूचक निर्माण गरिएको छ। यस प्रयोजनका लागि लिइएका आयाम र उप-सूचकहरू देहायबमोजिम छन्:

**सामाजिक आर्थिक असमानता सूचकका आयाम र सूचकहरू**

| आयाम | उप-सूचकहरू |
|---|---|
| १. आर्थिक आयाम | (१) यातायातको पहुँच, (२) जिल्ला सदरमुकामदेखि स्थानीय तहको केन्द्रसम्मको दूरी, (३) सूचना प्रविधिको पहुँच, (४) विद्युतको उपलब्धता, (५) भौगोलिक क्षेत्र, (६) वनको घनत्व, (७) सम्पत्तिमाथि महिलाको स्वामित्व, (८) आर्थिक क्रियाकलापमा संलग्नता र (९) आर्थिक प्रतिष्ठानहरूमा महिला सहभागिता। |
| २. शैक्षिक आयाम | (१) विद्यालय वा उच्च शिक्षाको उपलब्धता, (२) कक्षा १ देखि ५ सम्मको विद्यालय छाड्ने दर, (३)प्रति विद्यालय विद्यार्थी सङ्ख्या, (४) कुल भर्नादर, (५) विद्यार्थी-शिक्षक अनुपात र (६) साक्षरता दर। |
| ३. स्वास्थ्य आयाम | (१) स्वास्थ्य सेवाको उपलब्धता र (२) जन्ममा औसत आयु। |

| आयाम | उप-सूचकहरू |
|---|---|
| ४. जनसाङ्ख्यिक आयाम | (१) महिला र पुरुषको जनसङ्ख्या अनुपात, (२) घरपरिवार सङ्ख्या, (३) जनघनत्व, (४) आश्रित जनसङ्ख्या र (५) विशेष क्षमता भएका जनसङ्ख्या। |
| ५. गुणस्तरीय जीवन यापनको आयाम | (१) विद्युत सेवा प्राप्त गर्ने घरपरिवारको सङ्ख्या, (२) धाराबाट खानेपानी प्राप्त गर्ने घरपरिवारको सङ्ख्या, (३) आफ्नै घर भएका घरपरिवारको सङ्ख्या र (४) कुनै प्रकारको सवारी साधन भएको घरपरिवारको सङ्ख्या। |
| ६.जलवायु परिवर्तनको जोखिमको आयाम | (१) विगत दुई वर्षमा विपद्बाट प्रभावित घरपरिवारको सङ्ख्या, (२) वार्षिक बर्षा र (३) जलवायु परिवर्तनको जोखिम सूचक। |

उल्लिखित आधार र सूचकका आधारमा राजस्व बाँडफाँटको सिफारिस गर्दा प्रत्येक स्थानीय तहले संवैधानिक जिम्मेवारी निर्वाह गर्न, अनिवार्य दायित्व पूरा गर्न तथा दैनिक प्रशासनिक खर्च बहन गर्न सक्ने गरी राजस्व बाँडफाँट समन्यायिक होस् भन्ने मनसायले कुनै पनि पालिकालाई न्यूनतम रु. ३ करोड ५० लाख नघट्ने गरी रकमको व्यवस्था र बाँडफाँट गरी सिफारिस गरिएको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनले समेत प्रदेश र स्थानीय तहले आफूले उठाएको राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान गर्नुपर्ने उल्लेख गरेबाट पनि प्रत्येक पालिका प्रशासनिक खर्च बहन गर्नका लागि आफैमा आत्मनिर्भर हुनुपर्ने हुन्छ। तथापि, उनीहरूको दैनिक प्रशासनिक खर्च सञ्चालन गर्नका लागि राजस्व रकमबाट नपुग हुने अवस्था समेतलाई ख्याल राख्दै राजस्व बाँडफाँट सम्बन्धमा सिफारिस गरिएको छ। आफ्नो आयस्रोत ज्यादै कम भएका पालिकाहरूलाई कम्तीमा पनि न्यूनतम रकम राजस्व बाँडफाँटको रकमबाट बेहोर्नुपर्ने गरी बाँडफाँट गर्नुपर्ने देखियो। त्यसैले, पालिकाहरूको खर्च रकमको विश्लेषण गर्दा कम्तीमा पनि दश वटा पालिकाहरूले रु. ३ करोड ५० लाख भन्दा कम रकम राजस्व बाँडफाँटबाट प्राप्त गर्ने स्थिति देखिएकोले विशेष अवस्था स्वरूप त्यस्ता पालिकाहरूलाई प्रशासनिक खर्च धान्नका लागि उल्लिखित रु. ३ करोड ५० लाख न्यूनतम रकम प्राप्त हुने गरी प्रस्ताव गरिएको छ। तर प्रदेशको हकमा विशेष व्यवस्था गर्नुपर्ने आवश्यकता नदेखिएकोले त्यस्तो न्यूनतम रकमको प्रस्ताव गरिएको छैन।

## झ. राजस्व बाँडफाँटबाट प्राप्त रकमको उपयोग र यससम्बन्धी सुझाव

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) ले "प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नुपर्ने छ" भन्ने व्यवस्था गरेको छ। यसरी ऐनको दफा २१ को उपदफा (४) ले प्रदेश तथा स्थानीय तहले मूलतः आफूले उठाएको आन्तरिक आयबाट नै प्रशासनिक खर्चको व्यवस्थापन गर्नुपर्नेछ भन्ने सन्देश स्पष्ट दिएको देखिन्छ।

यति हुँदा हुँदै पनि अत्यावश्यक प्रशासनिक र सञ्चालन खर्च आफ्नो आन्तरिक आयबाट अपुग भएमा मात्र मितव्ययी हिसावले राजस्व बाँडफाँटबाट प्राप्त रकम प्रशासनिक खर्चमा प्रयोग गर्नुपर्ने हुन्छ। यसरी उपयोग भएको रकम बाहेक बचत रकम प्रदेश तथा स्थानीय तहले आ-आफ्नो क्षेत्र अन्तर्गतका विकास निर्माणका क्रियाकलापमा उपयोग गर्नुपर्दछ। प्रदेश तथा स्थानीय तहले नेपाल सरकारबाट राजस्व बाँडफाँट मार्फत प्राप्त हुने रकम उद्देश्यपरक ढंगले मितव्ययीरूपमा खर्च गर्नु गराउनुपर्ने आयोगको स्पष्ट धारणा रहेको छ। तसर्थ,, प्रदेश तथा स्थानीय तहले राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमको उपयोग निम्नानुसार हुने गरी गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सुझाव प्रदान गरेको छः

१. राजस्व बाँडफाँटबाट प्राप्त रकम प्रत्येक प्रदेश तथा स्थानीय तहले उद्देश्यपरक ढंगले तोकिएको कार्यमा खर्च गर्नुपर्ने।

२. राजस्व बाँडफाँटबाट प्राप्त रकम नतिजामूलक एवम् प्रभावकारी ढंगले खर्च गर्नुपर्ने।

३. राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम संविधानले सम्बन्धित प्रदेश र स्थानीय तहलाई प्रत्याभूत गरेको जिम्मेवारी सम्पादन गर्नका लागि उपयोग गर्नुपर्ने।

४. राजस्व बाँडफाँटबाट प्राप्त रकम सार्वजनिक सेवा र आर्थिक सामाजिक विकासका क्षेत्रमा उपयोग गर्नुपर्ने।

५. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा २१(४) बमोजिम हुने गरी राजस्व बाँडफाँटबाट प्राप्त रकम खर्च गर्नुपर्ने।

६. अत्यावश्यक प्रशासनिक र सञ्चालन खर्च सकभर सम्बन्धित प्रदेश वा स्थानीय तहको आफ्नो आन्तरिक राजस्व सङ्कलनको रकम (आन्तरिक आय)बाट नै मितव्ययी रूपमा व्यवस्थापन गर्नुपर्ने, सोले नपुगेमा मात्रै सङ्घबाट प्राप्त राजस्व बाँडफाँटको रकमबाट व्यहोरी बाँकी रकम सार्वजनिक सेवा र विकास निर्माणका कार्यमा खर्च गर्नुपर्ने।

७. राजस्व बाँडफाँटबाट प्राप्त रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहभित्र न्यायोचित, सन्तुलित र पारदर्शी रूपमा खर्च गर्नुपर्ने।

८. राजस्व बाँडफाँटबाट प्राप्त रकम प्रदेश र स्थानीय तहले जनतालाई पुऱ्याउनुपर्ने सेवा, विकास निर्माणका कार्य, प्रादेशिक क्षेत्रीय असन्तुलन, गरिबी एवम् आर्थिक सामाजिक असमानताको न्यूनीकरण, बञ्चितीकरणको अन्त्य, अपाङ्गता भएकाहरूको संरक्षण, मानवीय जीवनस्तरको अभिवृद्धि, आकस्मिक कार्य र कुनै अस्थायी आवश्यकता पूरा गर्न समेत उपयोग गर्नुपर्ने।

९. समष्टिगत रूपमा राजस्व बाँडफाँटबाट प्राप्त रकमको उपयोग प्रशासनिक खर्च, सार्वजनिक सेवा प्रवाह, पूर्वाधार विकास लगायतका प्रदेश तथा स्थानीय तहको सन्तुलित र समतामूलक विकास गर्ने उद्देश्यले उनीहरूको आवश्यकताका क्षेत्रमा खर्च गर्न उपयुक्त हुने।

१०. संविधानले प्रदेश तथा स्थानीय तहलाई प्रत्याभूत गरेको क्षेत्राधिकार भित्रको स्वायत्तता र उनीहरूको प्राथमिकतालाई समेत ध्यानमा राखी राजस्व बाँडफाँटबाट प्राप्त रकम खर्च गर्नुपर्ने।

११. प्रत्येक प्रदेश तथा स्थानीय तहले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको प्रावधानबमोजिम आ-आफ्नो तर्फबाट जम्मा गर्नुपर्ने कर प्रदेश विभाज्य कोष वा स्थानीय विभाज्य कोषमा जम्मा गरी एक अर्कोलाई प्रदान गर्नुपर्ने हिस्सा उपलब्ध गराउनुपर्ने।

१२. प्रत्येक प्रदेश तथा स्थानीय तहले संविधान र ऐनले तोकेको परिधिभित्र रही कर तथा गैरकर राजस्व सङ्कलन गर्नुका साथै उपयुक्त क्षेत्रमा राजस्वको दायरा विस्तार गर्नुपर्ने। यसरी दायरा विस्तार गर्दा तहहरूबीच करमा दोहोरोपना नहुनेतर्फ ध्यान दिनुपर्ने।

१३. प्रत्येक प्रदेश तथा स्थानीय तहले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन र स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐनको कानुनी प्रावधानबमोजिम तोकिएको समयावधि भित्रै राजस्व लगायतको विवरण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग लगायत तोकिएका निकाय समक्ष पेश गर्नुपर्ने।

१४. प्रत्येक प्रदेश तथा स्थानीय तहले राजस्व र खर्चको अभिलेख व्यवस्थित रूपमा राख्नुपर्ने।

१५. प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि एवम् संवद्ध कर्मचारीले आफूले गरेको खर्चको पारदर्शिता एवम् जवाफदेहिता निर्वाह हुने व्यवस्था मिलाउनुपर्ने।

१६. राजस्व बाँडफाँटबाट प्राप्त रकमको प्रयोग यसको उद्देश्य मुताविक हुनुपर्नेमा एउटै प्रकृतिको काममा तीन तहका सरकार र विभिन्न खर्च शीर्षकबाट रकम विनियोजन गरी खर्च गरेको देखिएको अवस्थामा तीनै तहका सरकारले यस पक्षमा गम्भीरतापूर्वक ध्यान दिई आवश्यक सुधार गर्नुपर्ने।

१७. प्रदेश तथा स्थानीय तहका दोहोरो राजस्व अधिकार क्षेत्रभित्र पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन करको सहज कार्यान्वयनका लागि नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई आवश्यक सहजीकरण गर्नुपर्ने।

१८. प्रदेश तथा स्थानीय तहले संवैधानिक जिम्मेवारी निर्वाह गर्न आफूले परिचालन गर्ने राजस्व र प्राप्त गर्ने राजस्व पूर्वानुमानयोग्य बनाउनुपर्ने।

१९. प्रत्येक प्रदेश तथा स्थानीय तहले आफूलाई संविधान र कानूनले दिएको परिधिभित्र रही आ-आफ्नो क्षेत्रभित्र राजस्व उठाउन सक्ने कुल सम्भाव्यता पहिचान गर्दै राजस्व सङ्कलनको प्रयास गर्नुपर्ने।

२०. संविधानको धारा ६० को आशय र भावनाबमोजिम नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको संयुक्त प्रयासबाट प्रत्येक प्रदेश तथा स्थानीय तहको संविधानको अनुसूचीमा दिइएको जिम्मेवारीअनुसारको खर्चको आवश्यकता र राजस्वको क्षमता निर्धारण गर्नुपर्ने।

*द्रष्टव्य:*

- संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (क) र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ को उपदफा (१) बमोजिमको राजस्व बाँडफाँटका सम्बन्धमा आर्थिक वर्ष २०७७/७८ का लागि सिफारिस गरिएको माथि उल्लिखित विस्तृत आधार र ढाँचा एवम् सो बमोजिम निर्धारण गरिएको राजस्व बाँडफाँटको हिस्सा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐनको दफा १५ को उपदफा (३) र (४) बमोजिम अर्को व्यवस्था नभएसम्म सोही ऐनको दफा १५ को उपदफा (१) बमोजिम निर्धारण गरी आयोगबाट नेपाल सरकारमा सिफारिस गरिएको उल्लिखित राजस्व बाँडफाँटको विस्तृत आधार र ढाँचा (भार) एवम् सो बमोजिम निर्धारण गरिएको राजस्व बाँडफाँटको हिस्सा सोही ऐनको दफा १५ को उपदफा (२) बमोजिम आगामी पाँच वर्षको लागि मान्य हुनेगरी सिफारिस गरिएको छ। जसअनुसार प्रदेश सरकारमा हस्तान्तरण हुने जम्मा रकमको ०.१२११००१ हिस्सा कर्णाली प्रदेश सरकारले प्राप्त गर्नेगरी सिफारिस गरिएको छ। आर्थिक वर्ष २०७७/७८ का लागि संविधान र प्रचलित कानुनबमोजिम आयोगबाट तयार गरिएको राजस्व बाँडफाँटको विस्तृत आधार र ढाँचाबमोजिम नेपाल सरकारबाट कर्णाली प्रदेशभित्रका स्थानीय सरकारलाई उपलब्ध गराउने राजस्वको बाँडफाँटको हिस्साको सिफारिस गरिएको छ।

**आर्थिक वर्ष २०७७/७८ का लागि नेपाल सरकारबाट कर्णाली प्रदेशभित्रका स्थानीय सरकारलाई हस्तान्तरण हुने स्थानीय तहगत राजस्व बाँडफाँटको हिस्सा**

| क्र. सं. | स्थानीय तहको कोड | जिल्ला | स्थानीय तहको नाम | राजस्व बाँडफाँटको हिस्सा |
|---|---|---|---|---|
| १. | ६०१०१ | डोल्पा | डोल्पो बुद्ध गाउँपालिका | ०.०००६०४७ |
| २. | ६०१०२ | डोल्पा | शे फोक्सुण्डो गाउँपालिका | ०.०००७६९९ |
| ३. | ६०१०३ | डोल्पा | जगदुल्ला गाउँपालिका | ०.०००५९६३ |
| ४. | ६०१०४ | डोल्पा | मुड्केचुला गाउँपालिका | ०.०००७३४० |
| ५. | ६०१०५ | डोल्पा | त्रिपूरासुन्दरी नगरपालिका | ०.००१०४९८ |
| ६. | ६०१०६ | डोल्पा | ठूलीभेरी नगरपालिका | ०.०००९५४१ |
| ७. | ६०१०७ | डोल्पा | काइके गाउँपालिका | ०.०००६५६८ |

| क्र. सं. | स्थानीय तहको कोड | जिल्ला | स्थानीय तहको नाम | राजस्व बाँडफाँटको हिस्सा |
|---|---|---|---|---|
| ८. | ६०१०८ | डोल्पा | छार्का ताङसोङ गाउँपालिका | ०.०००५८७९ |
| ९. | ६०२०१ | मुगु | मुगुमकार्मारोग गाउँपालिका | ०.००१००२८ |
| १०. | ६०२०२ | मुगु | छायाँनाथ रारा नगरपालिका | ०.००१४४९६ |
| ११. | ६०२०३ | मुगु | सोरु गाउँपालिका | ०.००११३०४ |
| १२. | ६०२०४ | मुगु | खत्याड गाउँपालिका | ०.००१२५८१ |
| १३. | ६०३०१ | हुम्ला | चंखेली गाउँपालिका | ०.०००९६५८ |
| १४. | ६०३०२ | हुम्ला | खार्पुनाथ गाउँपालिका | ०.०००९२३८ |
| १५. | ६०३०३ | हुम्ला | सिमकोट गाउँपालिका | ०.००११९२६ |
| १६. | ६०३०४ | हुम्ला | नाम्खा गाउँपालिका | ०.०००८६३४ |
| १७. | ६०३०५ | हुम्ला | सर्केगाड गाउँपालिका | ०.०००९८७७ |
| १८. | ६०३०६ | हुम्ला | अदानचुली गाउँपालिका | ०.०००७८६१ |
| १९. | ६०३०७ | हुम्ला | ताँजाकोट गाउँपालिका | ०.०००७२३९ |
| २०. | ६०४०१ | जुम्ला | पातारासी गाउँपालिका | ०.००१३३५३ |
| २१. | ६०४०२ | जुम्ला | कनका सुन्दरी गाउँपालिका | ०.००१०४८१ |
| २२. | ६०४०३ | जुम्ला | सिंजा गाउँपालिका | ०.०००९५९१ |
| २३. | ६०४०४ | जुम्ला | चन्दननाथ नगरपालिका | ०.००१०७५० |
| २४. | ६०४०५ | जुम्ला | गुठिचौर गाउँपालिका | ०.००१०१७९ |
| २५. | ६०४०६ | जुम्ला | तातोपानी गाउँपालिका | ०.००१२६१४ |
| २६. | ६०४०७ | जुम्ला | तिला गाउँपालिका | ०.००१०५८२ |
| २७. | ६०४०८ | जुम्ला | हिमा गाउँपालिका | ०.०००९०५३ |
| २८. | ६०५०१ | कालिकोट | पलाता गाउँपालिका | ०.००१२३१२ |
| २९. | ६०५०२ | कालिकोट | पचाल झरना गाउँपालिका | ०.००१००९५ |
| ३०. | ६०५०३ | कालिकोट | रास्कोट नगरपालिका | ०.०००९८०९ |
| ३१. | ६०५०४ | कालिकोट | सान्नी त्रिवेणी गाउँपालिका | ०.०००९९९४ |
| ३२. | ६०५०५ | कालिकोट | नरहरिनाथ गाउँपालिका | ०.००१२६९८ |
| ३३. | ६०५०६ | कालिकोट | खाँडाचक्र नगरपालिका | ०.००१२०४३ |
| ३४. | ६०५०७ | कालिकोट | तिलागुफा नगरपालिका | ०.००१२०२७ |
| ३५. | ६०५०८ | कालिकोट | महावै गाउँपालिका | ०.०००९३८९ |
| ३६. | ६०५०९ | कालिकोट | शुभ कालीका गाउँपालिका | ०.०००९९४४ |
| ३७. | ६०६०१ | दैलेख | नौमुले गाउँपालिका | ०.००१२९०० |
| ३८. | ६०६०२ | दैलेख | महाबु गाउँपालिका | ०.००११३०४ |
| ३९. | ६०६०३ | दैलेख | भैरवी गाउँपालिका | ०.००११६९१ |
| ४०. | ६०६०४ | दैलेख | ठाँटीकाँध गाउँपालिका | ०.००१०९८५ |
| ४१. | ६०६०५ | दैलेख | आठबीस नगरपालिका | ०.००१४६१३ |
| ४२. | ६०६०६ | दैलेख | चामुण्डा बिन्द्रासैनी नगरपालिका | ०.००१२६६५ |
| ४३. | ६०६०७ | दैलेख | दुल्लु नगरपालिका | ०.००१६५९५ |
| ४४. | ६०६०८ | दैलेख | नारायण नगरपालिका | ०.००१२७४९ |
| ४५. | ६०६०९ | दैलेख | भगवतीमाई गाउँपालिका | ०.००११७७५ |
| ४६. | ६०६१० | दैलेख | डुङ्गेश्वर गाउँपालिका | ०.०००९९९४ |
| ४७. | ६०६११ | दैलेख | गुराँस गाउँपालिका | ०.००१२३९६ |
| ४८. | ६०७०१ | जाजरकोट | बारेकोट गाउँपालिका | ०.००१४०७६ |
| ४९. | ६०७०२ | जाजरकोट | कुसे गाउँपालिका | ०.००१३५०५ |
| ५०. | ६०७०३ | जाजरकोट | जुनीचाँदे गाउँपालिका | ०.००१४५६३ |
| ५१. | ६०७०४ | जाजरकोट | छेडागाड नगरपालिका | ०.००१७४०२ |

| क्र. सं. | स्थानीय तहको कोड | जिल्ला | स्थानीय तहको नाम | राजस्व बाँडफाँटको हिस्सा |
|---|---|---|---|---|
| ५२. | ६०७०५ | जाजरकोट | शिवालय गाउँपालिका | ०.००१०६६६ |
| ५३. | ६०७०६ | जाजरकोट | भेरीमालिका नगरपालिका | ०.००१५६७१ |
| ५४. | ६०७०७ | जाजरकोट | नलगाड नगरपालिका | ०.००१५७२२ |
| ५५. | ६०८०१ | रुकुम (पश्चिम भाग) | आठबिसकोट नगरपालिका | ०.००१८३२५ |
| ५६. | ६०८०२ | रुकुम (पश्चिम भाग) | सानीभेरी गाउँपालिका | ०.००१२३९६ |
| ५७. | ६०८०३ | रुकुम (पश्चिम भाग) | बाँफीकोट गाउँपालिका | ०.००१२०१० |
| ५८. | ६०८०४ | रुकुम (पश्चिम भाग) | मुसिकोट नगरपालिका | ०.००१४३९५ |
| ५९. | ६०८०५ | रुकुम (पश्चिम भाग) | त्रिवेणी गाउँपालिका | ०.००१०८१७ |
| ६०. | ६०८०६ | रुकुम (पश्चिम भाग) | चौरजहारी नगरपालिका | ०.००१२९६७ |
| ६१. | ६०९०१ | सल्यान | दार्मा गाउँपालिका | ०.००१०८८४ |
| ६२. | ६०९०२ | सल्यान | कुमाख गाउँपालिका | ०.००१३३३७ |
| ६३. | ६०९०३ | सल्यान | बनगाड कुपिण्डे नगरपालिका | ०.००१७३५१ |
| ६४. | ६०९०४ | सल्यान | सिद्धकुमाख गाउँपालिका | ०.०००९१३७ |
| ६५. | ६०९०५ | सल्यान | बागचौर नगरपालिका | ०.००१५०८४ |
| ६६. | ६०९०६ | सल्यान | छत्रेश्वरी गाउँपालिका | ०.००११९४३ |
| ६७. | ६०९०७ | सल्यान | शारदा नगरपालिका | ०.००१५२०१ |
| ६८. | ६०९०८ | सल्यान | कालिमाटी गाउँपालिका | ०.००१४८८२ |
| ६९. | ६०९०९ | सल्यान | त्रिवेणी गाउँपालिका | ०.००१०२६३ |
| ७०. | ६०९१० | सल्यान | कपुरकोट गाउँपालिका | ०.००१०७३३ |
| ७१. | ६१००१ | सुर्खेत | सिम्ता गाउँपालिका | ०.००१४२७७ |
| ७२. | ६१००२ | सुर्खेत | चिङ्गगाड गाउँपालिका | ०.००११३८८ |
| ७३. | ६१००३ | सुर्खेत | लेकबेशी नगरपालिका | ०.००१४३६१ |
| ७४. | ६१००४ | सुर्खेत | गुर्भाकोट नगरपालिका | ०.००१७६०३ |
| ७५. | ६१००५ | सुर्खेत | भेरीगंगा नगरपालिका | ०.००१७५८६ |
| ७६. | ६१००६ | सुर्खेत | वीरेन्द्रनगर नगरपालिका | ०.००२४६०७ |
| ७७. | ६१००७ | सुर्खेत | बराहताल गाउँपालिका | ०.००१५५७१ |
| ७८. | ६१००८ | सुर्खेत | पञ्चपुरी नगरपालिका | ०.००१६६४६ |
| ७९. | ६१००९ | सुर्खेत | चौकुने गाउँपालिका | ०.००१५३६९ |

# अनुसूची - २ः आर्थिक वर्ष २०८१/८२ को लागि नेपालको संविधान र प्रचलित कानून बमोजिम सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा मिति २०८०/११/१८ मा नेपाल सरकारलाई गरिएको सिफारिस

## क. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय सरकारहरू गरी तीन तहको हुने संवैधानिक व्यवस्था रहेको छ। तीन तहका सङ्घीय इकाइहरूबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहेको छ। नेपालको संविधानमा तीनै तहका सरकारका कार्य जिम्मेवारी र राजस्व अधिकारसहित राज्यशक्तिको बाँडफाँट गरिएको छ।

नेपालको संविधानको अनुसूचिमा उल्लिखित तहगत सरकारको अधिकारको विश्लेषण गर्दा प्रदेश तथा स्थानीय सरकारहरूमा खर्च जिम्मेवारीको अनुपातमा राजस्व परिचालन गर्ने अधिकार न्यून रहेको छ भने नेपाल सरकारमा राजस्व परिचालनको अधिकार अधिक रहेको देखिन्छ। यसले खर्च र राजस्वका अधिकार हस्तान्तरणबीचमा बेमेल रहेको देखाउँछ। यस्तो परिस्थितिमा प्रदेश तथा स्थानीय सरकारको खर्च आवश्यकता र राजस्व क्षमताबीचको वित्तीय अन्तरलाई न्यूनीकरण गर्न नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारहरूलाई अनुदान दिने अभ्यास रहेको छ। त्यसैगरी समान तहका सरकारबीचमा रहने भौगोलिक तथा जनसाङ्ख्यिक विविधता र आर्थिक, सामाजिक तथा भौतिक विकासको असमान अवस्थाले पनि उनीहरूको खर्चको आवश्यकता र राजस्व परिचालन क्षमताबीचमा असमानता रहेको देखिन्छ। त्यस्तो असमानतालाई न्यूनीकरण गर्दै उपलब्ध स्रोत र साधनको समन्यायिक वितरणलाई सुनिश्चित गर्न स्वतन्त्र संवैधानिक निकायको सिफारिसमा नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारहरूलाई अनुदान उपलब्ध गराउने व्यवस्था संविधान तथा कानूनद्वारा सुनिश्चित गरिएको छ।

नेपालको सन्दर्भमा पनि सङ्घीय सञ्चित कोषबाट नेपाल सरकारले प्रदेश र स्थानीय सरकारहरूलाई खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ। साथै, त्यस्तो अनुदान तय गरी सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था नेपालको संविधान र अन्य प्रचलित ऐनहरू समेतमा गरिएको छ। यसै व्यवस्थालाई कार्यान्वयन गर्न आगामी आ.व. २०८१/८२ का लागि नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदानको परिमाण (रकम) यस आयोगबाट निर्धारण गरी नेपाल सरकार समक्ष सिफारिस गरिएको छ।

## ख. कानुनी व्यवस्था

### १. नेपालको संविधान

नेपाल सरकारले प्रदेश र स्थानीय सरकारहरूलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदान सम्बन्धमा नेपालको संविधानमा देहायका व्यवस्थाहरू रहेका छन्ः

- संविधानको धारा ६० को उपधारा (३) - प्रदेश र स्थानीय सरकारहरूले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुनेछ।
- संविधानको धारा ६० को उपधारा (४) - नेपाल सरकारले प्रदेश र स्थानीय सरकारहरूलाई खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ।

- संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ख) - सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुनेछ।

## २. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारहरूलाई प्रचलित कानून बमोजिम उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्दा आयोगले देहायका आधार लिई सिफारिस गर्नुपर्ने व्यवस्था रहेको छः

(क) प्रदेश तथा स्थानीय सरकारहरूमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकाङ्क,

(ख) अन्य प्रदेश वा स्थानीय सरकारहरूको सन्तुलित विकासको अवस्था,

(ग) प्रदेश तथा स्थानीय सरकारहरूमा रहेको आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था,

(घ) प्रदेश तथा स्थानीय सरकारहरूको पूर्वाधार विकासको अवस्था र आवश्यकता,

(ङ) प्रदेश तथा स्थानीय सरकारहरूले जनतालाई पुऱ्याउनु पर्ने सेवा,

(च) प्रदेश तथा स्थानीय सरकारहरूको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता,

(छ) प्रदेश तथा स्थानीय सरकारहरूको खर्चको आवश्यकता।

सोही ऐनको दफा १६ को उपदफा (३) मा आयोगले उपदफा (१) बमोजिम वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रत्येक प्रदेश र स्थानीय सरकारहरूले प्राप्त गर्ने न्यूनतम अनुदान र उपदफा (१) बमोजिमका आधारहरू बमोजिम प्रत्येक प्रदेश र स्थानीय सरकारहरूले प्राप्त गर्ने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने व्यवस्था रहेको छ।

सोही ऐनको दफा ३ को उपदफा (२) मा आयोगले संविधान तथा यस ऐन बमोजिम सुझाव वा सिफारिस दिँदा वा ढाँचा तयार गर्दा प्रदेश तथा स्थानीय सरकारहरूको कार्य सम्पादनलाई समेत आधार लिने व्यवस्था रहेको छ।

## ३. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ को उपदफा (१) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारहरूको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा प्रदेश र स्थानीय सरकारहरूलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था रहेको छ।

सोही ऐनको दफा १८ को उपदफा (२) मा नेपाल सरकारले आयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको फागुन मसान्तभित्र दफा ६ बमोजिमको राजस्व बाँडफाँट र दफा ८ बमोजिमको वित्तीय समानीकरण अनुदान बापत आगामी आर्थिक वर्षमा नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारहरूलाई उपलब्ध गराउने अनुमानित स्रोतको विवरण प्रदेश तथा स्थानीय सरकारहरूलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ।

सोही ऐनको दफा २८ मा यस ऐन वा प्रचलित कानूनबमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो, सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ।

## ४. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा १३ मा प्रदेशभित्र पर्ने र प्रदेशबाट कार्यान्वयन हुने प्रदेशस्तरीय आयोजनाको तर्जुमा प्रदेश सरकारले गर्नेछ। स्थानीय सरकारहरूभित्र पर्ने र स्थानीय

सरकारहरूबाट कार्यान्वयन हुने स्थानीय स्तरीय आयोजनाको तर्जुमा स्थानीय सरकारले गर्नेछ।

### ५. राष्ट्रिय सभा सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति, २०७९

- नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारहरू र प्रदेशबाट स्थानीय सरकारहरूको वित्तीय हस्तान्तरणमा वित्तीय समानीकरण अनुदानको अंश बजेटको अनुपातमा बढाउँदै लैजाने विधिको परिपालना गर्ने।
- वित्तीय समानीकरण अनुदान वितरणमा प्रयोग गरिएका तथ्यांकीय विवरण र बाँडफाँटलाई पारदर्शी र विश्वासयोग्य बनाउने।

### ६. नेपाल सरकारको सङ्घीयता कार्यान्वयनसम्बन्धी कार्ययोजना, २०७९

- प्रदेश र स्थानीय सरकारहरूले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम हुने संविधानको व्यवस्थाको कार्यान्वयन गर्ने/गराउने।

### ७. राष्ट्रिय समन्वय परिषदको निर्णय, २०८० आषाढ

- कार्यविस्तृतीकरण परिमार्जन गरी तीनै तहको अधिकारमा स्पष्टता ल्याउने।
- तीन तहका सरकारबीच विकास आयोजनामा दोहोरोपना हटाउने र तादात्म्यता कायम गर्ने।
- तीनै तहबाट जाने अनुदानको शीर्षक, रकम र प्रकृति अध्ययन गरी दोहोरो अनुदान बन्द गर्ने।

### ८. सङ्घीय बजेट २०८०/८१ को बुँदा नम्बर ४२३

- नेपालको संविधानमा व्यवस्था भए बमोजिम राजस्व बाँडफाँट र वित्तीय हस्तान्तरणलाई प्रभावकारी बनाई सङ्घीयतालाई सवल बनाइनेछ।

## ग. वित्तीय समानीकरण अनुदान सिफारिसमा तथ्याङ्कको स्रोत

आगामी आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारहरूमा हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गर्दा आयोगबाट देहाय बमोजिमका तथ्याङ्क स्रोत प्रयोग गरिएको छः

| क्र.सं. | तथ्याङ्क | स्रोत |
|---|---|---|
| १. | जनसङ्ख्या | • राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय |
| २. | प्रदेश र स्थानीय तहको क्षेत्रफल (भूगोल) | • अध्ययन कार्यदल (२०७५) ले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रयोजनका लागि एकिन गरिएको स्थानीय तहहरूको क्षेत्रफल |
| ३. | मानव विकास सूचकाङ्क | • नेपाल मानव विकास प्रतिवेदन २०२०, राष्ट्रिय योजना आयोग |
| ४. | प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक असमानता सूचकाङ्क | • राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन (२०७६) |

| क्र.सं. | तथ्याङ्क | स्रोत |
|---|---|---|
| ५. | पूर्वाधार विकास<br>• सडकको घनत्व (सडकमा पहुँच),<br><br>• विद्युतको सुविधा (विद्युतमा पहुँच),<br>• सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच),<br>• खानेपानीको सुविधा (खानेपानीमा पहुँच),<br>• सरसफाइ (शौचालयको उपलब्धता) | • सडक विभाग, भवन तथा शहरी विकास विभाग र स्थानीय पूर्वाधार विकास विभाग (२०१८)<br>• राष्ट्रिय जनगणना २०७८<br>• राष्ट्रिय जनगणना २०७८<br>• राष्ट्रिय जनगणना २०७८<br>• राष्ट्रिय जनगणना २०७८ |
| ६. | राजस्वको अवस्था | • साविक बमोजिम समान अङ्क प्रदान गरिएको |
| ७. | खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता | • राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन (२०७५) |
| ८. | कार्यसम्पादन मूल्याङ्कन सूचक | • महालेखा परीक्षकको कार्यालय,<br>• अर्थ मन्त्रालय,<br>• सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,<br>• वन तथा वातावरण मन्त्रालय,<br>• शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,<br>• स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय,<br>• महालेखा नियन्त्रक कार्यालय,<br>• राष्ट्रिय परीक्षा बोर्ड,<br>• प्रदेश तथा स्थानीय सरकार |

## घ. वित्तीय समानीकरण अनुदान सिफारिस गर्न लिइएका आधार र ढाँचा तथा सोको व्याख्या एवम् विश्लेषण

आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारहरूमा हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको निर्धारण न्यूनतम, सूत्र र कार्यसम्पादन मूल्यांकनमा आधारित रही देहायको सूचक, तथ्याङ्क र भार प्रयोग गरी गरिएको छ।

### १. न्यूनतम वित्तीय समानीकरण अनुदान

प्रदेश तथा स्थानीय सरकारहरूले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदान कुल वित्तीय समानीकरण अनुदानको क्रमशः २५ प्रतिशत र ३०.३२ प्रतिशत हुने गरी हिस्सा निर्धारण गरिएको छ। यसरी न्यूनतम वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रदेशका हकमा जनसङ्ख्या र क्षेत्रफललाई ५०/५० प्रतिशत भार दिई प्रत्येक प्रदेशले प्राप्त गर्ने न्यूनतम अनुदानको हिस्सा निर्धारण गरिएको छ। त्यसैगरी स्थानीय सरकारहरूको हकमा न्यूनतम अनुदान सिफारिस गर्दा जनसङ्ख्यालाई मुख्य आधार लिइएको छ। प्रत्येक स्थानीय सरकारहरूलाई न्यूनतम अनुदान सिफारिस गर्दा १० हजारभन्दा कम जनसङ्ख्या भएका स्थानीय सरकारहरूलाई रु. २ करोड ७५ लाख निर्धारण गरिएको छ। दश हजार वा सो भन्दा बढी तर दुईलाख भन्दा कम जनसङ्ख्या भएका स्थानीय सरकारहरूको हकमा प्रति दश हजार जनसङ्ख्या वृद्धिमा रु. पच्चीस लाख अनुदान रकम वृद्धि गरिएको छ। साथै जनसङ्ख्या दुई लाख वा सोभन्दा बढी भएका स्थानीय सरकारहरूलाई एकमुष्ट रु.सात करोड पचहत्तर लाख न्यूनतम समानीकरण अनुदान निर्धारण गरिएको छ। यसरी प्रदेश तथा स्थानीय सरकारहरूले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदान क्रमशः रु. १५ अर्ब र रु. २६ अर्ब ६८ करोड ५० लाख समेत गरी जम्मा रु. ४१ अर्ब ६८ करोड ५० लाख निर्धारण गरिएको छ। कुल वित्तीय समानीकरण अनुदानमा न्यूनतम वित्तीय समानीकरण अनुदानको हिस्सा २८.१७ प्रतिशत रहेको छ।

कर्णाली प्रदेश सरकारले रु. १ अर्ब ७४ करोड ३८ लाख र कर्णाली प्रदेश भित्रका स्थानीय सरकारले देहाय बमोजिम रू. २ अर्ब ४९ करोड ५० लाख प्राप्त गर्नेगरी न्यूनतम वित्तीय समानीकरण अनुदान सिफारिस गरिएको छ।

**न्यूनतम वित्तीय समानीकरण अनुदान (स्थानीय तहतर्फ)**

**आ.व. २०८१/८२ मा स्थानीय सरकारहरूले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदानको ढाँचा**

| क्र. सं. | सम्बद्ध स्थानीय तहको जनसङ्ख्या | कर्णाली प्रदेश भित्रका स्थानीय सरकारको सङ्ख्या | न्यूनतम अनुदान (रु. लाखमा) | जम्मा (रु. लाखमा) |
|---|---|---|---|---|
| १ | १०,००० भन्दा कम | १४ | २७५ | ३८५० |
| २ | १०,००० देखि २०,००० भन्दा कम | २९ | ३०० | ८७०० |
| ३ | २०,००० देखि ३०,००० भन्दा कम | २२ | ३२५ | ७१५० |
| ४ | ३०,००० देखि ४०,००० भन्दा कम | ११ | ३५० | ३८५० |
| ५ | ४०,००० देखि ५०,००० भन्दा कम | २ | ३७५ | ७५० |
| ६ | ५०,००० देखि ६०,००० भन्दा कम | ० | ४०० | ० |
| ७ | ६०,००० देखि ७०,००० भन्दा कम | ० | ४२५ | ० |
| ८ | ७०,००० देखि ८०,००० भन्दा कम | ० | ४५० | ० |
| ९ | ८०,००० देखि ९०,००० भन्दा कम | ० | ४७५ | ० |
| १० | ९०,००० देखि १,००,००० भन्दा कम | ० | ५०० | ० |
| ११ | १,००,००० देखि १,१०,००० भन्दा कम | ० | ५२५ | ० |
| १२ | १,१०,००० देखि १,२०,००० भन्दा कम | ० | ५५० | ० |
| १३ | १,२०,००० देखि १,३०,००० भन्दा कम | ० | ५७५ | ० |
| १४ | १,३०,००० देखि १,४०,००० भन्दा कम | ० | ६०० | ० |
| १५ | १,४०,००० देखि १,५०,००० भन्दा कम | ० | ६२५ | ० |
| १६ | १,५०,००० देखि १,६०,००० भन्दा कम | १ | ६५० | ६५० |
| १७ | १,६०,००० देखि १,७०,००० भन्दा कम | ० | ६७५ | ० |
| १८ | १,७०,००० देखि १,८०,००० भन्दा कम | ० | ७०० | ० |
| १९ | १,८०,००० देखि १,९०,००० भन्दा कम | ० | ७२५ | ० |
| २० | १,९०,००० देखि २,००,००० भन्दा कम | ० | ७५० | ० |
| २१ | २,००,००० वा सो भन्दा बढी | ० | ७७५ | ० |
| | **जम्मा** | **७९** | | **२४९५०** |

## २. सूत्रमा आधारित वित्तीय समानीकरण अनुदान

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) मा वित्तीय समानीकरण अनुदानको सिफारिसका लागि उल्लेख गरिएका आधारहरूलाई मानव विकास सूचकाङ्क, आर्थिक सामाजिक असमानता, पूर्वाधारको अवस्था, राजस्वको अवस्था र खर्चको आवश्यकता तथा राजस्व उठाउन सक्ने क्षमता गरी ५ वटा शीर्षकमा समेटी मूल्याङ्कन गरिएको छ। आयोगको वित्तीय व्यवस्थापन सफ्टवेयरबाट प्रारम्भिक गणना गर्दा प्राप्त भएको नतिजामा थप न्यायपूर्ण बनाउनका लागि आयोगबाट थप संशोधन र परिमार्जन समेत गरिएको छ। यसरी प्रदेश तथा स्थानीय सरकारहरूले प्राप्त गर्ने सूत्रमा आधारित वित्तीय समानीकरण अनुदानको रकम क्रमशः रु. ४२ अर्ब ६० करोड र रु. ५७ अर्ब ७९ करोड ५० लाख गरी कुल रु. १ खर्ब ३९ करोड ५० लाख निर्धारण गरिएको छ। कुल समानीकरण अनुदानमा सूत्रमा आधारित समानीकरण अनुदानको हिस्सा ६७.८३ प्रतिशत रहेको छ।

आगामी आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारबाट प्रदेश तथा स्थानीय सरकारहरूलाई उपलब्ध गराउनुपर्ने

वित्तीय समानीकरण अनुदान रकम यस आयोगबाट देहाय बमोजिमका विस्तृत आधार र ढाँचामा निर्धारण गरिएको छः

**सूत्रमा आधारित वित्तीय समानीकरण अनुदानको गणनामा लिइएको आधार/सूचक र भार**

| क.सं. | सूचक/उपसूचक | उपसूचकको भार | सूचकको भार |
|---|---|---|---|
| १. | मानव विकास सूचकाङ्क | | १० % |
| २. | आर्थिक सामाजिक असमानता | | ५ % |
| ३. | पूर्वाधार विकासको अवस्था | | १० % |
| | • सडकको घनत्व (सडकमा पहुँच), | ६० % | |
| | • विद्युतको सुविधा (विद्युतमा पहुँच), | १० % | |
| | • सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच), | १० % | |
| | • खानेपानीको सुविधा (खानेपानीमा पहुँच), | १० % | |
| | • सरसफाइ (शौचालयको उपलब्धता) | १० % | |
| ४. | राजस्वको अवस्था | | ५ % |
| ५. | खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता | | ७० % |
| | **जम्मा** | | **१०० %** |

**अ. मानव विकास सूचकाङ्क**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) मा वित्तीय समानीकरण अनुदानको एउटा आधारको रूपमा प्रदेश तथा स्थानीय सरकारहरूमा रहेको शिक्षा, स्वास्थ्य जस्ता मानव विकास सूचकाङ्कलाई लिनुपर्ने उल्लेख छ। यस प्रयोजनका लागि सन् २०२० मा प्रकाशित नेपाल मानव विकास प्रतिवेदनको तथ्याङ्कलाई यस सूचकमा प्रयोग गरिएको छ। सो प्रतिवेदनले राष्ट्रिय तहको अतिरिक्त प्रदेश तहसम्मको मानव विकास सूचकाङ्क प्रकाशन गरेको भए तापनि स्थानीय सरकारहरूगत रूपमा त्यस्तो सूचकाङ्क उल्लेख गरिएको छैन। ऐनको व्यवस्था कार्यान्वियन गर्ने क्रममा स्थानीय सरकारहरूगत रूपमा नै मानव विकास सूचकाङ्क आवश्यक पर्ने हुँदा सो प्रतिवेदनमा उपलब्ध प्रादेशिक, भौगोलिक तथा शहरी र ग्रामीण सूचकाङ्क समेतलाई आधार बनाएर आयोगले सबै स्थानीय सरकारहरूको मानव विकासको प्रतिविम्बित (Indicative) सूचकाङ्क विकास गरी अनुदान सिफारिसको प्रयोजनार्थ प्रयोगमा ल्याइएको छ। मानव विकास सूचकाङ्कले प्रदेश तथा स्थानीय सरकारहरूमा बसोबास गर्ने मानिसको शिक्षा, स्वास्थ्य र आयको मापन गर्दछ। जुन प्रदेश तथा स्थानीय सरकारहरूको मानव विकास सूचकाङ्क कम छ, त्यस प्रदेश तथा स्थानीय सरकारहरूले आफ्नो क्षेत्रका जनताको जीवनस्तर उकास्नका लागि अतिरिक्त प्रयास गर्नुपर्ने हुन्छ, सोका लागि स्वभाविक रूपमा अतिरिक्त खर्चको आवश्यकता हुन्छ। यसै प्रयोजनका लागि कुल भार मध्ये मानव विकास सूचकाङ्कलाई १० प्रतिशत भार दिइएको छ।

**आ. आर्थिक सामाजिक असमानता**

आर्थिक सामाजिक असमानता सूचकाङ्क सम्बन्धमा प्रदेश र स्थानीय सरकारमा रहेको आर्थिक, सामाजिक असमानता मापन गर्नका लागि आर्थिक, सामाजिक र जलवायु परिवर्तन जोखिम तथा विपद् क्षेत्रका ६ वटा आयामहरूका २९ वटा उप-सूचकहरूका आधारमा आर्थिक, सामाजिक असमानता सूचकाङ्क निर्माण गरिएको छ। आर्थिक सामाजिक असमानताको अवस्था उच्च रहेका प्रदेश तथा स्थानीय तहले विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाह गर्ने कार्यमा प्रभावकारिता ल्याउन थप खर्च गर्नुपर्ने हुन्छ। यसै प्रयोजनका लागि आर्थिक सामाजिक असमानता सूचकाङ्कलाई ५ प्रतिशत भार दिइएको छ।

**इ. पूर्वाधार विकास**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) को देहाय (घ) अनुसार वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रदेश तथा स्थानीय सरकारहरूको पूर्वाधार विकासको अवस्था र आवश्यकतालाई

आधार लिनुपर्ने व्यवस्था रहेको छ। प्रदेश तथा स्थानीय सरकारहरूको पूर्वाधार विकासको अवस्थाले सो प्रदेश तथा स्थानीय सरकारहरूको विकासको अवस्था निर्धारण गर्ने आधार दिन्छ। पूर्वाधार विकासको अवस्था कमजोर भएका प्रदेश तथा स्थानीय सरकारहरूले जनतालाई संविधानले मार्गदर्शन गरे अनुसारका सेवा सुविधा प्रदान गर्न अतिरिक्त खर्च गर्नुपर्ने हुन्छ, जसले गर्दा सेवाको लागत वृद्धि गराउँदछ। आयोगले प्रदेश तथा स्थानीय सरकारहरूमा उपलब्ध सडक, विद्युत, सूचना प्रविधि, खानेपानी र सरसफाइको पहुँच तथा उपलब्धतालाई आधार मानी पूर्वाधार सूचकाङ्क तयार गरेको छ र यसलाई १० प्रतिशत भार प्रदान गरेको छ। पूर्वाधार विकास अन्तर्गत सडक घनत्व, विद्युत सुविधा, सूचना प्रविधि सुविधा, खानेपानी सुविधा र सरसफाइलाई उपसूचकको रूपमा लिइएको छ।

- सडकको घनत्व (सडकमा पहुँच): सडक सञ्जालको पहुँचले प्रदेश वा स्थानीय सरकारहरूको विकासलाई प्रभावित गर्नुका साथै उनीहरूले प्रवाह गर्नुपर्ने सेवा प्रवाहको लागतमा असर पार्दछ। सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाउन र आम सर्वसाधारण जनतालाई सुगम तथा सहज ढङ्गले सेवा प्रवाह गर्नका लागि पनि सडकको भूमिका महत्वपूर्ण हुन्छ। अतः पूर्वाधार विकासलाई दिइएको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट ६० प्रतिशत भार प्रदेश तथा स्थानीय सरकारहरूको सडक घनत्वलाई दिइएको छ।

- विद्युतको सुविधा (विद्युतमा पहुँच): विकासको एउटा आवश्यकताको रूपमा लिइने विद्युतको सुविधाले प्रदेश तथा स्थानीय सरकारहरूको आर्थिक विकासमा बहु-आयामिक भूमिका खेल्दछ। जुन प्रदेश तथा स्थानीय सरकारहरूमा विद्युत सुविधाको पहुँच कमजोर रहेको छ, त्यसका लागि थप आर्थिक व्ययभार आवश्यक पर्दछ। यसै परिप्रेक्ष्यमा प्रदेश तथा स्थानीय सरकारहरूको विद्युत सुविधाको अवस्थालाई उपसूचकका रूपमा लिई पूर्वाधार विकासलाई दिइएको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट १० प्रतिशत भार विद्युत सुविधाको पहुँचलाई दिइएको छ।

- सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच): जुन प्रदेश तथा स्थानीय सरकारहरूको सूचना प्रविधिको पहुँचको अवस्था कमजोर छ, त्यस्ता प्रदेश तथा स्थानीय सरकारहरूले सूचना प्रविधिको पहुँच स्तर माथि उकास्न यथोचित लगानी गर्नुपर्ने हुन्छ। यसले प्रदेश तथा स्थानीय सरकारहरूको आर्थिक व्ययभार बढाउने गर्दछ। यसै पक्षलाई ख्याल गर्दै पूर्वाधार विकासका लागि तोकिएको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट १० प्रतिशत भार सूचना प्रविधिको पहुँचलाई दिइएको छ।

- खानेपानीको सुविधा (खानेपानीमा पहुँच): संविधानले परिकल्पना गरे अनुसारको लोक कल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्न अन्य कुराका अतिरिक्त प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउनुपर्ने हुन्छ। प्रदेश तथा स्थानीय सरकारहरूमा खानेपानी सुविधाको पहुँच बढाउन थप आर्थिक स्रोतको आवश्यकता पर्दछ। अतः यसै पक्षलाई ख्याल राख्दै पूर्वाधार विकास अन्तर्गतको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट १० प्रतिशत भार खानेपानी सुविधा उपसूचकलाई प्रदान गरिएको छ।

- सरसफाइ (शौचालयको उपलब्धता): नेपालको संविधानले नै प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। सरसफाइको अवस्था कमजोर रहेको प्रदेश तथा स्थानीय सरकारहरूले सो सुविधा वृद्धि गर्नका लागि थप लगानी गर्नुपर्ने हुन्छ। प्रदेश तथा स्थानीय सरकारहरूमा हाल रहेका शौचालयहरूको उपलब्धतालाई सरसफाइ सूचक मानी पूर्वाधार विकास अन्तर्गतको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट १० प्रतिशत भार सरसफाइ (शौचालयको उपलब्धता) उपसूचकलाई प्रदान गरिएको छ।

यस प्रकार पूर्वाधार विकास सम्बन्धी उल्लिखित सडक, विद्युत, सूचना प्रविधि, खानेपानी र सरसफाइ सम्बन्धी सूचक राम्रो

भएका स्थानमा कम लगानी र त्यस्ता सूचकहरूको उपलब्धता न्यून भएको स्थानमा बढी लगानी गर्ने गरी आयोगले वित्तीय समानीकरण अनुदान सिफारिस गरेको छ।

**ई. राजस्वको अवस्था**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) को देहाय (च) अनुसार वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रदेश तथा स्थानीय सरकारहरूको राजस्वको अवस्था र उठाउन सक्ने क्षमतालाई आधार लिनुपर्ने व्यवस्था रहेको छ। यस सूचकका लागि सबै प्रदेश तथा स्थानीय सरकारहरूलाई वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने प्रयोजनार्थ राजस्वको अवस्था सूचकका लागि समान अङ्कभार प्रदान गरिएको छ।

**उ. खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता**

नेपालको संविधानको धारा ६० को उपधारा (४) ले नेपाल सरकारले प्रदेश र स्थानीय सरकारहरूलाई खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ भन्ने व्यवस्था गरेको छ। त्यसैगरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) को देहाय (च) र (छ) अनुसार वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रदेश तथा स्थानीय सरकारहरूको राजस्व उठाउन सक्ने क्षमता र खर्चको आवश्यकतालाई आधार लिनुपर्ने व्यवस्था रहेको छ। संवैधानिक तथा कानूनी व्यवस्थाअनुसार आयोगले वित्तीय समानीकरण अनुदानको सिफारिस गर्दा प्रत्येक प्रदेश तथा प्रत्येक स्थानीय सरकारहरूको खर्चको आवश्यकताका अतिरिक्त राजस्वको क्षमता निर्धारण गरी वित्तीय अन्तर (Fiscal Gap) पत्ता लगाउनुपर्ने हुन्छ। खर्चको आवश्यकता आँकलन गर्नका निमित्त संविधानको अनुसूचीमा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय सरकारहरूका एकल र साझा अधिकार बमोजिमका कार्य जिम्मेवारीको थप स्पष्टता हुनुपर्ने, कार्यजिम्मेवारी अनुरूपको कार्यसम्पादनका लागि प्रत्येक तहले सम्पादन गर्नुपर्ने अलग-अलग कार्यको स्पष्ट किटानी हुनुपर्ने, साथै प्रत्येक कामको न्यूनतम राष्ट्रिय मापदण्ड र सङ्घीय, प्रादेशिक र स्थानीय लक्ष्य तय हुनुपर्ने हुन्छ। तोकिएको मापदण्ड र लक्ष्य बमोजिमको कार्य सम्पादन गर्नका लागि उक्त कामको प्रति इकाइ लागत निकाली कुल लागत निर्धारण गर्नुपर्ने हुन्छ।

हाल प्रदेश तथा स्थानीय सरकारहरूले सम्पादन गर्नुपर्ने कतिपय कार्यको आधारभूत मापदण्ड तथा तहगत लक्ष्य निर्धारण भई नसकेको अवस्थामा खर्चको आवश्यकताको यथार्थ आँकलन गर्ने कार्य कठिन देखिन्छ। त्यसैगरी राजस्व उठाउन सक्ने क्षमताको आँकलन गर्दा प्रत्येक प्रदेश र प्रत्येक स्थानीय सरकारहरूको राजस्व अधिकार, राजस्वको सम्भाव्य दायरा र दर तथा राजस्व उठाउँदा हुने लाभ-लागत अनुपात र भैरहेको राजस्व सङ्कलनको कुल आकार समेतको विश्लेषण गर्नुपर्ने हुन्छ। तर सङ्घीयता कार्यान्वयनको छोटो अवधिमा यस सम्बन्धी विस्तृत तथ्याङ्कहरू उपलब्ध भई नसकेको अवस्थामा यथार्थ राजस्व असुलीको सम्भाव्यता एकिन गर्नु पनि उत्तिकै चुनौतीपूर्ण रहेको छ। यी सबै सीमाहरूका बीचबाट आयोगले निश्चित सूचक र विश्लेषणका आधारमा प्रदेश तथा स्थानीय सरकारहरूको खर्चको आवश्यकता र राजस्व क्षमताको आँकलन सम्बन्धी अध्ययन कार्य गरेको छ र आगामी दिनमा उक्त अध्ययनलाई अद्यावधिक गर्दै लगिने छ। आगामी आर्थिक वर्ष २०८१/८२ को लागि वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा आयोगले गरेको अध्ययनबाट देखिएको प्रदेश तथा स्थानीय सरकारहरूको खर्चको आवश्यकता र राजस्व क्षमताबीचको वित्तीय अन्तरको सूचकलाई ७० प्रतिशत भार दिइएको छ।

## ३. कार्य सम्पादन मूल्याङ्कनका आधारमा वित्तीय समानीकरण अनुदान

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (२) को व्यवस्थाबमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि सङ्घ सरकारबाट प्रदेश तथा स्थानीय सरकारहरूमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा ती तहको कार्य सम्पादनको स्तरलाई पनि आधार लिइएको छ। प्रदेश तथा स्थानीय सरकारहरूले राष्ट्रिय

प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गर्नुपर्ने न्यूनतम प्रक्रियागत कार्यसम्पादन गरे/नगरेको, तोकिएबमोजिम लक्ष्य हासिल गरे/नगरेको, आर्थिक अनुशासन पालना गरे/नगरेको तथा बजेट विनियोजनबमोजिम खर्च गरे/नगरेको लगायतका विषयहरू समावेश गरी आयोगको मिति २०७८/०२/१३ को बैठकबाट प्रदेश सरकारको कार्यसम्पादन मापनको लागि ११ वटा र स्थानीय सरकारहरूको कार्यसम्पादन मापनको लागि १७ वटा सूचक तय गरी अंकभार समेत निर्धारण गरिएको थियो। यी सूचकहरूबमोजिम प्रदेश तथा स्थानीय सरकारहरूको कार्यसम्पादन मूल्याङ्कन गर्ने विधि तथा प्रक्रियालाई मार्गदर्शन गर्न “प्रदेश तथा स्थानीय सरकारहरूको कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०७८" तर्जुमा गरिएको थियो। यसरी तयार गरिएका सूचकहरू र कार्यविधिलाई प्रदेश तथा स्थानीय सरकारहरूको जानकारीको लागि आयोगको वेबसाइटमा प्रकाशन गरिनुका साथै सूचकहरू र प्रत्येक सूचकको अंकभारसम्बन्धी विवरण प्रदेश तथा स्थानीय सरकारहरूलाई विद्युतीय माध्यमबाट प्रेषित गरिएको थियो।

उल्लिखित सूचक बमोजिमको कार्यसम्पादन विवरण उपलब्ध गराइदिन सबै प्रदेश सरकारका सम्बन्धित मन्त्रालय र स्थानीय सरकारहरूलाई विद्युतीय माध्यमबाट पत्राचार गरी अनुरोध गरिनुका साथै आयोगका कर्मचारीबाट टेलिफोनमार्फत् सम्पर्क गरी सूचकसँग सम्बन्धित कार्यसम्पादन विवरण सङ्कलन गरिएको थियो। यसै गरी प्राप्त हुन आएका विवरणअनुसार आयोगले तर्जुमा गरेको प्रदेश तथा स्थानीय सरकारहरूको कार्य सम्पादन मूल्याङ्कन कार्यविधि, २०७८ बमोजिम प्रदेश तथा स्थानीय सरकारहरूको अन्तिम कार्यसम्पादन मूल्याङ्कन गरिएको छ। यसै मूल्याङ्कनबाट कायम भएको अंकको आधारमा प्रदेश तथा स्थानीय सरकारहरूले प्राप्त गर्ने कुल वित्तीय समानीकरण अनुदानको ४ प्रतिशतले हुन आउने रकम रु. २ अर्ब ४० करोड (प्रदेशमा) र रु. ३ अर्ब ५२ करोड (स्थानीय सरकारहरूमा) गरी जम्मा रु. ५ अर्ब ९२ करोड कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदान सिफारिस गरिएको छ।

**अ. प्रदेशका सन्दर्भमा अवलम्बन गरिएका कार्यसम्पादन सूचकहरू**

| क्र.सं. | सूचक | अंकभार |
|---|---|---|
| १. | गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरीक्षणबाट औंल्याएको बेरुजुको अवस्था। | १५ |
| २. | प्रदेशले स्थानीय सरकारहरूलाई प्रदेश कानून बमोजिम आयोगले तोकेको आधार लागू गरी सशर्त अनुदान प्रदान गरे/नगरेको। | १० |
| ३. | सवारी साधन कर बापत बाँडफाँट गरिने ४० प्रतिशत रकम प्रदेश सरकारले मासिक रूपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गरे/नगरेको। | ५ |
| ४. | प्रदेशको गत आर्थिक वर्षको विनियोजित रकम अनुसार खर्चको अवस्था।<br>(क) कुल विनियोजित रकममा कुल खर्चको प्रतिशतः<br>(ख) कुल विनियोजित पूँजीगत रकममा कुल पूँजीगत रकमको खर्चको प्रतिशतः | १५ |
| ५. | प्रदेशले आफ्नो अधिकार क्षेत्र भित्रको राजस्व परिचालन गरेको अवस्था।<br>(क) अनुमानित राजस्व प्रक्षेपणको तुलनामा राजस्व सङ्कलनको अवस्थाः<br>(ख) गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व सङ्कलनको अवस्थाः | २० |
| ६. | प्रदेश सरकारले स्थानीय सरकारहरूलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण स्थानीय सरकारहरूलाई चैत्र मसान्तभित्र उपलब्ध गराएको/नगराएको। | ५ |
| ७. | प्रदेशले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेस गरे/नगरेको। | ५ |
| ८. | प्रदेशले आफ्नो बजेट कार्यान्वयनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको। | ५ |

| क्र.सं. | सूचक | अंकभार |
|---|---|---|
| ९. | प्रदेश तहको वायु गुणस्तर सुचकाङ्क (Air Quality Index)। | ५ |
| १०. | प्रदेश तहमा व्यवस्थित वनले ढाकेको क्षेत्रफलमा भएको वृद्धि प्रतिशत। | ५ |
| ११. | आयोगले कार्य सम्पादन सूचकका सम्बन्धमा तयार गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाइन पोर्टल (Online Portal) मा कार्य सम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि (Upload) गरे/नगरेको। | १० |
| | **जम्मा** | **१००** |

**आ. स्थानीय तहका सन्दर्भमा अवलम्बन गरिएका कार्यसम्पादन सूचकहरू**

| क्र.सं. | सूचक | अङ्कभर |
|---|---|---|
| १. | गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँसभा वा नगरसभामा पेश गरे/नगरेको। | ५ |
| २. | गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँसभा वा नगरसभामा पेश गरी असार मसान्तभित्र पारित गरे/नगरेको। | ५ |
| ३. | स्थानीय सरकारहरूले घर जग्गा रजिस्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर बापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गरे/नगरेको। | ५ |
| ४. | स्थानीय सरकारहरूले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेस गरे/नगरेको। | ५ |
| ५. | स्थानीय सरकारहरूले बजेट कार्यान्वयनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको। | ५ |
| ६. | स्थानीय सरकारहरूले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्था।<br>अनुमानित राजस्व प्रक्षेपण अनुसार राजस्व सङ्कलनको अवस्थाः<br>अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व सङ्कलनको अवस्थाः | १३ |
| ७. | स्थानीय सरकारहरूको गत आर्थिक वर्षको विनियोजित रकम अनुसार खर्चको अवस्था।<br>कुल विनियोजित रकममा कुल खर्चको प्रतिशतः<br>कुल विनियोजित पूँजीगत रकममा कुल पूँजीगत रकमको खर्चको प्रतिशतः | १५ |
| ८. | गत आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरिक्षणबाट औंल्याएको बेरुजुको अवस्था। | १५ |
| ९. | महालेखा नियन्त्रक कार्यालयले प्रयोगमा ल्याएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Subnational Treasury Regulating Application, SUTRA) को प्रयोग स्थानीय सरकारहरूले पूर्ण रूपमा गरी आवश्यक विवरण प्रविष्ट गरे/नगरेको। | ५ |
| १०. | स्थानीय सरकारहरूले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक योजना तर्जुमा गरे/नगरेको। | ३ |
| ११. | कक्षा १ देखि ८ सम्मको खुद विद्यार्थी भर्ना दर। | ३ |
| १२. | कक्षा ८ को तुलनामा कक्षा ९ मा विद्यार्थी टिकाउ दर। | ३ |
| १३. | सामुदायिक विद्यालयबाट कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी सङ्ख्याको तुलनामा कम्तीमा स्तरीकृत अंक (GPA) १.६ वा सो भन्दा उच्च GPA मूल प्रमाणपत्र प्राप्त गरेका विद्यार्थी प्रतिशत | ३ |
| १४. | चार (४) पटक गर्भ जाँच गर्ने महिलाको अनुपात। | ३ |

| क्र.सं. | सूचक | अङ्कभर |
|---|---|---|
| १५. | कुल गर्भवती महिलाको सङ्ख्यामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको अनुपात। | ३ |
| १६. | पूर्ण खोप (विसिजी, पोलियो, डिपिटि-हेपाटाइटिस बी-हिब (पेन्टाभ्यालेन्ट), पी.सी.भी., दादुरा-रुवेला, जापनिज इन्सेफिलाइटिस, कोलेरा ) सेवा लिएका जन्मेदेखि २४ महिनासम्म उमेर समूहका बालबालिकाको अनुपात। | ३ |
| १७. | आयोगले कार्य सम्पादन सूचकका सम्बन्धमा तयार गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाइन पोर्टल (Online Portal) मा कार्य सम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि (Upload) गरे/नगरेको। | ६ |
| | **जम्मा** | **१००** |

## ङ. वित्तीय समानीकरण अनुदानसम्बन्धी सिफारिस

नेपाल सरकारबाट आ.व. २०८१/८२ मा प्रत्येक प्रदेश तथा स्थानीय सरकारलाई हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (३) को व्यवस्थाबमोजिम प्रत्येक प्रदेश तथा स्थानीय सरकारहरूले प्राप्त गर्ने न्यूनतम अनुदान, सोही ऐनको दफा १६ को उपदफा (१) मा तोकिएका आधारहरू बमोजिम प्राप्त गर्ने सूत्रमा आधारित अनुदान र सोही ऐनको दफा ३ को उपदफा (२) मा भएको व्यवस्थाबमोजिम कार्य सम्पादन मूल्याङ्कनका आधारमा प्राप्त गर्ने अनुदान छुट्टाछुट्टै गणना गरी कुल वित्तीय समानीकरण अनुदान सिफारिस गरिएको छ। यसरी प्राप्त हुने अनुदान रकम गणना गर्दा ३६ स्थानीय सरकारहरूले न्यूनतम अनुदान र सूत्रमा आधारित अनुदानबाट रु.६ करोड ५० लाख भन्दा कम रकम पाउने देखिएको हुँदा त्यस्तो रकमले स्थानीय सरकारहरूको संविधान प्रदत्त कार्यजिम्मेवारी न्यूनतम रूपमा पूरा गर्न पर्याप्त नहुने आयोगले ठहर गरी प्रत्येक स्थानीय सरकारहरूलाई न्यूनतम अनुदान र सूत्रमा आधारित अनुदान गरी कम्तीमा रु. ६ करोड ५० लाख प्राप्त हुने गरी स्थानीय सरकारहरूको आन्तरिक राजस्वको अवस्था समेतको आधारमा महानगरपालिकाहरूको सूत्र बापतको रकममा करिब १६ प्रतिशतले कट्टा गरी उक्त रकम उल्लिखित ३६ वटा स्थानीय सरकारहरूको अनुदानमा थप गरी वित्तीय समानीकरण अनुदान निर्धारण गरिएको छ। आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारले उपलब्ध गराउनुपर्ने वित्तीय समानीकरण अनुदानको रकम सात वटा प्रदेशहरूको हकमा जम्मा रु. ६० अर्ब र ७५३ स्थानीय सरकारहरूहरूको हकमा जम्मा रु. ८८ अर्ब सहित कुल जम्मा रु. १ खर्ब ४८ अर्ब रहेको छ।

## च. वित्तीय समानीकरण अनुदानसम्बन्धी सुझाव

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) खण्ड (घ) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारहरूलाई दिने अनुदान सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने काम, कर्तव्य र अधिकार यस आयोगको हुने व्यवस्था रहेको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २८ मा उक्त ऐन वा प्रचलित कानूनबमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्ने व्यवस्था गरिएको छ। वित्तीय समानीकरण अनुदानको मूल उद्देश्य प्रदेश तथा स्थानीय सरकारहरूको खर्चको आवश्यकता र राजस्वको क्षमताको फरकबाट सिर्जना हुने वित्तीय अन्तर घटाई सन्तुलन कायम गर्नु हो। नेपालको संविधानबमोजिम प्रदेश तथा स्थानीय सरकारहरूलाई प्रदान गरिएको जिम्मेवारी पूरा गर्न आवश्यक पर्ने स्रोत अभावको समस्या घटाउन यो अनुदान हस्तान्तरण गरिन्छ। अतः प्रदेश तथा स्थानीय सरकारहरूले वित्तीय समानीकरण अनुदानको प्रयोग गर्दा नेपालको संविधान अनुसार आफूलाई प्राप्त कार्य जिम्मेवारी पूरा गर्न यस अनुदानको प्रयोग गर्नुपर्दछ। त्यसरी अनुदानको प्रयोग गर्दा कुनै विषयगत क्षेत्रका कार्यहरूमा मात्र बढी रकम विनियोजन गर्ने र अन्य विषयगत क्षेत्रका कार्यहरूका लागि आवश्यक रकम विनियोजन नै नहुने अवस्था आउन दिनु हुँदैन। त्यसैगरी आफ्ना अधिकारक्षेत्र भित्रका विषयहरूको सन्तुलित एवम्

नतिजामुखी कार्यान्वयनमा जोड दिनु पर्दछ। साथै, अनुदान सिफारिसका लागि लिइएका आधार तथा सूचकहरूले समावेश गरेका विषय तथा क्षेत्रहरूमा अपेक्षित विकास, सुधार तथा गुणस्तर कायम गर्ने गरी यस अनुदानको प्रयोग गरिनु पर्दछ।

उल्लिखित व्यवस्थाबमोजिम नेपाल सरकारले प्रदेश र स्थानीय सरकारहरूलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदानको सम्बन्धमा देहायबमोजिम सुझाव प्रदान गरिएको छः

(१) सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानलाई संविधानको मर्म र भावनाबमोजिम वितरण गर्ने गरी व्यवस्थित गर्दै यस्ता अनुदानको परिमाणलाई न्यूनीकरण गर्दै त्यसबाट प्राप्त रकम समेतबाट परिपूर्ति हुन नसकेको प्रदेश तथा स्थानीय सरकारहरूको वित्तीय अन्तर (Fiscal Gap) परिपूर्ति गर्न वित्तीय समानीकरण अनुदान रकम प्रयोग गर्नुपर्ने।

(२) नेपालको संविधानले सुरक्षित गरेका नागरिकका मौलिक हक कार्यान्वयनको सुनिश्चितता गर्न तथा राज्यका निर्देशक सिद्धान्त अनुरूपको दिशामा अगाडि बढ्ने गरी प्रदेश तथा स्थानीय सरकारहरूको आर्थिक विकासमा योगदान पुऱ्याउन वित्तीय समानीकरण अनुदानको प्रयोग गर्नुपर्ने।

(३) राष्ट्रिय रूपमा पछाडि परेका प्रदेश तथा स्थानीय सरकारहरूलाई राष्ट्रिय औषत स्तरको नजिक ल्याउन वित्तीय समानीकरण अनुदानको प्रयोग गर्नुपर्ने।

(४) समाजका सबै वर्ग, क्षेत्र, समुदाय, जातजाति, अल्पसङ्ख्यक, सीमान्तकृत, अशक्त र असहायहरूको सशक्तीकरण गर्न र प्रदेश तथा स्थानीय सरकारहरूलाई विकासको मूल प्रवाहमा ल्याउन समानीकरण अनुदानको प्रयोग गर्नुपर्ने।

(५) प्रदेश र स्थानीय सरकारहरूले राष्ट्रिय मानदण्ड र राष्ट्रिय लक्ष्य हासिल गर्ने दिशामा योगदान पुग्ने गरी वित्तीय समानीकरण अनुदानको रकम प्रयोग गर्नुपर्ने।

(६) सम्बन्धित प्रदेश र स्थानीय सरकारहरूको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता अत्यावश्यक सेवा उपलब्ध गराउन, अन्य प्रदेश र अन्य स्थानीय सरकारहरूसँग प्रतिस्पर्धा गर्दै सन्तुलित विकास गर्न गराउन, प्रदेश तथा स्थानीय सरकारहरूमा रहेको आर्थिक सामाजिक असमानता न्यूनीकरण गर्न, सडक, सिँचाइ, विद्युत, सञ्चार लगायतका पूर्वाधार विकास गर्न तथा संविधानले प्रत्याभूत गरेको खर्चको जिम्मेवारी पूरा गर्न वित्तीय समानीकरण अनुदान रकमको प्रयोग गर्नुपर्ने।

(७) प्रदेश तथा स्थानीय सरकारहरूहरूलाई सरकारी सेवाहरू न्यूनतम र समतामूलक रूपमा नागरिकहरूलाई बासस्थानको आधारमा भेदभाव नहुने गरी प्रदान गर्न उपयुक्त मात्रामा स्रोत साधनहरू उपलब्ध गराउन वित्तीय समानीकरण अनुदानको रकम प्रयोग गर्नुपर्ने।

(८) संविधान तथा सम्बन्धित कानूनले प्रदेश तथा स्थानीय सरकारहरूलाई दिएको जिम्मेवारी अनुरूप सेवा प्रवाह र विकास निर्माण गर्नका लागि वित्तीय समानीकरण अनुदान प्रयोग गर्नुपर्ने।

(९) नेपालको संविधानको धारा ६० को उपधारा (४) बमोजिम नेपाल सरकारले प्रदेश र स्थानीय सरकारहरूलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने व्यवस्था रहेको छ। खर्चको आवश्यकता निर्धारणका लागि संविधान बमोजिम तहगत सरकारको कार्यजिम्मेवारीको अतिरिक्त तत् सम्बन्धी न्यूनतम मानदण्ड र आवधिक लक्ष्य तथा प्रति इकाइ लागत आवश्यक पर्दछ। आयोगले प्रदेश तथा स्थानीय सरकारहरूको खर्चको आवश्यकता र राजस्व क्षमतालाई थप वस्तुपरक ढङ्गबाट आँकलन गर्ने गरी विगतको अध्ययनलाई अद्यावधिक गर्ने कार्य गरिरहेको छ। तर, कतिपय कार्य जिम्मेवारीहरूको सम्बन्धमा न्यूनतम मानदण्ड तथा राष्ट्रिय, प्रादेशिक र स्थानीय सरकारहरूगत लक्ष्य निर्धारण भई नसकेको अवस्थामा खर्चको

यथार्थ आवश्यकता आँकलन गर्न कठिनाइ भएको स्थिति छ। अतः तहगत सरकारको कार्य जिम्मेवारीहरू थप स्पष्ट पार्नुका साथै ती विषय भित्रका सेवाको न्यूनतम मानदण्ड, लक्ष्य र लागत लगायतका विषयहरू मूलतः सङ्घ सरकारबाट निर्धारण गर्नुपर्ने।

(१०) प्रदेश तथा स्थानीय सरकारहरूलाई संविधानको अनुसूचीले प्रत्याभूत गरेको एकल अधिकार अन्तर्गतका मुख्य कार्य जिम्मेवारीहरू सम्पादन गर्नका लागि उपलब्ध गराइने वित्तीय समानीकरण अनुदान रकम आयोगबाट निर्धारण गरी सिफारिस गर्ने अवस्थामा नेपाल सरकारले प्रदेश र स्थानीय सरकारहरूलाई उपलब्ध गराउने अन्य अनुदान (सशर्त, समपूरक र विशेष) को रकमले के कति हद्सम्म समानीकरण अनुदानको मूल उद्देश्य (समानीकरण गर्ने कार्य) मा सघाउ एवम् योगदान पुऱ्याउँछ भन्ने विषय आयोगलाई जानकारी नभईकन समानीकरण अनुदानको रकम निर्धारण हुने विद्यमान पद्धतिमा सुधार ल्याउनुपर्ने।

(११) नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारहरूमा हस्तान्तरण गरिने सशर्त, समपूरक र विशेष अनुदानहरूबाट समानीकरण अनुदानको उद्देश्यमा पर्ने प्रभाव र असरका बारेमा सङ्घ सरकारका विषयगत मन्त्रालय तथा अन्य निकायहरूले पर्याप्त ध्यान दिनुपर्ने। साथै, यसरी अन्य अनुदान (सशर्त, समपूरक र विशेष) मार्फत् समानीकरणको मूल उद्देश्यमा सघाउ पुऱ्याउने गरी हाल नेपाल सरकारबाट हस्तान्तरण गरिएका योजना, कार्यक्रम र बजेट आगामी दिनमा क्रमशः समानीकरण अनुदानमार्फत् कार्यान्वयन गर्ने गरी बाँडफाँट, वितरण र हस्तान्तरण गर्दै जाने नीति अवलम्बन गर्नुपर्ने।

(१२) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) मा प्रदेश तथा स्थानीय सरकारहरूले आफूले उठाएको राजस्व र उक्त ऐन बमोजिम राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था रहेको हुँदा प्रदेश तथा स्थानीय सरकारहरूले प्रशासनिक खर्च [पारिश्रमिक/सुविधा, मालसामान तथा सेवाको उपयोग (कार्यक्रम सम्बन्धी खर्चहरू बाहेक), अनुगमन तथा मूल्याङ्कन खर्च, भ्रमण खर्च, विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको अध्ययन तथा भ्रमण खर्च, विविध खर्च, सभा सञ्चालन खर्च, निवृत्तिभरण तथा अशक्तवृत्ति, उपदान, सेवा निवृत्तको सञ्चित बिदा, सेवा निवृत्तको औषधि उपचार, जग्गा/घर/सवारी साधन/मेशिनरी औजारको भाडा, राजस्व, न्यायिक तथा अन्य फिर्ता, भैपरी आउने चालु खर्च] जस्ता शीर्षक वा विषयमा वित्तीय समानीकरणको अनुदानबाट प्राप्त रकमको प्रयोग गर्न नहुने।

(१३) सङ्घीय इकाइ बाहेकका इकाइहरूमा विकास योजना नबन्ने हुँदा सङ्घीय इकाइमा मात्र बजेट विनियोजन गर्ने।

(१४) आर्थिक वर्षको अन्त्यमा खर्च हुन नसकेको वित्तीय समानीकरण अनुदानको रकम अर्को आर्थिक वर्षमा खर्च गर्दा वित्तीय समानीकरण अनुदान जुन प्रयोजनका लागि विनियोजन गरिएको हो सोही प्रयोजनमा मात्र खर्च गर्नुपर्ने। यस्तो रकम आन्तरिक आयको रूपमा गणना गरी चालु प्रकृतिका शीर्षकमा खर्च गर्न पाइने छैन।

आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारले प्रदेश सरकारलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानसम्बन्धी सिफारिस र नेपाल सरकारले स्थानीय सरकारलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानसम्बन्धी सिफारिस गरिएका छन्।

## आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारबाट कर्णाली प्रदेश सरकारलाई हस्तान्तरण हुने न्यूनतम, सूत्र र कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदान रकम

| विवरण | रकम (रु. लाखमा) |
|---|---|
| न्यूनतम | १७४३८ |
| सूत्रमा आधारित | ८३२२१ |
| कार्यसम्पादनमा आधारित | ३००४ |
| **जम्मा** | **१०३६६३** |

## आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारबाट कर्णाली प्रदेशभित्रका स्थानीय सरकारलाई हस्तान्तरण हुने न्यूनतम, सूत्र र कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदान रकम

| क्र.सं. | जिल्ला | सङ्केत नं. | स्थानीय तहको नाम | वित्तीय समानीकरण अनुदान (रु.लाखमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | न्यूनतम | सूत्रमा आधारित | कार्य सम्पादनमा आधारित | जम्मा |
| १ | डोल्पा | ६०१०१ | डोल्पो बुद्ध गाउँपालिका | २७५ | ३७५ | ५० | ७०० |
| २ | डोल्पा | ६०१०२ | शे फोक्सुण्डो गाउँपालिका | २७५ | ३७५ | ५३ | ७०३ |
| ३ | डोल्पा | ६०१०३ | जगदुल्ला गाउँपालिका | २७५ | ३७५ | ६० | ७१० |
| ४ | डोल्पा | ६०१०४ | मुड्केचुला गाउँपालिका | २७५ | ३७५ | ४३ | ६९३ |
| ५ | डोल्पा | ६०१०५ | त्रिपुरासुन्दरी नगरपालिका | ३०० | ५०६ | ४३ | ८४९ |
| ६ | डोल्पा | ६०१०६ | ठुलीभेरी नगरपालिका | २७५ | ४७१ | ४८ | ७९४ |
| ७ | डोल्पा | ६०१०७ | काइके गाउँपालिका | २७५ | ३७५ | ५४ | ७०४ |
| ८ | डोल्पा | ६०१०८ | छार्का ताङसोङ गाउँपालिका | २७५ | ३७५ | ४७ | ६९७ |
| ९ | मुगु | ६०२०१ | मुगुमकार्मारोग गाउँपालिका | २७५ | ३७५ | ४९ | ६९९ |
| १० | मुगु | ६०२०२ | छायाँनाथ रारा नगरपालिका | ३२५ | ८१३ | ४१ | ११७९ |
| ११ | मुगु | ६०२०३ | सोरु गाउँपालिका | ३०० | ५५३ | ३७ | ८९० |
| १२ | मुगु | ६०२०४ | खत्याड गाउँपालिका | ३०० | ७०२ | ४० | १०४२ |
| १३ | हुम्ला | ६०३०१ | चंखेली गाउँपालिका | २७५ | ३७५ | ३८ | ६८८ |
| १४ | हुम्ला | ६०३०२ | खार्पुनाथ गाउँपालिका | २७५ | ३७५ | ६२ | ७१२ |
| १५ | हुम्ला | ६०३०३ | सिमकोट गाउँपालिका | ३०० | ५७६ | ६३ | ९३९ |
| १६ | हुम्ला | ६०३०४ | नाम्खा गाउँपालिका | २७५ | ३७५ | ४४ | ६९४ |
| १७ | हुम्ला | ६०३०५ | सर्केगाड गाउँपालिका | ३०० | ४५९ | ४७ | ८०६ |
| १८ | हुम्ला | ६०३०६ | अदानचुली गाउँपालिका | २७५ | ३७५ | ३६ | ६८६ |
| १९ | हुम्ला | ६०३०७ | ताँजाकोट गाउँपालिका | २७५ | ३७५ | ४९ | ६९९ |
| २० | जुम्ला | ६०४०१ | पातारासी गाउँपालिका | ३०० | ६०६ | ३४ | ९४० |
| २१ | जुम्ला | ६०४०२ | कनका सुन्दरी गाउँपालिका | ३०० | ५८६ | ४९ | ९३५ |
| २२ | जुम्ला | ६०४०३ | सिंजा गाउँपालिका | ३०० | ५५६ | ५१ | ९०७ |
| २३ | जुम्ला | ६०४०४ | चन्दननाथ नगरपालिका | ३२५ | ८७१ | ४६ | १२४२ |
| २४ | जुम्ला | ६०४०५ | गुठिचौर गाउँपालिका | ३०० | ४९३ | ४४ | ८३७ |
| २५ | जुम्ला | ६०४०६ | तातोपानी गाउँपालिका | ३०० | ६३१ | ४८ | ९७९ |
| २६ | जुम्ला | ६०४०७ | तिला गाउँपालिका | ३०० | ५९१ | ३९ | ९३० |
| २७ | जुम्ला | ६०४०८ | हिमा गाउँपालिका | ३०० | ४९७ | ५१ | ८४८ |
| २८ | कालिकोट | ६०५०१ | पलाता गाउँपालिका | ३०० | ५८६ | ४३ | ९२९ |
| २९ | कालिकोट | ६०५०२ | पचाल झरना गाउँपालिका | ३०० | ५३१ | ४६ | ८७७ |

| क्र.सं. | जिल्ला | सङ्केत नं. | स्थानीय तहको नाम | वित्तीय समानीकरण अनुदान (रु.लाखमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | न्यूनतम | सूत्रमा आधारित | कार्य सम्पादनमा आधारित | जम्मा |
| ३० | कालिकोट | ६०५०३ | रास्कोट नगरपालिका | ३०० | ६४० | ४६ | ९८६ |
| ३१ | कालिकोट | ६०५०४ | सान्नी त्रिवेणी गाउँपालिका | ३०० | ५४९ | ४२ | ८९१ |
| ३२ | कालिकोट | ६०५०५ | नरहरिनाथ गाउँपालिका | ३२५ | ७८२ | ४८ | ११५५ |
| ३३ | कालिकोट | ६०५०६ | खाँडाचक्र नगरपालिका | ३२५ | ७९४ | ४१ | ११६० |
| ३४ | कालिकोट | ६०५०७ | तिलागुफा नगरपालिका | ३०० | ६४० | ५५ | ९९५ |
| ३५ | कालिकोट | ६०५०८ | महावै गाउँपालिका | २७५ | ४२१ | ४१ | ७३७ |
| ३६ | कालिकोट | ६०५०९ | शुभ कालीका गाउँपालिका | ३०० | ५८४ | ४३ | ९२७ |
| ३७ | दैलेख | ६०६०१ | नौमुले गाउँपालिका | ३०० | ५१० | ४५ | ८५५ |
| ३८ | दैलेख | ६०६०२ | महाबु गाउँपालिका | ३०० | ४९० | ३९ | ८२९ |
| ३९ | दैलेख | ६०६०३ | भैरवी गाउँपालिका | ३०० | ५२५ | ३५ | ८६० |
| ४० | दैलेख | ६०६०४ | ठाँटीकाँध गाउँपालिका | ३०० | ४५८ | ३७ | ७९५ |
| ४१ | दैलेख | ६०६०५ | आठबीस नगरपालिका | ३५० | ६१० | ४० | १००० |
| ४२ | दैलेख | ६०६०६ | चामुण्डा बिन्द्रासैनी नगरपालिका | ३२५ | ५८० | ३७ | ९४२ |
| ४३ | दैलेख | ६०६०७ | दुल्लु नगरपालिका | ३५० | ८२२ | ४५ | १२१७ |
| ४४ | दैलेख | ६०६०८ | नारायण नगरपालिका | ३२५ | ६५९ | ५२ | १०३६ |
| ४५ | दैलेख | ६०६०९ | भगवतीमाई गाउँपालिका | ३०० | ४७४ | ४९ | ८२३ |
| ४६ | दैलेख | ६०६१० | डुङ्गेश्वर गाउँपालिका | ३०० | ४४४ | ४० | ७८४ |
| ४७ | दैलेख | ६०६११ | गुराँस गाउँपालिका | ३२५ | ५५५ | ४१ | ९२१ |
| ४८ | जाजरकोट | ६०७०१ | बारेकोट गाउँपालिका | ३२५ | ४३६ | ४१ | ८०२ |
| ४९ | जाजरकोट | ६०७०२ | कुसे गाउँपालिका | ३२५ | ४९९ | ४१ | ८६५ |
| ५० | जाजरकोट | ६०७०३ | जुनीचाँदे गाउँपालिका | ३२५ | ४९३ | ४३ | ८६१ |
| ५१ | जाजरकोट | ६०७०४ | छेडागाड नगरपालिका | ३५० | ७०० | ३७ | १०८७ |
| ५२ | जाजरकोट | ६०७०५ | शिवालय गाउँपालिका | ३०० | ४०६ | ४४ | ७५० |
| ५३ | जाजरकोट | ६०७०६ | भेरीमालिका नगरपालिका | ३५० | ७१८ | ४७ | १११५ |
| ५४ | जाजरकोट | ६०७०७ | नलगाड नगरपालिका | ३२५ | ५५३ | ४४ | ९२२ |
| ५५ | रुकुम (पश्चिम भाग) | ६०८०१ | आठबिसकोट नगरपालिका | ३५० | ६७५ | ६५ | १०९० |
| ५६ | रुकुम (पश्चिम भाग) | ६०८०२ | सानीभेरी गाउँपालिका | ३२५ | ५२८ | ५९ | ९१२ |
| ५७ | रुकुम (पश्चिम भाग) | ६०८०३ | बाँफिकोट गाउँपालिका | ३२५ | ४७३ | ५८ | ८५६ |
| ५८ | रुकुम (पश्चिम भाग) | ६०८०४ | मुसिकोट नगरपालिका | ३५० | ७५० | ५६ | ११५६ |
| ५९ | रुकुम (पश्चिम भाग) | ६०८०५ | त्रिवेणी गाउँपालिका | ३२५ | ५०२ | ६१ | ८८८ |
| ६० | रुकुम (पश्चिम भाग) | ६०८०६ | चौरजहारी नगरपालिका | ३२५ | ६२८ | ५६ | १००९ |
| ६१ | सल्यान | ६०९०१ | दार्मा गाउँपालिका | ३२५ | ५०२ | ४८ | ८७५ |
| ६२ | सल्यान | ६०९०२ | कुमाख गाउँपालिका | ३२५ | ५९२ | ३६ | ९५३ |
| ६३ | सल्यान | ६०९०३ | बनगाड कुपिण्डे नगरपालिका | ३५० | ७२३ | ३७ | १११० |
| ६४ | सल्यान | ६०९०४ | सिद्धकुमाख गाउँपालिका | ३०० | ३७६ | ५१ | ७२७ |

| क.सं. | जिल्ला | सङ्केत नं. | स्थानीय तहको नाम | वित्तीय समानीकरण अनुदान (रु.लाखमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | न्यूनतम | सूत्रमा आधारित | कार्य सम्पादनमा आधारित | जम्मा |
| ६५ | सल्यान | ६०९०५ | बागचौर नगरपालिका | ३५० | ७४० | ५२ | ११४२ |
| ६६ | सल्यान | ६०९०६ | छत्रेश्वरी गाउँपालिका | ३२५ | ५४६ | ४५ | ९१६ |
| ६७ | सल्यान | ६०९०७ | शारदा नगरपालिका | ३५० | ७५२ | ४७ | ११४९ |
| ६८ | सल्यान | ६०९०८ | कालिमाटी गाउँपालिका | ३२५ | ५६१ | ४९ | ९३५ |
| ६९ | सल्यान | ६०९०९ | त्रिवेणी गाउँपालिका | ३०० | ४४८ | ४४ | ७९२ |
| ७० | सल्यान | ६०९१० | कपुरकोट गाउँपालिका | ३०० | ४७७ | ५३ | ८३० |
| ७१ | सुर्खेत | ६१००१ | सिम्ता गाउँपालिका | ३२५ | ६३१ | ४९ | १००५ |
| ७२ | सुर्खेत | ६१००२ | चिङ्गगाड गाउँपालिका | ३०० | ४५८ | ४२ | ८०० |
| ७३ | सुर्खेत | ६१००३ | लेकबेशी नगरपालिका | ३५० | ७२० | ४७ | १११७ |
| ७४ | सुर्खेत | ६१००४ | गुर्भाकोट नगरपालिका | ३७५ | ८९३ | ५० | १३१८ |
| ७५ | सुर्खेत | ६१००५ | भेरीगंगा नगरपालिका | ३७५ | ८५३ | ४९ | १२७७ |
| ७६ | सुर्खेत | ६१००६ | बीरेन्द्रनगर नगरपालिका | ६५० | १७१८ | ४४ | २४१२ |
| ७७ | सुर्खेत | ६१००७ | बराहताल गाउँपालिका | ३२५ | ६३० | ४२ | ९९७ |
| ७८ | सुर्खेत | ६१००८ | पञ्चपुरी नगरपालिका | ३५० | ७०७ | ४१ | १०९८ |
| ७९ | सुर्खेत | ६१००९ | चौकुने गाउँपालिका | ३२५ | ६०० | ३६ | ९६१ |
| | **जम्मा** | | | **२४९५०** | **४५३५३** | **३६४५** | **७३९४८** |

# अनुसूची - ३ः आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारबाट प्रदेश सरकार र स्थानीय सरकारहरूलाई प्रदान गरिने सशर्त अनुदानका आधार सम्बन्धमा मिति २०८०/१२/२५ मा नेपाल सरकारलाई गरिएको सिफारिस

## क. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय सरकार गरी तीन तहको रहेको छ। नेपालको संविधानमा तीनै तहका सरकारका बीचमा राज्यशक्तिको बाँडफाँट गरिएको छ। तहगत सरकारबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था संविधानले नै सुनिश्चित गरेको छ। तीन तहबीचको सहकारिताको एउटा महत्वपूर्ण अवयवको रूपमा अन्तर-सरकारी वित्तीय हस्तान्तरण रहेको छ। सङ्घीय प्रणालीलाई गतिशील बनाउने कार्य वित्तीय सङ्घीयताले गर्दछ र यसको सबैभन्दा महत्वपूर्ण कडीको रुपमा अन्तर-सरकारी वित्तीय हस्तान्तरण रहेको हुन्छ। अन्तर-सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत सङ्घीय संरचना भएका मुलुकहरूमा विशिष्ट राष्ट्रिय उद्देश्य प्राप्तिका साथै बहुतहगत सरकारबीचमा नीतिगत समन्वय कायम गर्न र सार्वजनिक सेवाको मानक तथा गुणस्तर हासिल गर्न सङ्घीय सरकारले प्रदेश तथा स्थानीय सरकारलाई शर्त सहितको वित्तीय अनुदान उपलब्ध गराउने अभ्यास रहेको पाइन्छ।

प्रदेश तथा स्थानीय सरकारमा रहेको पूर्वाधारको न्यूनतालाई पूर्ति गर्ने एवम् राष्ट्रिय नीति र कार्यक्रम तथा मानकको प्रदेश तथा स्थानीय सरकारमा कार्यान्वयन गर्ने र प्रदेश तथा स्थानीय सरकारको वित्तीय स्वायत्तता कायम गरी यी दुई पक्षबीचमा सन्तुलन कायम गर्ने विषय आफैमा महत्वपूर्ण रहेको छ। अतः वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानबीच सन्तुलन कायम गरी प्रदेश वा स्थानीय सरकारको कार्यगत स्वायत्ततालाई अक्षुण्ण राख्ने चुनौतीपूर्ण रहेको छ। सङ्घीय शासन प्रणालीको लामो अनुभव भएका मुलुकहरू समेत अन्तर-सरकारी वित्त व्यवस्थापनका यस्ता समस्याबाट पूर्ण रूपमा मुक्त भएको पाइँदैन। नेपालको सन्दर्भमा पनि सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय सरकारलाई सशर्त अनुदान प्रदान गर्ने संवैधानिक र कानुनी व्यवस्था रहेको छ। त्यसरी सशर्त अनुदान प्रदान गर्दा एकातर्फ अनुदान वितरणमा समन्यायिकता होस् र अर्कोतर्फ प्रदेश तथा स्थानीय सरकारको स्वायत्ततालाई पनि अक्षुण्ण राख्न सकियोस् भन्ने हेतुले नै सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने र ती आधारहरू कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था नेपालको संविधान र अन्य प्रचलित ऐनहरू समेतमा गरिएको छ। सोही व्यवस्थाबमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार यस आयोगबाट तयार गरी नेपाल सरकारसमक्ष सिफारिस गरिएको छ।

## ख. कानुनी व्यवस्था

### १. नेपालको संविधान

नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदान सम्बन्धमा नेपालको संविधानमा देहायका व्यवस्थाहरू रहेका छन्ः

- धारा ६० को उपधारा (३) - प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुनेछ।

- धारा ६० को उपधारा (६) - नेपाल सरकारले सङ्घीय सञ्चित कोषबाट प्रदान गर्ने सशर्त अनुदान, समपूरक अनुदान वा अन्य प्रयोजनका लागि दिने विशेष अनुदान वितरण सम्बन्धी व्यवस्था सङ्घीय कानून बमोजिम हुनेछ।
- धारा २५१ को उपधारा (१) देहाय (ग) - राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुनेछ।

## २. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) देहाय (घ) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई दिने अनुदान सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने काम, कर्तव्य र अधिकार यस आयोगको हुने व्यवस्था रहेको छ।

सोही ऐनको दफा १६ को उपदफा (२) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई प्रचलित कानून बमोजिम उपलब्ध गराउने सशर्त अनुदानका सम्बन्धमा नेपाल सरकार तथा प्रदेशलाई सिफारिस गर्दा आयोगले संविधानको धारा २५१ को उपधारा (१) देहाय (ग) र सोही ऐनको दफा १६ को उपदफा (१) मा उल्लिखित विषयहरूलाई आधार लिई गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त उपदफा (१) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई प्रचलित कानून बमोजिम उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानका सम्बन्धमा नेपाल सरकार तथा प्रदेशलाई सिफारिस गर्दा आयोगले देहायका आधार लिई सिफारिस गर्नुपर्ने व्यवस्था रहेको छः

(क) प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकाङ्क,

(ख) अन्य प्रदेश वा स्थानीय तहको सन्तुलित विकासको अवस्था,

(ग) प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था,

(घ) प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता,

(ङ) प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनु पर्ने सेवा,

(च) प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता,

(छ) प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता।

## ३. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ को उपदफा (१) मा नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) देहाय (ग) अनुसार आयोगले तोकेको आधार बमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ भन्ने व्यवस्था रहेको छ। साथै, सोही दफाको उपदफा (२) मा उपदफा (१) बमोजिम सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ।

## ४. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २२ बमोजिम सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय तहलाई प्रदान गरिने राजस्व बाँडफाँट र अनुदान रकमको हस्तान्तरण प्रचलित कानूनबमोजिम अर्थ मन्त्रालयबाट हुनेछ।

## ५. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा १३ मा प्रदेश भित्र पर्ने र प्रदेशबाट कार्यान्वयन हुने प्रदेशस्तरीय आयोजनाको तर्जुमा प्रदेश सरकारले गर्नेछ र स्थानीय तह भित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय सरकारले गर्नेछ भन्ने प्रावधान रहेको छ।

## ६. राष्ट्रिय सभा सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति, २०७९

- नेपाल सरकारबाट प्रदेश र स्थानीय तह र प्रदेशबाट स्थानीय तहको वित्तीय हस्तान्तरणमा वित्तीय समानीकरण अनुदानको अंश बजेटको अनुपातमा बढाउँदै लैजाने विधिको परिपालना गर्ने।
- सङ्घले प्रदेश र स्थानीय तह तथा प्रदेशले स्थानीय तहलाई सशर्त अनुदान पठाउँदा क्रियाकलापगत रूपमा नपठाई विषयगत रूपमा क्षेत्रगत शर्त, लक्ष्य र अपेक्षित उपलब्धि तोकेर एकमुष्ट पठाउने व्यवस्था गर्ने।

## ७. नेपाल सरकारको सङ्घीयता कार्यान्वयनसम्बन्धी कार्ययोजना, २०७९

सशर्त अनुदानका नाममा स-साना योजना तथा कार्यक्रम बाँडफाँट गर्ने प्रवृत्ति अन्त्य गराउने।

## ८. राष्ट्रिय समन्वय परिषदको निर्णय २०८० आषाढ

- कार्यविस्तृतीकरण परिमार्जन गरी तीनै तहको अधिकारमा स्पष्टता ल्याउने।
- तीन तहका सरकारबीच विकास आयोजनामा दोहोरोपना हटाउने र तादात्म्यता कायम गर्ने।
- तीनै तहबाट जाने अनुदानको शीर्षक, रकम र प्रकृति अध्ययन गरी दोहोरो अनुदान बन्द गर्ने।

## ९. सङ्घीय बजेट २०८०/८१ को बुँदा नं ४२३

नेपालको संविधानमा व्यवस्था भए बमोजिम राजस्व बाँडफाँट र वित्तीय हस्तान्तरणलाई प्रभावकारी बनाई सङ्घीयतालाई सवल बनाइनेछ।

## १०. राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को ५० औं र ५१ औं बैठकका निर्णयहरू

- **मिति २०८० भाद्र ११ गतेको ५१ औं बैठकको निर्णय नम्बर ७:** समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान हस्तान्तरणका सम्बन्धमा प्रदेश तथा स्थानीय सरकारको उपयुक्त माग सम्बोधन हुने गरी आगामी वर्षको बजेट तर्जुमा अगावै अर्थ मन्त्रालयले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र राष्ट्रिय योजना आयोगसंग समन्वय गरी आवश्यक प्रकृया र विधि तर्जुमा गरी कार्यान्वयन गर्ने।
- **मिति २०७९ चैत्र २३ गतेको ५० औं बैठकको निर्णय नम्बर २०:** सङ्घीय सरकारले स्थानीय सरकारमा हस्तान्तरण गर्ने सशर्त अनुदानको लागि निश्चित आयोजना वा कार्यक्रम नतोकी हासिल गर्नुपर्ने नतिजा सूचक क्षेत्र तोकी विनियोजन गर्ने र आयोजना/कार्यक्रमको छनौट सम्बन्धित स्थानीय सरकारले नै गर्ने गरी अर्थ मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने।
-

## ग. सशर्त अनुदान सम्बन्धमा आयोगले गरेको अध्ययन, अनुसन्धान तथा विश्लेषण

सशर्त अनुदानको आधार तयार गर्ने क्रममा संविधानको धारा २५१ को उपधारा (१) देहाय (ग) ले मार्गदर्शन गरेबमोजिम आयोगले आवश्यक अध्ययन अनुसन्धानको कार्य सम्पादन गर्दै आएको छ। यस क्रममा सशर्त अनुदानको सैद्धान्तिक आधार एवम् नीतिगत व्यवस्थाको सूक्ष्म विश्लेषण गर्नुका साथै हालसम्मको कार्यान्वयनको अवस्था र अन्तर्राष्ट्रिय अभ्यासलाई समेतसँगै राखेर विश्लेषण गर्ने गरिएको छ। सशर्त अनुदान प्रदान गर्ने पक्ष अर्थात नेपाल सरकारका विभिन्न मन्त्रालयका उच्च पदस्थ कर्मचारीहरू तथा त्यस्तो अनुदान प्राप्त गरी कार्यान्वयन गर्ने पक्ष अर्थात प्रदेश र स्थानीय सरकारका पदाधिकारी तथा अधिकृत कर्मचारीहरूसँग छलफल अन्तर्क्रिया सम्पन्न गरी सशर्त अनुदान कार्यान्वयनको अवस्था सम्बन्धमा जानकारी लिने र सुधारका उपायहरूको खोजी गर्ने कार्य भएको छ।

सशर्त अनुदानको सम्बन्धमा आयोगले गरेको सिफारिस कार्यान्वयनको अवस्था अध्ययन गर्न सशर्त अनुदानको कार्यक्रमको मन्त्रालयगत बजेट विनियोजन र आयोगको सिफारिस अनुसारका ५ वटा आधारमध्ये कुन आधारलाई लिइएको हो, सो व्यहोरा खुल्ने गरी कृयाकलापगत बजेट विनियोजनको विवरण माग गरिएकोमा नेपाल सरकार अर्थ मन्त्रालयले सशर्त अनुदान अन्तरगतका कार्यक्रमहरूको एकमुष्ट विवरण उपलव्ध गराएको तर आयोगले सशर्त अनुदानका लागि सिफारिस गरेको कुन आधारलाई लिएर ती कार्यक्रमहरूमा सशर्त अनुदान हस्तान्तरण भएको हो भन्ने उक्त विवरणमा उल्लेख नभएको हुँदा आयोगको सिफारिस अनुसार सशर्त अनुदानमा बजेटको व्यवस्था गरे वा नगरेको विश्लेषण गर्न सकिएन।

साथै, अर्थ मन्त्रालयबाट उपलब्ध कार्यक्रमहरूको सरसर्ती विश्लेषण गर्दा आयोगले एकमुष्ट रुपमा सशर्त अनुदान हस्तान्तरणका लागि दिएको सुझाव विपरीत धेरै सङ्ख्यामा टुक्रे प्रकृतिका कार्यक्रमहरूमा सशर्त अनुदान हस्तान्तरण भएको, प्रादेशिक तथा स्थानीय सरकारहरूमा हस्तान्तरित रकममा भौगोलिक र क्षेत्रगत असन्तुलन रहेको र उक्त अनुदानले वित्तीय अन्तरमा पार्ने प्रभाव विश्लेषण नगरेको देखिन्छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले वित्तीय सङ्घीयतासम्बन्धी विषय विज्ञहरूसँग अन्तर्क्रियाको माध्यमबाट राय परामर्श, सशर्त अनुदान वितरण सम्बन्धमा आयोगले विगतमा सिफारिस गरेका आधारहरू र सोको कार्यान्वयन अवस्था अवलोकन तथा सरोकारवालाहरूसँगको अन्तर्क्रियाबाट सशर्त अनुदानको औचित्य र प्रभावकारिता परीक्षण गरिएको छ। साथै, यस सम्बन्धमा बजेटको उपलब्धता अनुरुप बाह्य विज्ञमार्फत स्वतन्त्र अध्ययन, अनुसन्धान गराएर समेत आयोगले पृष्ठपोषण प्राप्त गर्ने गरेको छ।

सशर्त अनुदान सम्बन्धमा आयोगबाट भएको अन्तर्क्रियाका क्रममा प्राप्त हुन आएका सुझाव, आयोगले विगतमा गरेको अध्ययन, अनुसन्धान तथा सरोकारवाला निकायहरूसँग गरेको अन्तर्क्रियाको क्रममा सहभागीहरूबाट औंल्याईएको विद्यमान अवस्था र सुधारका लागि प्राप्त सुझावको संक्षिप्त विवरण देहायबमोजिम रहेको छः

### १. सशर्त अनुदानको तथ्याङ्कीय प्रवृत्ति विश्लेषण

सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय सरकारका लागि हस्तान्तरण गर्न विनियोजन गरिएको वित्तीय समानीकरण तथा सशर्त अनुदानको प्रवृत्तिको विश्लेषण देहायबमोजिम रहेको छः

**अ. प्रदेशमा हस्तान्तरणको लागि विनियोजन गरिएको सशर्त अनुदानको विश्लेषण**

*रकम रु. करोडमा*

| आर्थिक वर्ष | सङ्घीय सरकारको कुल बजेट रकम रु. | प्रदेशमा हस्तान्तरणको लागि विनियोजन गरिएको कुल अनुदान | | प्रदेशमा हस्तान्तरणको लागि विनियोजन गरिएको सशर्त अनुदान | | प्रदेशमा हस्तान्तरणको लागि विनियोजन गरिएको वित्तीय समानीकरण अनुदान | |
|---|---|---|---|---|---|---|---|
| | | रकम रु. | कुल बजेटमा प्रतिशत | रकम रु. | कुल अनुदानमा प्रतिशत | रकम रु. | कुल अनुदानमा प्रतिशत |
| २०७५/७६ | १३१५१६ | ११३४३ | ८.६२ | ६३१३ | ५५.६६ | ५०३० | ४४.३४ |
| २०७६/७७ | १५३२९६ | ९९८४ | ६.५१ | ४४५४ | ४४.६१ | ५५३० | ५५.३९ |
| २०७७/७८ | १४७४६४ | ९९८७ | ६.७७ | ३६३५ | ३६.४० | ५५१९ | ५५.२६ |
| २०७८/७९ | १६३२८३ | १०३७० | ६.३५ | ३५८७ | ३४.५९ | ५७९५ | ५५.८८ |
| २०७९/८० | १७९३८३ | १२९४६ | ७.२१ | ५७१६ | ४४.१५ | ६१४३ | ४७.४५ |
| २०८०/८१ | १७५१३१ | १०५०६ | ५.९९ | ३५७२ | ३३.९९ | ५८६७ | ५५.८४ |

*(स्रोतः बजेट वक्तव्य/अन्तर-सरकारी वित्त हस्तान्तरण पुस्तिका, अर्थ मन्त्रालय)*

- सङ्घीय सरकारको कुल बजेटमा प्रदेश तहमा हस्तान्तरणको लागि विनियोजन गरिएको कुल अनुदानको परिमाण आर्थिक वर्ष २०७९/८० मा रु.१ खर्ब २९ अर्ब ४६ करोड रहेकोमा चालु आ.व. २०८०/०८१ मा घटेर रु.१ खर्ब ५ अर्ब ६ करोड रहेको देखिन्छ। साथै कुल बजेटमा प्रदेशका लागि विनियोजित कुल अनुदानको हिस्सा आ.व. २०७५/०७६ मा ८.६२ प्रतिशत रहेकोमा चालु आ.व. २०८०/८१ मा घटेर ५.९९ प्रतिशतमात्र रहेको देखिन्छ।
- सङ्घीय सरकारको कुल बजेटमा प्रदेशमा हस्तान्तरणको लागि विनियोजन गरिएको कुल सशर्त अनुदानको हिस्सा आर्थिक वर्ष २०७५/७६ देखि २०७८/७९ सम्म घट्दो क्रममा रहेकोमा आर्थिक वर्ष २०७९/८० मा अघिल्ला वर्षको तुलनामा सामान्य रुपमा वृद्धि भएको थियो। आ.व. २०८०/०८१ मा पुनः प्रतिशत घटेर हाल सम्मकै न्युन अर्थात ३३.९९ रहेको देखिन्छ।
- साथै समानीकरण अनुदान आ.व. २०७५/०७६ मा कुल अनुदानको तुलनामा ४४.३४ प्रतिशत रहेकोमा आ.व. २०७८/०७९ मा बढेर ५५.८८ प्रतिशत पुगेको देखिन्छ। आ.व.२०७९/८० मा पुनः गिरावट भई ४७.४५ प्रतिशतमा झरेकोमा यस आ.व.मा पुनः बढेर ५५.८४ प्रतिशत पुगेको देखिन्छ। प्रादेशिक रुपमा समानीकरण अनुदानको हिस्सा वा प्रतिशत केही बढेको भएपनि अंकमा तुलना गर्दा आ.व. २०७५/०७६ मा रु.५० खर्ब ३० अर्ब समानीकरण अनुदानतर्फ प्रदेशमा हस्तान्तरणका लागि विनियोजन भएकोमा आ.व. २०७९/८० मा रु.६१ अर्ब ४३ करोड पुगेको थियो तर चालु आ.व. २०८०/८१ मा उक्त रकम घटेर रु.५८ खर्ब ६६ अर्ब मात्र विनियोजन भएको देखिन्छ। यसबाट समानीकरण अनुदानको परिमाणमा वृद्धि गर्नुपर्ने सुझाव समेत कार्यान्वयन भएको देखिएन।

### आ. प्रदेशमा हस्तान्तरणको लागि विनियोजन गरिएको सशर्त अनुदानको विश्लेषण

*रकम रु. करोडमा*

| आर्थिक वर्ष | सङ्घीय सरकारको कुल बजेट रकम रु. | स्थानीय तहमा हस्तान्तरणको लागि विनियोजन गरिएको कुल अनुदान | | स्थानीय तहमा हस्तान्तरणको लागि विनियोजन गरिएको सशर्त अनुदान | | स्थानीय तहमा हस्तान्तरणको लागि विनियोजन गरिएको वित्तीय समानीकरण अनुदान | |
|---|---|---|---|---|---|---|---|
| | | रकम रु. | कुल बजेटमा प्रतिशत | रकम रु. | कुल अनुदानमा प्रतिशत | रकम रु. | कुल अनुदानमा प्रतिशत |
| २०७५/७६ | १३१५१६ | १९५०५ | १४.८३ | १०९८४ | ५६.३१ | ८५२० | ४३.६८ |
| २०७६/७७ | १५३२९६ | २१३८२ | १३.९५ | १२३८७ | ५७.९३ | ८९९४ | ४२.०६ |
| २०७७/७८ | १४७४६४ | २६२७५ | १७.८२ | १६१०८ | ६१.३१ | ९००५ | ३४.२७ |
| २०७८/७९ | १६३२८३ | २८३०१ | १७.३३ | १७३४९ | ६१.३० | ९४५५ | ३३.४१ |
| २०७९/८० | १७९३८३ | ३००३७ | १६.७५ | १८३७२ | ६१.१६ | १००२३ | ३३.३६ |
| २०८०/८१ | १७५१३१ | २९५०२ | १६.८५ | १९१८९ | ६५.०४ | ८७३५.२९ | २९.६० |

*(स्रोतः बजेट वक्तव्य/अन्तर-सरकारी वित्त हस्तान्तरण पुस्तिका, अर्थ मन्त्रालय)*

- सङ्घीय सरकारको कुल बजेटमा स्थानीय सरकारमा हस्तान्तरणको लागि विनियोजन गरिएको कुल अनुदानको परिमाण आर्थिक वर्ष २०७९/८० मा रु.३ खर्ब ३७ करोड रहेकोमा चालु आ.व. २०८०/०८१ मा घटेर रु.२ खर्ब ९५ अर्ब २ करोड रहेको देखिन्छ। साथै कुल बजेटमा स्थानीय सरकारका लागि विनियोजित कुल अनुदानको हिस्सा आ.व. २०७५/०७६ मा १४.८३ प्रतिशत रहेकोमा चालु आ.व. २०८०/०८१ मा केही बढेर १६.८५ प्रतिशत पुगेको देखिन्छ।

- स्थानीय सरकारमा हस्तान्तरणको लागि विनियोजन गरिएको कुल वित्तीय हस्तान्तरणमा सशर्त अनुदानको हिस्सा आर्थिक वर्ष २०७५/७६ मा ५६.३१ प्रतिशत रहेकोमा बढ्दै गएर आर्थिक वर्ष २०८०/८१ मा ६५.०४ प्रतिशत पुगेको देखिन्छ। यसरी सशर्त अनुदानको हिस्सा बढाउदै लैजानुबाट आयोगको सशर्त अनुदान घटाउने र समानीकरण अनुदान बढाउदै लैजाने सुझावको मर्म तथा स्थानीय सरकारहरूको वित्तीय स्वायत्ततामाथि अंकुश लगाउने दिशातर्फ त बढीरहेको छैन भन्ने विषयमा सोच्नु पर्ने अवस्था देखिन्छ।

- यसै गरी स्थानीय सरकारमा हस्तान्तरणको लागि विनियोजन गरिएको कुल वित्तीय हस्तान्तरणमा वित्तीय समानीकरण अनुदानको हिस्सा आर्थिक वर्ष २०७५/७६ मा ४३.६८ प्रतिशत रहेकोमा निरन्तर घटेर चालु आर्थिक वर्ष २०८०/८१ मा हालसम्मकै न्युन अर्थात २९.६० प्रतिशतमा सीमित हुन पुगेको देखिन्छ।उक्त न्युन रकम विनियोजनमा पनि गत आर्थिक वर्षमा अन्तिम किस्ता निकासामा कटौती गरिएको र चालु आ.व. २०८०/८१ को मद्यावधिक बजेट समीक्षा प्रतिवेदनमा सुरु अनुदान रकममा थप कटौती हुने संशोधित आंकडाबाट देखिन्छ।

- यसबाट स्थानीय सरकारले प्रदान गर्नुपर्ने सेवा प्रवाह र विकास निर्माणका लागि स्रोत अभाव हुन सक्ने समेत देखिएकोले आगामी दिनमा आर्थिक वर्षको बिचमा बजेट कटैती गर्ने परिपाटीमा सुधार आउन पर्ने देखिन्छ। आयोगले विगत देखि दिदैं आएको सुझाव अनुसार समानीकरण अनुदान बढाउनु पर्ने, सिफारिस भएको सशर्त अनुदानका आधार भित्र रही एक अर्को तह र निकायका आयोजनाहरूमा दोहोरो नपर्ने गरी तथा एक अर्को तहको कार्यक्षेत्र अतिक्रमण नहुने गरी सशर्त अनुदान प्रदान गरिनुपर्ने देखिन्छ।

- महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा सशर्त अनुदान अन्तरगत हस्तान्तरण भएका तर समयभित्र कार्यान्वयन हुन नसकेका कार्यक्रमहरूको बजेट नियमानुसार समयमै सङ्घीय सञ्चित कोषमा फिर्ता हुन नसकेको भन्ने भनाइ र अर्को तर्फ समयमै बजेट निकासा एंव कार्यविधी प्राप्त हुन नसक्नु आदी विभिन्न कारणले उक्त आ.व भित्र सम्पन्न हुन नसकेका अधुरा कार्यक्रममा पुनः बजेट व्यवस्था हुन नसकेको भन्ने स्थानीय सरकारहरूको गुनासा सम्वोधन गर्न सम्बन्धित सबै पक्षहरू जिम्मेवार एवम् जवाफदेही हुनुपर्ने देखिन्छ। आयोगबाट सिफारिस गरिएको आधार बाहिर गई सशर्त अनुदान हस्तान्तरण भए नभएको सम्बन्धमा अन्य नियमनकारी निकायबाट समेत अनुगमन र प्रतिवेदन हुन जरुरी देखिन्छ।

**इ. प्रदेशमा हस्तान्तरणको लागि विनियोजन गरिएको वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानको अनुपात**

*रकम रु. करोडमा*

| प्रदेशको नाम | आर्थिक वर्ष २०७९/८० | | | | आर्थिक वर्ष २०८०/८१ | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वित्तीय समानीकरण अनुदान | | सशर्त अनुदान | | वित्तीय समानीकरण अनुदान | | सशर्त अनुदान | |
| | रकम | प्रतिशत | रकम रू. | प्रतिशत | रकम रू. | प्रतिशत | रकम रू. | प्रतिशत |
| कोशी | ९०० | १४.६६ | ८६९ | १५.२१ | ८७८ | १४.९६ | ५८४ | १६.३४ |
| मधेश | ७८१ | १२.७२ | १००६ | १७.६१ | ७४१ | १२.६३ | ४५६ | १२.७६ |
| बागमती | ८४० | १३.६८ | १००९ | १७.६६ | ८०१ | १३.६५ | ५७६ | १६.१२ |
| गण्डकी | ७९२ | १२.९० | ६९१ | १२.१० | ७६२ | १२.९८ | ४४४ | १२.४३ |
| लुम्बिनी | ८५४ | १३.९१ | ८७१ | १५.२५ | ८१४ | १३.८७ | ५८३ | १६.३२ |
| कर्णाली | १०७२ | १७.४६ | ५६९ | ९.९६ | १०१६ | १७.३१ | ४७५ | १३.३० |
| सुदूरपश्चिम | ९०० | १४.६६ | ६९८ | १२.२२ | ८५२ | १४.५२ | ४५१ | १२.६३ |
| **कुल** | **६१४३** | **१००** | **५७१६** | **१००** | **५८६७** | **१००** | **३५७२** | **१००** |

*(स्रोत: बजेट वक्तव्य/अन्तर-सरकारी वित्त हस्तान्तरण पुस्तिका, अर्थ मन्त्रालय)*

- प्रदेश तथा स्थानीय सरकारलाई यस आयोगले संविधान तथा कानूनबमोजिम उनीहरूको खर्चको आवश्यकता र राजस्व क्षमता समेतको विश्लेषणका आधारमा वित्तीय समानीकरण अनुदान रकम उपलब्ध गराउन सिफारिस गर्दै आएको छ। त्यस्तो अनुदान रकमलाई प्रदेश-प्रदेशबीच तथा स्थानीय सरकारबीचको क्षितीजीय वित्तीय अन्तर (Horizontal Fiscal Gap) सम्बोधनका लागि आदर्श अनुपातमा अनुदान वितरणको रूपमा लिँदा ती प्रदेश तथा स्थानीय सरकारले प्राप्त गर्ने सशर्त अनुदानको असमान विनियोजनबाट उक्त अनुपातमा ठूलो उतार-चढाव आउने देखिन्छ।

- माथिको तालिकामा उल्लेख भए अनुसार नेपाल सरकारले सातवटै प्रदेश सरकारहरूलाई आ.व. २०७९/८० को तुलनामा २०८०/८१ मा विनियोजन गरेको सशर्त अनुदान र समानीकरण अनुदानको रकम दुवै घटेको देखिन्छ।

- गत आ.व.मा मधेश प्रदेश, बागमती प्रदेश र लुम्बिनी प्रदेशमा हस्तान्तरण गरिएको समानीकरण अनुदान भन्दा सशर्त अनुदान बढी रहेकोमा चालु आ.व. २०८०/८१ मा सबै प्रदेश सरकारलाई हस्तान्तरणका लागि विनियोजन गरिएको समानीकरण अनुदान रकमको तुलनामा सशर्त अनुदानको रकम कम देखिन्छ। आ.व. २०७९/८० को सशर्त अनुदान रकमको तुलनामा आ.व. २०८०/८१ को सशर्त अनुदान रकम जुन अनुपातमा घटेको छ, सो अनुपातमा आ.व. २०८०/८१ को समानिकरण अनुदान वढ्नसकेको देखिँदैन। यसरी हेर्दा कुल वित्तीय अनुदान कुल बजेटको तुलनामा घट्न गएको छ (आ.व. २०७९/८० मा ६.६१ प्रतिशत रहेकोमा आ.व. २०८०/८१ मा घटेर ५.३८ प्रतिशत मात्र देखिन्छ)।

**ई. स्थानीय तहमा हस्तान्तरणको लागि विनियोजन गरिएको वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानको रकम र अनुपात**

*रकम रु. करोडमा*

| आर्थिक वर्ष | वित्तीय समानीकरण अनुदान रकम | सशर्त अनुदान रकम | वित्तीय समानीकरण र सशर्त अनुदानको अनुपात |
|---|---|---|---|
| २०७७/७८ | ९००५ | १६१०८ | १:१.७९ |
| २०७८/७९ | ९४५५ | १७३४९ | १:१.८३ |
| २०७९/८० | १००२३ | १८३७२ | १:१.८३ |
| २०८०/८१ | ८७३५.२९ | १९१८९.४७ | १:२.२ |

*(स्रोतः बजेट वक्तव्य/अन्तर-सरकारी वित्त हस्तान्तरण पुस्तिका, अर्थ मन्त्रालय)*

- स्थानीय सरकारलाई प्रदान गरिएको कुल वित्तीय समानीकरण अनुदान र कुल सशर्त अनुदानको अनुपात आर्थिक वर्ष २०७७/७८ मा १:१.७९ रहेकोमा त्यस्तो अनुपात वृद्धि भई आर्थिक वर्ष २०७९/८० मा १:१.८३ पुगेकोमा चालु आ.व. २०८०/८१ मा त्यस्तो अनुपात थप वृद्धि भइ १:२.२ पुगेको देखिन्छ।
- आयोगले गरेको सिफारिसमा समानीकरण अनुदान बढाउदै लैजाने र सशर्त अनुदान घटाउँदै लैजाने सुझाव दिइएकोमा सोको विपरीत चालु आ.व.२०८०/८१मा समानीकरण अनुदान भन्दा दुई गुणा भन्दा पनि बढी सशर्त अनुदान स्थानीय सरकारमा हस्तान्तरण गर्नेगरी बजेट विनियोजन भएबाट नेपाल सरकार आयोगको सिफारिस कार्यान्वयन गर्ने तर्फ गम्भीर भएको देखिएन। अतः आयोगको विगत देखि कै सुझावलाई प्राथमिकतामा राखि कार्यान्वयनमा लैजान सम्बन्धित पक्ष जिम्मेवार हुनैपर्ने देखिन्छ।
- स्थानीय सरकारबीचमा रहेको क्षितीजीय वित्तीय अन्तर (Horizontal Fiscal Gap) लाई वित्तीय समानीकरण अनुदानमार्फत समानुपातिक र समन्यायिक रूपमा सम्बोधन गर्न गरिएको प्रयासलाई सशर्त अनुदानको बढ्दो प्रवृत्तिका कारण असर पर्न गएको छ। अतः आगामी दिनमा सशर्त अनुदान वितरण गर्दा यसलाई वित्तीय समानीकरण अनुदानसँग प्रतिस्पर्धी (Competitive) नभई परिपूरक (Complementary) को रूपमा आयोगले निर्धारण गरेको निश्चित आधारहरूमा आधारित रहेर वितरण गर्नु पर्ने आवश्यकता देखिन्छ।

## २. चालु आर्थिक वर्ष तथा विगत वर्षहरूमा भएका अध्ययन एवम् अभ्यासहरूको विश्लेषण

- संघ र प्रदेश सरकारबाट यस आयोगले सिफारिस गरेको आधार बमोजिम सशर्त अनुदान हस्तान्तरण गर्नुपर्ने संवैधानिक र कानूनी जिम्मेवारीको सम्बन्धमा विश्लेषण गर्ने प्रयोजनार्थ आयोगबाट सङ्घीय सरकारका सबै मन्त्रालय तथा प्रदेश सरकारहरूका अर्थ/आर्थिक मामिला मन्त्रालयहरूबाट आर्थिक वर्ष २०८०/८१ को सशर्त अनुदानको विनियोजित विवरण र गत आर्थिक वर्षको हस्तान्तरणको विवरण माग गरिएकोमा सिफारिस गर्ने समय सम्ममा देहायका निकायहरूबाट मात्र विवरण पेश हुन आयो। ती विवरणमा देखिएको मूल कैफियतहरू समेत तलको तालिकामा उल्लेख गरिएको छ।

| विवरण पेश गर्ने निकाय | मुख्य व्यहोरा/कैफियत |
|---|---|
| रक्षा मन्त्रालय | सशर्त अनुदान अन्तरगत कुनै कार्यक्रम नरहेको जानकारी प्राप्त हुन आएको। |
| अर्थ मन्त्रालय | सशर्त अनुदान अन्तरगतका कार्यक्रमहरूको एकमुष्ट विद्युतीय विवरण प्राप्त भएको तर क्षेत्रगत रुपमा खण्डीकृत विवरण प्राप्त नभएको र आयोगबाट सिफारिस गरिएको आधार विवरणमा नखुलाइएको कारण थप विश्लेषण गर्न नसकिएको। एकमुष्ट हस्तान्तरण नगरी धेरै सङ्ख्यामा कार्यक्रमहरूमा सशर्त अनुदानतर्फ विनियोजन भएको देखिएको। |

| विवरण पेश गर्ने निकाय | मुख्य व्यहोरा/कैफियत |
|---|---|
| सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सशर्त अनुदान अन्तरगत कुनै कार्यक्रम नरहेको जानकारी प्राप्त हुन आएको। |
| वन तथा वातावरण मन्त्रालय | आयोगले सिफारिस गरेको आधार भनी ४(छ), ४(ज) मात्र उल्लेख भई आएकोले के आधार लिइएको भन्ने विश्लेषण गर्न नसकिएको। |
| उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | आयोगले सिफारिस गरेको आधार नखुलाई सबै स्थानीय सरकारमा एकमुष्ट रकम उल्लेख भएकोले स्थानीयतहको सभाबाट पारित बजेट तथा कार्यक्रम वाहिरबाट यस्ता कार्यक्रममा खर्च हुने अवस्था देखिएको। |
| भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय | आयोगले सिफारिस गरेको आधार नखुलाई सबै स्थानीय सरकारमा एकमुष्ट रकम उल्लेख भएकोले स्थानीयतहको सभाबाट स्वीकृत बजेट तथा कार्यक्रममा समावेश नगरी खर्च हुने अवस्था देखिएको। |
| शहरी विकास मन्त्रालय | आयोगले सिफारिस गरेको आधार र क्षेत्रगत विवरण नखुलाई सशर्त अनुदानका कार्यक्रमहरूको सूचीमात्र प्राप्त भएको। |
| खानेपानी मन्त्रालय | प्रदेशगत सशर्त अनुदानका कार्यक्रमहरूको विवरण पेश हुन आएकोमा नेपाल सरकारको अधिकारको सूची भित्रका कुनै विषय वा कार्यक्रम र आयोजना प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्थालाई प्रदेश तर्फ र अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन भएका कार्यक्रम वा आयोजना प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्थालाई स्थानीय सरकारतर्फ सशर्त अनुदान हस्तान्तरणको आधार लिइएको। |
| महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | लुम्बिनी प्रदेश सरकार तथा विभिन्न स्थानीय सरकारलाई सशर्त अनुदान हस्तान्तरण गरिएको भनी विवरण प्राप्त भएको तर स्थानीय सरकारको नाम र आयोगले तोकेको आधार एवम् हस्तान्तरणको क्षेत्रगत विवरण उल्लेख नभएको। साथै डिपिआर बनाउने काममा अनुदान दिएकोमा पचास प्रतिशत खर्च भएको तर डिपिआर तयार नभएको। |
| शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सशर्त अनुदान हस्तान्तरणको कार्यक्रमगत र तहगत विवरण प्राप्त भएको तर सबै कार्यक्रमका लागि आयोगले तोकेका पाँच वटा आधारहरू एकमुष्ट उल्लेख भएको। |
| श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | क्षेत्रगत विवरण प्राप्त भएको तर सशर्त अनुदान हस्तान्तरणको आधारमा संविधान, रोजगारीको हक सम्बन्धी ऐन तथा नियमावली तथा अन्य विषयगत कानूनहरू लगायत एकमुष्ट उल्लेख भएको। |

- माथि उल्लेख गरिएका मन्त्रालयहरूबाट प्राप्त विवरण अनुसार अधिकांशले कार्यक्रमगत रुपमा सशर्त अनुदान हस्तान्तरणगर्दा आयोगले तोकेको आधार खुलाएको पाइएन। कतिपय मन्त्रालयले आयोगले तोकेको भन्दा फरक आधार खुलाई सशर्त अनुदान हस्तान्तरण गरेको देखियो। केही मन्त्रालयले सम्बन्धित आर्थिक वर्षभन्दा अघिल्ला आर्थिक वर्षमा सिफारिस गरिएको आधारलाई पछिल्लो वर्षमा समेत आधारका रुपमा निरन्तर उल्लेख गरेको पाइयो। माथि तालिकामा उल्लेख भएका बाहेकका अन्य सङ्घीय मन्त्रालयबाट माग भएको विवरण हालसम्म पेश हुन नआएको कारण सशर्त अनुदानसम्बन्धी आधार कार्यान्वयनको अवस्था विश्लेषण गर्न सकिएन। आगामी दिनमा सबै मन्त्रालयहरूले अनिवार्य रुपमा आयोगले सम्बन्धित वर्षका लागि तोकेको आधार, शर्त र सुझाव समेतका आधारमा अध्ययन विश्लेषण गरी सशर्त अनुदान पठाउने र सोको विवरण समयमै यस आयोगमा पठाउने कार्यमा थप ध्यान दिनुपर्ने देखिन्छ।

- सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारमा आर्थिक वर्षको बीचमा पनि सशर्त अनुदानका कार्यक्रमहरू जाने गरेको देखिन्छ। कतिपय अवस्थामा विनियोजन ऐनमा समावेश नगरी अख्तियारी मोडलबाट समेत सशर्त अनुदान हस्तान्तरण गरेको पाइएकोले त्यस्तो अभ्यास नेपालको संविधान र वित्तीय सङ्घीयताको मर्म विपरीत हुनेहुँदा वैधानिक तरीकाबाटमात्र अनुदान हस्तान्तरण हुने व्यवस्था मिलाउनु पर्दछ। साथै, आर्थिक वर्षका बीचमा सशर्त अनुदान पठाउने प्रवृत्तिले प्रदेश र स्थानीय सरकारको बजेटमा समावेश नगरी खर्च हुने अवस्था सृजना भएको देखिन्छ। संविधान र प्रचलित कानूनको पालना नगरेको कारणले वित्तीय सङ्घीयताको कार्यान्वयन र प्रभावकारिता असर पर्ने देखिन्छ।

## ३. प्राप्त सुझावहरू

चालु आ.व. तथा विगत आ.व.मा गरिएका छलफल, अन्तर्क्रिया तथा अन्य माध्यमबाट आयोगमा प्राप्त हुन आएका सुझावहरू देहाय बमोजिम रहेका छन्ः

### अ. नेपाल सरकारका मन्त्रालयहरूसँगको छलफल एवम् अन्तर्क्रियाबाट प्राप्त राय/सुझाव

(१) सशर्त अनुदानको रकम क्षेत्रगत उपलब्धिहरू तोकी एकमुष्ट उपलव्ध गराउने,

(२) सङ्घ, प्रदेश र स्थानीय सरकारबाट एउटै वा उस्तै प्रकृतिका कार्यक्रम तथा आयोजनाहरू सँगसँगै सञ्चालन गर्ने अवस्थाको अन्त्य गर्नुपर्ने,

(३) मन्त्रालगत बजेट सूचना प्रणाली (LMBIS) मा बजेट प्रविष्टि गर्दा आयोगले सिफारिस गरेका सशर्त अनुदानका आधारहरू खुलाउनुपर्ने,

(४) प्रदेश तथा स्थानीय सरकारमा समायोजन भई गएका कर्मचारीहरूको तलब भत्ता लगायतका सुविधाहरू वित्तीय समानीकरण अनुदानबाट पठाउने,

(५) सशर्त अनुदान प्रदान गर्दा आयोजना नतोकी नतिजासँग आबद्ध गर्ने।

### आ. प्रदेश सरकारका मन्त्रालयसँगको छलफल एवम् अन्तर्क्रियाबाट प्राप्त राय/सुझाव

(१) सशर्त अनुदानमा सञ्चालन हुने आयोजना प्रदेश तथा स्थानीय सरकारको प्राथमिकतामा आधारित हुनुपर्ने,

(२) सबै किसिमका अनुदानहरूको बजेट सीमा प्रदेश तथा स्थानीय सरकारले निर्धारित समयभित्र पाउनुपर्ने,

(३) आयोजना बैंकमा समावेश भएका आयोजनाहरूबाट संभाव्य आयोजना छनौट गरी सशर्त अनुदान परिचालन गर्नुपर्ने,

(४) सरकारका तहहरूबीचको अन्तर सरकारी वित्त हस्तान्तरणलाई पारदर्शी र उत्तरदायी बनाउनुपर्ने,

(५) टुक्रे कार्यक्रम र आयोजना नियन्त्रण गरी आयोजना कार्यान्वयनलाई नतिजामुखी बनाउने,

(६) सशर्त अनुदानको न्यूनतम र अधिकतम सीमा तोकिनुपर्ने। साथै, निश्चित सूचकको प्रगतिको आधारमा सशर्त अनुदान प्रदान गर्नुपर्ने,

(७) प्रदेश तथा स्थानीय सरकारको खर्चको आवश्यकता, पूर्वाधारको अवस्था, आन्तरिक स्रोतको उपलब्धता तथा कार्यान्वयन क्षमताको आधारमा सशर्त अनुदान प्रदान गर्नुपर्ने,

(८) नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई सशर्त अनुदान प्रदान गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरी सिफारिस गरेका सशर्त अनुदानका आधार र सुझावहरू पूर्ण रूपमा पालना गर्नुपर्ने,

(९) नेपाल सरकारले सङ्घीय बजेटको अर्धवार्षिक समीक्षा मार्फत प्रदेशसभाबाट पारित बजेटमा समावेश भएका सशर्त अनुदानका कार्यक्रमहरू फिर्ता लिएको कारणले प्रदेश सरकारको स्वयात्तताको प्रतिकूल असर पर्ने हुँदा आगामी दिनमा त्यस्तो अवस्था आउन नदिने।

**इ. स्थानीय सरकारसँगको छलफल एवम् अन्तर्क्रियाबाट प्राप्त राय/सुझाव**

(१) संघ तथा प्रदेश सरकारबाट आयोजना तथा कार्यक्रम पहिचान, विकास र छनौट गर्दा स्थानीय सरकारसंग परामर्श र समन्वय नगरिएको तथा अति नै न्युन रकमका कार्यक्रमहरू समेत सशर्त अनुदानको रुपमा हस्तान्तरण हुने गरेको कारणबाट एकातर्फ स्थानीय सरकारहरूको वित्तीय स्वायत्ततामा असर परेको तथा अर्को तर्फ ती कार्यक्रमहरूको कार्यान्वयन प्रभावकारी हुन नसकेकोले सोमा सुधार गर्नुपर्ने,

(२) नेपाल सरकारबाट स्वीकृति लिइ अध्ययन बिदा, सुत्केरी बिदामा बसेका स्थायी कर्मचारीको स्थानमा राखिएका अस्थायी कर्मचारीको तलब भत्ता सशर्त अनुदानबाट उपलब्ध गराइदिनु पर्ने,

(३) आर्थिक वर्षको अन्त्यतिर सशर्त अनुदानको कार्यक्रममा बजेट विनियोजन हुँदा सोको कार्यान्वयन गर्न तथा गुणस्तर कायम गर्न कठिनाई परेकोले सुरु विनियोजनमा नै सबै रकम समावेश गर्ने,

(४) कार्यक्षेत्र, लक्ष्य र उद्देश्यमात्र तोकी एकमुष्ट सशर्त अनुदान हस्तान्तरण हुने र स्थानीय सरकारले योजना तथा बजेट निर्माणको अधिकारको उपभोग गर्ने व्यवस्था मिलाइनुपर्ने,

(५) कतिपय स्थानीय सरकारमा दरबन्दीको २० प्रतिशत पनि कर्मचारी पदपूर्ति नहुँदा सशर्त अनुदान कार्यान्वयन लगायत समग्र कार्यसम्पादनमा बाधा परेकोले सोको सम्बोधन हुनुपर्ने,

(६) नेपाल सरकारले प्रदान गर्ने सशर्त अनुदानका आयोजना तथा कार्यक्रमहरू स्थानीय सरकारको आवश्यकता र प्राथमिकता अनुकूलको हुनुपर्ने,

(७) विनियोजन भएका सशर्त अनुदान अन्तरगतका कार्यक्रमहरू आर्थिक वर्षको बीचमा खोसिने वा कटौतीमा पर्ने गरेको कारणले भूकम्प प्रभावित क्षेत्रमा अनुदानको कमजोर अनुमानयोग्यता हुनुका साथै राहत तथा पुनःनिर्माणको काममा बाधा परेको तर्फ नेपाल सरकार गम्भीर हुनुपर्ने,

(८) संविधानतः स्थानीय सरकारको एकल अधिकार भित्रको विषय र आन्तरिक स्रोत विनियोजन मार्फत् आयोजना वा कार्यक्रम कार्यान्वयन गरिरहेको क्षेत्रमा पनि सशर्त अनुदान प्राप्त हुँदा आयोजना वा कार्यक्रममा दोहोरोपना/तेहोरोपना हुन गई उपलब्ध स्रोतसाधनको सन्तुलित वितरण र मितव्ययीपूर्ण उपयोगमा चुनौती सिर्जना भएको हुँदा सशर्त अनुदान प्रदान गर्ने क्षेत्र, आधार र मानदण्ड स्पष्ट हुनुपर्ने र सोका लागि संघ, प्रदेश र स्थानीय सरकारले क्षेत्रगत र रकमगत रुपमा गर्न पाउने आयोजना तथा कार्यक्रमको स्पष्ट सीमा तोक्ने गरी सङ्घीय कानूनमा व्यवस्था हुनुपर्ने,

(९) सशर्त अनुदान अन्तर्गत सुरु भएका तर सम्बन्धित आर्थिक वर्ष भित्र कार्यसम्पन्न हुन नसकेका कार्यक्रमहरूमा अर्को वर्ष बजेट विनियोजन नहुँदा कार्यक्रम नै अलपत्र हुने गरेको कारणले कार्यान्वयनयोग्यताका आधारमा मात्र सशर्त अनुदान हस्तान्तरण हुनुपर्ने,

(१०) सशर्त अनुदानको तुलनामा समानीकरण अनुदान कम हुँदै गएको, पालिकाले माग गरेको कार्यक्रममा अनुदान प्राप्त नभएको र माग नै नगरेको कार्यक्रममा अनुदान आउने गरेको लगायतका कारणले कार्यान्वयनमा कठिनाई भएकोले समग्र अनुदानमा वित्तीय समानीकरणको हिस्सा बढी र सशर्तको हिस्सा कमगर्दै आवश्यक विषयमा मात्र अनुदान हस्तान्तरण हुनुपर्ने,

(११) स्थानीय सरकारमा उपलब्ध जनशक्ति तथा प्राविधिक क्षमताभन्दा बाहिरका कार्यक्रममा समेत सशर्त अनुदान प्राप्त हुने गरेबाट त्यस्ता कार्यक्रम कार्यान्वयन हुन नसकी स्थानीय सरकारको कार्य प्रगतिको अवस्था कमजोर देखिन गएको हुँदा क्षमता विकासमा जोड दिनुपर्ने,

(१२) स्थानीय सरकारहरूमा शिक्षा र स्वास्थ्य तर्फ कर्मचारी न्युनता अधिक रहेकोले सङ्घीय सरकारले अनुदानको रकम बढाउनुपर्ने,

(१३) केही गाउँपालिकामा सशर्त अनुदानका कार्यक्रमहरूमा दोहोरोपना रहेको र समुदाय केन्द्रित भन्दापनि व्यक्ति तोकेर अनुदान हस्तान्तरण गरिदा कार्यान्वयनमा समस्या भएकोले उक्त प्रवृत्ति हटाउनुपर्ने।

## घ. आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको लागि आयोगबाट सिफारिस गरिएका आधारहरू

नेपालको संविधानको व्यवस्था, प्रचलित कानूनमा तोकिएका आधारहरू र नेपाल सरकारको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूसमेतलाई दृष्टिगत गर्दै मुख्यतयाः देशव्यापी रूपमा राष्ट्रिय नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने, राष्ट्रिय मानक स्थापित गर्ने वा सोको सुनिश्चितता गर्ने र प्रदेश तथा स्थानीय सरकारमा रहेको पूर्वाधारको न्यूनतालाई पूर्ति गर्ने विषयहरूलाई मार्गदर्शनका रूपमा लिई आयोगद्वारा गरिएका अध्ययन अनुसन्धान समेतका आधारमा नेपालको संविधानको धारा २५१ को उपधारा (१) देहाय (ग) बमोजिम सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय सरकारलाई प्रदान गर्ने सशर्त अनुदानका सम्बन्धमा देहायका आधारहरू तयार गरी नेपाल सरकारसमक्ष सिफारिस गरिएको छः

क. **नेपाल सरकारको अधिकारको सूची भित्रका कुनै विषय वा कार्यक्रम र आयोजना प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्थाः** नेपालको संविधानको अनुसूची-५ बमोजिम नेपाल सरकारको अधिकार क्षेत्रभित्र रहेका कुनै विषय सम्बन्धी आयोजना वा कार्यक्रम कुनै प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गराउँदा लागतका दृष्टिले मितव्ययी, सेवा प्रवाहका दृष्टिले प्रभावकारी एवम् व्यवस्थापनका हिसाबले सान्दर्भिक र दीगो हुने देखिएमा त्यस्तो आयोजना तथा कार्यक्रमका लागि आवश्यक सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

ख. **राष्ट्रिय नीति तथा कार्यक्रमलाई प्रदेश तथा स्थानीय सरकारमार्फत् कार्यान्वयन गर्नुपर्ने अवस्थाः** नेपाल सरकारले जारी गरेको सङ्घीय सरकारको कार्यक्षेत्र भित्रको राष्ट्रिय नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा मूलतः नेपाल सरकारको कार्य जिम्मेवारीमा रहेको कुनै आयोजना वा कार्यक्रमलाई प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्था भएमा नेपाल सरकारले सम्बन्धित प्रदेश वा स्थानीय सरकारलाई सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

ग. **प्रदेश तथा स्थानीय सरकारमा राष्ट्रिय मानक स्थापना वा कार्यान्वयन गर्नुपर्ने अवस्थाः** नागरिकका मौलिक हकको कार्यान्वयन तथा राज्यको तर्फबाट आम नागरिकलाई उपलब्ध गराउनुपर्ने आधारभूत सेवा सुविधाको सम्बन्धमा नेपाल सरकारबाट तय भएका न्यूनतम राष्ट्रिय मानकलाई प्रदेश वा स्थानीय सरकारमा उपलब्ध अन्य वित्तीय स्रोतबाट कार्यान्वयन वा स्थापित गराउन नसकिने अवस्था विश्लेषणबाट देखिन आएमा त्यस्ता राष्ट्रिय मानकको सम्बन्धित तहमा कार्यान्वयन गराउन आवश्यक रकम सम्बन्धित प्रदेश वा स्थानीय सरकारलाई सशर्त अनुदानको रूपमा उपलब्ध गराउन सक्ने।

घ. **अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन भएका कार्यक्रम वा आयोजना प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्थाः** नेपालको राष्ट्रिय हित प्रवर्द्धन हुने गरी राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा लगानी वा खर्च गर्न सरकार र अन्तर्राष्ट्रिय विकास साझेदार/दातृ निकाय वा मुलुकसँग भएको सम्झौताबमोजिम प्राप्त हुने वैदेशिक सहायताबाट सञ्चालन हुने कुनै आयोजना वा कार्यक्रम प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्दा बढी प्रभावकारी, मितव्ययी र दिगो हुने अध्ययनबाट देखिएको कारणले प्रदेश वा स्थानीय सरकारसमेतबाट कार्यान्वयन गर्ने गरी सम्झैता भएको अवस्थामा त्यस्तो आयोजना वा कार्यक्रमका लागि उपलब्ध वित्तीय स्रोत सशर्त अनुदानको रूपमा प्रदेश वा स्थानीय सरकारलाई उपलब्ध गराउन सक्ने।

ङ. **सन्तुलित विकासका निमित्त आवश्यक रणनीतिक महत्वका परियोजनाहरूः** अध्ययन, अनुसन्धान र विश्लेषणबाट कुनै प्रदेश वा स्थानीय सरकार आर्थिक, सामाजिक तथा पूर्वाधार विकासको राष्ट्रिय औसत स्तरभन्दा सारभूत रूपमा पछाडि रहेको पाइएमा त्यस्तो निश्चित विषय क्षेत्रलाई सम्बोधन गरी तोकिएको लक्ष्य प्राप्त गर्ने खालका रणनीतिक महत्वका आयोजना वा कार्यक्रम त्यस्तो तहबाट सञ्चालन गर्न उपयुक्त देखिएमा लक्ष्य र नतिजा सूचक समेत किटान गरी सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

च. **एकमुष्ट अनुदान हस्तान्तरण गर्नेः** सङ्घीय सरकारले स्थानीय सरकारमा हस्तान्तरण गर्ने सशर्त अनुदानको लागि निश्चित आयोजना वा कार्यक्रम नतोकी हासिल गर्नुपर्ने नतिजा सूचक क्षेत्र तोकी एकमुष्ट विनियोजन गर्ने र आयोजना/कार्यक्रमको छनौट सम्बन्धित स्थानीय सरकारले नै गर्ने गरी नेपाल सरकारले आवश्यक व्यवस्था मिलाउने।

छ. **वित्तीय समानीकरण अनुदानका आधारहरूः** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (२) बमोजिम दफा १६ को उपदफा (१) मा उल्लेखित देहायका आधारहरूको विश्लेषण गरी समन्यायिकता कायम हुने सुनिश्चितता गरेर मात्र सशर्त अनुदान उपलव्ध गराउनु पर्ने कानूनी व्यवस्था बमोजिम सशर्त अनुदानको परिमाण निर्धारण गरी हस्तान्तरण गर्नुपर्ने।

**अ. मानव विकास सूचकाङ्कको अवस्था**

मानव विकास सूचकाङ्कले प्रदेश तथा स्थानीय सरकारहरूमा बसोबास गर्ने मानिसको शिक्षा, स्वास्थ्य र आयको मापन गर्दछ। जुन प्रदेश तथा स्थानीय सरकारहरूको मानव विकास सूचकाङ्क कम छ, त्यस प्रदेश तथा स्थानीय सरकारहरूले आफ्नो क्षेत्रका जनताको जीवनस्तर उकास्नका लागि अतिरिक्त प्रयास गर्नुपर्ने हुन्छ, सोका लागि स्वभाविक रूपमा अतिरिक्त खर्चको आवश्यकता हुन्छ। सशर्त अनुदान हस्तान्तरणको आवश्यकता पहिचान गर्दा सम्बन्धित तहको मानव विकासको अवस्था विश्लेषण गर्नुपर्दछ।

**आ. आर्थिक सामाजिक असमानताको अवस्था**

आर्थिक सामाजिक असमानता सूचकाङ्कको अध्ययन र विश्लेषण गरी असमानता बढी रहेको तहमा उक्त असमानता न्यूनीकरण गरी कम्तिमा राष्ट्रिय औषत स्तरमा पुर्याउनका लागि सशर्त अनुदान प्रदान गर्न सकिन्छ। आर्थिक सामाजिक असमानताको अवस्था उच्च रहेका प्रदेश तथा स्थानीय सरकारहरूले विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाह गर्ने कार्यमा प्रभावकारिता ल्याउन थप खर्च गर्नुपर्ने हुन्छ। प्रदेश र स्थानीय सरकारहरूमा रहेको आर्थिक, सामाजिक असमानता मापन गर्नका लागि आर्थिक, सामाजिक असमानता सूचकाङ्क जस्तै लैंगिक असमानता, बहुआयामिक गरिबी लगायतको अध्ययन र विश्लेषण गर्नुपर्दछ।

## इ. पूर्वाधार विकासको अवस्था

नेपाल सरकारले पूर्वाधार विकासका कार्यक्रममा सशर्त अनुदान सिफारिस गर्दा प्रदेश तथा स्थानीय सरकारहरूको पूर्वाधार विकासको अवस्था र आवश्यकतालाई आधार लिनुपर्ने छ। प्रदेश तथा स्थानीय सरकारहरूको पूर्वाधार विकासको अवस्थाले सो प्रदेश तथा स्थानीय सरकारहरूको विकासको अवस्था निर्धारण गर्ने आधार दिन्छ। पूर्वाधार विकासको अवस्था कमजोर भएका प्रदेश तथा स्थानीय सरकारहरूले जनतालाई संविधानले मार्गदर्शन गरे अनुसारका सेवा सुविधा प्रदान गर्न अतिरिक्त खर्च गर्नुपर्ने हुन्छ, जसले गर्दा सेवाको लागत वृद्धि गराउँदछ। साथै भौगोलिक अवस्थिति र विकासको अवस्था समेतका आधारमा पूर्वाधार विकासको लागतमा समेत विविधता रहन्छ। नेपाल सरकारले देहायका पूर्वाधार विकासका सूचकहरूका साथै अन्य उपयुक्त सूचकहरूको अध्ययन विश्लेषण गरेर अत्यावश्यक र प्राथमिकताप्राप्त कार्यका लागि मात्र सशर्त अनुदान हस्तान्तरण गर्नुपर्दछ।

- **सडकको घनत्व (सडकमा पहुँच):** सडक सञ्जालको पहुँचले प्रदेश वा स्थानीय सरकारहरूको विकासलाई प्रभावित गर्नुका साथै उनीहरूले प्रवाह गर्नुपर्ने सेवा प्रवाहको लागतमा असर पार्दछ। सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाउन र आम सर्वसाधारण जनतालाई सुगम तथा सहज ढङ्गले सेवा प्रवाह गर्नका लागि पनि सडकको भूमिका महत्वपूर्ण हुन्छ। न्यूनतम सडकको पहुँच, सडकको गुणस्तर र घनत्व समेतका आधारमा विश्लेषण गरी सशर्त अनुदान प्रदान गर्नुपर्दछ।

- **विद्युतको सुविधा (विद्युतमा पहुँच):** विकासको एक महत्वपूर्ण पूर्वधारको रुपमा रहेको उर्जा वा विद्युतको सुविधाले प्रदेश तथा स्थानीय सरकारहरूको आर्थिक विकासमा बहु-आयामिक भूमिका खेल्दछ। जुन प्रदेश तथा स्थानीय सरकारहरूमा विद्युत सुविधाको पहुँच कमजोर रहेको छ, त्यसका लागि थप आर्थिक व्ययभार आवश्यक पर्दछ। विद्युतमा पहुँच, प्रतिव्यक्ति विद्युत खपत, स्वच्छ र नवीकरणीय उर्जा खपतमा गरेको प्रयास समेतका आधारमा विश्लेषण गरी सशर्त अनुदान हस्तान्तरण गर्नुपर्दछ।

- **सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच):** जुन प्रदेश तथा स्थानीय सरकारहरूको सूचना प्रविधिको पहुँचको अवस्था कमजोर छ, त्यस्ता प्रदेश तथा स्थानीय सरकारहरूले सूचना प्रविधिको पहुँच स्तर माथि उकास्न यथोचित लगानी गर्नुपर्ने हुन्छ। यसले प्रदेश तथा स्थानीय सरकारहरूको आर्थिक व्ययभार बढाउने गर्दछ। प्रदेश र स्थानीय सरकारमा उपलब्ध आमसञ्चार, डिजिटल सञ्चार, इन्टरनेट सुविधा लगायतका सूचकहरूको अध्ययन विश्लेषण गरी सशर्त अनुदान प्रदान गर्नुपर्दछ।

- **खानेपानीको सुविधा (खानेपानीमा पहुँच):** नागरिकको जीवनको संरक्षण र स्वस्थता प्रवर्द्धनका लागि प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउनुपर्ने हुन्छ। प्रदेश तथा स्थानीय सरकारहरूमा खानेपानी सुविधाको पहुँच बढाउन थप आर्थिक स्रोतको आवश्यकता पर्दछ। सम्बन्धित तहमा न्यूनतम तथा सुरक्षित खानेपानी उपलब्धताको अवस्था, विगतमा गरिएको लगानी र उपलब्धि, खानेपानी पूर्वाधार लागतमा रहेको फरकपना र सोको दिगो व्यवस्थापन एवम् संरक्षणमा सम्बन्धित तहको सरकार तथा नागरिकको जिम्मेवारी समेतलाई विश्लेषण गरी सुरक्षित रुपमा खानेपानीको पूर्वाधार विकास र सेवाप्रवाह सुनिश्चित हुनेगरी सशर्त अनुदान प्रदान गर्नुपर्दछ।

- **सरसफाइको अवस्थाः** नेपालको संविधानले नै प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। सरसफाइको अवस्था कमजोर रहेको प्रदेश तथा स्थानीय सरकारहरूले सो सुविधा वृद्धि गर्नका लागि थप लगानी गर्नुपर्ने हुन्छ। प्रदेश तथा स्थानीय सरकारहरूमा हाल रहेका शौचालयहरूको उपलब्धता, ढल निकासा, फोहोरमैला सङ्कलन तथा प्रशोधन केन्द्र, धुँवा धुलो निवारणमा गरेको प्रयास र प्रदुषणको अवस्था समेतको अध्ययन विश्लेषण गरी सरसफाइ प्रवर्द्धनमा सकारात्मक भूमिका खेलेका तर स्रोत अभाव रहेका प्रदेश र स्थानीय सरकारहरूलाई सर्शत अनुदान प्रदान गर्न सकिन्छ।

**ई. राजस्वको अवस्था**

नेपाल सरकारले सशर्त अनुदान सिफारिस गर्दा प्रदेश तथा स्थानीय सरकारहरूको राजस्वको अवस्था, विगतमा राजस्व सङ्कलनमा गरेको प्रयास र उठाउन सक्ने क्षमतालाई आधार लिनुपर्ने हुन्छ। राजस्व क्षमता कम भएको तर राजस्व सङ्कलनमा उल्लेख्य प्रयास गरेको प्रदेश र स्थानीय सरकारलाई तोकिएको क्षेत्र र कार्यमा खर्च गरी निर्धारित लक्ष्य हासिल गर्ने शर्तमा सशर्त अनुदान प्रदान गर्न सकिन्छ।

**उ. खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता**

नेपाल सरकारले प्रदेश र स्थानीय सरकारलाई सशर्त अनुदान हस्तान्तरण गर्दा प्रदेश तथा स्थानीय सरकारहरूको राजस्व उठाउन सक्ने क्षमता र खर्चको आवश्यकतालाई समेत आधार लिनुपर्ने हुन्छ। सोका लागि प्रत्येक प्रदेश तथा प्रत्येक स्थानीय सरकारहरूको खर्चको आवश्यकताका अतिरिक्त राजस्वको क्षमता समेत निर्धारण गरी वित्तीय अन्तर (Fiscal Gap) यकीन गर्नुपर्दछ। वित्तीय अन्तर बढी रहेको प्रदेश तथा स्थानीय सरकारलाई उक्त वित्तीय अन्तर कम हुने गरी सशर्त अनुदान हस्तान्तरण गर्नुपर्दछ। साथै सशर्त, समपूरक र विशेष अनुदानले वित्तीय अन्तरमा नकारात्मक प्रभाव नपर्नेगरी समन्यायिक हिसाबले हस्तान्तरणको व्यवस्था मिलाउनुपर्दछ। यसका लागि नेपाल सरकारले तीनवटै तहका सरकारको संलग्नता/सहमतिमा नेपालको संविधान अनुसारको कार्यजिम्मेवारी थप स्पष्ट पार्ने र तीन वटै तहका सरकारबाट नागरिकलाई प्रदान गरिने सेवा, उपलब्ध गराउने सुविधा र पूर्वाधारको न्यूनतम मापदण्ड अनिवार्य रुपमा निर्धारण गर्नुपर्दछ।

ज. **कार्यसम्पादन मूल्यांकनको अवस्था विश्लेषण गरी सशर्त अनुदान हस्तान्तरण गर्नुपर्नेः** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (२) को व्यवस्था बमोजिम नेपाल सरकारले सशर्त अनुदान हस्तान्तरण गर्नुपूर्व प्रदेश र स्थानीय सरकारहरूको कार्यसम्पादनको अवस्था यकीन गर्नुपर्दछ। यसका लागि नेपालको संविधानमा उल्लिखित मौलिक हक र राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयनमा सम्बन्धित तहले गरेको लगानी र उपलब्धिको अवस्था, अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको नेपाल सरकार पक्ष राष्ट्र भई सिर्जित दायित्व पालनामा प्राप्त उपलब्धिको अवस्था, नेपालको राष्ट्रिय नीति र कानूनले निर्दिष्ट गरेको उद्देश्य र गन्तव्य प्राप्तिमा सम्बन्धित सरकारहरूले खेलेको भूमिका र प्रगति, गत आर्थिक वर्ष सम्मका लागि तोकिएको दिगो विकास लक्ष्य प्राप्तिमा गरिएको लगानी र प्राप्त उपलब्धिको अवस्था, आगामी आर्थिक वर्षहरूमा दिगो विकास लक्ष्य प्राप्तिका लागि गर्नुपर्ने कार्यहरू र सोका लागि आवश्यक पर्ने स्रोतको विश्लेषण, सम्बन्धित तहको आवधिक योजना तथा नीति कार्यान्वयनमा भएको प्रगति, आ.व. २०८१/०८२ को लागि नेपाल सरकारबाट प्रदेश सरकार र स्थानीय सरकारहरूलाई वित्तीय समानीकरण अनुदानको परिमाण सिफारिस गर्दा आयोगले उपयोग गरेको कार्यसम्पादन मूल्यांकनका सूचकहरू लगायतका कार्यसम्पादन सम्बन्धी आगत र निर्गत तहका सूचकहरूको (Input and Output based indicators) विकास र विश्लेषण गरी सोही आधारमा सशर्त अनुदान हस्तान्तरण

गर्नुपर्नेछ।

झ. **विशेष अवस्थाः** प्रदेश र स्थानीय सरकारहरूको क्षेत्रभित्र गम्भीर किसिमका प्राकृतिक विपदमा परेको, सुख्खा क्षेत्र अधिक भएको, अन्तर्राष्ट्रिय सीमानाले छोएको, राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्र भित्र परेको, लामो समयदेखि फोहोरमैला वा प्रदुषण वा उच्च जोखिमबाट गुज्रिरहेको तथा दुर्गम एवम् पिछडिएको क्षेत्रको अवस्था विश्लेषण गरी जोखिम न्यूनीकरण, जीवनयापन सहजीकरण तथा पूर्वाधारको पूनः निर्माण वा विकासका कार्यमा खर्च गर्ने गरी नेपाल सरकारले माग र आवश्यकताका आधारमा सशर्त अनुदान हस्तान्तरण गर्न सक्नेछ।

## ङ. सशर्त अनुदान हस्तान्तरण र व्यवस्थापनमा पालना गर्नुपर्ने सुझावहरू

नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई प्रदान गर्ने सशर्त अनुदान सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) देहाय (घ) ले गरेको व्यवस्था बमोजिम आयोगको तर्फबाट नेपाल सरकारलाई निम्न बमोजिमका सुझावहरू दिइएको छः

(१) नेपालको संविधानको धारा ६० को उपधारा (३) मा "प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुनेछ" भन्ने उल्लेख भए अनुसार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिका सुनिश्चित हुने गरी नेपाल सरकारले विद्यमान ऐन, कानून र कार्यप्रणालीमा यथाशीघ्र आवश्यक संशोधन र व्यवस्थापन गर्नुपर्ने।

(२) नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई प्रदान गर्ने सशर्त अनुदानको सम्बन्धमा यस आयोगले तयार गरी कार्यान्वयनका लागि सिफारिस गरिएका आधारहरूको अनिवार्य रुपमा पालना गर्नुपर्ने। यसका निमित्त सिफारिस भएका आधारहरू नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत गरी अनिवार्य कार्यान्वयनका लागि सबै मन्त्रालयहरू एंव सरोकारवाला निकायहरूलाई सञ्चार गर्नुपर्ने।

(३) नेपाल सरकारले बजेट तथा कार्यक्रम तयारीको चरणदेखि नै सशर्त अनुदान अन्तर्गत प्रस्तावित कुनै पनि आयोजना वा कार्यक्रम आयोगले सिफारिस गरेको कुन आधार अनुरूपको हो भनी अध्ययन विश्लेषण गरेको विवरण सहित खातामा प्रविष्टि, अभिलेख र प्रतिवेदनको प्रणाली सुनिश्चित गर्नुपर्ने। आयोगले सिफारिस गरेका आधारहरू लिंदा एकभन्दा बढी आधारहरू आकर्षित हुने देखिएमा कुनै एकमात्र आधार लिएर सशर्त अनुदान हस्तान्तरण नगर्ने।

(४) नेपाल सरकारले सशर्त अनुदानबाट कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमहरूको लागि शर्त तथा निर्देशनहरू तोक्दा आयोगले तोकेका आधार, शर्त र सुझावहरूलाई परिपूरण गर्नेगरी समयमै सोको विवरण पठाउने। साथै तोकिएका शर्तहरू स्पष्ट, मापनयोग्य र कार्यान्वयनयोग्य हुनुपर्ने।

(५) सशर्त अनुदानलाई मुलुकको सन्तुलित विकासको लक्ष्यसँग आवद्ध गरी निश्चित नीति, सूचक र मानदण्डका आधारमा अध्ययन विश्लेषण गरी तथ्यपरक, पारदर्शी, सन्तुलित र समन्यायिक रूपमा प्रदान गर्नुपर्ने। अर्थ मन्त्रालय र सशर्त अनुदान हस्तान्तरण गर्ने मन्त्रालयहरूले आयोगले सिफारिस गरेको आधार समेत खुल्ने गरी सशर्त अनुदान हस्तान्तरणको क्षेत्रगत र स्रोतगत विवरण भौतिक तथा विद्युतीय स्वरुपमा आयोगमा उपलब्ध गराउनुपर्ने।

(६) नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई सशर्त अनुदान प्रदान गर्दा राष्ट्रिय नीति, मानक वा मापदण्ड अनुसारका उच्च प्राथमिकतामा परेका र दीर्घकालीन लाभ सहितको फराकिलो तथा समतामूलक आर्थिक वृद्धिलाई प्रत्यक्ष टेवा दिने प्रकृतिका ठूला तथा मझौला र रणनीतिक महत्वका आयोजनाहरूको कार्यान्वयनमा जोड दिनुपर्ने

तर प्रदेश तथा स्थानीय सरकारको एकल अधिकार र जिम्मेवारी भित्रका विषयमा वा स-साना टुक्रे आयोजना र कार्यक्रममा यस्तो अनुदान उपलब्ध नगराउने।

(७) प्रदेश तथा स्थानीय सरकारको वित्तीय स्वायत्तता र व्यवस्थापकीय क्षमतालाई बलियो बनाउँदै लैजाने उद्देश्यसहित कुल अनुदानमा सशर्त अनुदानको हिस्सा क्रमशः कम गर्दै लैजाने र त्यसको परिपूर्ति वित्तीय समानीकरण अनुदानमार्फत गरी कुल वित्तीय हस्तान्तरणमा वित्तीय समानीकरण अनुदानको हिस्सा बढाउने।

(८) सशर्त अनुदानबाट सञ्चालन हुने आयोजनाप्रति सम्बन्धित तहको अधिकतम स्वामित्व कायम गर्न र कार्यान्वयन प्रक्रियामा व्यवस्थापकीय कुशलता र खर्च दक्षता समेत सुनिश्चित गर्नका लागि नेपाल सरकारले सशर्त अनुदान उपलब्ध गराउँदा आयोजना भित्रका खर्च शीर्षक वा उपशीर्षक नै नतोकी त्यस किसिमको स्वायत्तता सम्बन्धित प्रदेश वा स्थानीय सरकारलाई नै हुने गरी क्षेत्रगत आयोजना वा कार्यक्रम र लक्ष्य तथा अपेक्षित उपलव्धि जस्ता विषयहरू मात्र तोकेर एकमुष्ट अनुदान हस्तान्तरण गर्नुपर्ने।

(९) नेपालको संविधानको अनुसूची-६ (प्रदेशको अधिकारको सूची) र अनुसूची - ८ (स्थानीय सरकारको अधिकारको सूची) का विषयहरू राष्ट्रिय नीति तथा कार्यक्रम र मानदण्डभित्र रही कार्यान्वयन गर्नुपर्ने अवस्था रहेको कुनै अध्ययन विश्लेषणबाट देखिएको खण्डमा अन्तरिम वा अल्पकालीन रुपमा निश्चित अवधि वा सीमा तोकेर निश्चित पटकका लागि मात्र त्यस्ता कार्यजिम्मेवारी पूरा गर्नका लागि सशर्त अनुदान प्रदान गर्ने, सो बाहेकका प्रदेश र स्थानीय सरकारका अधिकारसूचीमा रहेका निरन्तर रुपमा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम वा आयोजनाहरूमा सशर्त अनुदान हस्तान्तरण नगरी ती कामका लागि आवश्यक वित्तीय स्रोत वित्तीय समानीकरण अनुदानबाट हस्तान्तरण गर्ने।

(१०) शिक्षा, स्वास्थ्य जस्ता सामाजिक पूर्वाधार विकासका क्षेत्रमा राष्ट्रिय औषत भन्दा तल रहेका प्रदेश र स्थानीय सरकारहरूलाई लक्ष्य तोकी थप सशर्त अनुदान दिने व्यवस्था नेपाल सरकारले मिलाउने।

(११) साविकमा नेपाल सरकारबाट बहुवर्षीय ठेक्का स्वीकृत भई कार्यान्वयनमा गएको तर प्रदेश वा स्थानीय सरकारको एकल अधिकारसूचीमा पर्ने विषयसंग सम्बन्धित क्रमागत अधुरा कार्यक्रम वा आयोजनालाई सशर्त अनुदान दिन बन्द गर्ने। पूर्णता दिन बाँकी रहेका आयोजनाहरूको हकमा प्रदेश र स्थानीय सरकारको सिफारिसमा आर्थिक वर्ष २०८१/८२ को लागि एकमुष्ट रुपमा अनुदान हस्तान्तरण गर्ने।

(१२) प्रदेश वा स्थानीय सरकारले सालबसाली रूपमा खर्च गर्नुपर्ने, चालु प्रकृतिका वा विद्यमान पूर्वाधारको मर्मत सम्भार र सञ्चालनसँग सम्बन्धित तथा उपभोक्ता समितिको सहभागिता वा लागत साझेदारीमा निरन्तर रूपमा सञ्चालन हुने परियोजना वा कार्यक्रमको हकमा सशर्त अनुदान विनियोजन नगरी सम्बन्धित प्रदेश वा स्थानीय सरकारको आन्तरिक स्रोत परिचालनलाई प्रश्रय दिने।

(१३) समान प्रकृतिका उद्देश्य प्राप्तिका लागि विभिन्न विषयगत मन्त्रालयहरूबाट तर्जुमा/छनौट गरिएका कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि सशर्त अनुदान प्रदान गर्दा त्यस्ता कार्यक्रम वा आयोजनामा दोहोरोपना नपर्ने गरी एकीकृत रुपमा सशर्त अनुदान प्रदान गर्ने व्यवस्था मिलाउने।

(१४) सशर्त अनुदानबाट सञ्चालन भएका योजना, कार्यक्रम तथा आयोजनाको प्रगति विवरण नेपाल सरकारका सम्बन्धित विषयगत मन्त्रालयमा नियमित रूपमा प्रतिवेदन हुने सुनिश्चितता गराई नेपाल सरकारले त्यस्ता आयोजना तथा कार्यक्रमहरूको नतिजामूलक अनुगमन र निरन्तर सुधारको व्यवस्था मिलाउने।

(१५) नेपाल सरकारले बजेट तर्जुमा गर्दा मन्त्रालयगत रुपमा अबण्डा राखी आर्थिक वर्षको बीचमा रकम बाँड्ने प्रवृत्तिले प्रदेश र स्थानीय सरकारको बजेटमा समावेश नगरी खर्च हुने अवस्था सृजना भएको हुँदा नेपालको संविधान र

प्रचलित कानूनले तोकेको कानून बमोजिम मात्र खर्च गर्नुपर्ने व्यवस्थाको प्रतिकुल हुन गएकोले आर्थिक वर्षको बीचमा रकम बाँड्ने प्रवृत्तिको अन्त्य गरी सशर्त अनुदानको सबै रकम बजेट तर्जुमाकै बखत विनियोजन गर्नुपर्ने।

(१६) साविकमा नेपाल सरकारबाट नियुक्ति पाई हाल प्रदेश वा स्थानीय सरकारको कार्यक्षेत्र भित्रको सेवामा संलग्न रहेका शिक्षक, स्वास्थ्यकर्मी तथा अन्य राष्ट्रसेवक कर्मचारीहरूको पारिश्रमिक र सेवा सुविधाबापतको रकम सम्बन्धित प्रदेश वा स्थानीय सरकारलाई वित्तीय समानीकरण अनुदानमार्फत उपलब्ध गराउने सम्बन्धी आयोगको निर्णय कार्यान्वयन हुनुपर्ने।

(१७) वैदेशिक सहयोगबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरू वैदेशिक सहायता सझौता एंव आयोजना तर्जुमा (Project Design) गर्दा कै अवस्थामा सङ्घीयताको अवधारणा र तहगत सरकारको कार्य जिम्मेवारी अनुसार परिचालन हुने परिपाटी अवलम्बन गर्ने।

(१८) नियमनकारी निकायहरूले नेपालको संविधान र प्रचलित कानून बमोजिम यस आयोगले गरेको सिफारिस, तोकेको आधार, शर्त र सुझावहरू कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन मूल्यांकन गरी सोको व्यहोरालाई आफ्नो वार्षिक प्रतिवेदनको महत्वपूर्ण अङ्गको रुपमा समावेश गर्ने।

(१९) सशर्त, समपूरक र विशेष अनुदानको फरक वा पृथकता कानूनमा स्पष्ट किटान गरी क्षेत्रगत र तहगत दोहोरोपना नहुने गरी ती अनुदान प्रदान गर्ने व्यवस्था मिलाउने र सोबाट वित्तीय समानीकरण अनुदान हस्तान्तरणमा पर्नसक्ने प्रभावको विश्लेषण गरी आयोगले समानीकरण अनुदानको परिमाण सिफारिस गर्नु अगाडि नै आयोगमा विवरण पठाउने।

# अनुसूची - ४ः प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँट

## अ. आर्थिक वर्ष २०७९/८० मा सङ्कलन भएको आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच दूरसञ्चार फ्रिक्वेन्सीबाट प्राप्त हुने रोयल्टी बाँडफाँटको सम्बन्धमा मिति २०८०/०५/२४ मा नेपाल सरकारलाई गरिएको सिफारिस

### क. पृष्ठभूमि

नेपालको संविधानको धारा २५० बमोजिम गठित राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई राज्यमा उपलब्ध हुने प्राकृतिक एवम् वित्तीय स्रोतको संघ, प्रदेश र स्थानीय सरकारबीचमा समन्यायिक ढंगले परिचालन, बाँडफाँट र वितरण गर्नका लागि सिफारिस गर्ने जिम्मेवारी प्रदान गरिएको छ। यसै सन्दर्भमा तीनै तहका सरकारले प्राकृतिक स्रोतको परिचालन वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरण गर्नका लागि त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रुपमा प्रभावित क्षेत्र र स्थानीय समुदायलाई वितरण गर्नुपर्ने हुन्छ। सरकारका तीन तहबीच प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँटका लागि सिफारिस गर्ने, प्राकृतिक स्रोतको परिचालन गर्दा लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने र प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा उठ्न सक्ने सम्भावित विवाद निवारण गर्न समन्वयात्मक रुपमा काम गर्न सुझाव दिने एवम् प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्ने जिम्मेवारी समेत आयोगको रहेको छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संघ प्रदेश र स्थानीय सरकारहरूबीच सार्वजनिक वित्त तथा प्राकृतिक स्रोतको बाँडफाँट गर्दा समष्टिगत वित्तीय स्वास्थ्य सुनिश्चित हुने गरी वित्तीय समानता कायम गर्ने जिम्मेवारी प्रदान गरेको छ।

संविधानको धारा ५९ को उपधारा(४) बमोजिम संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नु पर्ने र त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानून बमोजिम वितरण गर्नु पर्ने व्यवस्था गरेको छ। त्यस्तै धारा २५१ को उपधारा को (१) खण्ड (ज) बमोजिम प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने र खण्ड (झ) बमोजिम प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिन राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकार तोकिएको छ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७. बमोजिम तीन तहका सरकारहरूबीच प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम उक्त कोषमा जम्मा गर्नु पर्ने व्यवस्था गरेको छ। पर्वतारोहण, वन, खानी, विद्युत र पानी तथा अन्य प्राकृतिक स्रोतबाट जम्मा भएको रोयल्टी रकम सोही ऐन बमोजिम ५०, २५ र २५ प्रतिशतका दरले क्रमशः संघ, प्रदेश र स्थानीय तहको सञ्चित कोषमा जम्मा हुने गरी बाँडफाँट गरी उपलब्ध गराउने कानूनी व्यवस्था छ। साथै दूरसञ्चार सेवा रेडियो फ्रिक्वेन्सीलाई समेत आयोगले पानी तथा अन्य प्राकृतिक स्रोतको रुपमा पहिचान गरेको छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १४ मा प्राकृतिक स्रोतको परिचालन गर्दा आयोगले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले गर्ने लगानीको हिस्सा तथा प्राकृतिक स्रोत परिचालनबाट प्राप्त हुने प्रतिफलको हिस्सालाई

निर्धारणको आधार तोकेको र सोही आधारमा नेपाल सरकारलाई सिफारिस गर्नु पर्ने कानूनी व्यवस्था गरेको छ।

## ख. संवैधानिक तथा कानूनी व्यवस्था

### १. संवैधानिक व्यवस्था

नेपालको संविधानले प्राकृतिक स्रोतको संरक्षण, सम्वर्द्धन, उपयोग, परिचालन, बाँडफाँट तथा यसबाट प्राप्त हुने प्रतिफलको न्यायोचित वितरणको सुनिश्चितताको लागि निम्न बमोजिम व्यवस्था गरेको छः

**अ. प्राकृतिक स्रोत सम्बन्धी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिका**

संविधानको धारा २५१ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। जस अनुसार प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तयार गरी सिफारिस गर्ने, प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय सरकार तथा स्थानीय सरकारबीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने र प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्ने भूमिका आयोगको रहेको छ।

**आ. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको अधिकार**

नेपालको संविधानको अनुसूची-९ मा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा राखिएको छ।

### २. कानुनी व्यवस्था

प्राकृतिक स्रोतको परिचालन तथा बाँडफाँट सम्बन्धमा देहाय बमोजिमको कानूनी व्यवस्था रहेको छः

**अ. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४**

आयोगले प्राकृतिक स्रोतको संरक्षण र उपयोगका विषयमा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहलाई आवश्यक सुझाव दिने लगायतका व्यवस्था यस ऐनले गरेको छ।

**आ. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

यस ऐनले प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरेको छः

(१) **दफा ७ को उपदफा (१)**: नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच सङ्घीय कानून बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्नेछ।

(२) **दफा ७ को उपदफा (२)**: दफा ७ को उपदफा (१) बमोजिमको कोषमा रहेको रोयल्टीको बाँडफाँट नेपाल सरकारले अनुसूची-४ बमोजिम वार्षिक रूपमा गर्नेछ।

(३) **दफा ७ को उपदफा (३)**: दफा ७ को उपदफा (२) बमोजिम बाँडफाँट भएको रकम मध्ये नेपाल सरकारले प्राप्त गर्ने रकम सङ्घीय सञ्चित कोषमा, प्रदेशले प्राप्त गर्ने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा र स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी उपलब्ध गराइनेछ।

**(४) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४**

**प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट (प्रतिशतमा)**

| क्र.सं. | रोयल्टी शीर्षक | नेपाल सरकार | सम्बन्धित प्रदेश | सम्बन्धित स्थानीय तह |
|---|---|---|---|---|
| १ | पर्वतारोहण | ५० | २५ | २५ |
| २ | विद्युत | ५० | २५ | २५ |
| ३ | वन | ५० | २५ | २५ |
| ४ | खानी तथा खनिज | ५० | २५ | २५ |
| ५ | पानी तथा अन्य प्राकृतिक स्रोत | ५० | २५ | २५ |

**(५) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ को द्रष्टव्य १**: नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तह (सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समिति) लाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट तथा वितरण गर्नेछ।

## ग. दूरसञ्चार सेवा रेडियो फ्रिक्वेन्सीको रोयल्टी सिफारिस सम्बन्धी अन्य आधार

संवैधानिक एवम् कानूनी व्यवस्था बमोजिम आयोगको मिति २०७९।०३।०८ को निर्णयानुसार दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीलाई पानी तथा अन्य प्राकृतिक स्रोत अन्तरगत प्राकृतिक स्रोतको रुपमा पहिचान गरी दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त हुने रोयल्टी सङ्घीय विभाज्य कोषमा जम्मा हुने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई लेखी पठाईसकिएको छ।

आयोगले पुनः मिति २०८०।०३।२२ मा दूरसञ्चार फ्रिक्वेन्सीको रोयल्टी हस्तान्तरण गर्न देहाय बमोजिमको सूचक र भार तय गरी प्रदेश तथा स्थानीय तहमा दूरसञ्चार फ्रिक्वेन्सीबाट प्राप्त हुने रोयल्टी वितरणको हिस्सा निर्धारण गर्ने निर्णय गरेको छः-

| सूचक | भार |
|---|---|
| १. प्रदेश तथा स्थानीय तहको क्षेत्रफल | ३०% |
| २. प्रदेश तथा स्थानीय तह रहेको BTS-Tower को सङ्ख्या | ३०% |
| ३. प्रदेश तथा स्थानीय तहको कुल जनसङ्ख्या | २५% |
| ४. प्रदेश तथा स्थानीय तहमा रहेका मोबाईल प्रयोग गर्ने परिवारको सङ्ख्या | १५% |

यसै आधारमा प्राकृतिक स्रोतको परिचालन र बाँडफाँट सम्बन्धी विद्यमान संवैधानिक तथा कानूनी प्रावधान तथा आयोगले गरेको निर्णय बमोजिम दूरसञ्चार फ्रिक्वेन्सीबाट प्राप्त हुने रोयल्टी बाँडफाँट सम्बन्धी सिफारिस गरेको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को उपदफा २ मा पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको ५० प्रतिशत हिस्सा नेपाल सरकारलाई, २५ प्रतिशत हिस्सा सम्बन्धित प्रदेशलाई र २५ प्रतिशत हिस्सा सम्बन्धित स्थानीय सरकारलाई बाँडफाँट गर्नुपर्ने व्यवस्था भए अनुरूप आ.व. ०७९/०८० मा सङ्कलन भएको समेत दूरसञ्चार फ्रिक्वेन्सीबाट प्राप्त रोयल्टी आयोगले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि प्रदेश र स्थानीय सरकारलाई बाँडफाँटका लागि हिस्सा निर्धारण गरी नेपाल सरकारलाई सिफारिस गरेको छ।

## घ. दूरसञ्चार सेवा रेडियो फ्रिक्वेन्सीको रोयल्टीको हिस्सा बाँडफाँट सिफारिसमा प्रयोग गरिएका तथ्याङ्कको स्रोत

आगामी आर्थिक वर्ष २०८०/८१ का लागि दूरसञ्चार सेवा रेडियो फ्रिक्वेन्सीबाट प्राप्त हुने रोयल्टीको हिस्सा सिफारिस गर्दा प्रयोग गरिएका तथ्याङ्कको स्रोतको विवरण यसप्रकार रहेको छ।

| क्र.सं. | सूचक/तथ्याङ्क | स्रोत | प्रयोग |
|---|---|---|---|
| १. | क्षेत्रफल | नापी विभाग र सम्बन्धित विभागहरू। | सम्बन्धित प्रदेश तथा स्थानीय तह। |
| २. | जनसङ्ख्या | राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय। | |
| ३. | प्रदेश तथा स्थानीय तह रहेको BTS-Tower को सङ्ख्या | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | |
| ४. | प्रदेश तथा स्थानीय तहमा रहेको मोबाईल प्रयोगकर्ताको परिवार सङ्ख्या | राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय। | |

## ङ. प्राकृतिक स्रोतको रोयल्टीको हिस्सा बाँडफाँट गर्न लिइएका सूचक र भार तथा सोको व्याख्या एवम् विश्लेषण

नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा प्राकृतिक स्रोतको रोयल्टीको अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ बमोजिम बाँडफाँट तथा वितरण गर्नुपर्ने हुन्छ। सो अनुसार पाँच प्रकारका रोयल्टी शीर्षक रहेकोमा क्रम सङ्ख्या ५ मा रहेको पानी तथा अन्य प्राकृतिक स्रोत अन्तर्गत दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी शीर्षकबाट सङ्घीय विभाज्य कोषमा सङ्कलन भएको रोयल्टी बाँडफाँट सिफारिस गर्न लिइएका सूचक र भार तथा सोको व्याख्या तथा विश्लेषण यस प्रकार छ।

### १. प्रदेश तथा स्थानीय तहको क्षेत्रफल

देशका सबै प्रदेश तथा स्थानीय तहले ओगटेको क्षेत्रफलमा दूरसञ्चार सेवा रेडियो फ्रिक्वेन्सीको प्रभाव समान रुपमा पर्ने भएको हुँदा सबै प्रदेश तथा स्थानीय तहको क्षेत्रफलको आधारमा दूरसञ्चार फ्रिक्वेन्सीबाट प्राप्त रोयल्टी सबै स्थानीय तहलाई संरक्षित क्षेत्रको भूगोल समावेश नगरी बाँडफाँट गरिएको छ। देशको कुल क्षेत्रफलमा प्रदेश तथा स्थानीय तहले ओगटेको क्षेत्रफलको अनुपातलाई क्षेत्रफलको सूचकको रुपमा लिइएको छ। यसर्थ प्रदेश तथा स्थानीय तहको भूगोललाई महत्वपूर्ण सूचककारुपमा लिई ३० प्रतिशत भार दिइएको छ।

### २. प्रदेश तथा स्थानीय तह रहेको BTS-Tower को सङ्ख्या

दूरसञ्चार सेवा प्रवाहका लागि ठूलो सङ्ख्यामा BTS-Tower राख्नुपर्ने हुन्छ। उक्त टावर स्थापना गर्दा पाले घर, टावर, व्याट्री लगायतका सामाग्री भण्डारण गर्नुपर्ने हुँदा धेरै जमिन प्रयोग हुन्छ। साथै BTS-Tower को क्षेत्र वरपर चटयाङ्ग पर्ने सम्भावना पनि बढी हुने र वन क्षेत्रमा टावर भएमा जंगली जनावरको घुमफिरमा समेत अवरोध हुने हुँदा प्रत्येक प्रदेश र स्थानीय तहमा रहेका BTS-Tower को सङ्ख्यालाई दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त हुने रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्ने महन्वपूर्ण सूचकको रुपमा लिइ ३० प्रतिशत भार दिइएको छ। उक्त सूचकको गणना गर्दा संरक्षित क्षेत्र भित्र रहेका BTS-Tower को सङ्ख्यालाई समावेश गरिएको छैन।

### ३. प्रदेश तथा स्थानीय तहको कुल जनसङ्ख्या

नेपालको संविधानले प्रदेश तथा स्थानीय तहका सम्बन्धमा अनुसूचीमा व्यवस्था गरिएको कार्य जिम्मेवारी अनुसार प्रदेश तथा स्थानीय तहले आ-आफ्नो जनसङ्ख्यालाई सेवा प्रवाह गर्नुपर्ने हुन्छ। प्रत्येक प्रदेश र स्थानीय तहको जनसङ्ख्यामा दूरसञ्चार सेवाको प्रयोगबाट सकारात्मक र नकारात्मक असर/प्रभाव समेत पर्ने गरेको हुन्छ। साथै दूरसञ्चार उपकरणको प्रयोगबाट सिर्जना हुने विद्युतीय फोहोर व्यवस्थापनको असर समेत जनसङ्ख्यामा पर्ने हुँदा रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा जनसङ्ख्यालाई २५ प्रतिशत भार दिइएको छ। प्रत्येक प्रदेश र स्थानीय तहको जनसङ्ख्याको विवरण राष्ट्रिय जनगणना, २०७८ बाट लिइएको छ भने जनसङ्ख्याको विवरण लिदा संस्थागत जनसङ्ख्या गणना गरिएको छैन।

### ४. प्रदेश तथा स्थानीय तहमा रहेका मोबाईल प्रयोग गर्ने परिवारको सङ्ख्या

दूरसञ्चार सेवा प्राप्तीका लागि मोबाइल लगायतका विद्युतीय सामाग्री प्रयोगमा परिवारको धेरै लगानी हुन्छ। यसको प्रयोगबाट घरपरिवारका सदस्यमा आर्थिक सामाजिक रुपमा सकारात्मक प्रभाव परे पनि ध्वनी प्रदुषण, रेडियसन प्रभाव जस्ता केही नकारात्मक प्रभाव समेत घरपरिवारमा पर्ने हुँदा दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त हुने रोयल्टी बाँडफाँटको लागि प्रत्येक प्रदेश तथा स्थानीय तहमा मोबाइल प्रयोग गर्ने परिवारलाई सूचकको रुपमा लिइ १५ प्रतिशत भार दिइएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार मोबाईल प्रयोगकर्ता घरपरिवारको सङ्ख्या ९३.२ प्रतिशत हुन आउछ। स्थानीय तहअनुसार मोबाइल प्रयोगकर्ता घरपरिवारको सङ्ख्या १२६ देखि २ लाख ३८ हजार ९ सय ६६ छ भने प्रतिशतमा ५८ देखी ९८ सम्म रहेको छ। स्थानीय तहमा रहेको जनसङ्ख्याको वितरण अनुसार नै मोबाईल प्रयोगकर्ताको घरपरिवार सङ्ख्या रहेको तथा स्थानीय तहमा रहेको जनसङ्ख्यालाई सूचकको रुपमा अलग्गै लिइएको र रोयल्टी बाँडफाँट समन्यायिक समेत हुने भएकोले मोबाईल प्रयोगकर्ता घरपरिवार सङ्ख्याको प्रतिशतलाई सूचकको रुपमा लिई गणना गरिएको छ।

## च. प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट सिफारिस

सम्बन्धित प्राकृतिक स्रोत परिचालनमा जिम्मेवार स्रोतगत निकायहरूले प्राकृतिक स्रोत परिचालनबाट प्राप्त हुने रोयल्टी रकम सङ्कलन गरी महालेखा नियन्त्रक कार्यालयले व्यवस्थापन गरेको सङ्घीय विभाज्य कोषमा दाखिला गर्नुपर्ने हुन्छ। सो विवरणका आधारमा आयोगको बाँडफाँट सिफारिस बमोजिमको रोयल्टीको हिस्साबाट निर्धारित रकम नेपाल सरकारको निर्णयानुसार महालेखा नियन्त्रक कार्यालयबाट सम्बन्धित प्रदेश तथा स्थानीय तहको सञ्चित कोषमा जम्मा हुने गर्दछ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था अनुसार आयोगले विस्तृत आधार र ढाँचा तय गरी सम्बन्धित प्रदेश सरकार तथा सम्बन्धित स्थानीय तहलाई प्रभावको अनुपातमा रोयल्टी बाँडफाँटको हिस्सा सिफारिस गर्दछ। सम्बन्धित प्रदेश तथा स्थानीय तहहरूलाई आयोगबाट सिफारिस गरिएको रोयल्टीको हिस्साका आधारमा रोयल्टी रकम वितरण गर्ने समयमा आर्थिक वर्ष २०७९/८० को वास्तविक सङ्कलित रोयल्टी रकमले सम्बन्धित प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको हिस्सालाई गुणन (हिस्सा × सङ्कलित रोयल्टी रकम = बाँडफाँट गरिने रोयल्टी रकम) गरी हुन आउने रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई नेपाल सरकारले वितरण गर्नुपर्नेछ। आर्थिक वर्ष २०७९/८० मा सङ्कलन भएको दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी वापत प्राप्त रोयल्टी मध्ये प्रदेश सरकारले प्राप्त गर्ने २५ प्रतिशत रकममा कर्णाली प्रदेश सरकारले प्राप्त गर्ने रोयल्टीको हिस्सा ०.१०७३१३ रहेको छ।

आर्थिक वर्ष २०८०/८१ मा स्थानीय तहबीच हुने रोयल्टीको बाँडफाँट मध्ये कर्णाली प्रदेशभित्रका स्थानीय सरकारले प्राप्त गर्ने हिस्सा सम्बन्धी सिफारिस

दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी

| प्रदेश | स्थानीय तहको संकेत | स्थानीय तहको नाम | जिल्ला | रोयल्टी बाँडफाँटको हिस्सा |
|---|---|---|---|---|
| कर्णाली | ६०१०१ | डोल्पो बुद्ध गाउँपालिका | डोल्पा | ०.००२७३५ |
| कर्णाली | ६०१०२ | शे फोक्सुण्डो गाउँपालिका | डोल्पा | ०.००५४९३ |
| कर्णाली | ६०१०३ | जगदुल्ला गाउँपालिका | डोल्पा | ०.००१९२५ |
| कर्णाली | ६०१०४ | मुड्केचुला गाउँपालिका | डोल्पा | ०.०००८४५ |
| कर्णाली | ६०१०५ | त्रिपुरासुन्दरी नगरपालिका | डोल्पा | ०.००१२०६ |
| कर्णाली | ६०१०६ | ठुलीभेरी नगरपालिका | डोल्पा | ०.००१३५५ |
| कर्णाली | ६०१०७ | काइके गाउँपालिका | डोल्पा | ०.००१२१७ |
| कर्णाली | ६०१०८ | छार्का ताङसोङ गाउँपालिका | डोल्पा | ०.००४३८८ |
| कर्णाली | ६०२०१ | मुगुमकार्मारोग गाउँपालिका | मुगु | ०.००४७६५ |
| कर्णाली | ६०२०२ | छायाँनाथ रारा नगरपालिका | मुगु | ०.००१६१८ |
| कर्णाली | ६०२०३ | सोरु गाउँपालिका | मुगु | ०.००११४६ |
| कर्णाली | ६०२०४ | खत्याड गाउँपालिका | मुगु | ०.००१०५१ |
| कर्णाली | ६०३०१ | चंखेली गाउँपालिका | हुम्ला | ०.००३०६८ |
| कर्णाली | ६०३०२ | खार्पुनाथ गाउँपालिका | हुम्ला | ०.००२०९७ |
| कर्णाली | ६०३०३ | सिमकोट गाउँपालिका | हुम्ला | ०.००२०८४ |
| कर्णाली | ६०३०४ | नाम्खा गाउँपालिका | हुम्ला | ०.००५३९५ |
| कर्णाली | ६०३०५ | सर्केगाड गाउँपालिका | हुम्ला | ०.००१०१० |
| कर्णाली | ६०३०६ | अदानचुली गाउँपालिका | हुम्ला | ०.०००६५९ |
| कर्णाली | ६०३०७ | ताँजाकोट गाउँपालिका | हुम्ला | ०.०००६१५ |
| कर्णाली | ६०४०१ | पातारासी गाउँपालिका | जुम्ला | ०.००२१०७ |
| कर्णाली | ६०४०२ | कनका सुन्दरी गाउँपालिका | जुम्ला | ०.०००८८९ |
| कर्णाली | ६०४०३ | सिंजा गाउँपालिका | जुम्ला | ०.०००७०४ |
| कर्णाली | ६०४०४ | चन्दननाथ नगरपालिका | जुम्ला | ०.०००७६७ |
| कर्णाली | ६०४०५ | गुठिचौर गाउँपालिका | जुम्ला | ०.००१२७९ |
| कर्णाली | ६०४०६ | तातोपानी गाउँपालिका | जुम्ला | ०.००१४८३ |
| कर्णाली | ६०४०७ | तिला गाउँपालिका | जुम्ला | ०.०००८०२ |
| कर्णाली | ६०४०८ | हिमा गाउँपालिका | जुम्ला | ०.०००६६६ |
| कर्णाली | ६०५०१ | पलाता गाउँपालिका | कालिकोट | ०.००१०७८ |
| कर्णाली | ६०५०२ | पचाल झरना गाउँपालिका | कालिकोट | ०.०००७६१ |
| कर्णाली | ६०५०३ | रास्कोट नगरपालिका | कालिकोट | ०.०००६१४ |
| कर्णाली | ६०५०४ | सान्नी त्रिवेणी गाउँपालिका | कालिकोट | ०.०००६९६ |
| कर्णाली | ६०५०५ | नरहरिनाथ गाउँपालिका | कालिकोट | ०.०००७९२ |
| कर्णाली | ६०५०६ | खाँडाचक्र नगरपालिका | कालिकोट | ०.०००८७० |
| कर्णाली | ६०५०७ | तिलागुफा नगरपालिका | कालिकोट | ०.०००९८६ |
| कर्णाली | ६०५०८ | महावै गाउँपालिका | कालिकोट | ०.०००९३४ |
| कर्णाली | ६०५०९ | शुभ कालीका गाउँपालिका | कालिकोट | ०.०००६२४ |
| कर्णाली | ६०६०१ | नौमुले गाउँपालिका | दैलेख | ०.०००९२८ |
| कर्णाली | ६०६०२ | महाबु गाउँपालिका | दैलेख | ०.०००६८२ |
| कर्णाली | ६०६०३ | भैरवी गाउँपालिका | दैलेख | ०.०००६९६ |
| कर्णाली | ६०६०४ | ठाँटीकाँध गाउँपालिका | दैलेख | ०.०००५९७ |

| प्रदेश | स्थानीय तहको संकेत | स्थानीय तहको नाम | जिल्ला | रोयल्टी बाँडफाँटको हिस्सा |
|---|---|---|---|---|
| कर्णाली | ६०६०५ | आठबीस नगरपालिका | दैलेख | ०.०००९३७ |
| कर्णाली | ६०६०६ | चामुण्डा बिन्द्रासैनी नगरपालिका | दैलेख | ०.०००७७१ |
| कर्णाली | ६०६०७ | दुल्लु नगरपालिका | दैलेख | ०.००११२७ |
| कर्णाली | ६०६०८ | नारायण नगरपालिका | दैलेख | ०.०००९८९ |
| कर्णाली | ६०६०९ | भगवतीमाई गाउँपालिका | दैलेख | ०.०००८४६ |
| कर्णाली | ६०६१० | डुङ्गेश्वर गाउँपालिका | दैलेख | ०.०००६५६ |
| कर्णाली | ६०६११ | गुराँस गाउँपालिका | दैलेख | ०.०००८७३ |
| कर्णाली | ६०७०१ | बारेकोट गाउँपालिका | जाजरकोट | ०.००१६३१ |
| कर्णाली | ६०७०२ | कुसे गाउँपालिका | जाजरकोट | ०.००१०४१ |
| कर्णाली | ६०७०३ | जुनीचाँदे गाउँपालिका | जाजरकोट | ०.००११८१ |
| कर्णाली | ६०७०४ | छेडागाड नगरपालिका | जाजरकोट | ०.००१३२१ |
| कर्णाली | ६०७०५ | शिवालय गाउँपालिका | जाजरकोट | ०.०००६८१ |
| कर्णाली | ६०७०६ | भेरीमालिका नगरपालिका | जाजरकोट | ०.००१२५९ |
| कर्णाली | ६०७०७ | नलगाड नगरपालिका | जाजरकोट | ०.००१३९८ |
| कर्णाली | ६०८०१ | आठबिसकोट नगरपालिका | रुकुम(पशिचम भाग) | ०.००१८९८ |
| कर्णाली | ६०८०२ | सानीभेरी गाउँपालिका | रुकुम(पशिचम भाग) | ०.०००८२२ |
| कर्णाली | ६०८०३ | बाँफिकोट गाउँपालिका | रुकुम(पशिचम भाग) | ०.०००८११ |
| कर्णाली | ६०८०४ | मुसिकोट नगरपालिका | रुकुम(पशिचम भाग) | ०.००१०५९ |
| कर्णाली | ६०८०५ | त्रिवेणी गाउँपालिका | रुकुम(पशिचम भाग) | ०.०००७६९ |
| कर्णाली | ६०८०६ | चौरजहारी नगरपालिका | रुकुम(पशिचम भाग) | ०.०००८०८ |
| कर्णाली | ६०९०१ | दार्मा गाउँपालिका | सल्यान | ०.०००६२० |
| कर्णाली | ६०९०२ | कुमाख गाउँपालिका | सल्यान | ०.०००९८९ |
| कर्णाली | ६०९०३ | बनगाड कुपिण्डे नगरपालिका | सल्यान | ०.००१५६७ |
| कर्णाली | ६०९०४ | सिद्धकुमाख गाउँपालिका | सल्यान | ०.०००६०४ |
| कर्णाली | ६०९०५ | बागचौर नगरपालिका | सल्यान | ०.००१११७ |
| कर्णाली | ६०९०६ | छत्रेश्वरी गाउँपालिका | सल्यान | ०.०००९४६ |
| कर्णाली | ६०९०७ | शारदा नगरपालिका | सल्यान | ०.००१२६५ |
| कर्णाली | ६०९०८ | कालिमाटी गाउँपालिका | सल्यान | ०.००१७४९ |
| कर्णाली | ६०९०९ | त्रिवेणी गाउँपालिका | सल्यान | ०.०००६९९ |
| कर्णाली | ६०९१० | कपुरकोट गाउँपालिका | सल्यान | ०.०००८११ |
| कर्णाली | ६१००१ | सिम्ता गाउँपालिका | सुर्खेत | ०.००१११८ |
| कर्णाली | ६१००२ | चिङ्गगाड गाउँपालिका | सुर्खेत | ०.०००७५८ |
| कर्णाली | ६१००३ | लेकबेशी नगरपालिका | सुर्खेत | ०.००१२३५ |
| कर्णाली | ६१००४ | गुर्भाकोट नगरपालिका | सुर्खेत | ०.००१४४५ |
| कर्णाली | ६१००५ | भेरीगंगा नगरपालिका | सुर्खेत | ०.००१५७१ |
| कर्णाली | ६१००६ | बीरेन्द्रनगर नगरपालिका | सुर्खेत | ०.००३८६९ |
| कर्णाली | ६१००७ | बराहताल गाउँपालिका | सुर्खेत | ०.००१६५४ |
| कर्णाली | ६१००८ | पञ्चपुरी नगरपालिका | सुर्खेत | ०.००१४३६ |
| कर्णाली | ६१००९ | चौकुने गाउँपालिका | सुर्खेत | ०.००१३५५ |

## आ. आर्थिक वर्ष २०८०/८१ का लागि प्रदेश सरकार र स्थानीय सरकारबीच प्राकृतिक स्रोतबाट प्राप्त हुने थप रोयल्टी बाँडफाँटको सम्बन्धमा मिति २०८०/१०/०३ मा नेपाल सरकारलाई गरिएको सिफारिस

### क. पृष्ठभूमि

नेपालको संविधानको धारा २५० बमोजिम गठित राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई राज्यमा उपलब्ध हुने प्राकृतिक एवम् वित्तीय स्रोतको संघ, प्रदेश र स्थानीय सरकारबीचमा समन्यायिक ढंगले परिचालन, बाँडफाँट र वितरण गर्नका लागि सिफारिस गर्ने जिम्मेवारी प्रदान गरिएको छ। यसै सन्दर्भमा तीनै तहका सरकारले प्राकृतिक स्रोतको परिचालन वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरण गर्नका लागि त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रुपमा प्रभावित क्षेत्र र स्थानीय समुदायलाई वितरण गर्नुपर्ने हुन्छ। सरकारका तीन तहबीच प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँटका लागि सिफारिस गर्ने, प्राकृतिक स्रोतको परिचालन गर्दा लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने र प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा उठ्न सक्ने सम्भावित विवाद निवारण गर्न समन्वयात्मक रुपमा काम गर्न सुझाव दिने एवम् प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्ने जिम्मेवारी समेत आयोगको रहेको छ।

आयोगले सिफारिस गर्ने विभिन्न किसिमका वित्तीय हस्तान्तरणहरू मध्ये प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टी बाँडफाँट पनि एक हो। विश्वका अधिकांश मुलुकहरूले प्राकृतिक स्रोतको अवस्थिति, प्राकृतिक स्रोतहरूले ओगट्ने क्षेत्रफल, प्राकृतिक स्रोतको परिचालनबाट पर्ने प्रभाव, प्राकृतिक स्रोतको परिचालनबाट प्रभावित जनसङ्ख्या जस्ता विषयहरूको अध्ययन तथा विश्लेषण गरी प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टी तहगत सरकारकाबीच बाँडफाँट र वितरण गर्ने प्रचलन रहेको छ।

प्राकृतिक स्रोतबाट प्राप्त लाभको बाँडफाँट र वितरण गर्दा प्राकृतिक स्रोत उपर राष्ट्रिय स्वामित्व कायम हुनुपर्ने, जुन स्थानमा प्राकृतिक स्रोत छ उक्त स्थानका समुदायलाई सो स्रोतको परिचालनबाट बढी लाभ उपलब्ध गराउनुपर्ने तथा प्राकृतिक स्रोतको उपयोगबाट वातावरणीय जोखिमको व्यवस्थापनमा लाग्ने लागतको विवेकपूर्ण बाँडफाँट गरिनुपर्ने हुन्छ। आयोगले प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँटको सिफारिस गर्दा दिगो विकासको सिद्धान्त (Principle of Sustainable Development), पूर्वसावधानीको सिद्धान्त (Precautionary Principle), सार्वजनिक विश्वासको सिद्धान्त (Public Trust Doctrine), प्रदूषकले दायित्व बहन गर्ने सिद्धान्त (Polluter's Pay Principle), प्राकृतिक स्रोत माथिको सार्वभौम अधिकारको सिद्धान्त (Principle of Sovereignty Over Natural Resources) र लाभको समन्यायिक बाँडफाँटको सिद्धान्त (Principle of Equitable Sharing of Benefit) का मर्मलाई आत्मसात गरेको छ।

प्राकृतिक स्रोत माथिको सार्वभौम अधिकार मुलुकभरिको हुने र सोही मान्यताका आधारमा प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त लाभको हिस्सा मुलुकभर बाँडफाँट र वितरण गर्नु पर्दछ भन्ने आम धारणा रहेको पाइन्छ। सोही अनुसार प्राकृतिक स्रोतको परिचालन र बाँडफाँट सम्बन्धी विद्यमान संवैधानिक तथा कानूनी प्रावधान अनुरुप आयोगले प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टी बाँडफाँट सम्बन्धी सिफारिस गरेको छ। यसै सन्दर्भमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को उपदफा २ मा पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको ५० प्रतिशत हिस्सा नेपाल सरकारलाई, २५ प्रतिशत हिस्सा सम्बन्धित प्रदेशलाई र २५ प्रतिशत हिस्सा सम्बन्धित स्थानीय सरकारलाई बाँडफाँट गर्नुपर्ने व्यवस्था भए अनुरूप आयोगले आगामी आर्थिक वर्ष २०७९/८० का लागि पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज पदार्थबाट प्राप्त हुने रोयल्टीको प्रदेश र स्थानीय सरकारबीच बाँडफाँट गर्ने आधार र हिस्सा निर्धारण गरी नेपाल सरकारलाई सिफारिस गरेको छ। पानी तथा अन्य प्राकृतिक

स्रोतबाट प्राप्त हुने रोयल्टी सङ्कलन सम्बन्धी कानूनको अभावले सिफारिसमा समावेश गर्न सकिएको छैन।

## ख. संवैधानिक तथा कानूनी व्यवस्था

### १. संवैधानिक व्यवस्था

नेपालको संविधानले प्राकृतिक स्रोतको संरक्षण, सम्वर्द्धन, उपयोग, परिचालन, बाँडफाँट तथा यसबाट प्राप्त हुने प्रतिफलको न्यायोचित वितरणको सुनिश्चितताको लागि निम्न बमोजिम व्यवस्था गरेको छः

#### अ. प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीति

नेपालको संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीतिहरूको व्यवस्था गरिएको छ। जस अनुसार राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने नीति राज्यले लिएको छ।

साथै जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने, नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने, जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिँचाइको विकास गर्ने नीति पनि अवलम्बन गरिएको छ।

यसैगरी जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्ने, वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने, प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने, वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व ब्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने नीति राज्यले अवलम्बन गर्नेछ भनी उल्लेख गरिएको छ।

#### आ. प्राकृतिक स्रोत सम्बन्धी आर्थिक अधिकार

नेपालको संविधानको धारा ५९ अनुसार संघ, प्रदेश र स्थानीय सरकारले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नु पर्नेछ। त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानून बमोजिम वितरण गर्नु पर्नेछ। संघ, प्रदेश र स्थानीय सरकारले प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा कानून बमोजिमको अंश लगानी गर्न प्राथमिकता दिनु पर्ने व्यवस्था छ।

#### इ. प्राकृतिक स्रोत सम्बन्धी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिका

संविधानको धारा २५१ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। जस अनुसार प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तयार गरी सिफारिस गर्ने, प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय सरकार तथा स्थानीय सरकारबीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने र प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित

वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्ने भूमिका आयोगको रहेको छ।

**ई. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको अधिकार**

नेपालको संविधानको अनुसूची-९ मा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा राखिएको छ।

## २. कानुनी व्यवस्था

प्राकृतिक स्रोतको परिचालन तथा बाँडफाँट सम्बन्धमा देहाय बमोजिमको कानूनी व्यवस्था रहेको छः

**अ. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४**

आयोगले प्राकृतिक स्रोतको संरक्षण र उपयोगका विषयमा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहलाई आवश्यक सुझाव दिने लगायतका व्यवस्था यस ऐनले गरेको छ।

**आ. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

यस ऐनले प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरेको छः

**(१) दफा ७ को उपदफा (१)**: नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच सङ्घीय कानून बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्नेछ।

**(२) दफा ७ को उपदफा (२)**: दफा ७ को उपदफा (१) बमोजिमको कोषमा रहेको रोयल्टीको बाँडफाँट नेपाल सरकारले अनुसूची-४ बमोजिम वार्षिक रूपमा गर्नेछ।

**(३) दफा ७ को उपदफा (३)**: दफा ७ को उपदफा (२) बमोजिम बाँडफाँट भएको रकम मध्ये नेपाल सरकारले प्राप्त गर्ने रकम सङ्घीय सञ्चित कोषमा, प्रदेशले प्राप्त गर्ने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा र स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी उपलब्ध गराइनेछ।

**(४) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४**

**प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट (प्रतिशतमा)**

| क्र.सं. | रोयल्टी शीर्षक | नेपाल सरकार | सम्बन्धित प्रदेश | सम्बन्धित स्थानीय तह |
|---|---|---|---|---|
| १ | पर्वतारोहण | ५० | २५ | २५ |
| २ | विद्युत | ५० | २५ | २५ |
| ३ | वन | ५० | २५ | २५ |
| ४ | खानी तथा खनिज | ५० | २५ | २५ |
| ५ | पानी तथा अन्य प्राकृतिक स्रोत | ५० | २५ | २५ |

**(५) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ को द्रष्टव्य १**: नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तह (सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समिति) लाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट तथा वितरण गर्नेछ।

## ग. प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटका आधार

प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा आयोगले लिएका आधारहरू देहाय बमोजिम रहेका छन्:

- प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट गर्दा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ अनुरूप प्रभावित सम्बन्धित प्रदेश र स्थानीय तहलाई प्रभावका आधारमा समन्यायिक रुपमा रोयल्टी बाँडफाँट गर्नुपर्ने व्यवस्थालाई रोयल्टी बाँडफाँटको मुख्य आधारको रुपमा लिइएको छ। प्राकृतिक स्रोत रहेका स्थानलाई विशेष प्राथमिकतामा राखी रोयल्टी बाँडफाँट गरिएको छ। परिचालित प्राकृतिक स्रोतको अवस्थिति रहेको मुख्य क्षेत्र (Main Location), मुख्य क्षेत्रसँग जोडिएको प्राकृतिक स्रोतको परिचालनबाट प्रभावित क्षेत्र (Affected Area) र परिचालित प्राकृतिक स्रोतबाट प्रभावित जनसङ्ख्या (Affected Population) लाई प्रमुख आधार मानी सो अनुरूप सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय तहका लागि रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गरिएको छ।
- प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँटका लागि आयोगबाट गरिएका अध्ययन, सरोकारवाला निकायहरू (उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, पर्यटन विभाग, विद्युत विकास विभाग, वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, खानी तथा भूगर्भ विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष, नेपाल पर्वतारोहण संघ लगायत) का पदाधिकारी एवम् प्रतिनिधिहरूका साथै सातवटै प्रदेश सरकार र केही स्थानीय सरकारहरूसँग समेत प्राकृतिक स्रोतको परिचालन एवम् रोयल्टी बाँडफाँट सम्बन्धमा छलफल एवम् अन्तर्क्रिया मार्फत राय सुझाव सङ्कलन गरी प्राप्त सुझावहरूलाई समेत समेटिएको छ।
- परिचालित प्राकृतिक स्रोत अवस्थित स्थानको तथ्याङ्क एवम् अन्य आवश्यक विवरण समेत अद्यावधिक गरी रोयल्टी बाँडफाँट सम्बन्धमा सिफारिस गरिएको छ।

## घ. प्राकृतिक स्रोतको रोयल्टीको हिस्सा बाँडफाँट सिफारिसमा प्रयोग गरिएका तथ्याङ्कको स्रोत

आर्थिक वर्ष २०८०/८१ का लागि प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टीको हिस्सा सिफारिस गर्दा प्रयोग गरिएका तथ्याङ्कको स्रोतको विवरण यसप्रकार रहेको छ।

| क्र.सं. | सूचक/तथ्याङ्क | स्रोत | प्रयोग |
|---|---|---|---|
| १. | भौगोलिक अवस्थिति | नापी विभाग र सम्बन्धित विभागहरू। | सम्बन्धित प्रदेश तथा स्थानीय सरकार। |
| २. | क्षेत्रफल | नापी विभाग र सम्बन्धित विभागहरू। | |
| ३. | जनसङ्ख्या | राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय। | |
| ४. | वनको क्षेत्रफल र अवस्थिति | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र। | |
| ५. | संरक्षित क्षेत्रका मध्यवर्ती क्षेत्रको क्षेत्रफल तथा अवस्थिति | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग। | |
| ६. | हिमालचुली र सोको आधार शिविर रहेको स्थान | पर्यटन विभाग। | |
| ७. | विद्युत गृह रहेको स्थान र प्रभावित क्षेत्र | विद्युत विकास विभाग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन। | |
| ८. | पर्वतारोहणको रोयल्टी | पर्यटन विभाग। | |
| ९. | विद्युतको अनुमानित रोयल्टी | विद्युत विकास विभाग। | |
| १०. | वन तथा संरक्षित क्षेत्रको अनुमानित रोयल्टी | वन तथा भू-संक्षरण विभाग, डिभिजन वन कार्यालयहरू, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र म.ले.नि.का.। | |

| क्र.सं. | सूचक/तथ्याङ्क | स्रोत | प्रयोग |
|---|---|---|---|
| ११. | खानी तथा खनिजको अनुमानित रोयल्टी | खानी तथा भूगर्भ विभाग | |

## ङ. प्राकृतिक स्रोतको रोयल्टीको हिस्सा बाँडफाँट गर्न लिइएका आधार र ढाँचा तथा सोको व्याख्या एवम् विश्लेषण

नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा प्राकृतिक स्रोतको रोयल्टीको अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ बमोजिम बाँडफाँट तथा वितरण गर्नुपर्ने हुन्छ। सो अनुसार पाँच प्रकारका रोयल्टी शीर्षक रहेकोमा क्रम सङ्ख्या ५ मा रहेको पानी तथा अन्य प्राकृतिक स्रोत बाहेकका ४ वटा रोयल्टी शीर्षकबाट सङ्घीय विभाज्य कोषमा सङ्कलन भएको रोयल्टी बाँडफाँट सिफारिस गर्न लिइएका आधार र ढाँचा तथा सोको व्याख्या तथा विश्लेषण यस प्रकार छ।

### १. पर्वतारोहणबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

पर्यटन ऐन, २०३५ ले पर्वतारोहणलाई नेपाली हिमश्रृङ्खलाको कुनै निश्चित चुलीमा पुग्ने उद्देश्य लिई कुनै दलले त्यस्तो चुलीको आरोहण गर्ने कार्य भनी परिभाषित गरेको छ। यसका साथै पर्वतारोहण गर्न अनुमति प्राप्त गर्ने पर्वतारोही दलले बुझाउनु पर्ने तोकिएको उचाईको हिमालचुलीका लागि तोकिएको सलामी रकमलाई पर्वतारोहण रोयल्टी मानिएको छ। नेपाल सरकारले ४१४ वटा हिमालचुलीहरू आरोहणका लागि खुला गरेको अवस्थामा चालु आर्थिक वर्ष २०७९/८० को हालसम्मको अवधिमा जम्मा ७० वटा हिमालचुलीहरूबाट आरोहण गरे बापतको रोयल्टी पर्यटन विभाग र नेपाल पर्वतारोहण संघबाट सङ्कलन भएको थियो। महालेखा नियन्त्रक कार्यालय को च.नं. ९१ मिति २०८०/०९/०१ को पत्रबाट २६ वटा हिमालचुलीको रोयल्टी बाँडफाँटका लागि सूचक (Index) उपलब्ध गरिदिन अनुरोध भई आएकोमा Panalotapa (6687m) र Pumori (7138m) हिमचुलीको समेत हिस्सा निर्धारणका लागि अनुरोध भएकोमा पर्यटन विभागबाट आरोहणका लागि खुला गरिएका हिमालको सूचीसँग उक्त हिमचुलीको नाम मेल नखाएकोले सो सम्बन्धमा विभागमा पत्राचार गरि विवरण प्राप्त गर्दा Paniyotippa(6678m) र Pumori (7131m) हिमाल हो भनी पत्र प्राप्त भएको र उक्त हिमचुलीबाट प्राप्त रोयल्टीको हिस्सा निर्धारण मिति २०७९/१२/२८ मा आयोगबाट सिफारिस भैसकेको र अन्य १४ वटा हिमचुलीको समेत सोहि मितिमा नै सिफारिस भैसकेकोले बाँकि १० वटा हिमालचुलीको हिस्सा निर्धारण गरिएको छ।

पर्वतारोहणबाट प्राप्त रोयल्टीको बाँडफाँट गर्दा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा बाँडफाँट तथा वितरण गरिने व्यवस्था भए बमोजिम प्रभावित क्षेत्रका प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने रोयल्टीको हिस्सा निर्धारण गर्न बिभिन्न सूचकहरू निर्माण गरिएको र ती सूचकहरूले बहन गर्ने भारको आधारमा सम्बन्धित प्रदेश तथा स्थानीय तहहरूले प्राप्त गर्ने रोयल्टीको हिस्सा सिफारिस गरिएको छ।

पर्वतारोहणबाट प्राप्त रोयल्टीको बाँडफाँटका लागि सम्बन्धित प्रदेश तथा स्थानीय सरकारले प्राप्त गर्ने रोयल्टीको हिस्सा निर्धारण गर्न लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या यस प्रकार रहेको छः

| क्र. सं. | आधार (सूचक) | आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशतमा) | ढाँचा (जम्मा भार प्रतिशतमा) |
|---|---|---|---|
| क. | भौगोलिक अवस्थिति | | ४०% |
| | अ. हिमालचुली रहेको स्थानीय तह | ६०% | |
| | आ. हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह | ४०% | |
| ख. | आधार शिविर रहेको स्थानीय तह | | १० % |
| ग. | प्रभावित क्षेत्रको क्षेत्रफल | | २५ % |
| | अ. हिमालचुली रहेको स्थानीय तह | ६०% | |
| | आ. हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह | ४०% | |
| घ. | प्रभावित क्षेत्रको जनसङ्ख्या | | २५% |
| | अ. हिमालचुली रहेको स्थानीय तह | ६०% | |
| | आ. हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह | ४०% | |
| | | **जम्मा** | **१००%** |

- **भौगोलिक अवस्थितिः** हिमालचुली रहेको स्थानीय तह र हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहलाई समेटी पर्वतारोहणबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारणका लागि एउटा मुख्य आधारको रुपमा भौगोलिक अवस्थितिलाई लिईएको छ। भौगोलिक अवस्थितिलाई एकमुष्ट रुपमा ४० प्रतिशत भार दिई सो भारलाई शत प्रतिशत मानी हिमालचुली रहेको स्थानीय तहलाई ६० प्रतिशत भार र सो स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूलाई ४० प्रतिशत भार दिई मापन गरिएको छ। प्रभावित मुख्य स्थानको रुपमा रहेको सम्बन्धित भौगोलिक अवस्थितिलाई बिशेष महत्व दिई हिमालचुली रहेको स्थानीय तहलाई अधिक भार दिइएको छ।
- **आधार शिविर रहेको स्थानीय तहः** पर्यटन ऐन, २०३५ ले सम्बन्धित पर्वत आरोहण गर्न प्रयोगमा ल्याइने मालसामान, खाद्य सामग्री, औषधि आदि राखी अग्रीम शिविरलाई आवश्यक पर्ने त्यस्ता मालसामान आपूर्ति गर्न वा पर्वतारोहण सम्बन्धी कुराको निर्देशन दिन खडा गरिएको पर्वतारोहण सम्बन्धी खास प्रविधि विना पुग्न सकिने सवभन्दा तल्लो उचाईमा रहेको शिविरलाई आधार शिविर भनी परिभाषित गरेको छ। हिमालचुली एक वा सो भन्दा बढी स्थानीय तहहरूमा फैलिएको हुन्छ। तर पर्वतारोहण गर्ने क्रममा आधार शिविर रहेको स्थानीय तहमा आरोहण सम्बन्धी विभिन्न क्रियाकलापहरू हुने र सोबाट उक्त तहमा बढी असर पर्ने हुँदा आधार शिविर रहेको स्थानीय तहलाई एउटा सूचकको रूपमा लिइएको छ। यसर्थ पर्वतारोहणबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा आधार शिविरलाई १० प्रतिशत भार दिईएको छ।
- **प्रभावित क्षेत्रको क्षेत्रफलः** हिमालचुली रहेको स्थानीय तह र हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूलाई पर्वतारोहणबाट प्रभावित क्षेत्रको रूपमा लिइएको छ। पर्वतारोहणबाट प्रभावित क्षेत्रको क्षेत्रफलको लागि हिमालचुली रहेको सम्बन्धित तहलाई मुख्य प्रभाव क्षेत्र मानी सो स्थानीय तहको क्षेत्रफललाई मुख्य आधारको रूपमा लिई बढी भार दिइएको छ। त्यस्तै हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका अन्य स्थानीय तहहरूलाई कम प्रभावित क्षेत्र मानी सोही बमोजिम भार प्रदान गरिएको छ। यसै प्रयोजनार्थ पर्वतारोहणबाट प्राप्त रोयल्टीको बाँडफाँटको हिस्सा निर्धारण गर्दा प्रभावित क्षेत्रको क्षेत्रफललाई २५ प्रतिशत भार दिईएको छ। जसको ६० प्रतिशत हिमालचुली रहेको स्थानीय तह र ४० प्रतिशत हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूको क्षेत्रफलको अनुपातका आधारमा भार प्रदान गरिएको छ।

- **प्रभावित क्षेत्रको जनसङ्ख्याः** हिमालचुली आरोहणको क्रममा सो आरोहण सम्बन्धी क्रियाकलापबाट वातावरणमा पर्ने प्रभावका कारण त्यहाँ अवस्थित जनसङ्ख्या प्रत्यक्ष रूपमा प्रभावित हुने गर्दछ। प्रभावित क्षेत्रको प्रभाव मूल्याङ्कनका आधारमा हिमालचुली रहेको तहलाई नै मुख्य प्रभावित क्षेत्र मानी सो तहमा रहेको जनसङ्ख्यालाई बढी प्रभावित र सो तहसँग जोडिएका वरिपरिका स्थानीय तहहरूलाई कम प्रभावित क्षेत्रको रूपमा मूल्याङ्कनमा समावेश गरिएको छ। यस प्रयोजनका लागि प्रभावित क्षेत्रको जनसङ्ख्यालाई एउटा आधार मानी २५ प्रतिशत भार दिईएको छ। उक्त भारलाई शत प्रतिशत मानी सो को ६० प्रतिशत हिमालचुली रहेको स्थानीय तह र ४० प्रतिशत हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूको जनसङ्ख्याको अनुपातका आधारमाभार प्रदान गरिएको छ।

## २. विद्युतबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

नेपालको संविधानमा जलविद्युतलाई तिनै तहको साझा अधिकार सूचीका साथै संघ, प्रदेश र स्थानीय तहको अलग अलग अधिकार सूचीमा समेत राखिएको छ। महालेखा नियन्त्रक कार्यालय को च.नं. ९१ मिति २०८०/०९/०१ को पत्र बमोजिम १८ वटा आयोजनाहरूको रोयल्टी बाँडफाँटका लागि सूचक (Index) उपलब्ध गरिदिन अनुरोध भई आएकोमा १४ वटा आयोजनाहरूको मिति २०७९/१२/२८ मा नै सिफारिस भैसकेको र बाँकि ४ वटा आयोजनाहरूको हिस्सा निर्धारण गरिएको छ। विद्युत ऐन, २०४९ मा अनुमतिपत्र प्राप्त व्यक्तिले जलविद्युतको व्यापारिक उत्पादन शुरु गरेपछि नेपाल सरकारलाई रोयल्टी बुझाउनु पर्ने व्यवस्था रहेकोछ भने विद्युत विकास विभागबाट उक्त रोयल्टी सङ्कलन हुँदै आइरहेको छ।

विद्युतबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्न विद्युत आयोजनाको भौगोलिक अवस्थिति, प्रभावित स्थानीय तहको क्षेत्रफल र जनसङ्ख्यालाई मुख्य सूचकहरूको रुपमा लिईएको छ। विद्युत रोयल्टी बाँडफाँटको हिस्सा निर्धारणका लागि लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या देहाय बमोजिम रहेको छः

| क्र. सं. | आधार (सूचक) | आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशतमा) | ढाँचा (जम्मा भार प्रतिशतमा) |
|---|---|---|---|
| क. | भौगोलिक अवस्थिति | | ५०% |
| | अ. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको क्षेत्र) | ५०% | |
| | आ. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित क्षेत्र) | ३०% | |
| | इ. वरिपरिको क्षेत्र (आयोजनास्थल वरपरको उपल्लो र तल्लो तटीय क्षेत्र) | २०% | |
| ख. | प्रभावित स्थानीय तहको क्षेत्रफल | | २५% |
| | अ. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको क्षेत्र) | ५०% | |
| | आ. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित क्षेत्र) | ३०% | |
| | इ. वरिपरिको क्षेत्र (आयोजनास्थल वरपरको उपल्लो र तल्लो तटीय क्षेत्र) | २०% | |
| ग. | प्रभावित क्षेत्र (स्थानीय तह) को जनसङ्ख्या | | २५% |
| | अ. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको क्षेत्र) | ५०% | |
| | आ. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित क्षेत्र) | ३०% | |
| | इ. वरिपरिको क्षेत्र (आयोजनास्थल वरपरको उपल्लो र तल्लो तटीय क्षेत्र) | २०% | |
| | | **जम्मा** | **१००%** |

*नोटः माथि उल्लिखित क्षेत्र मूल्याङ्कन गर्दा सम्बन्धित स्थानीय तहको वडाहरूको आधारमा गरिएको छ।*

- **भौगोलिक अवस्थितिः** भौगोलिक अवस्थितिभित्र आयोजनाको सम्पूर्ण भौतिक पूर्वाधारहरू, सुख्खा क्षेत्र र तल्लो एवम् उपल्लो तटीय क्षेत्र पर्दछ। विद्युत आयोजना निर्माणबाट उपल्लो तटीय क्षेत्रमा बाँधको कारण घरजग्गा डुवानमा परी स्थानीयवासीहरू विस्थापित हुने अवस्था समेत सिर्जना हुन्छ भने तल्लो तटीय क्षेत्रमा जनताले युगौंदेखि प्रयोग गरिरहेको पानीको स्रोत घट्न गई सुख्खा क्षेत्रमा बृद्धि, वालीनालीको उत्पादनमा ह्रास, पानी घट्ट माछापालन तथा तरकारी खेती जस्ता जीविकोपार्जनका गतिविधिबाट विस्थापन हुन सक्ने समस्याको सामना गर्नुपर्ने अवस्था सिर्जना हुन सक्दछ। विद्युतका भौतिक संरचनाहरू निर्माण गर्दा, खोलाको बहावलाई परिवर्तन गर्दा आयोजना क्षेत्रभित्र पर्यावरणमा समेत नकारात्मक प्रभाव पर्ने गरेको पाईन्छ। तसर्थ विद्युत आयोजनाबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्दा अत्यन्तै महत्वपूर्ण रहेको भौगोलिक अवस्थितिलाई ५० प्रतिशत भार दिई त्यसलाई शत प्रतिशत मानी त्यसको उपसूचकको रुपमा मुख्य क्षेत्रलाई ५० प्रतिशत, प्रभावित क्षेत्रलाई ३० प्रतिशत र वरिपरिको क्षेत्रलाई २० प्रतिशत भार दिई हिस्सा निर्धारण गरिएको छ।

भौगोलिक अवस्थिति अन्तर्गतका उपसूचकहरूको व्याख्या देहाय बमोजिम रहेको छः

**(अ) मुख्य क्षेत्रः** मुख्य क्षेत्रमा जलविद्युत आयोजनाका भौतिक संरचनाहरू निर्माण भएका स्थानीय तहका सम्बन्धित वडाहरू पर्दछन्। जलाशययुक्त आयोजना तथा पिकिङ्ग रन अफ द रिभर (Peaking Run of the River) आयोजना र रन अफ द रिभर (Run of the River) आयोजनाको प्रकृतिका आधारमा मुख्य क्षेत्र देहाय बमोजिम राखिएको छ।

**(१) जलाशययुक्त आयोजना तथा पिकिङ्ग रन अफ द रिभर आयोजनाः** जलाशयले छोएका सम्पूर्ण वडाहरू तथा विद्युत गृहमा पानी लैजानका लागि बनेका भौतिक संरचनाहरू (बाँध, ईन्टेक, डिस्याण्डिङ्ग वेसिन, नहर, पाईप वा सुरुङ्ग), विद्युत गृह र टेलरेस (Tailrace) ले छोएका सम्पूर्ण वडाहरूलाई मुख्य क्षेत्रको रूपमा लिईएको छ।

**(२) रन अफ द रिभर आयोजनाः** विद्युत गृहमा पानी लैजानका लागि बनेका भौतिक संरचनाहरू (ईन्टेक, डिस्याण्डिङ्ग वेसिन, नहर, पाईप वा सुरुङ्ग), विद्युत गृह र टेलरेसले छोएका सम्पूर्ण वडाहरूलाई मुख्य क्षेत्रको रूपमा लिईएको छ।

**(आ) प्रभावित क्षेत्रः** प्रभावित क्षेत्र भित्र आयोजनाका कारण नदी वा खोलाको प्राकृतिक वहाव घट्न गई सुख्खा क्षेत्र सिर्जना हुन सक्ने स्थानीयतहका सम्बन्धित वडाहरू पर्दछन्। यस किसिमका प्रभावित क्षेत्रमा एकै वेसिन (जुन खोला वा नदीबाट आयोजनाको लागि पानी लिई विद्युत उत्पादन पश्चात् सोही खोला वा नदीमा पानी मिसाइएको हुन्छ) र अन्तरवेसीन (एक खोला वा नदीबाट आयोजनाको लागि पानी लिई विद्युत उत्पादन पश्चात् अर्को खोला वा नदीमा पानी मिसाइएको हुन्छ) आयोजनाका हकमा देहाय बमोजिमको आधार लिई मापन गरिएको छ।

(१) एकै वेसीन प्रकृतिका जलविद्युत आयोजनाका सम्बन्धमा बाँधदेखि विद्युत गृहसम्म नदीका वारी र पारी किनारामा जोडिने वडाहरू प्रभावित क्षेत्र (सुख्खा क्षेत्र) को रूपमा गणना गरिएको छ।

(२) अन्तरवेसीन प्रकृतिका जलविद्युत आयोजनाको हकमा बाँधदेखि तल सो भन्दा ठुलो नदी जोडिने स्थानसम्मका नदीका वारी र पारी किनाराका वडाहरू प्रभावित क्षेत्र (सुख्खा क्षेत्र) को रूपमा लिईएको छ।

**(इ) वरिपरिका क्षेत्र (उपल्लो र तल्लो तटीय क्षेत्र)ः** वरिपरिको क्षेत्र भित्र आयोजनाको सम्बन्धित नदी किनारामा मुख्य क्षेत्रसँग जोडिएको उपल्लो र तल्लो तटीय क्षेत्रलाई लिईएको छ।

(१) उपल्लो तटीय क्षेत्रमा जलाशययुक्त आयोजना तथा पिकिङ्ग रन अफ द रिभर आयोजनाका हकमा जलाशयले छोएका वडाहरूसंग जोडिने नदी किनारका वारीपारीका वडाहरूलाई लिईएको छ।

(२) तल्लो तटीय क्षेत्रमा आयोजनाको टेलरेस भन्दा पारिपट्टिको वडा र टेलरेसले छोएको भन्दा तल्लो वडालाई लिईएको छ।

- **प्रभावित स्थानीय तहको क्षेत्रफलः** विद्युत आयोजनाको निर्माण तथा सञ्चालन हुँदा उक्त आयोजनाले पारेको प्रभाव स्थानीय तहको निश्चित भूगोलको क्षेत्रफलमा रहेको बस्ती, कृषिजन्य भूमि र वातावरणमा पर्ने भएको हुँदा स्थानीय तहको क्षेत्रफलको आधारमा विद्युतबाट प्राप्त रोयल्टी बाँडफाँट गर्दा समन्यायिक हुने देखिन्छ। आयोजनाबाट प्रभावित क्षेत्रफलको तथ्याङ्क लिँदा स्थानीय तहको वडालाई प्रभावित मानिएको हुँदा प्रभाव आधारको मूल्याङ्कन बढी स्पष्ट र वस्तुनिष्ट हुने अपेक्षा गरिएको छ। यस सूचकको लागि प्रभाव मूल्याङ्कन गर्ने प्रयोजनार्थ प्रभावित स्थानीय तहको क्षेत्रफललाई २५ प्रतिशत भार दिई त्यसलाई शत प्रतिशत मानी त्यसको उपसूचकको रूपमा मुख्य क्षेत्रलाई ५० प्रतिशत, प्रभावित क्षेत्रलाई ३० प्रतिशत र वरिपरिको क्षेत्रलाई २० प्रतिशत भार दिई क्षेत्रफलको अनुपातको आधारमा हिस्सा निर्धारण गरिएको छ।
- **प्रभावित स्थानीय तहको जनसङ्ख्याः** जलविद्युत आयोजनाको भौतिक, आर्थिक, सामाजिक र वातावरणीय प्रभावबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सम्बन्धित स्थानीय तहका जनताहरू प्रभावित भएका हुन्छन्। सोबाट कति जनसङ्ख्या प्रभावित भएका हुन् त्यसको आधारमा प्रभावको मूल्याङ्कन गरी रोयल्टीको हिस्सा बाँडफाँट गर्न उपयुक्त हुने हुँदा प्राभावित तहको वडाको जनसङ्ख्यालाई २५ प्रतिशत भार दिई त्यसलाई शत प्रतिशत मानी त्यसको उपसूचकको रूपमा मुख्य क्षेत्रलाई ५० प्रतिशत, प्रभावित क्षेत्रलाई ३० प्रतिशत र वरिपरिको क्षेत्रलाई २० प्रतिशत भार दिई जनसङ्ख्याको अनुपातको आधारमा हिस्सा निर्धारण गरिएको छ।।

## ३. वनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

नेपालको संविधानको अनुसूची-७ मा अन्तरप्रादेशिक रुपमा फैलिएको जंगल, वन संरक्षण क्षेत्र संघ र प्रदेशको साझा अधिकारको सूची र अनुसूची-९ मा वन, जंगल, पर्यावरण तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेको छ। वन क्षेत्रको रोयल्टी राष्ट्रिय वन र संरक्षित क्षेत्रबाट प्राप्त हुने गर्दछ। यसै सन्दर्भमा राष्ट्रिय वनलाई सरकारद्धारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन र धार्मिक वनको रुपमा व्यवस्थापन गर्ने उद्देश्यले वर्गीकरण गरिएको छ। साथै नीजि, सार्वजनिक र शहरी वनको प्रवर्द्धन गर्दै वन्यजन्तु, वातावरण, जलाधार, जैविक विविधताको संरक्षण सम्वर्द्धन तथा सदुपयोग गरी राष्ट्रिय सम्बृद्धिमा योगदान गर्ने वन नीति रहेको छ भने संरक्षित क्षेत्र अन्तरगत राष्ट्रिय निकुञ्जको व्यवस्थापन, वन्यजन्तु र यसको वासस्थानको संरक्षण, शिकारमा नियन्त्रण र प्राकृतिक सौन्दर्यको दृष्टिकोणबाट विशेष महत्व राख्ने ठाँउहरूको संरक्षण, सम्वर्द्धन, विकास तथा उचित व्यवस्थापन र उपयोग गरी जनताको सदाचार र सुविधा कायम राख्दै प्रकृतिको संरक्षण सम्बर्द्धन र दिगो विकास गर्ने नीति रहेको छ। संविधानतः राष्ट्रिय वनको परिचालन तथा व्यवस्थापन प्रदेश सरकार र संरक्षित क्षेत्रको सञ्चालन एवम् व्यवस्थापन नेपाल सरकारबाट हुने व्यवस्था रहेको छ। प्राकृतिक स्रोतको परिचालन गर्दा राष्ट्रिय वनबाट प्राप्त हुने रोयल्टी प्रदेश सरकार र संरक्षित क्षेत्रबाट प्राप्त हुने रोयल्टी संघ सरकारबाट सङ्कलन भई सङ्घीय बिभाज्य कोषमा जम्मा हुँदै आईरहेको छ। राष्ट्रिय वन र संरक्षित क्षेत्रबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट वनको प्रकृति अनुसार गर्नुपर्ने हुँदा यसका लागि छुट्टाछुट्टै सूचकहरू निर्माण गरी रोयल्टीको हिस्सा बाँडफाँटको सिफारिस गरिएको थियो। महालेखा नियन्त्रक कार्यालय को च.न. ९१ मिति २०८०/०९/०१ को पत्र बमोजिम १ वटा संरक्षण क्षेत्रको रोयल्टी बाँडफाँटका लागि सूचक (Index) उपलब्ध गरिदिन अनुरोध भई आएकोमा मिति २०७९/१२/२८ मा नै उक्त संरक्षण क्षेत्रको रोयल्टीको हिस्सा बाँडफाँटको सिफारिस भैसकेको छ।

## ४. खानी तथा खनिजबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

खानी तथा खनीज पदार्थ ऐन, २०४२ मा जमीनको सतह वा भूगर्भ भित्र पाइने पेट्रोलियम र ग्याँस पदार्थ बाहेक कुनै निश्चित भौतिक गुण तथा तत्त्वको रासायनिक सम्मीश्रणयुक्त अप्राङ्गारिक पदार्थलाई खनिज पदार्थ भनी परिभाषित गरिएको छ। उक्त ऐनले भौगर्भिक प्रक्रियाबाट बनेको ठोस पदार्थलाई मात्र खनिजको वर्गमा राखेको छ। त्यसैगरी नेपालभित्र निजी वा सरकारी स्वामित्वमा रहेको जुनसुकै जमीनको सतह वा भूगर्भभित्र रहेको वा पाईएको सम्पूर्ण खनिज पदार्थ नेपाल सरकारको सम्पत्ति हुने र अनुमति प्राप्त व्यक्तिले खनिज पदार्थको प्रकार, गुणस्तर र परिमाणको आधारमा तोकिएको दरमा रोयल्टी बुझाउनु पर्ने व्यवस्था गरेको छ।

नेपालमा खनिज पदार्थका सम्बन्धमा सरकारी तथा निजी दुवै स्तरबाट खोजतलास, उत्खनन्, उत्पादन, शुद्धीकरण, प्रशोधन, ढुवानी, संचय वा बिक्री वितरण गर्ने कार्य हुँदै आएको छ। खानी तथा भू-गर्भ विभागबाट हालसम्म चुनढुंगा, कोइला, खरी, शिसा, मार्वल, रातोमाटो लगायत विभिन्न १७ प्रकारका खनिजहरू उत्खनन् कार्यका लागि १४६ अनुमतिपत्र जारी गरिएका मध्ये आर्थिक वर्ष २०७९/८० को अवधिमा ५६ वटा खानीबाट ७ प्रकारका खनिज पदार्थ उत्खनन् हुदै आएको थियो। श्री महालेखा नियन्त्रक कार्यालय को च.न. ९१ मिति २०८०/०९/०१ को पत्र बमोजिम ११ वटा अनुमतिपत्रहरूको रोयल्टी बाँडफाँटका लागि सूचक (Index) उपलब्ध गरिदिन अनुरोध भई आएकोमा ४ वटा खानी अनुमतिपत्रहरूको मिति २०७९/१२/२८ मा नै सिफारिस भैसकेको र बाँकि ७ वटा मा दुईवटा एकै खानी अनुमतिपत्र भएकोले जम्मा ५ वटा खानी अनुमतिपत्रहरूको हिस्सा निर्धारण गरिएको छ।

खानी तथा खनिजबाट प्राप्त रोयल्टीको बाँडफाँट गर्दा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ बमोजिम आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा नेपाल सरकारले रोयल्टी बाँडफाँट तथा वितरण गर्ने व्यवस्था भए बमोजिम प्रभावित क्षेत्रका प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने रोयल्टीको हिस्सा निर्धारण गर्न विभिन्न सूचकहरू तयार गरिएको छ। ती सूचकहरूलाई प्रदान गरिएको भारको आधारमा सम्बन्धित प्रदेश तथा स्थानीय तहले खानी तथा खनिजबाट प्राप्त गर्ने रोयल्टीको हिस्सा सिफारिस गरिएको छ।

खानी तथा खनिजबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारणका लागि लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या यसप्रकार रहेको छः

| क. सं. | आधार (सूचक) | आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशतमा) | ढाँचा (जम्मा भार प्रतिशतमा) |
|---|---|---|---|
| क. | भौगोलिक अवस्थिति<br>अ. खानी उत्खनन क्षेत्र रहेको स्थानीय तह (Quarry Area)<br>आ. खानी उत्खननका लागि अनुमति दिईएको खनिज क्षेत्र (Lease Area) | <br>६०%<br>४०% | ५०% |
| ख. | प्रभावित क्षेत्रको क्षेत्रफल (Affected Area) | | ३०% |
| ग. | प्रभावित जनसङ्ख्या (Affected Population) | | २०% |
| | | **जम्मा** | **१००%** |

- **भौगोलिक अवस्थितिः** खानी तथा खनिजबाट प्राप्त हुने रोयल्टी बाँडफाँट गर्दा खनिज क्षेत्रको भौगोलिक अवस्थितिलाई प्रमुख आधारको रूपमा लिई यसलाई ५० प्रतिशत भार दिइएको छ। खानी तथा भूगर्भ विभागबाट खानी उत्खनन् अनुमतिपत्र उपलब्ध गराउँदा खनिज पदार्थ उत्खनन् कार्य गर्नका लागि खनिज क्षेत्रको चार किल्ला छुट्याईएको हुन्छ। अनुमतिपत्रमा खानी सम्बन्धी सम्पूर्ण कार्य गर्नको लागि अनुमति प्रदान गरिएको खनिज क्षेत्र

(Lease Area) र सो भित्र खनिज पदार्थ उत्खनन् गर्नका लागि उत्खनन् क्षेत्र (Quarry Area) तोकिएको हुन्छ। उत्खनन् क्षेत्र (Quarry Area) बाट खनिज पदार्थ उत्खनन् गर्ने कार्य गर्दा सो क्षेत्रमा त्यसको प्रभाव बढी पर्ने हुँदा भौगोलिक अवस्थितिलाई दिईएको ५० प्रतिशत भारलाई शत प्रतिशत मानी सो मध्ये ६० प्रतिशत भार खनिज पदार्थ उत्खनन् गर्नका लागि तोकिएको उत्खनन् क्षेत्रलाई प्रदान गरिएको छ। त्यसैगरी उत्खनन् अनुमति प्रदान भएको खनिज क्षेत्रमा सो खनिज पदार्थ उत्खनन् अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले भोग चलन गर्ने र त्यस क्षेत्रमा रहेको खनिज पदार्थ अन्य व्यक्ति वा संस्थाले उत्खनन् गर्न नपाउने हुँदा त्यहाँबाट प्राप्त हुने प्रतिफलबाट सम्बन्धित स्थानीय तह बञ्चित हुने भएकोले खनिज उत्खनन् अनुमति दिइएको खनिज क्षेत्र (Lease Area) को अवस्थितिलाई पनि आधार लिइएको छ। तर उत्खनन् अनुमति दिइएको सम्पूर्ण खनिज क्षेत्र (Lease Area) मा उत्खनन् कार्य नहुने र सोको प्रभाव समेत कम हुने भएकोले यसलाई ४० प्रतिशत भार प्रदान गरिएको छ।

- **प्रभावित क्षेत्रको क्षेत्रफलः** खानी तथा भूगर्भ विभागले खानी उत्खनन् अनुमतिपत्र प्रदान गर्दा चार किल्ला तोकेर खनिज पदार्थको उत्खनन् अनुमति दिएको हुन्छ। अनुमति दिएको खनिज क्षेत्र (Lease Area) मा पर्ने सम्बन्धित स्थानीय तहको वडाको क्षेत्रफलको अनुपातलाई प्रभावित क्षेत्रको क्षेत्रफलको रूपमा लिइएको छ। खनिज पदार्थ उत्खनन् गर्नका लागि तोकिएको उत्खनन् क्षेत्र (Quarry Area) अनुमति प्रदान गरिएको खनिज क्षेत्र भित्र पर्ने भएकोले खनिज क्षेत्र (Lease Area) को क्षेत्रफललाई मात्र सूचकमा राखिएको छ। तसर्थ खानी तथा खनिजबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा प्रभावित क्षेत्रको क्षेत्रफलको अनुपातलाई ३० प्रतिशत भार दिई गणना गरिएको छ।
- **प्रभावित जनसङ्ख्याः** खानी तथा खनिज पदार्थको उत्खनन् कार्यबाट प्रभावित हुने सम्बन्धित स्थानीय तहको जनसङ्ख्यालाई एउटा सूचकको रूपमा लिई खानी तथा खनिजबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गरिएको छ। प्रभावित जनसङ्ख्याको मूल्याङ्कन गर्दा उत्खनन् अनुमति दिइएको खनिज क्षेत्र (Lease Area) रहेको स्थानीय तहको वडाको जनसङ्ख्याको अनुपातलाई आधार लिईएको छ। यस प्रयोजनका लागि कुल भार मध्येमा प्रभावित जनसङ्ख्यालाई २० प्रतिशत भार दिई मूल्याङ्कन गरिएको छ।

## च. प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट सिफारिस

सम्बन्धित प्राकृतिक स्रोत परिचालनमा जिम्मेवार स्रोतगत निकायहरूले प्राकृतिक स्रोत परिचालनबाट प्राप्त हुने रोयल्टी सङ्कलन गरी महालेखा नियन्त्रक कार्यालयले व्यवस्थापन गरेको सङ्घीय विभाज्य कोषमा दाखिला गरेका हुन्छन्। सो विवरणका आधारमा आयोगको बाँडफाँट सिफारिस बमोजिमको रोयल्टीको हिस्साबाट निर्धारित रकम नेपाल सरकारको निर्णयानुसार महालेखा नियन्त्रक कार्यालयबाट सम्बन्धित प्रदेश तथा स्थानीय सरकारको सञ्चित कोषमा जम्मा हुने गर्दछ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था अनुसार आयोगले विस्तृत आधार र ढाँचा तय गरी सम्बन्धित प्रदेश सरकार तथा सम्बन्धित स्थानीय तहलाई प्रभावको अनुपातमा रोयल्टी बाँडफाँटको हिस्सा सिफारिस गर्दछ।

सम्बन्धित प्रदेश तथा सम्बन्धित स्थानीय सरकारहरूलाई आयोगबाट सिफारिस गरिएको रोयल्टीको हिस्साका आधारमा रोयल्टी वितरण गर्ने समयमा आर्थिक वर्ष २०७९/८० को वास्तविक सङ्कलित रोयल्टीले सम्बन्धित प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको हिस्सालाई गुणन (हिस्सा × सङ्कलित रोयल्टी = बाँडफाँट गरिने रोयल्टी) गरी हुन आउने रकम सम्बन्धित प्रदेश तथा स्थानीय सरकारलाई नेपाल सरकारले वितरण गर्नुपर्नेछ।

*द्रष्टव्यः*

1. *आर्थिक वर्ष २०७९/८० मा प्राकृतिक स्रोतको रोयल्टीबाट सङ्घीय विभाज्य कोषमा जम्मा भएको कुल रोयल्टी मध्ये आगामी आर्थिक वर्ष २०८०/८१ का लागि कानून बमोजिम ५० प्रतिशत रकमको हिस्सा स्वतः नेपाल सरकारलाई जाने हुँदा बाँकी २५ प्रतिशत सम्बन्धित प्रदेशले प्राप्त गर्ने रोयल्टीको हिस्सा बाँडफाँट र २५ प्रतिशत सम्बन्धित स्थानीय सरकारले प्राप्त गर्ने गरी रोयल्टीको हिस्सा बाँडफाँट समावेश गरिएको छ।*
2. *सम्बन्धित प्रदेश तथा स्थानीय सरकारलाई आयोगबाट सिफारिस गरिएको रोयल्टीको हिस्साका आधारमा रोयल्टी वितरण गर्ने समयमा सङ्कलित रकमले रोयल्टीको हिस्सालाई गुणन (हिस्सा × सङ्कलित रोयल्टी = बाँडफाँट गरिने रोयल्टी) गरी वास्तविक रोयल्टी सम्बन्धित प्रदेश तथा स्थानीय सरकारलाई बाँडफाँट एवम् वितरण गर्नुपर्नेछ।*

## आर्थिक वर्ष २०८०/८१ मा प्रदेशबीच हुने रोयल्टीको बाँडफाँट मध्ये कर्णाली प्रदेश सरकारले प्राप्त गर्ने हिस्सा सम्बन्धी सिफारिस

### १. पर्वतारोहण

| क्र. सं. | हिमचुलिको नाम | प्रदेश | रोयल्टीको हिस्सा बाँडफाँट |
|---|---|---|---|
| १ | Changwathang (6130m) | कर्णाली प्रदेश | ०.७५५६ |
| २ | Takphu Himal (6395m) | कर्णाली प्रदेश | ०.७७०१ |

### ३. खानी तथा खनीज

| खानी क्र.सं. | उत्खनन् अनुमती पत्र | खनिज पदार्थ | प्रदेश | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|
| १ | १९७/०६८/६९ | कायनाइट जेम्स | कर्णाली | १ |
| २ | १९७/०६८/६९ | कायनाइट ईण्डस्ट्रीयल | कर्णाली | १ |
| ३ | ३/०७३/७४ | कायनाइट जेम्स | कर्णाली | १ |
| ४ | ३/०७३/७४ | कायनाइट ईण्डस्ट्रीयल | कर्णाली | १ |

## आर्थिक वर्ष २०८०/८१ मा प्रदेशबीच हुने रोयल्टीको बाँडफाँट मध्ये कर्णाली प्रदेश भित्रका स्थानीय सरकारले प्राप्त गर्ने हिस्सा सम्बन्धी सिफारिस

### १. पर्वतारोहण

| क्र. सं. | हिमचुलिको नाम | जिल्ला | स्थानीय तहको नाम | रोयल्टीको हिस्सा बाँडफाँट |
|---|---|---|---|---|
| १ | Changwathang (6130m) | हुम्ला | खार्पुनाथ | ०.११५६ |
| २ | Changwathang (6130m) | हुम्ला | सिमिकोट | ०.३१७६ |
| ३ | Changwathang (6130m) | हुम्ला | नाम्खा | ०.३२२४ |
| ४ | Takphu Himal (6395m) | हुम्ला | सिमिकोट | ०.१३०१ |
| ५ | Takphu Himal (6395m) | हुम्ला | नाम्खा | ०.६४०० |

### २. खानी तथा खनीज

| क्र.सं. | उत्खनन् अनुमती पत्र | खनिज पदार्थ | जिल्ला | स्थानीय तहको नाम | स्थानीय तहको कोड | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|---|---|
| १ | १९७/०६८/६९ | कायनाइट जेम्स | कालिकोट | शुभ कालीका गाउँपालिका | ६०५०९ | १ |
| १ | १९७/०६८/६९ | कायनाइट ईण्डस्ट्रीयल | कालिकोट | शुभ कालीका गाउँपालिका | ६०५०९ | १ |
| २ | ३/०७३/७४ | कायनाइट जेम्स | जाजरकोट | जुनीचाँदे गाउँपालिका | ६०७०३ | १ |
| २ | ३/०७३/७४ | कायनाइट ईण्डस्ट्रीयल | जाजरकोट | जुनीचाँदे गाउँपालिका | ६०७०३ | १ |

## इ. आर्थिक वर्ष २०८०/८१ मा प्राकृतिक स्रोतको परिचालनबाट सङ्कलित रोयल्टी सम्बन्धित प्रदेश सरकार तथा स्थानीय सरकारबीच बाँडफाँट गर्न सम्बन्धमा मिति २०८१/०१/२५ मा नेपाल सरकारलाई गरिएको सिफारिस

### क. पृष्ठभूमि

नेपालको संविधानको धारा २५० बमोजिम गठित राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई राज्यमा उपलब्ध हुने प्राकृतिक एवम् वित्तीय स्रोतको संघ, प्रदेश र स्थानीय सरकारबीचमा समन्यायिक ढंगले परिचालन, बाँडफाँट र वितरण गर्नका लागि सिफारिस गर्ने जिम्मेवारी प्रदान गरिएको छ। यसै सन्दर्भमा तीनै तहका सरकारले प्राकृतिक स्रोतको परिचालन वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरण गर्नका लागि त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रुपमा प्रभावित क्षेत्र र स्थानीय समुदायलाई वितरण गर्नुपर्ने हुन्छ। सरकारका तीन तहबीच प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँटका लागि सिफारिस गर्ने, प्राकृतिक स्रोतको परिचालन गर्दा लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने र प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा उठ्न सक्ने सम्भावित विवाद निवारण गर्न समन्वयात्मक रुपमा काम गर्न सुझाव दिने एवम् प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्ने जिम्मेवारी समेत आयोगको रहेको छ।

आयोगले सिफारिस गर्ने विभिन्न किसिमका वित्तीय हस्तान्तरणहरू मध्ये प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टी बाँडफाँट पनि एक हो। विश्वका अधिकांश मुलुकहरूले प्राकृतिक स्रोतको अवस्थिति, प्राकृतिक स्रोतहरूले ओगट्ने क्षेत्रफल, प्राकृतिक स्रोतको परिचालनबाट पर्ने प्रभाव, प्राकृतिक स्रोतको परिचालनबाट प्रभावित जनसङ्ख्या जस्ता विषयहरूको अध्ययन तथा विश्लेषण गरी प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टी तहगत सरकारका बीच बाँडफाँट र वितरण गर्ने प्रचलन रहेको छ।

प्राकृतिक स्रोतबाट प्राप्त लाभको बाँडफाँट र वितरण गर्दा प्राकृतिक स्रोत उपर राष्ट्रिय स्वामित्व कायम हुनुपर्ने, जुन स्थानमा प्राकृतिक स्रोत छ उक्त स्थानका समुदायलाई सो स्रोतको परिचालनबाट बढी लाभ उपलब्ध गराउनुपर्ने तथा प्राकृतिक स्रोतको उपयोगबाट वातावरणीय जोखिमको व्यवस्थापनमा लाग्ने लागतको विवेकपूर्ण बाँडफाँट गरिनुपर्ने हुन्छ। आयोगले प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँटको सिफारिस गर्दा दिगो विकासको सिद्धान्त (Principle of Sustainable Development), पूर्वसावधानीको सिद्धान्त (Precautionary Principle), सार्वजनिक विश्वासको सिद्धान्त (Public Trust Doctrine), प्रदूषकले दायित्व बहन गर्ने सिद्धान्त (Polluter's Pay Principle), प्राकृतिक स्रोत माथिको सार्वभौम अधिकारको सिद्धान्त (Principle of Sovereignty Over Natural Resources) र लाभको समन्यायिक बाँडफाँटको सिद्धान्त (Principle of Equitable Sharing of Benefit) का मर्मलाई आत्मसात गरेको छ।

प्राकृतिक स्रोत माथिको सार्वभौम अधिकार मुलुकभरिको हुने र सोही मान्यताका आधारमा प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त लाभको हिस्सा मुलुकभर बाँडफाँट र वितरण गर्नु पर्दछ भन्ने आम धारणा रहेको पाइन्छ। सोही अनुसार प्राकृतिक स्रोतको परिचालन र बाँडफाँट सम्बन्धी विद्यमान संवैधानिक तथा कानूनी प्रावधान अनुरुप आयोगले प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टी बाँडफाँट सम्बन्धी सिफारिस गरेको छ। यसै सन्दर्भमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को उपदफा २ मा पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको ५० प्रतिशत हिस्सा नेपाल सरकारलाई, २५ प्रतिशत हिस्सा सम्बन्धित प्रदेशलाई र २५ प्रतिशत हिस्सा सम्बन्धित स्थानीय सरकारलाई बाँडफाँट गर्नुपर्ने व्यवस्था भए अनुरूप आयोगले आगामी आर्थिक वर्ष २०८०/८१ मा पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज पदार्थ र दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त भएको रोयल्टी प्रदेश र स्थानीय सरकारबीच बाँडफाँट गर्ने आधार र हिस्सा निर्धारण गरी नेपाल सरकारलाई सिफारिस गरेको छ।

पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सङ्कलन सम्बन्धी कानूनको अभावले सिफारिसमा समावेश गर्न सकिएको छैन।

## ख. संवैधानिक तथा कानूनी व्यवस्था

### १. संवैधानिक व्यवस्था

नेपालको संविधानले प्राकृतिक स्रोतको संरक्षण, सम्वर्द्धन, उपयोग, परिचालन, बाँडफाँट तथा यसबाट प्राप्त हुने प्रतिफलको न्यायोचित वितरणको सुनिश्चितताको लागि निम्न बमोजिम व्यवस्था गरेको छः

#### अ. प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीति

नेपालको संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीतिहरूको व्यवस्था गरिएको छ। जस अनुसार राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने नीति राज्यले लिएको छ।

साथै जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने, नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने, जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिँचाइको विकास गर्ने नीति पनि अवलम्बन गरिएको छ।

जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्ने, वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने, प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने, वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व ब्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने नीति राज्यले अवलम्बन गर्ने समेत उल्लेख छ।

#### आ. प्राकृतिक स्रोत सम्बन्धी आर्थिक अधिकार

नेपालको संविधानको धारा ५९ अनुसार सङ्घ, प्रदेश र स्थानीय सरकारले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नु पर्नेछ। त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानून बमोजिम वितरण गर्नु पर्नेछ। सङ्घ, प्रदेश र स्थानीय सरकारले प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा कानून बमोजिमको अंश लगानी गर्न प्राथमिकता दिनु पर्ने व्यवस्था छ।

#### इ. प्राकृतिक स्रोत सम्बन्धी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिका

संविधानको धारा २५१ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। जस अनुसार प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तयार गरी सिफारिस गर्ने, प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय सरकार तथा स्थानीय सरकारबीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी

त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने र प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्ने भूमिका आयोगको रहेको छ।

### ई. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको अधिकार

नेपालको संविधानको अनुसूची-९ मा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा राखिएको छ।

## २. कानुनी व्यवस्था

प्राकृतिक स्रोतको परिचालन तथा बाँडफाँट सम्बन्धमा देहाय बमोजिमको कानूनी व्यवस्था रहेको छः

### अ. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

आयोगले प्राकृतिक स्रोतको संरक्षण र उपयोगका विषयमा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहलाई आवश्यक सुझाव दिने लगायतका व्यवस्था यस ऐनले गरेको छ।

### आ. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

यस ऐनले प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरेको छः

**(१) दफा ७ को उपदफा (१)**: नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच सङ्घीय कानून बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्नेछ।

**(२) दफा ७ को उपदफा (२)**: दफा ७ को उपदफा (१) बमोजिमको कोषमा रहेको रोयल्टीको बाँडफाँट नेपाल सरकारले अनुसूची-४ बमोजिम वार्षिक रूपमा गर्नेछ।

**(३) दफा ७ को उपदफा (३)**: दफा ७ को उपदफा (२) बमोजिम बाँडफाँट भएको रकम मध्ये नेपाल सरकारले प्राप्त गर्ने रकम सङ्घीय सञ्चित कोषमा, प्रदेशले प्राप्त गर्ने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा र स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी उपलब्ध गराइनेछ।

**(४) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४**

**प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट (प्रतिशतमा)**

| क्र.सं. | रोयल्टी शीर्षक | नेपाल सरकार | सम्बन्धित प्रदेश | सम्बन्धित स्थानीय तह |
|---|---|---|---|---|
| १ | पर्वतारोहण | ५० | २५ | २५ |
| २ | विद्युत | ५० | २५ | २५ |
| ३ | वन | ५० | २५ | २५ |
| ४ | खानी तथा खनिज | ५० | २५ | २५ |
| ५ | पानी तथा अन्य प्राकृतिक स्रोत | ५० | २५ | २५ |

**(५) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ को द्रष्टव्य १**: नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तह (सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समिति) लाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट तथा वितरण गर्नेछ।

## ग. प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटका आधार

प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा आयोगले लिएका आधारहरू देहाय बमोजिम रहेका छन्ः

- प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट गर्दा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ अनुरूप प्रभावित सम्बन्धित प्रदेश र स्थानीय तहलाई प्रभावका आधारमा समन्यायिक रूपमा रोयल्टी बाँडफाँट गर्नुपर्ने व्यवस्थालाई रोयल्टी बाँडफाँटको मुख्य आधारको रूपमा लिइएको छ। प्राकृतिक स्रोत रहेका स्थानलाई विशेष प्राथमिकतामा राखी रोयल्टी बाँडफाँट गरिएको छ। परिचालित प्राकृतिक स्रोतको अवस्थिति रहेको मुख्य क्षेत्र (Main Location), मुख्य क्षेत्रसँग जोडिएको प्राकृतिक स्रोतको परिचालनबाट प्रभावित क्षेत्र (Affected Area) र परिचालित प्राकृतिक स्रोतबाट प्रभावित जनसङ्ख्या (Affected Population) लाई प्रमुख आधार मानी सो अनुरूप सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय तहका लागि रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गरिएको छ।
- प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँटका लागि आयोगबाट गरिएका अध्ययन, सरोकारवाला निकायहरू (उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, पर्यटन विभाग, विद्युत विकास विभाग, वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, खानी तथा भूगर्भ विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष, नेपाल पर्वतारोहण सङ्घ लगायत) का पदाधिकारी एवम् प्रतिनिधिहरूका साथै सातवटै प्रदेश सरकार र केही स्थानीय तहहरूसँग समेत प्राकृतिक स्रोतको परिचालन एवम् रोयल्टी बाँडफाँट सम्बन्धमा छलफल एवम् अन्तर्क्रिया मार्फत राय सुझाव सङ्कलन गरी प्राप्त सुझावहरूलाई समेत समेटिएको छ।
- परिचालित प्राकृतिक स्रोत अवस्थित स्थानको तथ्याङ्क एवम् अन्य आवश्यक विवरण समेत अद्यावधिक गरी रोयल्टी बाँडफाँट सम्बन्धमा सिफारिस गरिएको छ।

## घ. प्राकृतिक स्रोतको रोयल्टीको हिस्सा बाँडफाँट सिफारिसमा प्रयोग गरिएका तथ्याङ्कको स्रोत

आर्थिक वर्ष २०८०/८१ मा प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त भएको रोयल्टीको हिस्सा सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई बाँडफाँट गरी नेपाल सरकारलाई सिफारिस गर्दा प्रयोग गरिएका तथ्याङ्कको स्रोतको विवरण यसप्रकार रहेको छ।

| क्र.सं. | सूचक/तथ्याङ्क | स्रोत | प्रयोग |
|---|---|---|---|
| १. | भौगोलिक अवस्थिति | नापी विभाग र सम्बन्धित विभागहरू | सम्बन्धित प्रदेश तथा स्थानीय सरकार। |
| २. | क्षेत्रफल | • नापी विभाग र सम्बन्धित विभागहरू<br>• गाँउपालिका नगरपालिका तथा विषेश संरक्षित क्षेत्रको सङ्ख्या तथा सीमा निर्धारण आयोगको प्रतिवेदन<br>• अध्ययन कार्यदल (२०७५) ले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रयोजनको लागि तयार गरिएको अध्ययन प्रतिवेदन | |
| ३. | जनसङ्ख्या | राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय | |
| ४. | वनको क्षेत्रफल र अवस्थिति | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | |
| ५. | संरक्षित क्षेत्रका मध्यवर्ती क्षेत्रको क्षेत्रफल तथा अवस्थिति | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | |

| क्र.सं. | सूचक/तथ्याङ्क | स्रोत | प्रयोग |
|---|---|---|---|
| ६. | हिमालचुली र सोको आधार शिविर रहेको स्थान | पर्यटन विभाग | |
| ७. | विद्युत गृह रहेको स्थान र प्रभावित क्षेत्र | विद्युत विकास विभाग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन | |
| ८. | पर्वतारोहणको अनुमानित रोयल्टी | पर्यटन विभाग | |
| ९. | विद्युतको अनुमानित रोयल्टी | विद्युत विकास विभाग | |
| १०. | वन तथा संरक्षित क्षेत्रको अनुमानित रोयल्टी | वन तथा भू-संक्षरण विभाग, डिभिजन वन कार्यालयहरू, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र म.ले.नि.का. | |
| ११. | खानी तथा खनिजको अनुमानित रोयल्टी | खानी तथा भूगर्भ विभाग | |
| १२ | दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीको अनुमानित रोयल्टी | नेपाल दूरसञ्चार प्राधिकरण | |
| १३ | प्रदेश तथा स्थानीय तह रहेको BTS-Tower को सङ्ख्या | नेपाल दूरसञ्चार प्राधिकरण | |
| १४ | प्रदेश तथा स्थानीय तहमा रहेका मोबाईल प्रयोग गर्ने परिवारको सङ्ख्या | राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय | |

## ङ. प्राकृतिक स्रोतको रोयल्टीको हिस्सा बाँडफाँट गर्न लिइएका आधार र ढाँचा तथा सोको व्याख्या एवम् विष्लेषण

नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा प्राकृतिक स्रोतको रोयल्टीको अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ बमोजिम बाँडफाँट तथा वितरण गर्नुपर्ने हुन्छ। सो अनुसार पाँच प्रकारका रोयल्टी शीर्षक रहेकोमा क्रम सङ्ख्या ५ मा रहेको पानी तथा अन्य प्राकृतिक स्रोत बाहेकका ४ वटा रोयल्टी शीर्षकबाट सङ्घीय विभाज्य कोषमा सङ्कलन भएको रोयल्टी बाँडफाँट सिफारिस गर्न लिइएका आधार र ढाँचा तथा सोको व्याख्या तथा विष्लेषण यस प्रकार छ।

### १. पर्वतारोहणबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

पर्यटन ऐन, २०३५ ले पर्वतारोहणलाई नेपाली हिमश्रृङ्खलाको कुनै निश्चित चूलीमा पुग्ने उद्देश्य लिई कुनै दलले त्यस्तो चूलीको आरोहण गर्ने कार्य भनी परिभाषित गरेको छ। यसका साथै पर्वतारोहण गर्न अनुमति प्राप्त गर्ने पर्वतारोही दलले बुझाउनु पर्ने तोकिएको उचाईको हिमालचुलीका लागि तोकिएको सलामी रकमलाई पर्वतारोहण रोयल्टी मानिएको छ। नेपाल सरकारले ४१४ वटा हिमालचुलीहरू आरोहणका लागि खुला गरेको अवस्थामा चालु आर्थिक वर्ष २०७९/८० को हालसम्मको अवधिमा जम्मा ७० वटा हिमालचुलीहरूबाट आरोहण गरे बापतको रोयल्टी पर्यटन विभाग र नेपाल पर्वतारोहण सङ्घबाट सङ्कलन भएको छ।

पर्वतारोहणबाट प्राप्त रोयल्टीको बाँडफाँट गर्दा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा बाँडफाँट तथा वितरण गरिने व्यवस्था भए बमोजिम प्रभावित क्षेत्रका प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने रोयल्टीको हिस्सा निर्धारण गर्न बिभिन्न सूचकहरू निर्माण गरिएको र ती सूचकहरूले बहन गर्ने भारको आधारमा सम्बन्धित प्रदेश तथा स्थानीय तहहरूले प्राप्त गर्ने रोयल्टीको हिस्सा सिफारिस गरिएको छ।

पर्वतारोहणबाट प्राप्त रोयल्टीको बाँडफाँटका लागि सम्बन्धित प्रदेश तथा स्थानीय तहहरूले प्राप्त गर्ने रोयल्टीको हिस्सा

निर्धारण गर्न लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या यस प्रकार रहेको छः

| क्र. सं. | आधार (सूचक) | आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशतमा) | ढाँचा (जम्मा भार प्रतिशतमा) |
|---|---|---|---|
| क. | भौगोलिक अवस्थिति<br>अ. हिमालचुली रहेको स्थानीय तह<br>आ. हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह | <br>६०%<br>४०% | ४०% |
| ख. | आधार शिविर रहेको स्थानीय तह | | १० % |
| ग. | प्रभावित क्षेत्रको क्षेत्रफल<br>अ. हिमालचुली रहेको स्थानीय तह<br>आ. हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह | <br>६०%<br>४०% | २५ % |
| घ. | प्रभावित क्षेत्रको जनसङ्ख्या<br>अ. हिमालचुली रहेको स्थानीय तह<br>आ. हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह | <br>६०%<br>४०% | २५% |
| | | **जम्मा** | **१००%** |

- **भौगोलिक अवस्थितिः** हिमालचुली रहेको स्थानीय तह र हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहलाई समेटी पर्वतारोहणबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारणका लागि एउटा मुख्य आधारको रूपमा भौगोलिक अवस्थितिलाई लिईएको छ। भौगोलिक अवस्थितिलाई एकमुष्ट रूपमा ४० प्रतिशत भार दिई सो भारलाई शत प्रतिशत मानी हिमालचुली रहेको स्थानीय तहलाई ६० प्रतिशत भार र सो स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूलाई ४० प्रतिशत भार दिई मापन गरिएको छ। प्रभावित मुख्य स्थानको रूपमा रहेको सम्बन्धित भौगोलिक अवस्थितिलाई बिशेष महत्व दिई हिमालचुली रहेको स्थानीय तहलाई अधिक भार दिइएको छ।
- **आधार शिविर रहेको स्थानीय तहः** पर्यटन ऐन, २०३५ ले सम्बन्धित पर्वत आरोहण गर्न प्रयोगमा ल्याइने मालसामान, खाद्य सामग्री, औषधि आदि राखी अग्रीम शिविरलाई आवश्यक पर्ने त्यस्ता मालसामान आपूर्ति गर्न वा पर्वतारोहण सम्बन्धी कुराको निर्देशन दिन खडा गरिएको पर्वतारोहण सम्बन्धी खास प्रविधि विना पुग्न सकिने सवभन्दा तल्लो उचाईमा रहेको शिविरलाई आधार शिविर भनी परिभाषित गरेको छ। हिमालचुली एक वा सो भन्दा बढी स्थानीय तहहरूमा फैलिएको हुन्छ। तर पर्वतारोहण गर्ने क्रममा आधार शिविर रहेको स्थानीय तहमा आरोहण सम्बन्धी विभिन्न क्रियाकलापहरू हुने र सोबाट उक्त तहमा बढी असर पर्ने हुँदा आधार शिविर रहेको स्थानीय तहलाई एउटा सूचकको रूपमा लिइएको छ। यसर्थ पर्वतारोहणबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा आधार शिविरलाई १० प्रतिशत भार दिईएको छ।
- **प्रभावित क्षेत्रको क्षेत्रफलः** हिमालचुली रहेको स्थानीय तह र हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूलाई पर्वतारोहणबाट प्रभावित क्षेत्रको रूपमा लिइएको छ। पर्वतारोहणबाट प्रभावित क्षेत्रको क्षेत्रफलको लागि हिमालचुली रहेको सम्बन्धित तहलाई मुख्य प्रभाव क्षेत्र मानी सो स्थानीय तहको क्षेत्रफललाई मुख्य आधारको रूपमा लिई बढी भार दिइएको छ। त्यस्तै हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका अन्य स्थानीय तहहरूलाई कम प्रभावित क्षेत्र मानी सोही बमोजिम भार प्रदान गरिएको छ। यसै प्रयोजनार्थ पर्वतारोहणबाट प्राप्त रोयल्टीको बाँडफाँटको हिस्सा निर्धारण गर्दा प्रभावित क्षेत्रको क्षेत्रफललाई २५ प्रतिशत भार दिईएको छ। जसको ६० प्रतिशत हिमालचुली रहेको स्थानीय तह र ४० प्रतिशत हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूको क्षेत्रफलको अनुपातका आधारमा भार प्रदान गरिएको छ।

- **प्रभावित क्षेत्रको जनसङ्ख्याः** हिमालचुली आरोहणको क्रममा सो आरोहण सम्बन्धी क्रियाकलापबाट वातावरणमा पर्ने प्रभावका कारण त्यहाँ अवस्थित जनसङ्ख्या प्रत्यक्ष रूपमा प्रभावित हुने गर्दछ। प्रभावित क्षेत्रको प्रभाव मूल्याङ्कनका आधारमा हिमालचुली रहेको तहलाई नै मुख्य प्रभावित क्षेत्र मानी सो तहमा रहेको जनसङ्ख्यालाई बढी प्रभावित र सो तहसँग जोडिएका वरिपरिका स्थानीय तहहरूलाई कम प्रभावित क्षेत्रको रूपमा मूल्याङ्कनमा समावेश गरिएको छ। यस प्रयोजनका लागि प्रभावित क्षेत्रको जनसङ्ख्यालाई एउटा आधार मानी २५ प्रतिशत भार दिईएको छ। उक्त भारलाई शत प्रतिशत मानी सो को ६० प्रतिशत हिमालचुली रहेको स्थानीय तह र ४० प्रतिशत हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूको जनसङ्ख्याको अनुपातका आधारमाभार प्रदान गरिएको छ।

## २. विद्युतबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

नेपालको संविधानमा जलविद्युतलाई तिनै तहको साझा अधिकार सूचीका साथै सङ्घ, प्रदेश र स्थानीय तहको अलग अलग अधिकार सूचीमा समेत राखिएको छ। हाल निजी क्षेत्र र नेपाल विद्युत प्राधिकरणले निर्माण गरेका १ मेगावाट क्षमता भन्दा ठूला १४७ वटा आयोजनाहरू सञ्चालनमा रहेका छन्। विद्युत ऐन, २०४९ मा अनुमतिपत्र प्राप्त व्यक्तिले जलविद्युतको व्यापारिक उत्पादन सुरु गरेपछि नेपाल सरकारलाई रोयल्टी बुझाउनु पर्ने व्यवस्था रहेको छ भने विद्युत विकास विभागबाट उक्त रोयल्टीको रकम सङ्कलन हुँदै आइरहेको छ।

विद्युतबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्न विद्युत आयोजनाको भौगोलिक अवस्थिति, प्रभावित स्थानीय तहको क्षेत्रफल र जनसङ्ख्यालाई मुख्य सूचकहरूको रूपमा लिईएको छ। विद्युत रोयल्टी बाँडफाँटको हिस्सा निर्धारणका लागि लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या देहाय वमोजिम रहेको छः

| क्र. सं. | आधार (सूचक) | आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशतमा) | ढाँचा (जम्मा भार प्रतिशतमा) |
|---|---|---|---|
| क. | भौगोलिक अवस्थिति | | ५०% |
| | अ. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको क्षेत्र) | ५०% | |
| | आ. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित क्षेत्र) | ३०% | |
| | इ. वरिपरिको क्षेत्र (आयोजनास्थल वरपरको उपल्लो र तल्लो तटीय क्षेत्र) | २०% | |
| ख. | प्रभावित क्षेत्रको क्षेत्रफल | | २५% |
| | अ. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको क्षेत्र) | ५०% | |
| | आ. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित क्षेत्र) | ३०% | |
| | इ. वरिपरिको क्षेत्र (आयोजनास्थल वरपरको उपल्लो र तल्लो तटीय क्षेत्र) | २०% | |
| ग. | प्रभावित क्षेत्रको जनसङ्ख्या | | २५% |
| | अ. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको क्षेत्र) | ५०% | |
| | आ. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित क्षेत्र) | ३०% | |
| | इ. वरिपरिको क्षेत्र (आयोजनास्थल वरपरको उपल्लो र तल्लो तटीय क्षेत्र) | २०% | |
| | | **जम्मा** | **१००%** |

*नोटः माथि उल्लिखित क्षेत्र मूल्याङ्कन गर्दा सम्बन्धित स्थानीय तहको वडाहरूको आधारमा गरिएको छ।*

- **भौगोलिक अवस्थितिः** भौगोलिक अवस्थितिभित्र आयोजनाको सम्पूर्ण भौतिक पूर्वाधारहरू, सुख्खा क्षेत्र र तल्लो एवम् उपल्लो तटीय क्षेत्र पर्दछ। विद्युत आयोजना निर्माणबाट उपल्लो तटीय क्षेत्रमा बाँधको कारण घरजग्गा डुवानमा परी स्थानीयवासीहरू विस्थापित हुने अवस्था समेत सिर्जना हुन्छ भने तल्लो तटीय क्षेत्रमा जनताले युगौंदेखि प्रयोग

गरिरहेको पानीको स्रोत घट्न गई सुख्खा क्षेत्रमा बृद्धि, वालीनालीको उत्पादनमा ह्रास, पानी घट्ट माछापालन तथा तरकारी खेती जस्ता जीविकोपार्जनका गतिविधिबाट विस्थापन हुन सक्ने समस्याको सामना गर्नुपर्ने अवस्था सिर्जना हुन सक्दछ। विद्युतका भौतिक संरचनाहरू निर्माण गर्दा, खोलाको बहावलाई परिवर्तन गर्दा आयोजना क्षेत्रभित्र पर्यावरणमा समेत नकारात्मक प्रभाव पर्ने गरेको पाईन्छ। तसर्थ विद्युत आयोजनाबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्दा अत्यन्तै महत्वपूर्ण रहेको भौगोलिक अवस्थितिलाई ५० प्रतिशत भार दिई त्यसलाई शत प्रतिशत मानी त्यसको उपसूचकको रुपमा मुख्य क्षेत्रलाई ५० प्रतिशत, प्रभावित क्षेत्रलाई ३० प्रतिशत र वरिपरिको क्षेत्रलाई २० प्रतिशत भार दिई हिस्सा निर्धारण गरिएको छ। भौगोलिक अवस्थिति अन्तर्गतका उपसूचकहरूको व्याख्या देहाय बमोजिम रहेको छः

**(अ) मुख्य क्षेत्रः** मुख्य क्षेत्रमा जलविद्युत आयोजनाका भौतिक संरचनाहरू निर्माण भएका स्थानीय तहका सम्बन्धित वडाहरू पर्दछन्। जलाशययुक्त आयोजना तथा पिकिङ्ग रन अफ द रिभर (Peaking Run of the River) आयोजना र रन अफ द रिभर (Run of the River) आयोजनाको प्रकृतिका आधारमा मुख्य क्षेत्र देहाय बमोजिम राखिएको छ।

**(१) जलाशययुक्त आयोजना तथा पिकिङ्ग रन अफ द रिभर आयोजनाः** जलाशयले छोएका सम्पूर्ण वडाहरू तथा विद्युत गृहमा पानी लैजानका लागि बनेका भौतिक संरचनाहरू (बाँध, ईन्टेक, डिस्याण्डिङ्ग वेसिन, नहर, पाईप वा सुरुङ्ग), विद्युत गृह र टेलरेस (Tailrace) ले छोएका सम्पूर्ण वडाहरूलाई मुख्य क्षेत्रको रूपमा लिईएको छ।

**(२) रन अफ द रिभर आयोजनाः** विद्युत गृहमा पानी लैजानका लागि बनेका भौतिक संरचनाहरू (ईन्टेक, डिस्याण्डिङ्ग वेसिन, नहर, पाईप वा सुरुङ्ग), विद्युत गृह र टेलरेसले छोएका सम्पूर्ण वडाहरूलाई मुख्य क्षेत्रको रूपमा लिईएको छ।

**(आ) प्रभावित क्षेत्रः** प्रभावित क्षेत्र भित्र आयोजनाका कारण नदी वा खोलाको प्राकृतिक वहाव घट्न गई सुख्खा क्षेत्र सिर्जना हुन सक्ने स्थानीयतहका सम्बन्धित वडाहरू पर्दछन्। यस किसिमका प्रभावित क्षेत्रमा एकै वेसिन (जुन खोला वा नदीबाट आयोजनाको लागि पानी लिई विद्युत उत्पादन पश्चात् सोही खोला वा नदीमा पानी मिसाइएको हुन्छ) र अन्तरवेसीन (एक खोला वा नदीबाट आयोजनाको लागि पानी लिई विद्युत उत्पादन पश्चात् अर्को खोला वा नदीमा पानी मिसाइएको हुन्छ) आयोजनाका हकमा देहाय बमोजिमको आधार लिई मापन गरिएको छ।

(१) एकै वेसीन प्रकृतिका जलविद्युत आयोजनाका सम्बन्धमा बाँधदेखि विद्युत गृहसम्म नदीका वारी र पारी किनारामा जोडिने वडाहरू प्रभावित क्षेत्र (सुख्खा क्षेत्र) को रूपमा गणना गरिएको छ।

(२) अन्तरवेसीन प्रकृतिका जलविद्युत आयोजनाको हकमा बाँधदेखि तल सो भन्दा ठुलो नदी जोडिने स्थानसम्मका नदीका वारी र पारी किनाराका वडाहरू प्रभावित क्षेत्र (सुख्खा क्षेत्र) को रूपमा लिईएको छ।

**(इ) वरिपरिका क्षेत्र (उपल्लो र तल्लो तटीय क्षेत्र)ः** वरिपरिको क्षेत्र भित्र आयोजनाको सम्बन्धित नदी किनारामा मुख्य क्षेत्रसँग जोडिएको उपल्लो र तल्लो तटीय क्षेत्रलाई लिईएको छ।

(१) उपल्लो तटीय क्षेत्रमा जलाशययुक्त आयोजना तथा पिकिङ्ग रन अफ द रिभर आयोजनाका हकमा जलाशयले छोएका वडाहरूसंग जोडिने नदी किनारका वारीपारीका वडाहरूलाई लिईएको छ।

(२) तल्लो तटीय क्षेत्रमा आयोजनाको टेलरेस भन्दा पारिपट्टिको वडा र टेलरेसले छोएको भन्दा तल्लो वडालाई लिईएको छ।

- **प्रभावित क्षेत्रको क्षेत्रफलः** विद्युत आयोजनाको निर्माण तथा सञ्चालन हुँदा उक्त आयोजनाले पारेको प्रभाव स्थानीय तहको निश्चित भूगोलको क्षेत्रफलमा रहेको बस्ती, कृषिजन्य भूमि र वातावरणमा पर्ने भएको हुँदा स्थानीय तहको क्षेत्रफलको आधारमा विद्युतबाट प्राप्त रोयल्टी बाँडफाँट गर्दा समन्यायिक हुने देखिन्छ। आयोजनाबाट प्रभावित क्षेत्रफलको तथ्याङ्क लिँदा स्थानीय तहको वडालाई प्रभावित मानिएको हुँदा प्रभाव आधारको मूल्याङ्कन बढी स्पष्ट र वस्तुनिष्ट हुने अपेक्षा गरिएको छ। यस सूचकको लागि प्रभाव मूल्याङ्कन गर्ने प्रयोजनार्थ प्रभावित स्थानीय तहको क्षेत्रफललाई २५ प्रतिशत भार दिई त्यसलाई शत प्रतिशत मानी त्यसको उपसूचकको रुपमा मुख्य क्षेत्रलाई ५० प्रतिशत, प्रभावित क्षेत्रलाई ३० प्रतिशत र वरिपरिको क्षेत्रलाई २० प्रतिशत भार दिई क्षेत्रफलको अनुपातको आधारमा हिस्सा निर्धारण गरिएको छ।

- **प्रभावित क्षेत्रको जनसङ्ख्याः** जलविद्युत आयोजनाको भौतिक, आर्थिक, सामाजिक र वातावरणीय प्रभावबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सम्बन्धित स्थानीय तहका जनताहरू प्रभावित भएका हुन्छन्। सोबाट कति जनसङ्ख्या प्रभावित भएका हुन् त्यसको आधारमा प्रभावको मूल्याङ्कन गरी रोयल्टीको हिस्सा बाँडफाँट गर्न उपयुक्त हुने हुँदा प्रभावित तहको वडाको जनसङ्ख्यालाई २५ प्रतिशत भार दिई त्यसलाई शत प्रतिशत मानी त्यसको उपसूचकको रुपमा मुख्य क्षेत्रलाई ५० प्रतिशत, प्रभावित क्षेत्रलाई ३० प्रतिशत र वरिपरिको क्षेत्रलाई २० प्रतिशत भार दिई जनसङ्ख्याको अनुपातको आधारमा हिस्सा निर्धारण गरिएको छ।

## ३. वनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

नेपालको संविधानको अनुसूची-७ मा अन्तरप्रादेशिक रुपमा फैलिएको जंगल, वन संरक्षण क्षेत्र संघ र प्रदेशको साझा अधिकारको सूची र अनुसूची-९ मा वन, जंगल, पर्यावरण तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेको छ। वन क्षेत्रको रोयल्टी राष्ट्रिय वन र संरक्षित क्षेत्रबाट प्राप्त हुने गर्दछ। यसै सन्दर्भमा राष्ट्रिय वनलाई सरकारद्धारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन र धार्मिक वनको रुपमा व्यवस्थापन गर्ने उद्देश्यले वर्गीकरण गरिएको छ। साथै निजी, सार्वजनिक र शहरी वनको प्रवर्द्धन गर्दै वन्यजन्तु, वातावरण, जलाधार, जैविक विविधताको संरक्षण सम्वर्द्धन तथा सदुपयोग गरी राष्ट्रिय सम्बृद्धिमा योगदान गर्ने राष्ट्रिय वन नीति रहेको छ। संरक्षित क्षेत्र अन्तरगत राष्ट्रिय निकुञ्जको व्यवस्थापन, वन्यजन्तु र यसको वासस्थानको संरक्षण, शिकारमा नियन्त्रण र प्राकृतिक सौन्दर्यको दृष्टिकोणबाट विशेष महत्व राख्ने ठाँउहरूको संरक्षण, सम्वर्द्धन, विकास तथा उचित व्यवस्थापन र उपयोग गरी जनताको सदाचार र सुविधा कायम राख्दै प्रकृतिको संरक्षण सम्बर्द्धन र दिगो विकास गर्ने नीति रहेको छ। संविधानतः राष्ट्रिय वनको परिचालन तथा व्यवस्थापन प्रदेश सरकार र संरक्षित क्षेत्रको सञ्चालन एवम् व्यवस्थापन नेपाल सरकारबाट हुने व्यवस्था रहेको छ। प्राकृतिक स्रोतको परिचालन गर्दा राष्ट्रिय वनबाट प्राप्त हुने रोयल्टी प्रदेश सरकार र संरक्षित क्षेत्रबाट प्राप्त हुने रोयल्टी संघ सरकारबाट सङ्कलन भई सङ्घीय बिभाज्य कोषमा जम्मा हुँदै आईरहेको छ। राष्ट्रिय वन र संरक्षित क्षेत्रबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट वनको प्रकृति अनुसार गर्नुपर्ने हुँदा यसका लागि छुट्टाछुट्टै सूचकहरू निर्माण गरी रोयल्टीको हिस्सा बाँडफाँटको सिफारिस गरिएको छ।

### अ. राष्ट्रिय वनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

वन ऐन, २०७६ मा प्रदेश भित्रको राष्ट्रिय वन तथा अन्तरप्रादेशिक राष्ट्रिय वनलाई परिभाषित गरिएको छ। राष्ट्रिय वनको व्यवस्थापन गर्ने सन्दर्भमा सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, धार्मिक वन र कबुलियती वनको रुपमा व्यवस्थापन हुँदै आइरहेको छ भने सोको व्यवस्थापन र परिचालन प्रदेश सरकारबाट गर्ने व्यवस्था रहेको छ।

राष्ट्रिय वनबाट प्राप्त हुने रोयल्टी सम्वन्धी तथ्याङ्क प्रदेश तथा प्रदेश अन्तरगतका डिभिजन वन कार्यालयहरू, वन तथा भू-

संरक्षण विभाग र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट प्राप्त हुँदै आएको छ। यसरी प्राप्त तथ्याङ्क बमोजिम राष्ट्रिय वनको रोयल्टीको हिस्सा बाँडफाँटका लागि लिइएका आधारहरू, भार र सोको व्याख्या निम्नानुसार रहेको छः

| क.सं. | आधार (सूचक) | ढाँचा (प्रतिशतमा) |
|---|---|---|
| क. | वनको अवस्थिति (वन रहेको स्थानीय तह) | २०% |
| ख. | वनको क्षेत्रफल (स्थानीय तहमा रहेको वनको क्षेत्रफल) | ४०% |
| ग. | स्थानीय तहको जनसङ्ख्या | २०% |
| घ. | वनमा आश्रित जनसङ्ख्या | १०% |
| ङ. | वनको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता | १०% |
| | **जम्मा** | **१००%** |

- **वनको अवस्थितिः** वनको अवस्थितिले कुनै स्थानीय तहमा वन क्षेत्र रहेको वा नरहेको स्थितिलाई जनाउँदछ। वनको भौगोलिक अवस्थितिबाट वन वरिपरि रहेका कृषि बाली घरपालुवा जनावर तथा स्थानीयवासीलाई प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पर्ने हुँदा वनको अवस्थितिलाई एउटा महत्वपूर्ण आधारको रुपमा लिई कुल भारको २० प्रतिशत भार दिई रोयल्टीको हिस्सा बाँडफाँट गरिएको छ।

- **वनको क्षेत्रफलः** स्थानीय तहमा रहेको वनको संरक्षण, व्यवस्थापन र वातावरणीय एवम् पारिस्थितिक प्रणालीलाई संरक्षण र प्रवर्द्धन गर्नुपर्ने हुँदा स्थानीय तहले पाउने रोयल्टीको हिस्सा निर्धारण गर्दा वनको क्षेत्रफललाई प्रमुख आधार मानी ४० प्रतिशत भार दिईएको छ।

- **स्थानीय तहको जनसङ्ख्याः** वनको व्यवस्थापन, संरक्षण तथा उपयोगमा स्थानीयवासीहरूको महत्वपूर्ण योगदान हुने र वनको स्रोत परिचालनबाट सम्बन्धित तथा वरपरका स्थानका जनतालाई प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पर्ने हुँदा रोयल्टी बाँडफाँटको सिफारिस गर्दा सम्बन्धित स्थानीय तहको जनसङ्ख्यालाई अर्को आधारको रुपमा लिई यसलाई २० प्रतिशत भार दिईएको छ।

- **वनमा आश्रित जनसङ्ख्याः** वन ऐन, २०७६ को दफा २६ बमोजिम डिभिजन वन कार्यालयले गरिवीको रेखामुनी रहेका जनताको गरिवी न्यूनिकरणका लागि कार्ययोजना वनाई वनको संरक्षण र विकास हुने गरी आय आर्जन हुने कार्यक्रम सञ्चालन गरी जीविकोपार्जन गर्न त्यस्ता जनताको समूहलाई कबुलियती वनको रुपमा राष्ट्रिय वनको कुनै भाग उपलब्ध गराउने व्यवस्था रहेको छ। त्यस्ता कबुलियती वन समूहहरू ४४ जिल्लामा रहेको देखिन्छ। उक्त समूहहरूले डिभिजन वन कार्यालयहरूमा दर्ता भई स्वीकृत कार्ययोजना बमोजिम वनको संरक्षण, व्यवस्थापन र आय आर्जनका कार्यक्रमहरू कबुलियती वनमा सञ्चालन गर्दै आएका छन। कवुलियती वन कार्यक्रमबाट हैसियत बिग्रेको वनको सुधार, गरिवीको रेखामुनीका समुदायको आर्थिक र सामाजिक अवस्थामा समेत सुधार ल्याउने हुँदा वनमा आश्रित जनसङ्ख्यालाई सूचकको रुपमा लिइ कुल भारको १० प्रतिशत भार प्रदान गरिएको छ।

- **वनको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिताः** वन तथा संरक्षित क्षेत्रको संरक्षण, व्यवस्थापन, उपयोग, सदुपयोग, वातावरण एवम् जैविक विविधता संरक्षण तथा दिगो व्यवस्थापन र सो कार्यमा संलग्न क्षमता अभिवृद्धि लगायतमा टेवा पुग्ने कार्यक्रमहरू सञ्चालन गर्न सम्बन्धित स्थानीय तहले पुर्याएको योगदानलाई आधार मानी वनको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता सूचकलाई १० प्रतिशत भार दिईएको छ। यस सूचक सम्बन्धी तथ्याङ्क सम्बन्धित निकायबाट प्राप्त नभएको हुँदा सबै स्थानीय तह तथा प्रदेशलाई समान अंक प्रदान गरिएको छ।

**आ. संरक्षित क्षेत्रबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट**

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम राष्ट्रिय निकुञ्जको व्यवस्थापन, वन्यजन्तु र वासस्थानको संरक्षण,

शिकारमा नियन्त्रण र प्राकृतिक सौन्दर्यको दृष्टिकोणबाट विशेष महत्व राख्ने ठाँउहरूको संरक्षण, सम्वर्द्धन, विकास तथा उचित व्यवस्थापन र उपयोग गरी जनताको सदाचार र सुविधा कायम राख्दै प्रकृतिको संरक्षण प्रवर्द्धन गर्नका लागि संरक्षित क्षेत्र अन्तरगत राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्रहरू र मध्यवर्ती क्षेत्र (Buffer Zone) स्थापना भएका छन्। संरक्षित क्षेत्रको संरक्षणको राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वलाई मध्यनजर गर्दै संरक्षण क्षेत्रलाई विभिन्न किसिमबाट देहाय बमोजिम बर्गीकरण गरी व्यवस्थापन गरिएको छः

- "राष्ट्रिय निकुञ्ज" भन्नाले प्राकृतिक वातावरणको साथै वन्यजन्तु, वनस्पति र भू-दृश्यको संरक्षण, व्यवस्थापन र उपयोगको लागि छुट्याइएको क्षेत्र।
- "संनियमित प्राकृतिक आरक्ष" भन्नाले वैज्ञानिक अध्ययनको निमित्त छुट्याइएको, पारिस्थिकीय महत्वको वा अन्यथा महत्व राख्ने क्षेत्र।
- "वन्यजन्तु आरक्ष" भन्नाले वन्यजन्तु सम्पदा र तिनीहरूको वासस्थानको संरक्षण तथा व्यवस्था गर्न छुट्याइएको क्षेत्र।
- "शिकार आरक्ष" भन्नाले शिकारीहरूलाई शिकार गर्न दिनको निमित्त वन्यजन्तु सम्पदाको व्यवस्थापनको लागि छुट्याइएको क्षेत्रलाई सम्झनु पर्छ।
- "संरक्षण क्षेत्र" भन्नाले प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक स्रोतको सन्तुलित उपयोगको लागि एकीकृत योजना अनुसार व्यवस्थापन गरिने क्षेत्र।
- "मध्यवर्ती क्षेत्र" (Buffer Zone) भन्नाले स्थानीय जनताहरूलाई नियमित रुपले वन पैदावार उपभोग गर्न पाउने सहुलियत प्रदान गर्नको लागि राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरिको तोकिएको क्षेत्र।

हाल नेपालमा जम्मा २० वटा संरक्षित क्षेत्रहरू रहेका छन्, जसमध्ये १२ वटा राष्ट्रिय निकुञ्ज, एक वटा वन्यजन्तु आरक्ष, एक वटा शिकार आरक्ष र ६ वटा संरक्षण क्षेत्रहरू रहेका छन्। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष अन्तर्गत १३ वटा मध्यवर्ती क्षेत्र तोकिएको छ। मध्यवर्ती क्षेत्र व्यवस्थापनमा सम्वद्ध समुदायको प्रत्यक्ष संलग्नतामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष व्यवस्थापन गरिएको छ। यसबाट निकुञ्ज तथा वन्यजन्तु आरक्ष, शिकार आरक्ष र संरक्षण क्षेत्रहरूको संरक्षण, संवर्द्धन तथा व्यवस्थापनमा सहयोग पुगेको छ।

नेपालमा उल्लेखित संरक्षित क्षेत्रहरू मध्ये संनियमित प्राकृतिक आरक्ष हाल सम्म स्थापना भएको छैन। तर विशेष गरी पर्यापर्यटन र जडिबुटी सङ्कलन लगायतका विभिन्न क्रियाकलापबाट रोयल्टी सङ्कलन हुने गरेको छ। संविधान बमोजिम उल्लेखित संरक्षित क्षेत्रहरू संघको अधिकार क्षेत्रभित्र पर्ने र संरक्षित क्षेत्रहरू कुनै पनि स्थानीय तहहरूको क्षेत्रभित्र नपरी स्थानीय तहको सीमाबाट अलग संरक्षित क्षेत्रको रूपमा रहेको हुनाले यी संरक्षित क्षेत्रहरूबाट सङ्कलित रोयल्टी बाँडफाँट गर्दा मध्यवर्ती क्षेत्र घोषणा भएका संरक्षित क्षेत्रहरूको हकमा मध्यवर्ती क्षेत्रको क्षेत्रफल र जनसङ्ख्यालाई आधार लिनुका अतिरिक्त मध्यवर्ती क्षेत्र घोषणा नभएको ढोरपाटन शिकार आरक्षको हकमा आरक्षलाई छुने वरिपरिका स्थानीय तहका वडाहरू र संरक्षण क्षेत्रहरू (अपिनप्पा, कृष्णसार, मनास्लु, अन्नपूर्ण, कन्चनजङ्घा, गौरीशंकर) भित्र पर्ने स्थानीय तहका वडाहरूलाई आधार मानी रोयल्टीको हिस्सा बाँडफाँट गरिएको छ। संरक्षित क्षेत्रको रोयल्टी बाँडफाँटका लागि लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या यसप्रकार रहेको छः

| **क्र.सं.** | **आधार (सूचक)** | **ढाँचा (प्रतिशतमा)** |
|---|---|---|
| क. | स्थानीय तहमा मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्रको अवस्थिति | १०% |
| ख. | मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्रमा पर्ने स्थानीय तहको क्षेत्रफल | ४०% |

| क्र.सं. | आधार (सूचक) | ढाँचा (प्रतिशतमा) |
|---|---|---|
| ग. | मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्रमा रहेको स्थानीय तहको जनसङ्ख्या | ३५% |
| घ. | मध्यवर्ती क्षेत्र/संरक्षित क्षेत्रको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता | १५% |
| | **जम्मा** | **१००%** |

- **स्थानीय तहमा मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्रको अवस्थितिः** संरक्षित क्षेत्रको मध्यबर्ती क्षेत्र तथा संरक्षण क्षेत्रभित्र रहेका स्थानीय तहको भूमिका उक्त क्षेत्रहरूको संरक्षण तथा व्यवस्थापनमा महत्वपूर्ण रहेको हुन्छ। तसर्थ उक्त क्षेत्रहरूबाट प्राप्त रोयल्टी बाँडफाँट गर्दा सम्बन्धित क्षेत्रभित्र रहेका मध्यबर्ती क्षेत्र तथा संरक्षण क्षेत्रले समेटेका स्थानीय तहका वडाहरूलाई ती क्षेत्रहरूको अवस्थितिको रुपमा लिई कुल भारको १० प्रतिशत भार दिइएको छ।
- **स्थानीय तहमा मध्यवर्ति क्षेत्र/संरक्षण क्षेत्रको क्षेत्रफलः** संरक्षित क्षेत्रहरूको मध्यबर्ती क्षेत्र तथा संरक्षण क्षेत्रभित्र रहेका स्थानीय तहका वडाहरूको क्षेत्रफलमा उक्त क्षेत्रहरूबाट पर्ने प्रभावलाई महत्वपूर्ण सूचकको रुपमा लिईएको छ। संरक्षित क्षेत्रबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा उक्त क्षेत्रहरूले समेटेको स्थानीय तहहरूको वडाहरूको क्षेत्रफललाई ४० प्रतिशत भार प्रदान गरिएको छ।
- **स्थानीय तहमा मध्यवर्ती क्षेत्रको जनसङ्ख्याः** संरक्षित क्षेत्रहरूको मध्यबर्ती क्षेत्र तथा संरक्षण क्षेत्रभित्र रहेका स्थानीय तहका वडाहरूमा बसोबासगर्ने वासिन्दाहरूले उक्त क्षेत्रको संरक्षण तथा व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेलेका हुन्छन्। साथै उनीहरूले उक्त क्षेत्रबाट पर्न सक्ने नकारात्मक प्रभाव समेत ब्यहोर्नु पर्ने हुन्छ। यस्तो नकारात्मक प्रभावको न्यूनीकरणका लागि संरक्षित क्षेत्रबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा उक्त क्षेत्रको वडाहरूमा बसोबास गर्ने जनसङ्ख्यालाई एक महत्वपूर्ण आधारको रुपमा लिई ३५ प्रतिशत भार प्रदान गरिएको छ।
- **संरक्षित क्षेत्रको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिताः** संरक्षित क्षेत्रहरूको मध्यबर्ती क्षेत्र तथा संरक्षण क्षेत्रको संरक्षण, व्यवस्थापन एवम् प्राकृतिक वातावरण र जैविक विविधता समेतको संरक्षण र दिगो व्यवस्थापनमा टेवा पुग्ने कार्यक्रमहरू सञ्चालन गर्न सम्बन्धित स्थानीय तहले पुर्याउने योगदानलाई अर्को एक आधारको रुपमा लिईएको छ। वन तथा संरक्षित क्षेत्रको संरक्षण, व्यवस्थापन, उपयोग, सदुपयोग, वातावरण एवम् जैविक विविधता संरक्षण तथा दिगो व्यवस्थापन र सो कार्यमा संलग्न क्षमता अभिवृद्धि लगायतमा टेवा पुग्ने कार्यक्रमहरू सञ्चालन गर्न सम्बन्धित स्थानीय तहले पुर्याएको योगदानलाई आधार मानी वनको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता सुचकलाई १५ प्रतिशत भार दिईएको छ। यस सूचक गणनाको लागि सम्बन्धित निकायबाट तथ्याङ्क प्राप्त नभएको हुँदा सबै स्थानीय तहलाई समान अंकभार दिईएको छ।

## ४. खानी तथा खनिजबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

खानी तथा खनीज पदार्थ ऐन, २०४२ मा जमिनको सतह वा भूगर्भ भित्र पाइने पेट्रोलियम र ग्याँस पदार्थ बाहेक कुनै निश्चित भौतिक गुण तथा तत्त्वको रासायनिक समिश्रणयुक्त अप्राङ्गारिक पदार्थलाई खनिज पदार्थ भनी परिभाषित गरिएको छ। उक्त ऐनले भौगर्भिक प्रक्रियाबाट बनेको ठोस पदार्थलाई मात्र खनिजको वर्गमा राखेको छ। त्यसैगरी नेपालभित्र निजी वा सरकारी स्वामित्वमा रहेको जुनसुकै जमीनको सतह वा भूगर्भभित्र रहेको वा पाईएको सम्पूर्ण खनिज पदार्थ नेपाल सरकारको सम्पत्ति हुने र अनुमति प्राप्त व्यक्तिले खनिज पदार्थको प्रकार, गुणस्तर र परिमाणको आधारमा तोकिएको दरमा रोयल्टी बुझाउनु पर्ने व्यवस्था गरेको छ।

नेपालमा खनिज पदार्थका सम्बन्धमा सरकारी तथा निजी दुवै स्तरबाट खोजतलास, उत्खनन्, उत्पादन, शुद्धीकरण, प्रशोधन,

ढुवानी, संचय वा बिक्री वितरण गर्ने कार्य हुँदै आएको छ। खानी तथा भू-गर्भ विभागबाट हालसम्म चुनढुंगा, कोइला, खरी, शिसा, मार्वल, रातोमाटो लगायत विभिन्न १७ प्रकारका खनिजहरू उत्खनन् कार्यका लागि १५९ अनुमतिपत्र जारी गरिएका मध्ये चालु आर्थिक वर्ष २०८०/८१ को हालसम्मको अवधिमा ३६ वटा खानीबाट ७ प्रकारका खनिज पदार्थ उत्खनन् हुदै आएको छ।

खानी तथा खनिजबाट प्राप्त रोयल्टीको बाँडफाँट गर्दा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ बमोजिम आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा नेपाल सरकारले रोयल्टी बाँडफाँट तथा वितरण गर्ने व्यवस्था भए बमोजिम प्रभावित क्षेत्रका प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने रोयल्टीको हिस्सा निर्धारण गर्न विभिन्न सूचकहरू तयार गरिएको छ। ती सूचकहरूलाई प्रदान गरिएको भारको आधारमा सम्बन्धित प्रदेश तथा स्थानीय तहले खानी तथा खनिजबाट प्राप्त गर्ने रोयल्टीको हिस्सा सिफारिस गरिएको छ।

खानी तथा खनिजबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारणका लागि लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या यसप्रकार रहेको छः

| क्र. सं. | आधार (सूचक) | आन्तरिक ढाँचा (उपसूचकको भार प्रतिशतमा) | ढाँचा (जम्मा भार प्रतिशतमा) |
|---|---|---|---|
| क. | भौगोलिक अवस्थिति<br>अ. खानी उत्खनन क्षेत्र रहेको स्थानीय तह (Quarry Area)<br>आ. खानी उत्खननका लागि अनुमति दिईएको खनिज क्षेत्र (Lease Area) | <br>६०%<br>४०% | ५०% |
| ख. | प्रभावित क्षेत्रको क्षेत्रफल (Affected Area) | | ३०% |
| ग. | प्रभावित जनसङ्ख्या (Affected Population) | | २०% |
| | | **जम्मा** | **१००%** |

- **भौगोलिक अवस्थितिः** खानी तथा खनिजबाट प्राप्त हुने रोयल्टी बाँडफाँट गर्दा खनिज क्षेत्रको भौगोलिक अवस्थितिलाई प्रमुख आधारको रुपमा लिई यसलाई ५० प्रतिशत भार दिइएको छ। खानी तथा भूगर्भ विभागबाट खानी उत्खनन् अनुमतिपत्र उपलब्ध गराउँदा खनिज पदार्थ उत्खनन् कार्य गर्नका लागि खनिज क्षेत्रको चार किल्ला छुट्याईएको हुन्छ। अनुमतिपत्रमा खानी सम्बन्धी सम्पूर्ण कार्य गर्नको लागि अनुमति प्रदान गरिएको खनिज क्षेत्र (Lease Area) र सो भित्र खनिज पदार्थ उत्खनन् गर्नका लागि उत्खनन् क्षेत्र (Quarry Area) तोकिएको हुन्छ। उत्खनन् क्षेत्र (Quarry Area) बाट खनिज पदार्थ उत्खनन् गर्ने कार्य गर्दा सो क्षेत्रमा त्यसको प्रभाव बढी पर्ने हुँदा भौगोलिक अवस्थितिलाई दिईएको ५० प्रतिशत भारलाई शत प्रतिशत मानी सो मध्ये ६० प्रतिशत भार खनिज पदार्थ उत्खनन् गर्नका लागि तोकिएको उत्खनन् क्षेत्रलाई प्रदान गरिएको छ। त्यसैगरी उत्खनन् अनुमति प्रदान भएको खनिज क्षेत्रमा सो खनिज पदार्थ उत्खनन् अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले भोग चलन गर्ने र त्यस क्षेत्रमा रहेको खनिज पदार्थ अन्य व्यक्ति वा संस्थाले उत्खनन् गर्न नपाउने हुँदा त्यहाँबाट प्राप्त हुने प्रतिफलबाट सम्बन्धित स्थानीय तह बञ्चित हुने भएकोले खनिज उत्खनन् अनुमति दिइएको खनिज क्षेत्र (Lease Area) को अवस्थितिलाई पनि आधार लिइएको छ। तर उत्खनन् अनुमति दिइएको सम्पूर्ण खनिज क्षेत्र (Lease Area) मा उत्खनन् कार्य नहुने र सोको प्रभाव समेत कम हुने भएकोले यसलाई ४० प्रतिशत भार प्रदान गरिएको छ।

- **प्रभावित क्षेत्रको क्षेत्रफलः** खानी तथा भूगर्भ विभागले खानी उत्खनन् अनुमतिपत्र प्रदान गर्दा चार किल्ला तोकेर खनिज पदार्थको उत्खनन् अनुमति दिएको हुन्छ। अनुमति दिइएको खनिज क्षेत्र (Lease Area) मा पर्ने सम्बन्धित स्थानीय तहको क्षेत्रको अनुपातलाई प्रभावित क्षेत्रको क्षेत्रफलको रुपमा लिइएको छ। खनिज पदार्थ उत्खनन् गर्नका लागि तोकिएको उत्खनन् क्षेत्र (Quarry Area) अनुमति प्रदान गरिएको खनिज क्षेत्र भित्र पर्ने भएकोले खनिज क्षेत्र (Lease Area) को क्षेत्रफललाई मात्र सूचकमा राखिएको छ। तसर्थ खानी तथा खनिजबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा प्रभावित क्षेत्रको क्षेत्रफलको अनुपातलाई ३० प्रतिशत भार दिई गणना गरिएको छ।

- **प्रभावित जनसङ्ख्याः** खानी तथा खनिज पदार्थको उत्खनन् कार्यबाट प्रभावित हुने सम्बन्धित स्थानीय तहको जनसङ्ख्यालाई एउटा सूचकको रुपमा लिई खानी तथा खनिजबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गरिएको छ। प्रभावित जनसङ्ख्याको मूल्याङ्कन गर्दा उत्खनन् अनुमति दिइएको खनिज क्षेत्र (Lease Area) रहेको स्थानीय तहको वडाको जनसङ्ख्याको अनुपातलाई आधार लिईएको छ। यस प्रयोजनका लागि कुल भार मध्येमा प्रभावित जनसङ्ख्यालाई २० प्रतिशत भार दिई मूल्याङ्कन गरिएको छ।

## ५. दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

संवैधानिक एवम् कानूनी व्यवस्था बमोजिम यस आयोगले मिति २०७९।०३।०८ मा दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीलाई समेत नेपालमा पानीजन्य एवम् अन्य प्राकृतिक स्रोतको क्षेत्रबाट रोयल्टीको संभावना सम्बन्धी अध्ययनले अन्य प्राकृतिक स्रोत अन्तर्गत दूरसञ्चार क्षेत्र पहिचान गरेको तथा अन्तराष्ट्रिय अभ्यासमा समेत दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीलाई प्राकृतिक स्रोतको रुपमा उल्लेख गरेको आधारमा प्राकृतिक स्रोतको रुपमा उल्लेख गरी पानीजन्य तथा अन्य प्राकृतिक स्रोतको रुपमा पहिचान गरी दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त हुने रोयल्टी सङ्घीय विभाज्य कोषमा जम्मा हुने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई लेखी पठाइएको छ।

नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा प्राकृतिक स्रोतको रोयल्टीको अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ बमोजिम बाँडफाँट तथा वितरण गर्नुपर्ने हुन्छ। सो अनुसार पाँच प्रकारका रोयल्टी शीर्षक रहेकोमा क्रम सङ्ख्या ५ मा रहेको पानी तथा अन्य प्राकृतिक स्रोत अन्तर्गत दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी शीर्षकबाट सङ्घीय विभाज्य कोषमा सङ्कलन भएको रोयल्टी बाँडफाँट सिफारिस गर्न लिइएका सूचक र भार तथा सोको व्याख्या तथा विष्लेषण यस प्रकार छ।

आर्थिक वर्ष २०८०/८१ मा दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट सङ्कलन भएको रोयल्टी बाँडफाँटको हिस्सा निर्धारणका लागि लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या यसप्रकार रहेको छः

| क्र.सं. | सूचक | भार प्रतिशत |
|---|---|---|
| १. | प्रदेश तथा स्थानीय तहको क्षेत्रफल | ३०% |
| २. | प्रदेश तथा स्थानीय तह रहेको BTS-Tower को सङ्ख्या | ३०% |
| ३. | प्रदेश तथा स्थानीय तहको कुल जनसङ्ख्या | २५% |
| ४. | प्रदेश तथा स्थानीय तहमा रहेका मोबाईल प्रयोग गर्ने परिवारको सङ्ख्या | १५% |
| | जम्मा | १००% |

- **प्रदेश तथा स्थानीय तहको क्षेत्रफलः** देशका सबै प्रदेश तथा स्थानीय तहले ओगटेको क्षेत्रफलमा दूरसञ्चार सेवा रेडियो फ्रिक्वेन्सीको प्रभाव समान रुपमा पर्ने भएको हुँदा सबै प्रदेश तथा स्थानीय तहको क्षेत्रफलको आधारमा

दूरसञ्चार फ्रिक्वेन्सीबाट प्राप्त रोयल्टी सबै स्थानीय तहलाई संरक्षित क्षेत्रको भूगोल समावेश नगरी बाँडफाँट गरिएको छ। देशको कुल क्षेत्रफलमा प्रदेश तथा स्थानीय तहले ओगटेको क्षेत्रफलको अनुपातलाई क्षेत्रफलको सूचकको रुपमा लिइएको छ। यसर्थ प्रदेश तथा स्थानीय तहको भूगोललाई महत्वपूर्ण सूचककारुपमा लिई ३० प्रतिशत भार दिइएको छ।

- **प्रदेश तथा स्थानीय तह रहेको BTS-Tower को सङ्ख्याः** दूरसञ्चार सेवा प्रवाहका लागि ठूलो सङ्ख्यामा BTS-Tower राख्नुपर्ने हुन्छ। उक्त टावर स्थापना गर्दा पाले घर, टावर, व्याट्री लगायतका सामाग्री भण्डारण गर्नुपर्ने हुँदा धेरै जमिन प्रयोग हुन्छ। साथै BTS-Tower को क्षेत्र वरपर चट्याङ्ग पर्ने सम्भावना पनि बढी हुने र वन क्षेत्रमा टावर भएमा जंगली जनावरको घुमफिरमा समेत अवरोध हुने हुँदा प्रत्येक प्रदेश र स्थानीय तहमा रहेका BTS-Tower को सङ्ख्यालाई दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त हुने रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्ने महन्वपूर्ण सूचकको रुपमा लिइ ३० प्रतिशत भार दिइएको छ। उक्त सूचकको गणना गर्दा संरक्षित क्षेत्र भित्र रहेका BTS-Tower को सङ्ख्यालाई समावेश गरिएको छैन।
- **प्रदेश तथा स्थानीय तहको कुल जनसङ्ख्याः** नेपालको संविधानले प्रदेश तथा स्थानीय तहका सम्बन्धमा अनुसूचीमा व्यवस्था गरिएको कार्य जिम्मेवारी अनुसार प्रदेश तथा स्थानीय तहले आ-आफ्नो जनसङ्ख्यालाई सेवा प्रवाह गर्नुपर्ने हुन्छ। प्रत्येक प्रदेश र स्थानीय तहको जनसङ्ख्यामा दूरसञ्चार सेवाको प्रयोगबाट सकारात्मक र नकारात्मक असर/प्रभाव समेत पर्ने गरेको हुन्छ। साथै दूरसञ्चार उपकरणको प्रयोगबाट सिर्जना हुने विद्युतीय फोहोर व्यवस्थापनको असर समेत जनसङ्ख्यामा पर्ने हुँदा रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा जनसङ्ख्यालाई २५ प्रतिशत भार दिइएको छ। प्रत्येक प्रदेश र स्थानीय तहको जनसङ्ख्याको विवरण राष्ट्रिय जनगणना, २०७८ बाट लिइएको छ भने जनसङ्ख्याको विवरण लिदा संस्थागत जनसङ्ख्या गणना गरिएको छैन।
- **प्रदेश तथा स्थानीय तहमा रहेका मोबाईल प्रयोग गर्ने परिवारको सङ्ख्याः** दूरसञ्चार सेवा प्राप्तीका लागि मोबाइल लगायतका विद्युतीय सामाग्री प्रयोगमा परिवारको धेरै लगानी हुन्छ। यसको प्रयोगबाट घरपरिवारका सदस्यमा आर्थिक सामाजिक रुपमा सकारात्मक प्रभाव परे पनि ध्वनी प्रदुषण, रेडियसन प्रभाव जस्ता केही नकारात्मक प्रभाव समेत घरपरिवारमा पर्ने हुँदा दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त हुने रोयल्टी बाँडफाँटको लागि प्रत्येक प्रदेश तथा स्थानीय तहमा मोबाइल प्रयोग गर्ने परिवारलाई सूचकको रुपमा लिइ १५ प्रतिशत भार दिइएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार मोबाईल प्रयोगकर्ता घरपरिवारको सङ्ख्या ९३.२ प्रतिशत हुन आउछ। स्थानीय तहअनुसार मोबाइल प्रयोगकर्ता घरपरिवारको सङ्ख्या १२६ देखि २ लाख ३८ हजार ९ सय ६६ छ भने प्रतिशतमा ५८ देखी ९८ सम्म रहेको छ। स्थानीय तहमा रहेको जनसङ्ख्याको वितरण अनुसार नै मोबाईल प्रयोगकर्ताको घरपरिवार सङ्ख्या रहेको तथा स्थानीय तहमा रहेको जनसङ्ख्यालाई सूचकको रुपमा अलग्गै लिइएको र रोयल्टी बाँडफाँट समन्यायिक समेत हुने भएकोले मोबाईल प्रयोगकर्ता घरपरिवार सङ्ख्याको प्रतिशतलाई सूचकको रुपमा लिई गणना गरिएको छ।

## च. प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट सिफारिस

सम्बन्धित प्राकृतिक स्रोत परिचालनमा जिम्मेवार स्रोतगत निकायहरूले प्राकृतिक स्रोत परिचालनबाट प्राप्त हुने रोयल्टी सङ्कलन गरी महालेखा नियन्त्रक कार्यालयले व्यवस्थापन गरेको सङ्घीय विभाज्य कोषमा दाखिला गरेका हुन्छन्। सो विवरणका आधारमा आयोगको बाँडफाँट सिफारिस बमोजिमको रोयल्टीको हिस्साबाट निर्धारित रकम नेपाल सरकारको निर्णयानुसार महालेखा नियन्त्रक कार्यालयबाट सम्बन्धित प्रदेश तथा स्थानीय सरकारको सञ्चित कोषमा जम्मा हुने गर्दछ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था अनुसार आयोगले विस्तृत आधार र ढाँचा तय गरी सम्बन्धित

प्रदेश सरकार तथा सम्बन्धित स्थानीय तहलाई प्रभावको अनुपातमा रोयल्टी बाँडफाँटको हिस्सा सिफारिस गर्दछ।

सम्बन्धित प्रदेश तथा सम्बन्धित स्थानीय सरकारहरूलाई आयोगबाट सिफारिस गरिएको रोयल्टीको हिस्साका आधारमा रोयल्टी वितरण गर्ने समयमा आर्थिक वर्ष २०८०/८१ को वास्तविक सङ्कलित रोयल्टीले सम्बन्धित प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको हिस्सालाई गुणन (हिस्सा × सङ्कलित रोयल्टी = बाँडफाँट गरिने रोयल्टी) गरी हुन आउने रकम सम्बन्धित प्रदेश तथा स्थानीय सरकारलाई नेपाल सरकारले वितरण गर्नुपर्नेछ।

## छ. प्राकृतिक स्रोतको परिचालन तथा सोबाट प्राप्त हुने रोयल्टीको उपयोग सम्बन्धी सुझावहरू

प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी सो सम्बन्धी विषय तथा क्षेत्रको संरक्षण, सम्बर्द्धन र विकासमा उपयोग तथा व्यवस्थापन गर्नुपर्ने हुन्छ। आयोगको सिफारिस बमोजिम नेपाल सरकारद्वारा संघ, प्रदेश र स्थानीय सरकारलाई बाँडफाँट तथा वितरण गरेको रोयल्टी प्राकृतिक स्रोतको परिचालन स्थल र सो वरिपरिको प्रभावित क्षेत्र तथा जनसङ्ख्यालाई हित हुने गरी उपयोग गर्नुपर्ने हुन्छ। यस सन्दर्भमा तीनै तहका सरकारले कार्यान्वयन गर्नुपर्ने विषयहरू निम्न अनुसार सुझावको रुपमा सिफारिस गरिएको छ।

१. प्राकृतिक स्रोतको परिचालनका लागि तीन तहका सरकारबीच लगानी तथा प्रतिफलको हिस्सा निर्धारण र प्राप्त हुने रोयल्टीको बाँडफाँटका साथै प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा उठ्न सक्ने सम्भावित विवाद निवारण र सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा प्राकृतिक स्रोतको परिचालन सम्बन्धी एकीकृत कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्ने।

२. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को अनुसूची-४ को द्रष्टव्य (१) मा स्थानीय तहमा जिल्ला समन्वय समितिलाई समेत उल्लेख गरिएको भएता पनि संविधानतः सञ्चित कोष सञ्चालन नगर्ने, कार्यकारिणीको भूमिका निर्वाह नगर्ने एवम् अनुगमनकारी र समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने व्यवस्था गरेको देखिएकोले जिल्ला समन्वय समितिलाई प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटको सिफारिसमा समेटिएको छैन। तसर्थ उक्त ऐन संसोधन गरी अनुसूची-४ बाट जिल्ला समन्वय समिति शब्द हटाउनु पर्ने।

३. पर्यटन ऐन, २०३५ को दफा ३७ को उपदफा (२) बमोजिम नेपाल पर्वतारोहण संघलाई नेपाल सरकारले तोकिएको हिमालचुलीको आरोहण गर्ने अनुमति प्रदान गर्ने काम सुम्पन सक्ने व्यवस्थाको अधिनमा रही नेपाल सरकारको निर्णयानुसार २७ वटा हिमालचुलीको व्यवस्थापन गर्ने जिम्मेवारी नेपाल पर्वतारोहण संघलाई सुम्पिएकोमा संघले व्यवस्थापन गर्ने हिमालचुलीबाट सङ्कलन हुने रोयल्टी नियमित रूपमा सङ्घीय विभाज्य कोषमा दाखिला हुनु पर्ने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र संघको व्यवस्थापन खर्चका लागि नेपाल सरकारले बार्षिक रूपमा बजेट विनियोजन गरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को अनुसूची -४ को क्रम सङ्ख्या १ को व्यवस्था कार्यान्वयन गर्नुपर्ने।

४. पर्वतारोहणबाट प्राप्त हुने रोयल्टी बाँडफाँटलाई बढी व्यवस्थित र समन्यायिक बनाउन बाँडफाँटको आधारमा लश्कर मार्ग सम्बन्धी सूचक समावेश गर्न महत्वपूर्ण देखिएकोले पर्वतारोहणको क्रममा आधार शिविरसम्म पुग्ने लश्कर मार्गको लम्बाई र सो मार्गमा पर्ने स्थानीय सरकार सहितको विवरण संस्कृति, पयर्टन तथा नागरिक उड्डयन मन्त्रालयबाट तयार गर्नुपर्ने।

५. अधिकांश निजी क्षेत्रबाट सञ्चालित जलविद्युत केन्द्रहरूबाट आर्थिक वर्ष अनुसार सङ्कलन हुनुपर्ने रोयल्टी नियमित रूपमा सङ्घीय विभाज्य कोषमा जम्मा नभएको कारणले तथ्याङ्क विश्लेषण गर्न तथा प्रभावित क्षेत्रलाई रोयल्टी बाँडफाँट गर्नका साथै तीनै तहका सरकारलाई बार्षिक बजेट अनुमान गर्न कठिन हुन जाने देखिँदा विद्युत उत्पादन गर्ने संस्था वा कम्पनीहरूले नियमित रूपमा रोयल्टी जम्मा गर्नुपर्ने र सो जम्मा नगरेमा नेपाल विद्युत प्राधिकरणबाट

हुने विद्युत खरिद बापत भुक्तानी गरिने रकमबाट रोयल्टी रकम कट्टा गरी सोझै सङ्घीय विभाज्य कोषमा जम्मा हुने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने।

६. वन पैदावारबाट प्राप्त हुने रोयल्टी विवरण सम्वन्धि अभिलेख राख्दा वनको प्रकार अनुसार स्थानीय तहगत रुपमा राख्ने व्यवस्था गर्नु पर्ने र सवै किसिमका तथ्याङ्कहरू व्यवस्थित तथा अद्यावधिक रुपमा सम्बन्धित मन्त्रालय, विभाग तथा प्रदेश सरकार मातहत रहेका कार्यालयहरूबाट आवधिक रूपमा आयोगलाई उपलब्ध गराउनु पर्ने।

७. विकास निर्माणको लागि अपरिहार्य सामग्रीहरू ढुंगा, गिटी तथा बालुवा सम्बन्धी स्रोतको परिचालन, व्यवस्थापन र नियमन सम्बन्धमा प्रदेश तथा स्थानीय सरकार समेतसँग छलफल हुँदा विभिन्न प्रकारका राय सुझाव एवम् प्रतिक्रियाहरू प्राप्त भएको परिप्रेक्ष्यमा सङ्घीय संरचना बमोजिमका तीनवटै तहका सरकारको संलग्नतामा यसको सञ्चालन, व्यवस्थापन र नियमन गर्ने गरी कानूनी बन्दोवस्त गरी कार्यान्वयनमा ल्याउनु पर्ने।

८. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को अनुसूची-४ को क्रम सङ्ख्या ५ को पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको व्यवस्था अन्तरगत भविष्यमा रोयल्टी प्राप्त गर्न सकिने संभावित स्रोतहरूमा अन्तरबेसीन खानेपानी, अन्तरबेसीन सिंचाई, पानीको बोटलिङ प्रयोग, पानीको औद्योगिक उपयोग, भूमिगत जलस्रोत, जल यातायात, जल मनोरन्जन, माछापालन, हाईड्रोजन ऊर्जा, सौर्य ऊर्जा, वायु ऊर्जा, भूतापीय ऊर्जा, तापीय ऊर्जा, जिवाश्म ऊर्जा, आणविक ऊर्जा, पेट्रोल, कोईला र दूरसञ्चार (फ्रिक्वेन्सी) रहेको अध्ययनबाट देखिएको हुँदा यस किसिमका स्रोतबाट प्राप्त हुने रोयल्टीको व्यवस्थापनका लागि आवश्यक कानुनी व्यवस्था गरि कार्यान्वयन गर्नुपर्ने।

९. अन्य प्राकृतिक स्रोत अन्तर्गत दूरसञ्चार र फ्रिक्वेन्सीबाट प्राप्त हुने रोयल्टी तथा दस्तुर नेपाल सरकारको राजश्व खातामा जम्मा हुदै आएकोमा उक्त आम्दानीलाई सङ्घीय विभाज्य कोषमा जम्मा गर्न स्पष्ट कानुनी तथा नीतिगत व्यवस्था गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा सोही ऐनको अनुसूची ४ बमोजिम बाँडफाँट गर्नुपर्ने।

१०. पर्वतारोहणबाट प्राप्त रोयल्टी हिमालचुली रहेको स्थानीय सरकार, त्यसको वरिपरिको स्थानीय सरकार, आधार शिविर रहेको स्थान, लश्कर मार्ग लगायत हिमालचुली आरोहणबाट प्रभावित हुने क्षेत्रमा हिमालचुली संरक्षण तथा सम्बर्द्धनमा उपयोग गर्नुपर्ने।

११. विद्युतबाट प्राप्त रोयल्टी विद्युत आयोजना सञ्चालनमा दिगोपन ल्याउने एवम् विद्युत आयोजना रहेको मुख्य क्षेत्र, वरिपरिका प्रभावित क्षेत्र र उपल्लो तथा तल्लो तटीय प्रभावित क्षेत्रको जनसङ्ख्यालाई लाभ हुने गरी उपयोग गर्नुपर्ने।

१२. आयोगबाट रोयल्टी बाँडफाँट सम्बन्धी सिफारिस गर्दा कानूनमा भएको व्यवस्था बमोजिम परिचालित प्राकृतिक स्रोतको निकटतम् प्रभावको अनुपातका आधारमा सम्बन्धित प्रदेश र स्थानीय सरकारलाई रोयल्टीको हिस्सा प्राप्त हुने गरी सिफारिस गरिएको भएतापनि यस प्रकारको रोयल्टीको हिस्सा नै प्राप्त गर्न नसकेका प्रदेश तथा स्थानीय सरकारलाई नेपाल सरकार तथा प्रदेशले प्राप्त गर्ने रोयल्टीको हिस्साबाट समन्यायिकताका आधारमा सम्बोधन गर्न संघ तथा प्रदेश सरकारले आफूले प्राप्त गरेको रोयल्टीबाट सम्बन्धित प्राकृतिक स्रोत रहेको स्थानीय सरकार बाहेकका प्राकृतिक स्रोत कम रहेका वा नरहेका स्थानीय सरकारमा समेत वातावरणीय प्रभाव न्यूनीकरण गर्न उपयोग गर्नु पर्ने।

१३. तीनै तहका सरकारले विद्युत आयोजनाको मुहान क्षेत्र वरिपरि सडक निर्माण तथा सुधार लगायतका कार्य गर्दा भू-क्षयबाट रूख, ढुङ्गा, माटो, बालुवा जलाशय तथा मुहानमा पस्नबाट जोगाउन सडकको नाली व्यवस्थापन गर्ने, खनेको

माटो खोलामा जान नदिन छेका पर्खाल (Check wall) हरू लगाउने, खनेको माटो सुरक्षित स्थानमा व्यवस्थापन गर्ने, पहिरो नियन्त्रणका लागि वायो-इन्जिनियरिङ्गका कार्यहरू गर्नुपर्ने।

१४.वन क्षेत्रबाट प्राप्त रोयल्टीको हकमा वनको अवस्थिति, वनमा आश्रित जनसङ्ख्या, सो वनको परिचालन गर्दा पर्ने प्रभाव क्षेत्रका प्रभावित जनतालाई लाभ पुग्ने, वन तथा संरक्षित क्षेत्रको संरक्षण एवम् संवर्द्धन र मध्यवर्ती क्षेत्रमा आयआर्जनका क्रियाकलाप र हरियाली प्रवर्द्धन गर्ने कार्यमा उपयोग गर्नुपर्ने।

१५.खानी तथा खनिज पदार्थबाट प्राप्त रोयल्टी उत्खनन्का लागि अनुमति दिएको खनिज क्षेत्र (Lease Area), खानीका कारण प्रभावित स्थान र सोका कारण प्रभावित जनसङ्ख्याको लागि लाभ पुग्ने, खानी क्षेत्र वरिपरिको प्रदुषण नियन्त्रण र वातावरण संरक्षण तथा प्रबर्द्धन गर्ने गरी स्वीकृत वातावरणीय प्रभाव अध्ययन प्रतिवेदनमा उल्लेख नभएका कार्यमा मात्र उपयोग गर्नुपर्ने। स्वीकृत वातावरणीय प्रभाव अध्ययन प्रतिवेदनको प्रभावकारी कार्यान्वयन सम्बन्धित खानी सञ्चालनकर्ताबाट गर्ने व्यवस्था मिलाउनुपर्ने।

१६.प्राकृतिक स्रोतको परिचालन पूर्व गरिने आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदनमा नै आयोगबाट निर्धारण गरिए बमोजिमको आयोजना प्रभावित क्षेत्र आयोजनास्थल वरिपरिको क्षेत्र स्पष्ट खुल्ने गरी विवरण समावेश गर्ने व्यवस्था गर्ने।

१७.आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख गरिए बमोजिम प्राकृतिक स्रोतको परिचालन मार्फत सञ्चालित आयोजना क्षेत्रमा वातावरण संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन भए नभएको विषयमा अध्ययन गर्ने।

१८.तीनै तहका सरकारले प्राकृतिक स्रोतको रोयल्टीबाट प्राप्त रकम खर्च गर्दा वार्षिक कार्ययोजना बनाएर मात्र कार्यक्रम सञ्चालन गर्ने।

१९.संरक्षण क्षेत्र मध्यवर्ती क्षेत्र भित्र पर्ने एवम् निकुञ्ज परिवेष्ठित परिवेशमा रहेका स्थानीय तह वन पैदावार लगायत अन्य प्राकृतिक स्रोतको उपयोगबाट वञ्चित रहने हुँदा त्यस्ता स्थानीय तहको आर्थिक समाजिक विकासमा सम्बन्धित प्रदेश तथा सङ्घीय सरकारले प्राप्त गरेको रोयल्टी रकम विशेष कार्यक्रम बनाई खर्च गर्ने।

२०.प्राकृतिक स्रोतबाट प्राप्त राजस्व (दस्तुर रोयल्टी शुल्क तथा अन्य कर) एकद्धार प्रणालीमार्फत सङ्कलन गरी कानून बमोजिम सम्बन्धित निकायमा जम्मा हुने गरी कर प्रणालीमा सुधार गर्ने।

२१.अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम आयोगको सिफारिसमा नेपाल सरकारद्वारा संघ, प्रदेश र स्थानीय सरकारलाई बाँडफाँट तथा वितरण गरेको प्राकृतिक स्रोत परिचालनबाट प्राप्त रोयल्टी प्राकृतिक स्रोतको अवस्थिति र सो वरिपरिका प्रभावित क्षेत्र तथा जनसङ्ख्यालाई हित हुने गरी उपयोग गर्नुपर्ने। माथि सुझावको बुँदा नं. १३, १४ र २१ को सम्बन्धमा विभिन्न प्राकृतिक स्रोत परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँटबाट प्राप्त भएको रकम सम्बन्धित प्रस्तावकको स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा नपरेका देहायका संभावित क्षेत्रहरूमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले सम्बन्धित सञ्चित कोषबाट विनियोजन गरी उपयोग गर्ने व्यवस्था मिलाउनु पर्ने।

| सि. नं. | रोयल्टी शीर्षक | प्राकृतिक स्रोत परिचालनबाट प्राप्त रोयल्टी उपयोगका संभावित क्षेत्रहरू |
|---|---|---|
| १. | पर्वतारोहण | • लश्कर मार्ग वा आधार शिविर पहुँच मार्ग निर्माण/मर्मत सुधार कार्य,<br>• पर्यटन पदमार्ग निर्माण/मर्मत सुधार कार्य,<br>• आधार शिविर स्थलमा पूर्वाधार निर्माण/मर्मत सुधार कार्य,<br>• आरोहीका लागि क्याम्पिङ्ग साइट निर्माण/मर्मत सुधार कार्य,<br>• आरोही र कामदारका लागि विश्राम स्थल (Porter shelter) निर्माण/मर्मत सुधार कार्य,<br>• हिमालचुलीमा एङ्कर रोप जडान गर्ने (Anchor rope fixing) कार्य,<br>• आरोहणका क्रममा उत्सर्जित फोहोरमैला सङ्कलन तथा व्यवस्थापन सहितका सरसफाई सम्बन्धी कार्य,<br>• आरोहण सम्बन्धी सूचना तथा सञ्चार केन्द्र निर्माण र सञ्चालन (इन्टरनेट, सूचनामूलक सामग्री, संकेत चिन्ह समेत) सम्बन्धी कार्य,<br>• पर्यटक प्रहरीका लागि प्रहरी विट निर्माण/मर्मत सुधार कार्य,<br>• लश्कर मार्ग वा आधार शिविर पहुँच मार्गमा पर्ने स्वास्थ्य संस्थाको सुधार तथा स्तरोन्नति कार्य,<br>• पर्वतारोहण सेवा सम्बन्धी जनशक्तिका लागि आधारभूत एवम् उच्चस्तरीय तालिम तथा सीप विकास एवम् चेतनामूलक कार्यक्रम,<br>• आरोहण दल र भरिया/ पोर्टरको खोज तथा उद्दार सम्बन्धी कार्य,<br>• पर्वतीय संग्रहालय निर्माण/मर्मत सुधार कार्य,<br>• पर्वतारोहण आचरण सम्बन्धी आचारसंहिता एवम् जानकारी पुस्तिका प्रकाशन तथा वितरण सम्बन्धी कार्य, आदि ।<br>• पर्वतारोहण सम्बन्धी विपद् व्यवस्थापनका कार्यहरू जस्तै हिमपहिरो, हिमताल विष्फोटन लगातएका विषयमा पूर्व सूचना प्रणाली सम्बन्धी कार्यहरू<br>• पर्वतारोहीको उद्धार सम्बन्धी कार्यको लागि शीघ्र सूचना प्राप्ती सम्बन्धी कार्यहरू |
| २. | विद्युत | • जलाधार क्षेत्रको संरक्षण (नाली व्यवस्थापन, छेका पर्खाल निर्माण, हरित सडक निर्माण, वायो-इन्जिनियरिङ्ग प्रविधि अवलम्बन, जलाशय संरक्षण तथा नदी नियन्त्रण) सम्वन्धी कार्य<br>• संरचना रहेको क्षेत्र वरिपरि पुनर्भरण वा रिचार्ज पोखरी निर्माण तथा संरक्षण/मर्मत सुधार कार्य,<br>• जलस्रोतको दिगो उपयोग, जलाधार व्यवस्थापन (Water-shed Management) र जलविद्युत संरचना संरक्षण सम्बन्धी स्थानीय जनतालाई सचेतनामूलक कार्यक्रम,<br>• तल्लो तटीय सुख्खा क्षेत्रमा सिंचाई तथा खानेपानी संरचना निर्माण तथा मर्मत संभार कार्य,<br>• ग्रामीण विद्युतीकरण सम्बन्धी कार्य,<br>• तल्लो तटीय क्षेत्रमा नदी नियन्त्रण र संरक्षण सम्बन्धी कार्य,<br>• बाँध/इन्टेक वरिपरिको जलाशयमा माछापालन कार्य,<br>• विस्थापन भै पुनःस्थापित परिवार तथा नदीको पानीमा आश्रित समुदायका लागि सीप विकास कार्यक्रम,<br>• प्राकृतिक विपद पूर्व सावधानी तथा उद्दार कार्य,<br>• जलाशयमा आधरित पर्या-पर्यटन र अन्य उद्यम सञ्चालन गर्ने, आदि ।<br>• जलविद्धुत आयोजना निर्माणका क्रममा आयोजना प्रभावित क्षेत्रमा भएको पूर्वाधार सम्बन्धी कार्यले विद्धुत उत्पादन तथा जलाधार क्षेत्रमा परेको प्रभाव सम्बन्धी अध्ययन कार्य<br>• जलविद्धुत आयोजना निर्माणको कार्यबाट स्थानीय क्षेत्रको कृषि उत्पादन लगायत अन्य क्षेत्रमा परेको असर सम्बन्धी अध्ययन कार्य,<br>• विद्धुत प्रसारण लाईनलाई थप सरक्षित बनाई सम्भावित क्षति न्यूनीकरण गर्ने कार्यहरू |
| ३. | वन | • नाङ्गोस्थान/खाली डाँडा/खुला जमिन तथा आगलागी एवम् पहिरोबाट क्षति पुगेको वनमा वृक्षारोपण र हरियाली प्रर्वद्धन सम्वन्धी कार्य,<br>• अग्नी नियन्त्रण रेखा निर्माण/व्यवस्थापन सम्बन्धी कार्य,<br>• प्रकोप तथा पहिरो नियन्त्रण एवम् जलाधार क्षेत्र संरक्षण कार्य,<br>• वन्यजन्तु र मानवबीचको द्वन्द्व व्यवस्थापनका लागि पूर्वाधार निर्माण तथा राहत वितरण कार्य,<br>• मनोरन्जन पार्क, उद्यान निर्माण तथा संरक्षण कार्य,<br>• संरक्षित क्षेत्रभित्र आवश्यक पूर्वाधार (मचान, पोखरी, बाटो, पुल) निर्माण/मर्मत संभार कार्य,<br>• ताल तलैया तथा पोखरीहरूको संरक्षण, सम्वर्द्धन तथा निर्माण कार्य, |

| | | |
|---|---|---|
| | | • जैविक विविधता, वन्यजन्तु र तिनको वासस्थान तथा दूर्लभ वन्यजन्तु र वनस्पतिको संरक्षण तथा व्यवस्थापन कार्य,<br>• जडिवुटी खेती तथा हरित एवम् गैरकाष्ठ उद्यम प्रवर्द्धन कार्य,<br>• वन पैदावारको संरक्षण तथा दिगो उपयोग सम्बन्धी सचेतनामूलक कार्यक्रम र पर्यापर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम,<br>• संरक्षित क्षेत्रहरूबाट प्रभावित समुदायको लागि आयमूलक कार्यक्रम,<br>• प्राकृतिक सम्पदाको अभिलेख (Information about natural heritage)<br>• वन तथा वातावरण सम्बन्धी आचारसंहिता निर्माण,<br>• प्राकृतिक पुनर्उत्पादन कार्यक्रम (Natural regeneration program),<br>• दिगो वन व्यवस्थापन सम्बन्धी कार्य,<br>• संरक्षण शिक्षा कार्यक्रम,<br>• लोपोन्मुख प्रजातिहरूको संरक्षण एवम् व्यवस्थापन,<br>• अवैध वनजन्य नियन्त्रण एवम् रोकथाम कार्य, आदि ।<br>• वन्यजन्तुमैत्री पूर्वाधार निर्माणजन्य कार्य जस्तै सडक क्षेत्रमा अन्डरपास ओभरपास निर्माण<br>• वन क्षेत्रमा पानी पुनर्भरण पोखरी निर्माण<br>• वन क्षेत्रको आगलागी नियन्त्रण सम्बन्धी जनचेतना<br>• कृषि बालीनालीमा वन्यजन्तुको अतिक्रमण नियन्त्रण गर्ने कार्य |
| ४. | खानी तथा खनिज | • खनिज पदार्थको उत्खनन्, उत्पादन, संरक्षण, प्रवर्द्धन, सम्वर्द्धन र विकास सम्बन्धी कार्य,<br>• खनिज पदार्थ ढुवानी सडकपेटी निर्माण कार्य,<br>• खनिज क्षेत्र वरिपरि स्थानीय बासिन्दाहरूको लागि वैकल्पिक पैदलमार्ग निर्माण कार्य,<br>• खानी सञ्चालनका समयमा विद्यालय एवम् बस्ती क्षेत्रमा आवतजावतका लागि सडक पार गर्न आकाशे पुल (Overhead bridge) निर्माण कार्य,<br>• उत्खनन् क्षेत्रमा छेकवार (Barricade) निर्माण तथा व्यवस्थापन कार्य,<br>• खानीबाट निष्कासित विकार (Wastage) व्यवस्थापन सम्बन्धी कार्य,<br>• खनिज क्षेत्रको सहजीकरण सम्बन्धी कार्य,<br>• खनिज उत्खनन् स्थलदेखि उत्पादन स्थलसम्मको वातावरणीय संरक्षण एवम् प्रवर्द्धन तथा सो क्षेत्रमा पर्न सक्ने जोखिम न्यूनीकरण कार्यक्रम,<br>• खनिज क्षेत्रबाट प्रभावित समुदायको लागि सचेतना एवम् रोजगार प्रवर्द्धन सम्वन्धी कार्यक्रम,<br>• खनिज पदार्थको अभिलेख व्यवस्थापन कार्य, आदि ।<br>• खानी तथा खनिज उद्योगबाट निस्कने ध्वनी तथा वायु प्रदुषण नियन्त्रण सम्बन्धी कार्य<br>• खानी तथा खनिज उत्खनन क्षेत्रबाट हुन सक्ने वन्यजन्तु वा अन्य वन पैदावारको तस्करी नियन्त्रण सम्बन्धी कार्य |
| ५ | दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी | • रेडियो फ्रिक्वेन्सीको प्रयोगको क्षेत्रमा विकसित भएका नविनत प्रविधि तथा अभ्यासहरूको अध्ययन अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापन<br>• डिजिटल साक्षरता बढाउने<br>• IT पार्क निर्माण<br>• सूचना प्रविधिको प्रयोगबाट हुन सक्ने नकारात्मक प्रभाव कम गर्ने कार्य तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन<br>• विद्युतीय उपकरण सम्बन्धी फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य<br>• दूरसञ्चार सेवाको उपभोक्तालाई रेडियो फ्रिक्वेन्सीमा आधारित नविनतम प्रविधिहरूको प्रयोगमा भरपर्दो तथा गुणस्तरीय दूरसञ्चार सेवाहरूमा पहुँच पुर्याउने कार्य<br>• दूरसञ्चार सेवाको नविनतम प्रविधिहरू आमा उपभोक्ता समक्ष सहज र प्रतिस्पर्धात्मक रुपमा पुर्याउन प्रविधिमा लगानी गर्ने |

*द्रष्टव्यः*

1. *सम्बन्धित प्रदेश तथा स्थानीय सरकारलाई आयोगबाट सिफारिस गरिएको रोयल्टीको हिस्साका आधारमा रोयल्टी वितरण गर्ने समयमा आर्थिक वर्ष २०८०/८१ को वास्तविक सङ्कलित रोयल्टीले सम्बन्धित प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको हिस्सालाई गुणन (हिस्सा × सङ्कलित रोयल्टी = बाँडफाँट गरिने रोयल्टी) गरी वास्तविक रोयल्टी सम्बन्धित प्रदेश तथा स्थानीय सरकारलाई बाँडफाँट एवम् वितरण गर्नुपर्नेछ।*

## आर्थिक वर्ष २०८०/०८१ मा प्रदेश सरकारबीच प्राकृतिक स्रोत परिचालनबाट प्राप्त रोयल्टीमध्ये कर्णाली प्रदेश सरकारले प्राप्त गर्ने हिस्सा सम्बन्धी सिफारिस

### १. पर्वतारोहण

| हिमचुलिको क्र. सं. | हिमचुलिको नाम | प्रदेश | रोयल्टीको हिस्सा बाँडफाँट |
|---|---|---|---|
| १ | Bhrikuti (6476 m.) | कर्णाली प्रदेश | ०.११४७ |
| २ | Dhaulagiri I (8167 m.) | कर्णाली प्रदेश | ०.०६५२ |
| ३ | Gaugiri (6110 m.) | कर्णाली प्रदेश | ०.११४७ |
| ४ | Guras (6744m.) | कर्णाली प्रदेश | ०.०६३६ |
| ५ | Khumjung (6699m.) | कर्णाली प्रदेश | ०.०८२८ |
| ६ | Chandi Himal (6142m.) | कर्णाली प्रदेश | ०.९०९९ |
| ७ | Norbu Kang (6005m) | कर्णाली प्रदेश | १ |
| ८ | Putha Hiunchuli (7246 m.) | कर्णाली प्रदेश | ०.३९८६ |
| ९ | Raksha Urai (6593m.) | कर्णाली प्रदेश | ०.०६३६ |
| १० | Saribung (6346m.) | कर्णाली प्रदेश | ०.०८२८ |
| ११ | Surma-Sarovar North (6523m) | कर्णाली प्रदेश | ०.०५०२ |
| १२ | Thorong Peak (6144 m.) | कर्णाली प्रदेश | ०.०४१५ |
| १३ | Tukuche Peak(6920m.) | कर्णाली प्रदेश | ०.०६९९ |

### २. विद्युत

| आयोजनाको सि. नं. | आयोजनाको नाम | क्षमता (मेगावाट) | प्रदेश | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|
| १ | Dwari Khola SHP | ३.७५ | कर्णाली प्रदेश | १ |
| २ | Padam Khola SHP | ४.८ | कर्णाली प्रदेश | १ |

### ३. वन

- **राष्ट्रिय वनः** आर्थिक वर्ष २०८०/०८१ मा राष्ट्रिय वनबाट प्राप्त रोयल्टीको हिस्सा प्रदेशमा बाँडफाँट गर्दा सम्बन्धित प्रदेश अन्तरगतका जिल्लाबाट प्राप्त रोयल्टीको २५% हिस्सा सोही प्रदेशले प्राप्त गर्ने।
- **संरक्षित क्षेत्र**

| सरक्षित क्षेत्रको क्र.सं. | संरक्षित क्षेत्रको नाम | प्रदेश | रोयल्टीको हिस्सा |
|---|---|---|---|
| १ | Banke National Park | कर्णाली प्रदेश | ०.२०१२ |
| २ | Bardia National Park | कर्णाली प्रदेश | ०.२३८८ |
| ३ | Dhorpatan Hunting Reserve | कर्णाली प्रदेश | ०.२१२४ |
| ४ | Rara National Park | कर्णाली प्रदेश | १ |
| ५ | Sheyphoksundo National Park | कर्णाली प्रदेश | १ |

४. खानी तथा खनीज

| खानी क्र.सं. | उत्खनन् अनुमती पत्र | कम्पनी/व्यक्ति | खनिज पदार्थ | प्रदेश | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|---|
| १ | १९७/०६८/६९ | विपिन एण्ड अभि खनिज उद्योग | कायनाइट जेम्स | कर्णाली प्रदेश | १ |
| २ | ६१/०६६/६७ | रोल्पा सिमेन्ट प्रा.लि. | चुनढुङ्गा | कर्णाली प्रदेश | ०.२२९८ |

५. दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी

| क्रम सङ्ख्या | प्रदेशको नाम | रोयल्टीको हिस्सा |
|---|---|---|
| १ | कर्णाली प्रदेश | ०.११५८४२ |

## आर्थिक वर्ष २०८०/०८१ मा प्रदेश सरकारबीच प्राकृतिक स्रोत परिचालनबाट प्राप्त रोयल्टीमध्ये कर्णाली प्रदेश भित्रका स्थानीय सरकारले प्राप्त गर्ने हिस्सा सम्बन्धी सिफारिस

१. पर्वतारोहण

| हिमचुलिको क्र. सं. | हिमचुलिको नाम | जिल्ला | स्थानीय तहको नाम | स्थानीय तहको कोड | रोयल्टीको हिस्सा बाँडफाँट |
|---|---|---|---|---|---|
| १ | Putha Hiunchuli (7246 m.) | रुकुम | पुथा उत्तरगंगा गाउँपालिका | ५०१०१ | ०.१८१९ |
| १ | Putha Hiunchuli (7246 m.) | रुकुम | सिस्ने गाउँपालिका | ५०१०२ | ०.०३६७ |
| १ | Putha Hiunchuli (7246 m.) | रुकुम | भूमे गाउँपालिका | ५०१०३ | ०.०३७३ |
| १ | Bhrikuti (6476 m.) | डोल्पा | छार्का ताङसोङ गाउँपालिका | ६०१०८ | ०.११४७ |
| २ | Dhaulagiri I (8167 m.) | डोल्पा | छार्का ताङसोङ गाउँपालिका | ६०१०८ | ०.०६५२ |
| ३ | Gaugiri (6110 m.) | डोल्पा | छार्का ताङसोङ गाउँपालिका | ६०१०८ | ०.११४७ |
| ४ | Guras (6744m.) | हुम्ला | नाम्खा गाउँपालिका | ६०३०४ | ०.०६३६ |
| ५ | Khumjung (6699m.) | डोल्पा | छर्का तोसाङ गाँउपालिका | ६०१०८ | ०.०८२८ |
| ६ | Chandi Himal (6142m.) | हुम्ला | चंखेली गाउँपालिका | ६०३०१ | ०.०८८० |
| ६ | Chandi Himal (6142m.) | हुम्ला | खार्पुनाथ गाउँपालिका | ६०३०२ | ०.३०३४ |
| ६ | Chandi Himal (6142m.) | हुम्ला | सिमकोट गाउँपालिका | ६०३०३ | ०.३३६६ |
| ६ | Chandi Himal (6142m.) | हुम्ला | नाम्खा गाउँपालिका | ६०३०४ | ०.१०१२ |
| ६ | Chandi Himal (6142m.) | हुम्ला | सर्केगाड गाउँपालिका | ६०३०५ | ०.०८०७ |
| ७ | Norbu Kang (6005m) | डोल्पा | डोल्पो बुद्ध गाउँपालिका | ६०१०१ | ०.६४०० |
| ७ | Norbu Kang (6005m) | डोल्पा | शे फोक्सुण्डो गाउँपालिका | ६०१०२ | ०.१४२८ |
| ७ | Norbu Kang (6005m) | डोल्पा | काइके गाउँपालिका | ६०१०७ | ०.१०५६ |
| ७ | Norbu Kang (6005m) | डोल्पा | छार्का ताङसोङ गाउँपालिका | ६०१०८ | ०.१११६ |
| ८ | Putha Hiunchuli (7246 m.) | डोल्पा | डोल्पो बुद्ध गाउँपालिका | ६०१०१ | ०.०३१८ |
| ८ | Putha Hiunchuli (7246 m.) | डोल्पा | शे फोक्सुण्डो गाउँपालिका | ६०१०२ | ०.०४९१ |
| ८ | Putha Hiunchuli (7246 m.) | डोल्पा | ठुलीभेरी नगरपालिका | ६०१०६ | ०.०२९९ |
| ८ | Putha Hiunchuli (7246 m.) | डोल्पा | काइके गाउँपालिका | ६०१०७ | ०.११९४ |
| ८ | Putha Hiunchuli (7246 m.) | डोल्पा | छार्का ताङसोङ गाउँपालिका | ६०१०८ | ०.१६८४ |
| ९ | Raksha Urai (6593m.) | हुम्ला | नाम्खा गाउँपालिका | ६०३०४ | ०.०६३६ |
| १० | Saribung (6346m.) | डोल्पा | छार्का ताङसोङ गाउँपालिका | ६०१०८ | ०.०८२८ |
| ११ | Surma-Sarovar North (6523m) | हुम्ला | नाम्खा गाउँपालिका | ६०३०४ | ०.०५०२ |
| १२ | Thorong Peak (6144 m.) | डोल्पा | छार्का ताङसोङ गाउँपालिका | ६०१०८ | ०.०४१५ |
| १३ | Tukuche Peak(6920m.) | डोल्पा | छार्का ताङसोङ गाउँपालिका | ६०१०८ | ०.०६९९ |

## २. विद्युत

| आयोजनाको सि. नं. | आयोजनाको नाम | क्षमता (मेगावाट) | स्थानीय तहको कोड | स्थानीय तहको नाम | जिल्ला | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|---|---|
| १ | Dwari Khola SHP | ३.७५ | ६०६०१ | नौमुले गाउँपालिका | दैलेख | १.०००० |
| २ | Padam Khola SHP | ४.८ | ६०६०१ | नौमुले गाउँपालिका | दैलेख | १.०००० |

## ३. वन

- **राष्ट्रिय वन**

| क्र.सं. | स्थानीय तहको कोड | स्थानीय तहको नाम | जिल्ला | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|
| १. | ६०१०१ | डोल्पो बुद्ध गाउँपालिका | डोल्पा | ०.०९४३ |
| २. | ६०१०२ | शे फोक्सुण्डो गाउँपालिका | डोल्पा | ०.१२५४ |
| ३. | ६०१०३ | जगदुल्ला गाउँपालिका | डोल्पा | ०.११५७ |
| ४. | ६०१०४ | मुड्केचुला गाउँपालिका | डोल्पा | ०.१३२२ |
| ५. | ६०१०५ | त्रिपुरासुन्दरी नगरपालिका | डोल्पा | ०.१४५३ |
| ६. | ६०१०६ | ठुलीभेरी नगरपालिका | डोल्पा | ०.१५१६ |
| ७. | ६०१०७ | काइके गाउँपालिका | डोल्पा | ०.१२४९ |
| ८. | ६०१०८ | छार्का ताङसोङ गाउँपालिका | डोल्पा | ०.११०६ |
| ९. | ६०२०१ | मुगुमकार्मारोग गाउँपालिका | मुगु | ०.२६०१ |
| १०. | ६०२०२ | छायाँनाथ रारा नगरपालिका | मुगु | ०.२६७८ |
| ११. | ६०२०३ | सोरु गाउँपालिका | मुगु | ०.२४३१ |
| १२. | ६०२०४ | खत्याड गाउँपालिका | मुगु | ०.२२९० |
| १३. | ६०३०१ | चंखेली गाउँपालिका | हुम्ला | ०.१४७३ |
| १४. | ६०३०२ | खार्पुनाथ गाउँपालिका | हुम्ला | ०.१४३२ |
| १५. | ६०३०३ | सिमकोट गाउँपालिका | हुम्ला | ०.१३९२ |
| १६. | ६०३०४ | नाम्खा गाउँपालिका | हुम्ला | ०.१५४४ |
| १७. | ६०३०५ | सर्केगाड गाउँपालिका | हुम्ला | ०.१५४० |
| १८. | ६०३०६ | अदानचुली गाउँपालिका | हुम्ला | ०.१३१६ |
| १९. | ६०३०७ | ताँजाकोट गाउँपालिका | हुम्ला | ०.१३०३ |
| २०. | ६०४०१ | पातारासी गाउँपालिका | जुम्ला | ०.१५०२ |
| २१. | ६०४०२ | कनका सुन्दरी गाउँपालिका | जुम्ला | ०.१२११ |
| २२. | ६०४०३ | सिंजा गाउँपालिका | जुम्ला | ०.११७५ |
| २३. | ६०४०४ | चन्दननाथ नगरपालिका | जुम्ला | ०.११३८ |
| २४. | ६०४०५ | गुठिचौर गाउँपालिका | जुम्ला | ०.१२५८ |
| २५. | ६०४०६ | तातोपानी गाउँपालिका | जुम्ला | ०.१३४४ |
| २६. | ६०४०७ | तिला गाउँपालिका | जुम्ला | ०.१२८१ |
| २७. | ६०४०८ | हिमा गाउँपालिका | जुम्ला | ०.१०९१ |
| २८. | ६०५०१ | पलाता गाउँपालिका | कालिकोट | ०.१४४४ |
| २९. | ६०५०२ | पचाल झरना गाउँपालिका | कालिकोट | ०.१११८ |
| ३०. | ६०५०३ | रास्कोट नगरपालिका | कालिकोट | ०.०९५७ |
| ३१. | ६०५०४ | सान्नी त्रिवेणी गाउँपालिका | कालिकोट | ०.१००९ |
| ३२. | ६०५०५ | नरहरिनाथ गाउँपालिका | कालिकोट | ०.१०७१ |
| ३३. | ६०५०६ | खाँडाचक्र नगरपालिका | कालिकोट | ०.१०५२ |
| ३४. | ६०५०७ | तिलागुफा नगरपालिका | कालिकोट | ०.११२८ |
| ३५. | ६०५०८ | महावै गाउँपालिका | कालिकोट | ०.११९७ |

| क्र.सं. | स्थानीय तहको कोड | स्थानीय तहको नाम | जिल्ला | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|
| ३६. | ६०५०९ | शुभ कालीका गाउँपालिका | कालिकोट | ०.१०२४ |
| ३७. | ६०६०१ | नौमुले गाउँपालिका | दैलेख | ०.१०६१ |
| ३८. | ६०६०२ | महाबु गाउँपालिका | दैलेख | ०.०८४७ |
| ३९. | ६०६०३ | भैरवी गाउँपालिका | दैलेख | ०.०८६८ |
| ४०. | ६०६०४ | ठाँटीकाँध गाउँपालिका | दैलेख | ०.०८२५ |
| ४१. | ६०६०५ | आठबीस नगरपालिका | दैलेख | ०.०९६८ |
| ४२. | ६०६०६ | चामुण्डा बिन्द्रासैनी नगरपालिका | दैलेख | ०.०८१८ |
| ४३. | ६०६०७ | दुल्लु नगरपालिका | दैलेख | ०.०९४७ |
| ४४. | ६०६०८ | नारायण नगरपालिका | दैलेख | ०.०८५३ |
| ४५. | ६०६०९ | भगवतीमाई गाउँपालिका | दैलेख | ०.०९०५ |
| ४६. | ६०६१० | डुङ्गेश्वर गाउँपालिका | दैलेख | ०.०९२६ |
| ४७. | ६०६११ | गुराँस गाउँपालिका | दैलेख | ०.०९८२ |
| ४८. | ६०७०१ | बारेकोट गाउँपालिका | जाजरकोट | ०.१६६३ |
| ४९. | ६०७०२ | कुसे गाउँपालिका | जाजरकोट | ०.१३६४ |
| ५०. | ६०७०३ | जुनीचाँदे गाउँपालिका | जाजरकोट | ०.१५५७ |
| ५१. | ६०७०४ | छेडागाड नगरपालिका | जाजरकोट | ०.१३८८ |
| ५२. | ६०७०५ | शिवालय गाउँपालिका | जाजरकोट | ०.११५८ |
| ५३. | ६०७०६ | भेरीमालिका नगरपालिका | जाजरकोट | ०.१३३१ |
| ५४. | ६०७०७ | नलगाड नगरपालिका | जाजरकोट | ०.१५३९ |
| ५५. | ६०८०१ | आठबिसकोट नगरपालिका | रुकुम(पशिचम भाग) | ०.२४४३ |
| ५६. | ६०८०२ | सानीभेरी गाउँपालिका | रुकुम(पशिचम भाग) | ०.१५९० |
| ५७. | ६०८०३ | बाँफिकोट गाउँपालिका | रुकुम(पशिचम भाग) | ०.१७०८ |
| ५८. | ६०८०४ | मुसिकोट नगरपालिका | रुकुम(पशिचम भाग) | ०.१५३३ |
| ५९. | ६०८०५ | त्रिवेणी गाउँपालिका | रुकुम(पशिचम भाग) | ०.१३४६ |
| ६०. | ६०८०६ | चौरजहारी नगरपालिका | रुकुम(पशिचम भाग) | ०.१३८० |
| ६१. | ६०९०१ | दार्मा गाउँपालिका | सल्यान | ०.०८६५ |
| ६२. | ६०९०२ | कुमाख गाउँपालिका | सल्यान | ०.०९६२ |
| ६३. | ६०९०३ | बनगाड कुपिण्डे नगरपालिका | सल्यान | ०.१२२३ |
| ६४. | ६०९०४ | सिद्धकुमाख गाउँपालिका | सल्यान | ०.०८४९ |
| ६५. | ६०९०५ | बागचौर नगरपालिका | सल्यान | ०.१०२९ |
| ६६. | ६०९०६ | छत्रेश्वरी गाउँपालिका | सल्यान | ०.०९२४ |
| ६७. | ६०९०७ | शारदा नगरपालिका | सल्यान | ०.१०६६ |
| ६८. | ६०९०८ | कालिमाटी गाउँपालिका | सल्यान | ०.१३०९ |
| ६९. | ६०९०९ | त्रिवेणी गाउँपालिका | सल्यान | ०.०८८६ |
| ७०. | ६०९१० | कपुरकोट गाउँपालिका | सल्यान | ०.०८८७ |
| ७१. | ६१००१ | सिम्ता गाउँपालिका | सुर्खेत | ०.१०४३ |
| ७२. | ६१००२ | चिङ्गगाड गाउँपालिका | सुर्खेत | ०.०९६२ |
| ७३. | ६१००३ | लेकबेशी नगरपालिका | सुर्खेत | ०.०९९१ |
| ७४. | ६१००४ | गुर्भाकोट नगरपालिका | सुर्खेत | ०.१०५८ |
| ७५. | ६१००५ | भेरीगंगा नगरपालिका | सुर्खेत | ०.१११२ |
| ७६. | ६१००६ | बीरेन्द्रनगर नगरपालिका | सुर्खेत | ०.१२७९ |
| ७७. | ६१००७ | बराहताल गाउँपालिका | सुर्खेत | ०.१२३० |
| ७८. | ६१००८ | पञ्चपुरी नगरपालिका | सुर्खेत | ०.११४७ |
| ७९. | ६१००९ | चौकुने गाउँपालिका | सुर्खेत | ०.११७८ |

- **संरक्षित क्षेत्र**

| संरक्षित क्षेत्रको क्र.सं. | संरक्षित क्षेत्रको नाम | स्थानीय तहको कोड | स्थानीय तहको नाम | जिल्ला | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|---|
| १ | Banke National Park | ६०९०८ | कालिमाटी गाउँपालिका | सल्यान | ०.२०१२ |
| २ | Bardia National Park | ६१००५ | भेरीगंगा नगरपालिका | सुर्खेत | ०.१३१६ |
| २ | Bardia National Park | ६१००७ | बराहताल गाउँपालिका | सुर्खेत | ०.१०७२ |
| ३ | Dhorpatan Wild Life Reserve | ६०१०६ | ठूलिभेरी नगरपालिका | डोल्पा | ०.१२२८ |
| ३ | Dhorpatan Wild Life Reserve | ६०१०७ | काईके गाउँपालिका | डोल्पा | ०.०८९५ |
| ४ | Rara National Park | ६०२०२ | छायाँनाथ रारा नगरपालिका | मुगु | ०.४१२५ |
| ४ | Rara National Park | ६०२०३ | सोरु गाउँपालिका | मुगु | ०.१९१६ |
| ४ | Rara National Park | ६०२०४ | खत्याड गाउँपालिका | मुगु | ०.१५१६ |
| ४ | Rara National Park | ६०४०२ | कनका सुन्दरी गाउँपालिका | जुम्ला | ०.२४४३ |
| ५ | Sheyphoksundo National Park | ६०१०१ | डोल्पो बुद्ध गाउँपालिका | डोल्पा | ०.२१३५ |
| ५ | Sheyphoksundo National Park | ६०१०२ | शे फोक्सुण्डो गाउँपालिका | डोल्पा | ०.१७६१ |
| ५ | Sheyphoksundo National Park | ६०१०३ | जगदुल्ला गाउँपालिका | डोल्पा | ०.१३५३ |
| ५ | Sheyphoksundo National Park | ६०१०५ | त्रिपुरासुन्दरी नगरपालिका | डोल्पा | ०.२४१८ |
| ५ | Sheyphoksundo National Park | ६०१०६ | ठुलीभेरी नगरपालिका | डोल्पा | ०.०९७१ |
| ५ | Sheyphoksundo National Park | ६०२०१ | मुगुमकार्मारोग गाउँपालिका | मुगु | ०.१३६२ |

## ४. खानी तथा खनीज

| खानी क्र.सं. | उत्खनन् अनुमती पत्र | कम्पनी/ व्यक्ति | खनिज पदार्थ | जिल्ला | स्थानीय तहको नाम | स्थानीय तहको कोड | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|---|---|---|
| १ | १९७/०६८/६९ | विपिन एण्ड अभि खनिज उद्योग | कायनाइट जेम्स | कालिकोट | शुभ कालीका गाउँपालिका | ६०५०९ | १.०००० |
| २ | ६१/०६६/६७ | रोल्पा सिमेन्ट प्रा.लि. | चुनढुङ्गा | सल्यान | कपुरकोट गाउँपालिका | ६०९१० | ०.२२९८ |

## ५. दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी

| क्रम सङ्ख्या | जिल्ला | स्थानीय तहको नाम | स्थानीय तहको कोड | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|
| १. | डोल्पा | डोल्पो बुद्ध गाउँपालिका | ६०१०१ | ०.००२८९२ |
| २. | डोल्पा | शे फोक्सुण्डो गाउँपालिका | ६०१०२ | ०.००५५९० |
| ३. | डोल्पा | जगदुल्ला गाउँपालिका | ६०१०३ | ०.००२०९६ |
| ४. | डोल्पा | मुड्केचुला गाउँपालिका | ६०१०४ | ०.००१०१३ |
| ५. | डोल्पा | त्रिपुरासुन्दरी नगरपालिका | ६०१०५ | ०.००१२९४ |
| ६. | डोल्पा | ठुलीभेरी नगरपालिका | ६०१०६ | ०.००१४५७ |
| ७. | डोल्पा | काइके गाउँपालिका | ६०१०७ | ०.००१३७० |
| ८. | डोल्पा | छार्का ताङसोङ गाउँपालिका | ६०१०८ | ०.००४४९० |
| ९. | मुगु | मुगुमकार्मारोग गाउँपालिका | ६०२०१ | ०.००४९०७ |
| १०. | मुगु | छायाँनाथ रारा नगरपालिका | ६०२०२ | ०.००१७०६ |
| ११. | मुगु | सोरु गाउँपालिका | ६०२०३ | ०.००१२९९ |
| १२. | मुगु | खत्याड गाउँपालिका | ६०२०४ | ०.००१२१२ |

| क्रम सङ्ख्या | जिल्ला | स्थानीय तहको नाम | स्थानीय तहको कोड | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|
| १३. | हुम्ला | चंखेली गाउँपालिका | ६०३०१ | ०.००३२३२ |
| १४. | हुम्ला | खार्पुनाथ गाउँपालिका | ६०३०२ | ०.००२२४१ |
| १५. | हुम्ला | सिमकोट गाउँपालिका | ६०३०३ | ०.००२२१२ |
| १६. | हुम्ला | नाम्खा गाउँपालिका | ६०३०४ | ०.००५५३५ |
| १७. | हुम्ला | सर्केगाड गाउँपालिका | ६०३०५ | ०.००११३० |
| १८. | हुम्ला | अदानचुली गाउँपालिका | ६०३०६ | ०.०००८२९ |
| १९. | हुम्ला | ताँजाकोट गाउँपालिका | ६०३०७ | ०.०००७९२ |
| २०. | जुम्ला | पातारासी गाउँपालिका | ६०४०१ | ०.००२२६१ |
| २१. | जुम्ला | कनका सुन्दरी गाउँपालिका | ६०४०२ | ०.००१०३३ |
| २२. | जुम्ला | सिंजा गाउँपालिका | ६०४०३ | ०.०००८७४ |
| २३. | जुम्ला | चन्दननाथ नगरपालिका | ६०४०४ | ०.०००८९८ |
| २४. | जुम्ला | गुठिचौर गाउँपालिका | ६०४०५ | ०.००१४१५ |
| २५. | जुम्ला | तातोपानी गाउँपालिका | ६०४०६ | ०.००१६२८ |
| २६. | जुम्ला | तिला गाउँपालिका | ६०४०७ | ०.०००९५५ |
| २७. | जुम्ला | हिमा गाउँपालिका | ६०४०८ | ०.०००७९४ |
| २८. | कालिकोट | पलाता गाउँपालिका | ६०५०१ | ०.००१२३६ |
| २९. | कालिकोट | पचाल झरना गाउँपालिका | ६०५०२ | ०.०००९०० |
| ३०. | कालिकोट | रास्कोट नगरपालिका | ६०५०३ | ०.०००७४६ |
| ३१. | कालिकोट | सान्नी त्रिवेणी गाउँपालिका | ६०५०४ | ०.०००८३५ |
| ३२. | कालिकोट | नरहरिनाथ गाउँपालिका | ६०५०५ | ०.०००९३४ |
| ३३. | कालिकोट | खाँडाचक्र नगरपालिका | ६०५०६ | ०.०००९५८ |
| ३४. | कालिकोट | तिलागुफा नगरपालिका | ६०५०७ | ०.००११२६ |
| ३५. | कालिकोट | महावै गाउँपालिका | ६०५०८ | ०.००११२३ |
| ३६. | कालिकोट | शुभ कालीका गाउँपालिका | ६०५०९ | ०.०००७७१ |
| ३७. | दैलेख | नौमुले गाउँपालिका | ६०६०१ | ०.००१०५१ |
| ३८. | दैलेख | महाबु गाउँपालिका | ६०६०२ | ०.०००८२० |
| ३९. | दैलेख | भैरवी गाउँपालिका | ६०६०३ | ०.०००८४३ |
| ४०. | दैलेख | ठाँटीकाँध गाउँपालिका | ६०६०४ | ०.०००६९६ |
| ४१. | दैलेख | आठबीस नगरपालिका | ६०६०५ | ०.००१०४६ |
| ४२. | दैलेख | चामुण्डा बिन्द्रासैनी नगरपालिका | ६०६०६ | ०.०००८६३ |
| ४३. | दैलेख | दुल्लु नगरपालिका | ६०६०७ | ०.००११७४ |
| ४४. | दैलेख | नारायण नगरपालिका | ६०६०८ | ०.०००९८८ |
| ४५. | दैलेख | भगवतीमाई गाउँपालिका | ६०६०९ | ०.०००९५८ |
| ४६. | दैलेख | डुङ्गेश्वर गाउँपालिका | ६०६१० | ०.०००८१० |
| ४७. | दैलेख | गुराँस गाउँपालिका | ६०६११ | ०.००१०२८ |
| ४८. | जाजरकोट | बारेकोट गाउँपालिका | ६०७०१ | ०.००१८१० |
| ४९. | जाजरकोट | कुसे गाउँपालिका | ६०७०२ | ०.००११५४ |
| ५०. | जाजरकोट | जुनीचाँदे गाउँपालिका | ६०७०३ | ०.००१३२८ |
| ५१. | जाजरकोट | छेडागाड नगरपालिका | ६०७०४ | ०.००१४०८ |
| ५२. | जाजरकोट | शिवालय गाउँपालिका | ६०७०५ | ०.०००८५० |
| ५३. | जाजरकोट | भेरीमालिका नगरपालिका | ६०७०६ | ०.००१३१६ |
| ५४. | जाजरकोट | नलगाड नगरपालिका | ६०७०७ | ०.००१५४४ |
| ५५. | रुकुम(पशिचम भाग) | आठबिसकोट नगरपालिका | ६०८०१ | ०.००१९३३ |
| ५६. | रुकुम(पशिचम भाग) | सानीभेरी गाउँपालिका | ६०८०२ | ०.०००९४४ |

| क्रम सङ्ख्या | जिल्ला | स्थानीय तहको नाम | स्थानीय तहको कोड | रोयल्टीको हिस्सा |
|---|---|---|---|---|
| ५७. | रुकुम(पशिचम भाग) | बाँफिकोट गाउँपालिका | ६०८०३ | ०.०००९९० |
| ५८. | रुकुम(पशिचम भाग) | मुसिकोट नगरपालिका | ६०८०४ | ०.००११२४ |
| ५९. | रुकुम(पशिचम भाग) | त्रिवेणी गाउँपालिका | ६०८०५ | ०.०००८७१ |
| ६०. | रुकुम(पशिचम भाग) | चौरजहारी नगरपालिका | ६०८०६ | ०.०००९३३ |
| ६१. | सल्यान | दार्मा गाउँपालिका | ६०९०१ | ०.०००७९२ |
| ६२. | सल्यान | कुमाख गाउँपालिका | ६०९०२ | ०.००१०८२ |
| ६३. | सल्यान | बनगाड कुपिण्डे नगरपालिका | ६०९०३ | ०.००१५७२ |
| ६४. | सल्यान | सिद्धकुमाख गाउँपालिका | ६०९०४ | ०.०००७५३ |
| ६५. | सल्यान | बागचौर नगरपालिका | ६०९०५ | ०.००११८६ |
| ६६. | सल्यान | छत्रेश्वरी गाउँपालिका | ६०९०६ | ०.००१०३२ |
| ६७. | सल्यान | शारदा नगरपालिका | ६०९०७ | ०.००१२९८ |
| ६८. | सल्यान | कालिमाटी गाउँपालिका | ६०९०८ | ०.००१७९२ |
| ६९. | सल्यान | त्रिवेणी गाउँपालिका | ६०९०९ | ०.०००८५० |
| ७०. | सल्यान | कपुरकोट गाउँपालिका | ६०९१० | ०.०००९१० |
| ७१. | सुर्खेत | सिम्ता गाउँपालिका | ६१००१ | ०.००१२१२ |
| ७२. | सुर्खेत | चिङ्गगाड गाउँपालिका | ६१००२ | ०.०००९२० |
| ७३. | सुर्खेत | लेकबेशी नगरपालिका | ६१००३ | ०.००१२४८ |
| ७४. | सुर्खेत | गुर्भाकोट नगरपालिका | ६१००४ | ०.००१४९३ |
| ७५. | सुर्खेत | भेरीगंगा नगरपालिका | ६१००५ | ०.००१५६८ |
| ७६. | सुर्खेत | बीरेन्द्रनगर नगरपालिका | ६१००६ | ०.००३१५६ |
| ७७. | सुर्खेत | बराहताल गाउँपालिका | ६१००७ | ०.००१७१७ |
| ७८. | सुर्खेत | पञ्चपुरी नगरपालिका | ६१००८ | ०.००१५२६ |
| ७९. | सुर्खेत | चौकुने गाउँपालिका | ६१००९ | ०.००१४७१ |

# अनुसूची - ५ः आयोगका पदाधिकारी तथा कर्मचारीहरूको विवरण

**आयोगका पदाधिकारी**

| सि.नं. | पद | पदाधिकारीको नाम, थर |
|---|---|---|
| १. | अध्यक्ष | माननीय बालानन्द पौडेल |
| २. | सदस्य | माननीय जुद्ध बहादुर गुरुङ |
| ३. | सदस्य | माननीय अमर राज मिश्र |
| ४. | सदस्य | माननीय विपिन राज निरौला |

**प्रतिवेदन तयारीमा संलग्न कर्मचारी**

| सि.नं. | पद | कर्मचारीको नाम, थर |
|---|---|---|
| १. | सचिव | किरणराज शर्मा |
| २. | सचिव | मधुसुदन बुर्लाकोटी |
| ३. | सचिव | विनोद प्रकाश सिंह |
| ४. | सचिव | कृष्ण बहादुर राउत |
| ५. | सचिव | रामकृष्ण सुवेदी |
| ६. | सचिव | भरतमणि सुवेदी |
| ७. | सहसचिव | रामचन्द्र ढकाल |
| ८. | सहसचिव | रामहरि ज्ञवाली |
| ९. | सहसचिव | ई. होमनाथ पौडेल |
| १०. | सहसचिव | ज्ञानेन्द्र पौडेल |
| ११. | सहसचिव | यमुना प्रधान |
| १२. | सहसचिव | ई. गणेशराज वस्ती |
| १३. | उपसचिव | विनिता भट्टराई |
| १४. | वरिष्ठ तथ्याङ्क अधिकृत | दिनेश भट्टराई |
| १५. | उपसचिव | नारायण प्रसाद अधिकारी |
| १६. | उपसचिव | राजु बस्नेत |
| १७. | उपसचिव | राजेश्वरी खत्री सापकोटा |
| १८. | उपसचिव | मुना राउत |
| १९. | उपसचिव | मन्जु अधिकारी |
| २०. | उपसचिव | सीता बर्तौला |
| २१. | उपसचिव | युवराज अधिकारी |
| २२. | उपसचिव | लक्ष्मी प्रसाद रेग्मी |
| २३. | उपसचिव | चुडाराज सापकोटा |
| २४. | उपसचिव | नारन प्रसाद पोखरेल |
| २५. | सहायक वन अधिकृत | लक्ष्मी कुमारी न्यौपाने |
| २६. | शाखा अधिकृत | विमला काफ्ले |
| २७. | शाखा अधिकृत | शर्मिला लामिछाने |
| २८. | शाखा अधिकृत | नरकुमारी राई |
| २९. | लेखा अधिकृत | केशव पोखरेल |
| ३०. | शाखा अधिकृत | विष्णुहरि रेग्मी |

| सि.नं. | पद | कर्मचारीको नाम, थर |
|---|---|---|
| ३१. | शाखा अधिकृत | मदन बहादुर श्रेष्ठ |
| ३२. | भूगर्भविद | प्रमोद सिम्खडा |
| ३३. | शाखा अधिकृत | गोविन्द प्रसाद भण्डारी |
| ३४. | शाखा अधिकृत | दीपेन्द्र बहादुर शाही |
| ३५. | शाखा अधिकृत | शोभा अधिकारी |
| ३६. | शाखा अधिकृत | सावित्री पन्त |
| ३७. | शाखा अधिकृत | शिवराज कोइराला |
| ३८. | शाखा अधिकृत | प्रमिला भण्डारी |
| ३९. | शाखा अधिकृत | माधव सुवेदी |
| ४०. | कम्प्युटर इन्जिनियर | ई. भानुभक्त जोशी |
| ४१. | तथ्याङ्क अधिकृत | बिन्दु ढकाल |
| ४२. | शाखा अधिकृत | राजनकुमार रेग्मी |
| ४३. | शाखा अधिकृत | गंगाराम भण्डारी |
| ४४. | शाखा अधिकृत | विमला रेग्मी |
| ४५. | शाखा अधिकृत | सुनिता पौडेल |
| ४६. | शाखा अधिकृत | शितल बहादुर रावल |
| ४७. | शाखा अधिकृत | ईन्दिरा न्यौपाने |
| ४८. | शाखा अधिकृत | कुशल बराल |
| ४९. | वातावरणविद | सुनिता फुँयाल (घिमिरे) |
| ५०. | कम्प्युटर अपरेटर | दिवस भट्टराई |
| ५१. | नायव सुब्बा | रमेश आचार्य |
| ५२. | नायव सुब्बा | बीरेन्द्र अधिकारी |
| ५३. | लेखापाल | सुस्मा मरासिनी |
| ५४. | नायव सुब्बा | गीता चपाईं |
| ५५. | नायव सुब्बा | सामना सुवेदी |
| ५६. | कम्प्युटर अपरेटर | रमा गोतामे |
| ५७. | कम्प्युटर अपरेटर | दिल कुमार श्रेष्ठ |
| ५८. | कम्प्युटर अपरेटर | सुरेश चौधरी |
| ५९. | नायव सुब्बा | साधना पोखरेल |
| ६०. | कम्प्युटर अपरेटर | राधा लामा |
| ६१. | नायब सुब्बा | सबिता रावत |
| ६२. | नायव सुब्बा | सरस्वती पोखरेल |
| ६३. | नायव सुब्बा | कमल सिंह कटुवाल |
| ६४. | नायव सुब्बा | ईश्वर पौडेल |
| ६५. | हलुका सवारी चालक | विमलप्रसाद आचार्य |
| ६६. | हलुका सवारी चालक | राजु थापा मगर |
| ६७. | हलुका सवारी चालक | भरत सुवेदी |
| ६८. | हलुका सवारी चालक | राजु महर्जन |
| ६९. | हलुका सवारी चालक | अनिल क्षेत्री |
| ७०. | हलुका सवारी चालक | सरोज खत्री |
| ७१. | हलुका सवारी चालक | सनम राजभण्डारी |

| सि.नं. | पद | कर्मचारीको नाम, थर |
|---|---|---|
| ७२. | हलुका सवारी चालक | केदार थापा |
| ७३. | हलुका सवारी चालक | अच्युतराज ढुङ्गाना |
| ७४. | हलुका सवारी चालक | जीवन कुमार राई |
| ७५. | हलुका सवारी चालक | राजु मानन्धर |
| ७६. | हलुका सवारी चालक | यम बहादुर पराजुली |
| ७७. | हलुका सवारी चालक | भोला काफ्ले |
| ७८. | कार्यालय सहयोगी | नमिता अर्याल |
| ७९. | कार्यालय सहयोगी | अनुजा गैरे |
| ८०. | कार्यालय सहयोगी | दुर्गा दास श्रेष्ठ |
| ८१. | कार्यालय सहयोगी | राजेन्द्र ढुङ्गेल |
| ८२. | कार्यालय सहयोगी | नवराज धमला |
| ८३. | कार्यालय सहयोगी | धनेश्वर पोखरेल |
| ८४. | कार्यालय सहयोगी | दुर्गा चौधरी |
| ८५. | कार्यालय सहयोगी | रमा घिमिरे |
| ८६. | कार्यालय सहयोगी | हरि चन्द्र गिरी |
| ८७. | कार्यालय सहयोगी | कमला तिवारी |
| ८८. | कार्यालय सहयोगी | प्रमिला उप्रेती |

# अनुसूची - ६: आयोगका केही गतिविधिहरू तस्विरमा



सम्माननीय राष्ट्रपतिज्यू समक्ष आयोगको पाँचौं वार्षिक प्रतिवेदन पेश गर्नुहुँदै आयोगमा आयोगका अध्यक्ष



सम्माननीय राष्ट्रपतिज्यू समक्ष आयोगको पाँचौं वार्षिक प्रतिवेदन पेश गरे पश्चात् सामुहिक तस्विर



आयोगको वार्षिकोत्सव कार्यक्रम, २०८० को एक झलक




आयोगको वार्षिकोत्सव कार्यक्रमका अवसरमा आयोगको प्रकाशन "स्मारिका – २०८०" विमोचन गर्नुहुँदै राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू



कर्णाली प्रदेशका माननीय प्रमुखज्यू समक्ष आयोगको पाँचौं प्रदेशगत प्रतिवेदन पेश गर्ने क्रममा आयोगका अध्यक्ष र सदस्यहरू



आयोगका पदाधिकारी तथा कर्मचारीको सामूहिक तस्विर